शोधनिर्देशक
डा. लक्ष्मणप्रसाद गौतम
सहप्राध्यापक

# नेपाली नारीसमालोचनाका प्रवृत्ति

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली
विभागको स्नातकोत्तर दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
ज्ञानु अधिकारी
रजिस्ट्रेसन नं २४६७५–९५
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन
शैक्षिक वर्ष – २०६४/०६६
२०६७

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरअन्तर्गत नेपाली विभागकी छात्रा ज्ञानु अधिकारीले स्नातकोत्तर तह दोस्रो वर्ष, दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **नेपाली नारीसमालोचनाका प्रवृत्ति** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

**शोधपत्रको मूल्याङ्कन समिति**

१. ...........................................
प्रा.डा. नारायणप्रसाद खनाल
(विभागीय प्रमुख)

२. ...........................................
सह–प्रा. डा. लक्ष्मणप्रसाद गौतम
(शोधनिर्देशक)

३. ...........................................
सहप्रा. भागवतशरण न्यौपाने
(बाह्य परीक्षक)

मिति : २०६७०१।३१

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागअन्तर्गत स्नातकोत्तर दोस्रो वर्षकी छात्रा ज्ञानु अधिकारीले **नेपाली नारीसमालोचनाका प्रवृत्ति** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । अत्यन्त परिश्रमसाथ गहन विश्लेषण गरी तयार पारिएको यस शोधपत्रबाट म पूर्णतया सन्तुष्ट छु र यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..............................

डा. लक्ष्मणप्रसाद गौतम

सहप्राध्यापक

हाल : नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मिति : २०६७।०१।१७

# कृतज्ञताज्ञापन

शोध र अनुसन्धान आफैमा एक चुनौतीपूर्ण कार्य हो । अनुसन्धेय विषयवस्तुको गहिराइसम्म पुगी तथ्यगत प्रमाणहरूका आधारमा वस्तुनिष्ठ ढङ्गले अध्ययन विश्लेषण गर्ने काम ज्यादै जटिल हुन्छ । अनेकौँ चुनौती र जटिलताहरूसँग जुद्धै प्रस्तुत शोधलाई सकेसम्म वस्तुगत र व्यवस्थित बनाई सम्पन्न गर्ने कार्य गरेकी छु । समालोचना विधाप्रतिको विशेष झुकाउ तथा नेपाली समालोचनामा नारीहरूको उपस्थिति र योगदानबारे जान्ने उत्सुकता र त्यसप्रतिको मोहको कारण मैले प्रस्तुत शोधको शीर्षक चयन गरेकी हुँ । नेपाली समालोचनाको इतिहासमा नारीसमालोचनाको छुट्टै किसिमले व्यवस्थितरूपमा कहीँ कतै पनि अध्ययन विश्लेषण गरी नारीसमालोचनाको व्यवस्थित इतिहास लेख्ने कार्य कसैबाट पनि भएको पाइँदैन, त्यसैले पनि 'नारीसमालोचनाको प्रवृत्ति' शीर्षकको व्यापक र गहन विषयलाई नै आफ्नो शोधको विषय बनाई चुनौतीपूर्ण कार्य गर्न रुचाएकी छु ।

प्रस्तुत शोधलाई अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्न सजिलो होस् भन्ने उद्देश्यले मैले यसको बाह्य संरचनालाई छओटा परिच्छेदहरूमा विभाजन गरेको छु । समालोचनाको सैद्धान्तिक स्वरूप, नारीसमालोचकहरूको कृति, प्रवृत्ति र विश्लेषण तथा नेपाली समालोचकहरूको योगदान तथा मूल्याङ्कन जस्ता शीर्षकहरूमा आबद्ध भई नेपाली नारीसमालोचनाको ऐतिहासिक रूपरेखाका साथै योगदान र मूल्याङ्कनसमेत प्रस्तुत गरेकी छु ।

नेपाली नारीसमालोचनाको इतिहास लेखनजस्तो यति व्यापक विषयवस्तुको शोध मैले मेरा समादरणीय गुरु डा. लक्ष्मणप्रसाद गौतमज्यूको कुशल निर्देशनमा गरेकी हुँ । उहाँकै शोधनिर्देशनबाट मात्र यस्तो चुनौतीपूर्ण शोध सम्पन्न गर्न सम्भव भएको हो । उहाँको हौसला, प्रेरणाका साथै सहयोग र सुझावबाट मात्र यस शोधले मूर्तरूप पाउन सकेको हो । यसरी मलाई हरतरहले सहयोग गरी यस्तो जटिल कार्यलाई पनि सहज र सरल ढङ्गले सम्पन्न गर्न कुशल निर्देशन प्रदान गरी अन्तर्मनबाट नै सहयोग गर्नुहुने मेरा समादरणीय गुरु डा. लक्ष्मणप्रसाद गौतमज्यूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो यस शोधका क्रममा मैले शोध गर्न चाहेको विषयवस्तुमा शोध गर्ने अनुमति दिई यसलाई सम्पन्न बनाउन सहयोग पुऱ्याउनुहुने वीरेन्द्र बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख प्रा.डा. गणेशप्रसाद खरालज्यू तथा विभागीय प्रमुख प्रा.डा. नारायणप्रसाद खनालज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधको आवश्यक सामग्री सङ्कलन गर्ने क्रममा आवश्यक सामग्री उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने आदरणीय गुरु एकनारायण पौडेलज्यूलाई पनि हार्दिक आभार प्रकट गर्दछु तथा

सामग्री सङ्कलनमा सहयोग पुऱ्याउने नेपाल प्रज्ञा प्रतिष्ठान पुस्तकालयप्रति पनि आभारी छु । यसैगरी प्रस्तुत शोधलाई व्यवस्थित बनाउन प्राविधिक रूपमा सहयोग पुऱ्याउनुहुने मेरा पति अशोक शर्मालाई पनि हार्दिक धन्यवाद भन्छु । साथै, प्रस्तुत शोध सम्पन्न गर्नका लागि मानसिक ऊर्जा दिई प्रेरित गर्नुहुने आदरणीय दिदी सीता गौतम, भाइ बहिनीहरू सिन्धु गौतम, इन्दु गौतम र सौरभ गौतमलाई पनि हार्दिक धन्यवाद दिनु मेरो कर्तव्य हो । यसैगरी प्रस्तुत कार्य गर्ने क्रममा हरतरहले सहयोग पुऱ्याउने आमा पद्मा अधिकारी र छोरा आरोग्यरञ्जित शर्मालाई पनि धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधपत्रलाई मूर्त रूप दिन टाइपको जिम्मेवारी वहन गर्ने कमला घले तथा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपले यस कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण स्रष्टा समालोचकहरूलाई पनि धन्यवाद भन्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

.................................

ज्ञानु अधिकारी
स्नातकोत्तर दोस्रो वर्ष
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
शैक्षिक सत्र २०६४/०६६

मिति : २०६७।०१।१६

# विषयसूची

सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञताज्ञापन

विषयसूची

## परिच्छेद एक
## शोधपरिचय

१.१ पृष्ठभूमि १

१.२ शोधशीर्षक १

१.३ शोधप्रयोजन १

१.४ समस्याकथन १

१.५ उद्देश्य १

१.६ पूर्वकार्यको समीक्षा २

१.७ शोधको औचित्य तथा महत्त्व र उपयोगिता ४

१.८ अध्ययनको सीमाङ्कन ५

१.९ शोधविधि ५

१.१० शोधपत्रको रूपरेखा ५

## परिच्छेद दुई
## समलोचनाको सैद्धान्तिक स्वरूप

२.१ विषयप्रवेश ७

२.१.१ समालोचना शब्दको व्युत्पत्ति ७

२.१.२ आलोचना शब्दको व्युत्पत्ति ८

२.१.३ समीक्षा शब्दको व्युत्पत्ति ९

२.१.४ समालोचना शब्दको अर्थ ९

२.४.१.१ समालोचना शब्दको कोशीय अर्थ ९

२.१.४.२ आलोचना शब्दको अर्थ १०

२.१.४.३ समीक्षा शब्दको अर्थ ११

२.१.४.४ समालोचना शब्दको तात्पर्यगत अर्थ ११

२.१.५ क्रिटिसिज्म शब्दको व्युत्पत्ति र अर्थ १३

२.१.६ समालोचनाको परिभाषा १४

२.१.६.१ समालोचनाको पूर्वीय परिभाषा १५

२.१.६.२ समालोचनाको पाश्चात्य परिभाषा १५

२.१.६.३ समालोचनाको नेपाली परिभाषा १७

२.१.६.४ समालोचनाका आधारभूत तत्त्व २१
२.१.६.५ समालोचनाको विधि २४
२.१.६.६ समालोचनाका प्रकार वा वर्गीकरण ३६
२.१.६.७ विधागत स्वरूपका रूपमा समालोचना ३९
२.१.७ निष्कर्ष ३५

## परिच्छेद – तीन

## नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप र विकास

३.१ विषय प्रवेश ३७
३.१.१ नारीवादी समालोचनाको प्रवर्तन ३७
३.१.२ नारीवादी समालोचनाको विकासको चरण ३९
३.१.२.१ राजनीतिक नारीवादी समालोचना ४२
३.१.२.२ गाइनो समालोचना ४२
३.१.२.३ फ्रान्सेली समालोचना ४३
३.१.२.४ नारीवादी समालोचनाको विशेषता ४३
३.१.२.५ नारीवादी समालोचनाको मान्यता ४४
३.१.२.६ नारीसमालोचना र नारीवादी समालोचनामा अन्तर ४५
३.२ निष्कर्ष ४७

## परिच्छेद चार

## नेपाली नारीसमालोचनाको विकासक्रम

४.१ विषय प्रवेश ४९
४.१.१ पृष्ठभूमि ४९
४.१.२ नेपाली नारीसमालोचनाको चरण विभाजन ५०
४.१.२.१ चरण विभाजनका आधार ५३
४.१.२.१.१ पृष्ठभूमि चरण (२००० – २०२१ सम्म) (पृष्ठभूमिको निर्माण) ५५
४.१.२.१.२ पहिलो चरण (२०२२ – २०५० सम्म) उठानको चरण ५६
४.१.२.१.३ दोस्रो चरण (२०५१ देखि यता) (विस्तारको चरण) ५९
४.२ निष्कर्ष ६३

## परिच्छेद पाँच

## नेपाली नारीसमालोचकका प्रवृत्ति र तिनका समालोचना कृतिको विश्लेषण

५.१ विषयप्रवेश ६४

५.१.१ सरिता ढकाल र उनका समालोचना कृति ६४
५.१.१.१ व्यक्तित्व र कृतित्व ६४
५.१.१.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ६५
५.१.१.३ समालोचना कृतिको विश्लेषण ६६
५.१.१.४ निष्कर्ष ६९

५.१.२ गोमा उपाध्याय र उनका समालोचना कृति ६९
५.१.२.१ व्यक्तित्व र कृतित्व ६९
५.१.२.२ समालोचनात्मक प्रवृत्ति ७१
५.१.२.३ समालोचना कृतिको विश्लेषण ७१
५.१.२.४ निष्कर्ष ७२

५.१.३ गार्गी शर्मा र उनका समालोचना कृति ७२
५.१.३.१ व्यक्तित्व र कृतित्व ७२
५.१.३.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ७३
५.१.३.३ समालोचना कृतिको विश्लेषण ७३
५.१.३.४ निष्कर्ष ७५

४.१.४ देवी शर्मा र उनको समालोचना कृति ७५
५.१.४.१ व्यक्तित्व र कृतित्व ७५
५.१.४.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ७६
५.१.४.३ समालोचना कृतिको विश्लेषण ७७
५.१.४.४ निष्कर्ष ७८

५.१.५ गायत्री श्रेष्ठ र उनको समालोचना कृति ७८
५.१.५.१ व्यक्तित्व र कृतित्व ७८
५.१.५.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ७८
५.१.५.३ समालोचना कृतिको विश्लेषण ७९
५.१.५.४ निष्कर्ष ८१

५.१.६ रमा शर्मा र उनका समालोचना कृति ८१
५.१.६.१ व्यक्तित्व र कृतित्व ८१
५.१.६.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ८२
५.१.६.३ समालोचना कृतिको विश्लेषण ८३
५.१.६.४ निष्कर्ष ८४

५.१.७ सावित्री मल्ल (कक्षपति) र उनका समालोचना कृति ८४

५.१.७.१ व्यक्तित्व र कृतित्व ८४
५.१.७.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ८५
५.१.७.३ समालोचना कृतिको विश्लेषण ८६
५.१.७.४ निष्कर्ष ८७

५.१.८ शारदा शर्मा र उनको समालोचना कृति ८७
५.१.८.१ व्यक्तित्व र कृतित्व ८७
५.१.८.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ८७
५.१.८.३ समालोचना कृतिको विश्लेषण ८८
५.१.८.४ निष्कर्ष ८९

५.१.९ सुषमा आचार्य र उनका समालोचना कृति ८९
५.१.९.१ व्यक्तित्व र कृतित्व ८९
५.१.९.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ८९
५.१.९.३ समालोचना कृतिको विश्लेषण ९०
५.१.९.४ निष्कर्ष ९३

५.१.१० कामना सुवेदी र उनको समालोचना कृति ९३
५.१.१०.१ व्यक्तित्व र कृतित्व ९३
५.१.१०.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ९३
५.१.१०.३ समालोचना कृतिको विश्लेषण ९४
५.१.१०.४ निष्कर्ष ९४

५.१.११ बिन्दु कोइराला र उनको समालोचना कृति ९४
५.१.११.१ व्यक्तित्व र कृतित्व ९४
५.१.११.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ९५
५.१.११.३ समालोचना कृतिको विश्लेषण ९५
५.१.११.४ निष्कर्ष ९६

५.१.१२ शारदा अधिकारी (ढकाल) र उनको समालोचना कृति ९६
५.१.१२.१ व्यक्तित्व र कृतित्व ९६
५.१.१२.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ९७
५.१.१२.३ समालोचना कृतिको विश्लेषण ९७
५.१.१२.४ निष्कर्ष ९८

५.१.१३ सरस्वती नेपाल र उनको समालोचना कृति ९९
५.१.१३.१ व्यक्तित्व र कृतित्व ९९

५.१.१३.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ९९
५.१.१३.३ समालोचना कृतिको विश्लेषण ९९
५.१.१३.४ निष्कर्ष १००

५.१.१४ रञ्जुश्री पराजुली र उनका समालोचना कृति १००
५.१.१४.१ व्यक्तित्व र कृतित्व १००
५.१.१४.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १०१
५.१.१४.३ समालोचना कृतिको विश्लेषण १०२
५.१.१४.४ निष्कर्ष १०३

५.१.१५ पद्मा अर्याल र उनका समालोचना कृति १०४
५.१.१५.१ व्यक्तित्व र कृतित्व १०४
५.१.१५.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १०४
५.१.१५.३ समालोचना कृतिको विश्लेषण १०५
५.१.१५.४ निष्कर्ष १०६

५.१.१६ रजनी ढकाल र उनका समालोचना कृति १०६
५.१.१६.१ व्यक्तित्व र कृतित्व १०६
५.१.१६.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १०७
५.१.१६.३ समालोचना कृतिको विश्लेषण १०७
५.१.१६.४ निष्कर्ष १०८

५.१.१७ बुनू लामिछाने र उनको समालोचना कृति १०८
५.१.१७.१ व्यक्तित्व र कृतित्व १०८
५.१.१७.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १०९
५.१.१७.३ समालोचना कृतिको विश्लेषण ११०
५.१.१७.४ निष्कर्ष ११०

५.१.१८ सुधा त्रिपाठी र उनका समालोचना कृति १११
५.१.१८.१ व्यक्तित्व र कृतित्व १११
५.१.१८.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ११२
५.१.१८.३ समालोचना कृतिको विश्लेषण ११२
५.१.१८.४ निष्कर्ष ११६

५.१.१९ सुशीला भट्ट र उनको समालोचना कृति ११७
५.१.१९.१ व्यक्तित्व र कृतित्व ११७
५.१.१९.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ११७
५.१.१९.३ समालोचना कृतिको विश्लेषण ११८
५.१.१९.४ निष्कर्ष ११९

५.१.२० ज्ञानु पाण्डे र उनको समालोचना कृति १२०
५.१.२०.१ व्यक्तित्व र कृतित्व १२०
५.१.२०.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १२०
५.१.२०.३ समालोचना कृतिको विश्लेषण १२१
५.१.२०.४ निष्कर्ष १२३

५.१.२१ बिन्दु शर्मा र उनका समालोचना कृति १२३
५.१.२१.१ व्यक्तित्व र कृतित्व १२३
५.१.२१.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १२४
५.१.२१.३ समालोचना कृतिको विश्लेषण १२५
५.१.२१.४ निष्कर्ष १२७

५.१.२२ उपमा आचार्य र उनको समालोचना कृति १२८
५.१.२२.१ व्यक्तित्व र कृतित्व १२८
५.१.२२.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १२८
५.१.२२.३ समालोचना कृतिको विश्लेषण १२८
५.१.२२.४ निष्कर्ष १२९

५.१.२३ रमा शिवाकोटी र उनको समालोचना कृति १२९
५.१.२३.१ व्यक्तित्व र कृतित्व १२९
५.१.२३.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १३०
५.१.२३.३ समालोचना कृतिको विश्लेषण १३१
५.१.२३.४ निष्कर्ष १३२

५.१.२४ लीला लुइटेल र उनका समालोचना कृति १३२
५.१.२४.१ व्यक्तित्व र कृतित्व १३२
५.१.२४.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १३३
५.१.२४.३ समालोचना कृतिको विश्लेषण १३४
५.१.२४.४ निष्कर्ष १३५

५.१.२५ सरस्वती रिजाल र उनका समालोचना कृति १३५
५.१.२५.१ व्यक्तित्व र कृतित्व १३५
५.१.२५.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १३६
५.१.२५.३ समालोचना कृतिको विश्लेषण १३६
५.१.२५.४ निष्कर्ष १३७

५.१.२६ भगवती अर्याल (पाण्डे) र उनको समालोचना कृति १३७
५.१.२६.१ व्यक्तित्व र कृतित्व १३७
५.१.२६.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १३७
५.१.२६.३ समालोचना कृतिको विश्लेषण १३८
५.१.२६.४ निष्कर्ष १३८

५.१.२७ नन्दमाया नकर्मी र उनको समालोचना कृति १३९
५.१.२७.१ व्यक्तित्व र कृतित्व १३९
५.१.२७.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १३९
५.१.२७.३ समालोचना कृतिको विश्लेषण १४०
५.१.२७.४ निष्कर्ष १४१

५.१.२८ मोमिला र उनको समालोचना कृति १४१
५.१.२८.१ व्यक्तित्व र कृतित्व १४१
५.१.२८.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १४२
५.१.२८.३ समालोचना कृतिको विश्लेषण १४३
५.१.२८.४ निष्कर्ष १४३

५.१.२९ गीता त्रिपाठी र उनको समालोचना कृति १४४
५.१.२९.१ व्यक्तित्व र कृतित्व १४४
५.१.२९.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १४५
५.१.२९.३ समालोचना कृतिको विश्लेषण १४५
५.१.२९.४ निष्कर्ष १४६

५.१.३० नयना प्रधान र उनका समालोचना कृति १४७
५.१.३०.१ व्यक्तित्व र कृतित्व १४७
५.१.३०.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १४७
५.१.३०.३ समालोचना कृतिको विश्लेषण १४८
५.१.३०.४ निष्कर्ष १४९

५.२ फुटकर रूपमा समालोचना लेख्ने अन्य नारीसमालोचकहरू १४९
५.३ निष्कर्ष १५३

**परिच्छेद छ**

**उपसंहार र निष्कर्ष** १५४

प्रमुख सन्दर्भसूची १६३

## विषयसूची

### परिच्छेद एक


१.१. शोधशीर्षक १

१.२. शोधप्रयोजन १

१.३. समस्याकथन १

१.४. उद्देश्य १

१.५. पूर्वकार्यको समीक्षा २

१.६. शोधको औचित्य तथा महत्त्व र उपयोगिता ४

१.७. अध्ययनको सीमाङ्कन ५

१.८. शोधविधि ५

१.९. शोधपत्रको रूपरेखा ५


### परिच्छेद दुई
### समलोचनाको सैद्धान्तिक स्वरूप


२.१ विषयप्रवेश ८

२.१.१ समालोचना शब्दको व्युत्पत्ति ८

२.१.२ आलोचना शब्दको व्युत्पत्ति ११

२.१.३ समीक्षा शब्दको व्युत्पत्ति ११

२.१.४ समालोचना शब्दको अर्थ १२

२.४.१.१ समालोचना शब्दको कोशीय अर्थ १२

२.१.४.२ आलोचना शब्दको अर्थ १३

२.१.४.३ समीक्षा शब्दको अर्थ १३

२.१.४.४ समालोचना शब्दको तात्पर्यगत अर्थ १४

२.१.५ क्रिटिसिज्म शब्दको व्युत्पत्ति र अर्थ १७

२.१.६ समालोचनाको परिभाषा १८

२.१.६.१ समालोचनाको पूर्वीय परिभाषा १८

२.१.६.२ समालोचनाको पाश्चात्य परिभाषा २०

२.१.६.३ समालोचनाको नेपाली परिभाषा २२

२.१.६.४ समालोचनाका आधारभूत तत्त्व २६

२.१.६.५ समालोचनाको विधि ३०

२.१.६.६ समालोचनाका प्रकार वा वर्गीकरण ३३

२.१.६.७ विधागत स्वरूपका रूपमा समालोचना ४२

२.१.७ निष्कर्ष ४२

## परिच्छेद – तीन
## नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप र विकास


३.१ विषय प्रवेश ४०
३.१.१ नारीवादी समालोचनाको प्रवर्तन ४०
३.१.२ नारीवादी समालोचनाको विकासको चरण ४२
३.१.२.१ राजनीतिक नारीवादी समालोचना ४५
३.१.२.२ गाइनो समालोचना ४५
३.१.२.३ फ्रान्सेली समालोचना ४६
३.१.२.४ नारीवादी समालोचनाको विशेषता ४६
३.१.२.५ नारीवादी समालोचनाको मान्यता ४७
३.१.२.६ नारीसमालोचना र नारीवादी समालोचनामा अन्तर ४९
३.२ निष्कर्ष ५१


## परिच्छेद चार
## नेपाली नारीसमालोचनाको विकासक्रम


४.१ विषय प्रवेश ५२
४.१.१ पृष्ठभूमि ५२
४.१.२ नेपाली नारीसमालोचनाको चरण विभाजन ५३
४.१.२.१ चरण विभाजनका आधार ५६
४.१.२.१.१ पृष्ठभूमि चरण (वि.सं. २००० देखि २०२१ सम्म) (पृष्ठभूमिको निर्माण) ५८
४.१.२.१.२ पहिलो चरण (वि.सं. २०२२ देखि २०५० सम्म) उठानको चरण ५९
४.१.२.१.३ दोस्रो चरण (वि.सं. २०५१ देखि हालसम्म) (विस्तारको चरण) ६२
४.२ निष्कर्ष


## परिच्छेद पाँच
## नेपाली नारी समालोचकका प्रवृत्ति र तिनका समालोचनात्मक कृतिको विश्लेषण


५.१ विषयप्रवेश ६७
५.१.१ सरिता ढकाल र उनका समालोचनात्मक कृति ६७
५.१.१.१ व्यक्तित्व र कृतित्व ६७
५.१.१.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ६८
५.१.१.३ समालोचनात्मक कृतिको विश्लेषण ६९

| | | |
|---|---|---|
| | ५.१.१.४ निष्कर्ष | ७२ |
| ५.१.२ | गोमा उपाध्याय र उनका समालोचना कृति | ७२ |
| | ५.१.२.१ व्यक्तित्व र कृतित्व | ७२ |
| | ५.१.२.२ समालोचनात्मक प्रवृत्ति | ७३ |
| | ५.१.२.३ समालोचनात्मक कृतिको विश्लेषण | ७४ |
| | ५.१.२.४ निष्कर्ष | ७५ |
| ५.१.३ | गार्गी शर्मा र उनका समालोचनात्मक कृति | ७५ |
| | ५.१.३.१ व्यक्तित्व र कृतित्व | ७५ |
| | ५.१.३.२ प्रमुख समालोचनात्मक प्रवृत्ति | ७६ |
| | ५.१.३.३ समालोचना कृतिको विश्लेषण | ७७ |
| | ५.१.३.४ निष्कर्ष | ७९ |
| ४.१.४ | देवी शर्मा र उनको समालोचनात्मक कृति | ७९ |
| | ५.१.४.१ व्यक्तित्व र कृतित्व | ७९ |
| | ५.१.४.२ प्रमुख समालोचनात्मक प्रवृत्ति | ७९ |
| | ५.१.४.३ समालोचना कृतिको विश्लेषण | ८० |
| | ५.१.४.४ निष्कष | ८१ |
| ५.१.५ | गायत्री श्रेष्ठ र उनको समालोचना कृति | ८१ |
| | ५.१.५.१ व्यक्तित्व र कृतित्व | ८१ |
| | ५.१.५.२ प्रमुख समालोचनात्मक प्रवृत्ति | ८२ |
| | ५.१.५.३ समालोचना कृतिको विश्लेषण | ८३ |
| | ५.१.५.४ निष्कर्ष | ८४ |
| ५.१.६ | रमा शर्मा र उनका समालोचनात्मक कृति | ८५ |
| | ५.१.६.१ व्यक्तित्व र कृतित्व | ८५ |
| | ५.१.६.२ प्रमुख समालोचनात्मक प्रवृत्ति | ८६ |
| | ५.१.६.३ समालोचना कृतिको विश्लेषण | ८६ |
| | ५.१.६.४ निष्कर्ष | ८७ |
| ५.१.७ | सावित्री मल्ल (कक्षपती) र उनका समालोचनात्मक कृति | ८८ |
| | ५.१.७.१ व्यक्तित्व र कृतित्व | ८८ |
| | ५.१.७.२ प्रमुख समालोचनात्मक प्रवृत्ति | ८८ |
| | ५.१.७.३ समालोचना कृतिको विश्लेषण | ९० |
| | ५.१.७.४ निष्कर्ष | ९० |
| ५.१.८ | शारदा शर्मा र उनको समालोचना कृति | ९१ |
| | ५.१.८.१ व्यक्तित्व र कृतित्व | ९१ |
| | ५.१.८.२ प्रमुख समालोचनात्मक प्रवृत्ति | ९१ |
| | ५.१.८.३ समालोचना कृतिको विश्लेषण | ९२ |
| | ५.१.८.४ निष्कर्ष | ९२ |
| ५.१.९ | सुषमा आचार्य र उनका समालोचना कृति | ९२ |

५.१.९.१ व्यक्तित्व र कृतित्व ९२
५.१.९.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ९३
५.१.९.३ समालोचना कृतिको विश्लेषण ९४
५.१.९.४ निष्कर्ष ९६
५.१.१० कामना सुवेदी र उनको समालोचना कृति ९६
५.१.१०.१ व्यक्तित्व र कृतित्व ९६
५.१.१०.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ९८
५.१.१०.३ समालोचना कृतिको विश्लेषण ९७
५.१.१०.४ निष्कर्ष ९८
५.१.११ बिन्दु कोइराला र उनको समालोचना कृति ९८
५.१.११.१ व्यक्तित्व र कृतित्व ९८
५.१.११.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ९८
५.१.११.३ समालोचना कृतिको विश्लेषण ९९
५.१.११.४ निष्कर्ष ९९
५.१.१२ शारदा अधिकारी (ढकाल) र उनको समालोचना कृति ९९
५.१.१२.१ व्यक्तित्व र कृतित्व ९९
५.१.१२.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १००
५.१.१२.३ समालोचना कृतिको विश्लेषण १०१
५.१.१२.४ निष्कर्ष १०२
५.१.१३ सरस्वती नेपाल र उनको समालोचना कृति १०२
५.१.१३.१ व्यक्तित्व र कृतित्व १०२
५.१.१३.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १०३
५.१.१३.३ समालोचना कृतिको विश्लेषण १०३
५.१.१३.४ निष्कर्ष १०४
५.१.१४ रञ्जुश्री पराजुली र उनका समालोचनात्मक कृति १०४
५.१.१४.१ व्यक्तित्व र कृतित्व १०४
५.१.१४.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १०५
५.१.१४.३ समालोचना कृतिको विश्लेषण १०६
५.१.१४.४ निष्कर्ष १०७
५.१.१५ पद्मा अर्याल (काल) र उनका समालोचना कृति १०८
५.१.१५.१ व्यक्तित्व र कृतित्व १०८
५.१.१५.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १०८
५.१.१५.३ समालोचना कृतिको विश्लेषण १०९
५.१.१५.४ निष्कर्ष ११०
५.१.१६ रजनी ढकाल र उनको समालोचनात्मक कृति ११०
५.१.१६.१ व्यक्तित्व र कृतित्व ११०
५.१.१६.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ११०

५.१.१६.३ समालोचना कृतिको विश्लेषण १११
५.१.१६.४ निष्कर्ष ११२
५.१.१७ बुनू लामिछाने र उनको समालोचना कृति ११२
५.१.१७.१ व्यक्तित्व र कृतित्व ११२
५.१.१७.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ११३
५.१.१७.३ समालोचना कृतिको विश्लेषण ११४
५.१.१७.४ निष्कर्ष ११४
५.१.१८ सुधा त्रिपाठी र उनका समालोचनात्मक कृति ११५
५.१.१८.१ व्यक्तित्व र कृतित्व ११५
५.१.१८.२ प्रमुख समालोचनात्मक प्रवृत्ति ११६
५.१.१८.३ समालोचना कृतिको विश्लेषण ११७
५.१.१८.४ निष्कर्ष १२०
५.१.१९ सुशीला भट्ट र उनको समालोचनात्मक कृति १२०
५.१.१९.१ व्यक्तित्व र कृतित्व १२०
५.१.१९.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १२१
५.१.१९.३ समालोचना कृतिको विश्लेषण १२२
५.१.१९.४ निष्कर्ष १२३
५.१.२० ज्ञानु पाण्डे र उनको समालोचना कृति १२३
५.१.२०.१ व्यक्तित्व र कृतित्व १२३
५.१.२०.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १२४
५.१.२०.३ समालोचना कृतिको विश्लेषण १२५
५.१.२०.४ निष्कर्ष १२७
५.१.२१ बिन्दु शर्मा र उनका समालोचनात्मक कृति १२७
५.१.२१.१ व्यक्तित्व र कृतित्व १२७
५.१.२१.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १२९
५.१.२१.३ समालोचना कृतिको विश्लेषण १२९
५.१.२१.४ निष्कर्ष १३१
५.१.२२ उपमा आचार्य र उनको समालोचना कृति १३२
५.१.२२.१ व्यक्तित्व र कृतित्व १३२
५.१.२२.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १३२
५.१.२२.३ समालोचना कृतिको विश्लेषण १३२
५.१.२२.४ निष्कर्ष १३३
५.१.२३ रमा शिवाकोटी र उनको समालोचना कृति १३३
५.१.२३.१ व्यक्तित्व र कृतित्व १३३
५.१.२३.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १३४
५.१.२३.३ समालोचना कृतिको विश्लेषण १३५
५.१.२३.४ निष्कर्ष १३६

५.१.२४ लीला लुइटेल र उनका समालोचना कृति १३६
५.१.२४.१ व्यक्तित्व र कृतित्व १३६
५.१.२४.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १३७
५.१.२४.३ समालोचना कृतिको विश्लेषण १३८
५.१.२४.४ निष्कर्ष १३९
५.१.२५ सरस्वती रिजाल र उनका समालोचना कृति १४०
५.१.२५.१ व्यक्तित्व र कृतित्व १४०
५.१.२५.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १४०
५.१.२५.३ समालोचना कृतिको विश्लेषण १४१
५.१.२५.४ निष्कर्ष १४१
५.१.२६ भगवती अर्याल (पाण्डे) र उनको नवलपरासीको साहित्यिक गतिविधि १४२
५.१.२६.१ व्यक्तित्व र कृतित्व १४२
५.१.२६.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १४२
५.१.२६.३ समालोचना कृतिको विश्लेषण १४२
५.१.२६.४ निष्कर्ष १४३
५.१.२७ नन्दमाया नकर्मी र उनको समालोचना कृति १४३
५.१.२७.१ व्यक्तित्व र कृतित्व १४३
५.१.२७.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १४४
५.१.२७.३ समालोचना कृतिको विश्लेषण १४४
५.१.२७.४ निष्कर्ष १४५
५.१.२८ मोमिला र उनको समालोचना कृति १४६
५.१.२८.१ व्यक्तित्व र कृतित्व १४६
५.१.२८.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १४६
५.१.२८.३ समालोचना कृतिको विश्लेषण १४७
५.१.२८.४ निष्कर्ष १४८
५.१.२९ गीता त्रिपाठी र उनको समालोचना कृति १४८
५.१.२९.१ व्यक्तित्व र कृतित्व १४८
५.१.२९.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १४९
५.१.२९.३ समालोचना कृतिको विश्लेषण १५०
५.१.२९.४ निष्कर्ष १५१
५.१.३० नयना प्रधान र उनका समालोचना कृति १५१
५.१.३०.१ व्यक्तित्व र कृतित्व १५१
५.१.३०.२ प्रमुख समालोचनात्मक प्रवृत्ति १५१
५.१.३०.३ समालोचना कृतिको विश्लेषण १५२
५.१.३०.४ निष्कर्ष १५३
५.२ फुटकर रूपमा समालोचना लेख्ने अन्य नारी समालोचकहरू १५४
५.३ निष्कर्ष १५७

परिच्छेद छ
उपसंहार र निष्कर्ष १५८
प्रमुख सन्दर्भसूची १६७

# परिच्छेद एक

# शोधपरिचय

### १.१. पृष्ठभूमि

नेपाली समालोचना परम्परामा नारीसमालोचकहरूको पनि पछिल्लो समयमा उल्लेखनीय योगदान रहेको देखिन्छ । नारीसमालोचक र तिनका समालोचकीय प्रवृत्ति तथा समालोचना कृतिहरूको विश्लेषण नभइरहेका सन्दर्भमा नेपाली नारीसमालोचनाका प्रवृत्तिको निरूपण, निर्धारण र विकास प्रक्रियाको व्यवस्थित अध्ययन हुनु अपेक्षित छ । यसबाट समग्र नेपाली समालोचनामा नारीसमालोचकहरूको स्थान पनि निर्धारित हुने देखिन्छ । यस आधारमा पनि प्रस्तुत अनुसन्धानले नेपाली साहित्यमा विशेष महत्त्व राख्ने देखिन्छ ।

### १.२ शोधशीर्षक

यस शोधको शीर्षक **नेपाली नारीसमालोचनाका प्रवृत्ति** रहेको छ ।

### १.३ शोधप्रयोजन

प्रस्तुत शोधको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागअन्तर्गत स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.४ समस्याकथन

आधुनिक नेपाली नारीसमालोचकहरूको तथ्यपरक रूपमा इतिहासको निरूपण गर्दै उनीहरूका समालोचना कृतिको अध्ययन अनुसन्धान गरी मूल प्रवृत्तिहरू ठम्याउनु नै यस अध्ययनको मुख्य समस्या हो । यसका साथै प्रस्तुत अध्ययनमा आधुनिक नेपाली नारीसमालोचनाको कालविभाजन गरिनाका साथै यसमा रहेका मुख्य समस्यासँग सम्बद्ध भएर आउने अन्य समस्याहरूको पनि समाधान गरिएको छ । यस शोधको मूल समस्यासँग सम्बद्ध भएर आउने अन्य समस्या यसप्रकार छन् :

(क) समालोचनाको सैद्धान्तिक स्वरूप के हो ?

(ख) नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप के कस्तो छ ?

(ग) नेपाली नारीसमालोचनाको विकासको स्वरूप कस्तो छ ?

(घ) नेपाली नारीसमालोचनाका प्रमुख प्रवृत्तिहरू के कस्ता छन् ?

(ङ) नेपाली समालोचनामा नारीसमालोचकहरूको के कस्तो योगदान रहेको छ ?

### १.५ उद्देश्य

समस्याकथनमा आएका मुख्य प्रश्नहरू र त्यससम्बन्धी अन्य प्रश्नहरूको समाधान गर्नु नै प्रस्तुत शोधको मुख्य उद्देश्य हो । यसक्रममा समालोचनाको सैद्धान्तिक पृष्ठभूमि, नारीसमालोचनाको

ऐतिहासिक अध्ययन तथा नारीसमालोचनाका प्रवृत्ति आदिका बारेमा विश्लेषण गरी निष्कर्ष निकाल्नु यस अध्ययनको मुख्य अभीष्ट हो । यसका मुख्यमुख्य उद्देश्यहरूलाई यसप्रकार प्रस्तुत गरिन्छ :

(क) समालोचनाको सैद्धान्तिक स्वरूप निरूपण गर्नु ।

(ख) नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप र विकास प्रक्रियाको निर्धारण गर्नु ।

(ग) नेपाली नारीसमालोचनाका प्रमुख प्रवृत्तिहरूको निरूपण गर्नु ।

(घ) नेपाली नारीसमालोचकहरूका प्रवृत्तिगत परिचयका साथै तिनका समालोचना कृतिको विश्लेषण गर्नु ।

(ङ) नेपाली नारीसमालोचकहरूको योगदानको मूल्याङ्कन गर्नु ।

मूलतः यिनै तथ्यहरूको वस्तुपरक विश्लेषण गर्नु नै प्रस्तुत शोधको उद्देश्य हो ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली समालोचनाको थालनीदेखि नै समालोचनाका प्रकार, विकासप्रक्रियाजस्ता विभिन्न पक्षका बारेमा बेलाबेलामा विभिन्न अध्ययन अनुसन्धान भएको पाइन्छ तापनि नारीसमालोचनामा केन्द्रित रहेर गहनरूपमा अध्ययन विश्लेषण भएको पाइँदैन । यसमा पनि नारीसमालोचनाको इतिहास केलाई यससम्बन्धी विश्लेषण मूल्याङ्कन गरिएको पाइँदैन । नेपाली समालोचनाको इतिहास केलाउने क्रममा विभिन्न फुटकर लेखहरू र कृतिहरू पनि लेखिएको पाइन्छ । यस्ता कृतिहरूमा समालोचनाको सैद्धान्तिक तथा प्रायोगिक विभिन्न पक्षको अध्ययन भएको पाइए पनि माथि उल्लिखित गरिएका समस्या र शीर्षकमा नै केन्द्रित रहेर अध्ययन अनुसन्धान गर्ने काम खासै भएको छैन । यसर्थ प्रस्तुत शोधमा मुख्यतः नेपाली नारीसमालोचनाका प्रवृत्तिहरू केलाउने उद्देश्य राखिएको छ । यसक्रममा पनि नेपाली नारीसमालोचनाका बारेमा जेजति कार्य गरिएको छ त्यसको सङ्क्षिप्त विवरण कालक्रमिक रूपमा यसप्रकार प्रस्तुत गरिएको छ :

कृष्णचन्द्रसिंह प्रधानले **साझा समालोचना** (२०२५) को भूमिकामा नेपाली समालोचनाको चरण विभाजन गरी प्रत्येक चरणको प्रवृत्ति ठम्याउने क्रममा तेस्रो चरणमा देखा परेको प्रगतिवादी समालोचकका रूपमा सरिता ढकालको नाम उल्लेख गरेका छन् भने सोही कृतिको पाँचौँ संस्करण (२०५७) को भूमिकामा आएर रमा शर्मा, सुधा त्रिपाठी र गार्गी शर्माको नाम उल्लेख भएको पाइन्छ ।

केशवराज पोखरेलले **नेपाली समालोचना र प्रतिनिधि समालोचक** (२०५८) नामक समालोचनात्मक पुस्तकमा नेपाली समालोचनाको कालविभाजन गर्दै तेस्रो चरणअन्तर्गत नाम उल्लेख भएका समालोचकहरूमध्ये सरिता ढकालको नाम उल्लेख गरेका छन् भने चौथो र

पाँचौँ चरणका समालोचकहरूमा क्रमशः रमा शर्मा, गार्गी शर्मा, लख्खीदेपी सुन्दास, सुधा त्रिपाठी, अम्बिकादेवी घिमिरे र शारदा अधिकारीको नाम उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदीको **नेपाली समालोचनाको परम्परा र प्रवृत्ति** (२०६१) पुस्तकमा आधुनिक समालोचनामा देखिएका विभिन्न धारहरूमध्ये साहित्य सामग्रीको शोधखोजपरक समालोचनाअन्तर्गत रमा शर्मा, प्रगतिवादी समालोचनाअन्तर्गत सुधा त्रिपाठी, प्रभावपरक समालोचनाअन्तर्गत गोमा, रञ्जुश्री पराजुली, गार्गी शर्मा, सुषमा आचार्यलगायत अन्य नारीसमालोचक र तिनका समालोचना कृतिहरूको नाम उल्लेख गरिएको छ ।

नेत्र एटमको समालोचनाको स्वरूप (२०६१) पुस्तकमा *समकालीन नेपाली समालोचनाको रूपरेखा* शीर्षकको समालोचनात्मक लेखमा नेपाली समालोचनाको विकासक्रमलाई चरण विभाजन गरी तेस्रो चरण (२००८–२०४७) अन्तर्गत प्रगतिवादी समालोचनालेखनमा सरिता ढकाल र ऐतिहासिक समालोचनालेखनमा रमा शर्माको नाम उल्लेख गरिएको छ ।

गार्गी शर्माले *नेपाली साहित्यमा नारीको योगदान* (**मधुपर्क**, ३८/४, २०६२) शीर्षकको समालोचनात्मक लेखमा नारीसमालोचकहरू सरिता ढकाल, गोमा शर्मा, रमा शर्मा, देवी शर्मा, बानिरा गिरी, सुशीला भट्ट, ज्योति खड्का, ज्ञानु पाण्डे, शारदा शर्मा, हरिकला अधिकारी, शोभाकान्ति थेगिम र लख्खीदेवी सुन्दास आदिको नामोल्लेख गरेकी छिन् ।

सुधा त्रिपाठीको **महिला समालोचक र नेपाली समालोचना** (२०६२) यस क्षेत्रको सशक्त कृतिका रूपमा देखिएको छ र प्रस्तुत पुस्तकमा नारीसमालोचकहरूको प्रारम्भिक उठानदेखि साठीसालसम्मका समालोचकहरूको मोटामोटीरूपमा अध्ययन गरिएको छ । यस पुस्तकमा वि. सं २००० देखि २०६० सालसम्मको साठी वर्षको समयावधिमा नेपालभित्र बसेर कलम चलाइरहेका पच्चीसजना नारीसमालोचकहरूको सामान्य समालोचकीय परिचयसहित तिनका एकएक समालोचनालाई प्रस्तुत गरिएको छ ।

नरेन्द्रराज प्रसाईँको **नारीचुली** (२०६३) पुस्तकमा नेपाली नारीसाहित्यकारहरूको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा चर्चा गर्ने क्रममा केही नारीसमालोचक र तिनका समालोचना कृतिको उल्लेख गरिएको छ ।

सुधा त्रिपाठीद्वारा लिखित *साहित्यमा महिला लेखनको इतिहास* (अस्तिता, १/१,२०६३) शीर्षकको लेखमा महिला समालोचकहरूको खोजी गरिनाका साथै उनीहरूको योगदानको समेत सङ्क्षिप्त चर्चा गरिएको छ । यस लेखमा पहिलो नेपाली नारीसमालोचक प्रभादेवीदेखि वर्तमानसम्मका नारीसमालोचकहरूको चर्चा गरिएको छ ।

यसप्रकार नेपाली नारीसमालोचनाका प्रवृत्तिका बारेमा आंशिकबाहेक पूर्णरूपमा उल्लेख एवम् व्याख्या विश्लेषण गरिएको पाइँदैन । नेपाली समालोचनाको ऐतिहासिक स्वरूप देखाउने क्रममा केही नारीसमालोचकहरूको नाम उल्लेख भएबाहेक नारीसमालोचकहरूको समालोचनात्मक योगदान तथा प्रवृत्तिहरूको निरूपण गर्ने काम खासै भएको देखिँदैन । यस सम्बन्धमा जे जति लेखिएका छन् त्यसमा पनि धेरैजसो अनुसन्धान गरेर गहनरूपमा नलेखी उल्लेखमात्र गरिएको हुँदा नेपाली नारीसमालोचनाको समग्र अध्ययन गरी प्रवृत्तिहरूको समेत निरूपण गर्नका लागि प्रस्तावित समस्यामा केन्द्रित भएर प्रस्तुत शोध गर्न लागिएको हो ।

## १.७ शोधको औचित्य तथा महत्त्व र उपयोगिता

नारीसमालोचनालेखनले करीब सात दशकको अवधि पार गरिसकेको अवस्थामा पनि नारीसमालोचना र नारीसमालोचकहरूको बारेमा विशेष किसिमले अध्ययन तथा अनुसन्धान हुन सकेको देखिदैन । पछिल्लो समयमा आएर विभिन्न संस्था तथा पत्रिकाहरूले नारीविशेषाङ्कका रूपमा नारीसिर्जित लेखरचनालाई स्थान दिएका भए पनि नारीसमालोचनामा नै केन्द्रित भएर लेखिएका कृतिहरू भने प्रकाशित भएका पाइँदैनन् । नारीसमालोचनाको इतिहासको निरूपण गर्दै तिनका प्रवृत्तिहरूको विश्लेषण भएका कृतिको अभाव देखिएकाले पनि प्रस्तुत शोधपत्रको शीर्षक **नेपाली नारीसमालोचनाका प्रवृत्ति** चयन गरिएको हो ।

साहित्यका अन्य विधाका तुलनामा समालोचना क्षेत्रमा नारीहरूको उपस्थिति न्यून रहेको सन्दर्भमा, नेपाली समालोचनाको समग्रतामा मूल्याङ्कन गर्दा नारीसमालोचकहरू भीडमा नै हराउने भएकाले र तिनीहरूका मूल्याङ्कन उपस्थिति/गणनाको हिसावले मात्र हुने भएकाले समालोचनाको समष्टिगत अध्ययनबाट नारीसमालोचनाको अध्ययन अपूर्ण देखिन्छ । तसर्थ नारीसमालोचकहरूको समालोचनालाई मात्र केन्द्र बनाई अध्ययन विश्लेषण गरिने हुँदा यो गहन हुनाका साथै यस अध्ययनले प्राज्ञिक, शैक्षणिक र अनुसन्धानात्मक क्षेत्रमा थोरैमात्र भए पनि टेवा पुऱ्याउनेछ । प्रस्तुत अध्ययनको औचित्य, महत्त्व र उपयोगितालाई निम्नलिखित बुँदामा प्रष्ट पारिन्छ :

(क) आधुनिक नेपाली नारीसमालोचकहरूको ऐतिहासिक अध्ययन गरी यसको कालविभाजन यसअघि नभएकाले यस सम्बन्धमा प्रस्तुत अध्ययनले विशेष महत्त्व राख्नेछ ।

(ख) आजसम्मका नारीसमालोचकहरूको तथ्यपरक अध्ययन गरी तिनका कृतिहरूको अध्ययन विश्लेषण गरिने हुँदा यसको शैक्षणिक एवम् अनुसन्धानका क्षेत्रमा विशेष महत्त्व देखिन्छ ।

(ग) नारीसमालोचनाका प्रवृत्तिहरूको निरुपण गरी लेखिएका कुनै कृतिहरू र प्रस्तुत अध्ययनले यससँग सम्बन्धित रहेर अध्ययन अध्यापन गर्ने जो सुकैलाई पनि सहयोग पुऱ्याउँछ ।

(घ) सम्पूर्णतः नारीसमालोचनामा केन्द्रित रही यसका सर्वाङ्गीण पक्षको अध्ययन गरिने हुँदा यसबाट सैद्धान्तिक तथा प्रायोगिक ज्ञान प्राप्त हुन्छ ।

(ङ) समालोचनाको समष्टिगत अध्ययनको लामो सूचीमा नारीसमालोचकहरूको नाम त्यति उल्लेख नभएको र उल्लेख भएका नाम पनि ती भीडहरूमा नै हराउने स्थितिमा केही पहिचान दिन, मूल्याङ्कन गर्न र प्रेरित गर्न प्रस्तुत अध्ययनको खाँचो देखिएकाले शोधपत्रको विशेष महत्त्व देखिन्छ ।

## १.८ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोध **नेपाली नारीसमालोचनाका प्रवृत्ति** शीर्षकमा केन्द्रित रहेको छ । यसमा समालोचनाको सैद्धान्तिक स्वरूपको निरूपण गर्दै नेपाली नारीसमालोचनाको प्रारम्भिक अवस्थादेखि हालसम्मका प्रवृत्तिको सन्दर्भ उल्लेख गरिएको छ । विशेषतः नारीसमालोचकहरूका समालोचना कृतिहरूको अध्ययन विश्लेषण गरी तिनीहरूका प्रवृत्ति निरूपण गर्नु प्रस्तुत शोधको अभीष्ट हो । केही नारीवादी प्रवृत्ति भएका समालोचनाहरूलाई नारीवादको सैद्धान्तिक कोणबाट पनि विश्लेषण गरिएको छ । नेपाली नारीसमालोचनाको प्रारम्भ वि.स. २००० देखि यता २०६६ सम्मका नारीसमालोचकहरूद्वारा लेखिएका समालोचना कृतिहरूको मात्र विश्लेषण गरिएको छ तर समालोचना कृति बाहेक अन्य फुटकर समालोचनालाई यस अध्ययनको विश्लेषण खण्डमा समावेश गरिएको छैन तर फुटकर रूपमा समालोचना लेख्ने नारीसमालोचकहरूको सामान्य उल्लेख भने गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधमा प्रथमतः अनुसन्धेय विषयवस्तुसँग सम्बद्ध समालोचना कृतिहरूको सङ्कलन गरिएको छ । यसका लागि विशेषतः सामग्री सङ्कलनका क्रममा पुस्तकालय विधिलाई अवलम्बन गरिएको छ भने अनुसन्धानका क्रममा र प्रवृत्ति निर्धारण गर्ने क्रममा मूलतः आगमनात्मक विधि अवलम्बन गरिएको छ । आवश्यकताअनुरूप व्याख्यात्मक, विश्लेषणात्मक विवरणात्मक र ऐतिहासिक विधिको पनि उपयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधको बाह्यसंरचनालाई सुसङ्गठित र व्यवस्थित बनाउनका लागि सामान्यतया निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ र आवश्यकतानुरूप अन्य विभिन्न परिच्छेद, उपपरिच्छेद, शीर्षक, उपशीर्षक आदिमा पनि विभाजन गरिएको छ । प्रस्तुत शोधको सामान्य रूपरेखा यसप्रकारको रहेको छ :

**पहिलो परिच्छेद : शोधपरिचय**

यस परिच्छेदमा शोधको परिचय प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद : समालोचनाको सैद्धान्तिक स्वरूप**

यस परिच्छेदमा समालोचनाको सैद्धान्तिक स्वरूप प्रस्तुत नारीसमालोचनाको व्युत्पत्ति, परिभाषा तत्त्व र वर्गीकरण प्रस्तुत गरिएको छ ।

**तेस्रो परिच्छेद : नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप**

यस परिच्छेदमा नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप प्रस्तुत गरिएको छ ।

**चौथो परिच्छेद : नेपाली नारीसमालोचनाको विकासक्रम**

यस परिच्छेदमा नारीसमालोचनाको विकासक्रम प्रस्तुत गरी चरणगत प्रवृत्तिको उल्लेख गरिएको छ ।

**पाँचौँ परिच्छेद : नेपाली नारीसमालोचकका प्रवृत्ति र तिनका समालोचना कृतिहरूको विश्लेषण**

यस परिच्छेदमा नेपाली नारीसमालोचकहरूका प्रवृत्ति प्रस्तुत गरी तिनका प्रकाशित कृतिको अध्ययन विश्लेषण गरिएको छ । साथै फुटकर रूपमा समालोचना लेख्ने समालोचकहरूको विश्लेषण गरिएको छ ।

**छैटौँ परिच्छेद : नेपाली नारीसमालोचकहरूको योगदान र मूल्याङ्कन तथा उपसंहार**

यस परिच्छेदमा नेपाली नारीसमालोचकका योगदानको मूल्याङ्कन गरी प्रस्तुत शोधका सम्पूर्ण पक्षहरूको निष्कर्ष प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

# समलोचनाको सैद्धान्तिक स्वरूप

## २.१ विषयप्रवेश

समालोचनाको सैद्धान्तिक स्वरूप शीर्षकको यस परिच्छेदमा समालोचना शब्दको व्युत्पत्तिगत अर्थ र तात्पर्यगत अर्थलाई स्पष्ट पारिन्छ । समालोचनाको सैद्धान्तिक स्वरूप पहिल्याउने क्रममा समालोचना शब्दका समानार्थी शब्द 'आलोचना' र 'समीक्षा' शब्दको पनि व्युत्पत्तिगत र तात्पर्यगत अर्थलाई स्पष्ट पारिन्छ । समालोचना शब्दको परिभाषा दिने क्रममा पूर्वीय, पाश्चात्य र नेपाली भाषाका विद्वान्हरूका परिभाषा प्रस्तुत गर्दै समालोचनाको सैद्धान्तिक स्वरूप देखाउने क्रममा समालोचनाका तत्त्व विधि र वर्गीकरणलाई पनि विभिन्न विद्वान्हरूको धारणासहित प्रष्ट पारिन्छ । यसैक्रममा समालोचनाको गर्दै निष्कर्ष प्रस्तुत गरिन्छ ।

### २.१.१ समालोचना शब्दको व्युत्पत्ति

समालोचना तत्सम शब्द हो र यो Criticism को नेपाली रूपान्तर हो । समालोचना शब्दले सामान्यतया कृतिविश्लेषण मूल्याङ्कन र सिद्धान्तीकरणसँग सम्बद्धता देखाए पनि यसको व्युत्पादनलाई हेर्ने हो भने कुनै कृति वा त्यसप्रतिको दृष्टिकोणका रूपमा यो अर्थिन्छ । सैद्धान्तिक रूपमा हेर्ने हो भने कविता, आख्यान, नाटक र निबन्ध गरी साहित्यका प्रमुख चार विधा मानिन्छन् र समालोचना विधालाई यी मूल विधाभित्र समावेश गरेको पाइँदैन तर समालोचना निबन्ध विधाको प्रबन्ध उपविधाभित्र पर्ने एक किसिमको वस्तुगत आलेखन हो । समालोचना शब्दलाई विभिन्न कोशकारहरू र विद्वान्हरूले विभिन्न रूपमा व्युत्पादन गरेको पाइन्छ र यसको व्युत्पादनले पनि यसको अर्थलाई ध्वनित गर्दछ । अङ्ग्रेजी Criticism शब्दको व्युत्पादन र तत्सम समालोचना शब्दको व्युत्पादनले दिने अर्थगत समानताका आधारमा पनि व्युत्पत्तिजन्य अर्थमा समानता पाइन्छ । समालोचना तत्सम शब्द भएको हुनाले यसको व्युत्पादन प्रक्रिया पनि तदनुरूप संस्कृतकै नियमानुसार गरिएको पाइन्छ :

समालोचना शब्द 'लोचृ' धातुबाट निष्पन्न शब्द हो । आ+लोच्+अन्+आ = आलोचना हुन्छ । सम्यक् आलोचना गर्नुको अर्थमा समालोचना शब्दको निर्माण हुन्छ ।[१]

> समालोचना शब्दको मूल बीज लुच् धातु हो । संस्कृत व्याकरणमा यस धातुको अर्थ हेर्नुमा निहित हुन्छ । लुच् धातुमा कृदन्तीय अन प्रत्यय लागेपछि लोचन शब्द निष्पन्न हुन्छ । लोचनको अर्थ दृष्टिप्रक्षेपक अर्थात् साधन वा भाव भन्ने हुन्छ र यसले साधन बुझाउँदा आँखा वा नयन र भाव बुझाउँदा हेर्ने ढर्रा अर्थात् तरिका बुझाउँछ । समग्रमा हेरिनु पर्छ भन्ने अर्थ वहन गराउने आशयले लोचन शब्दमा 'आ' पूर्वसर्ग मिलाएर 'आलोचना' शब्द

---

१ ठाकुरप्रसाद पराजुली, **नेपाली साहित्येतिहास र नेपाली समालोचना शिक्षण**, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागद्वारा आयोजित शिक्षण अभिमुखीकरण गोष्ठी २०५४ मा प्रस्तुत कार्यपत्र, पृ. ७ ।

तयार गरिन्छ । सम्यक् र समीचीन दृष्टि दिइनुपर्छ, समीक्षण गरिनुपर्छ र अवलोकन गरिनु पर्छ भन्ने आशयले द्वितीय पूर्वसर्ग 'सम्' पनि जोडिन आएपछि 'समालोचन' शब्द तयार हुन्छ र अन्तमा स्त्रीत्वबोधी 'आ' प्रत्यय लागेपछि 'समालोचना' शब्द निर्माण हुन्छ ।[२]

'लोचृ' लोचने भन्ने धातुमा (ल्युट्) अन प्रत्यय लागेर बनेको लोचन शब्दमा पुनः टाप् (आ) प्रत्यय जोडिँदा लोचना बन्दछ र त्यसमा 'आ' आ उपसर्ग जोडिएपछि बनेको आलोचना शब्दमा 'सम्' उपसर्ग लागेपछि सम+आलोचना भन्ने व्युत्पत्तिबाट समालोचना शब्द बनेको हो ।[३]

'सम्'+'आलोचना' बाट बनेको समालोचना शब्द जसको व्युत्पत्ति 'लुच्' धातुबाट बनेको हुन्छ ।[४]

'सम्'+लोच् (लोचृ) + टाप्बाट समालोचना बन्दछ ।[५]

आलोचना शब्दमा 'सम्' उपसर्ग थपिएर बनेको शब्द नै समालोचना हो ।[६]

'समालोचना' शब्द 'आलोचना' मा 'सम्' उपसर्ग थपिएर बनेको हो । अलोचना शब्द आङ् उपसर्ग पूर्व रहेका 'लोच्' धातुमा 'णिच्' र 'ल्युट्' वा 'युच्' प्रत्यय जोडिएर बनेको कुरो शब्दकोशहरूले उल्लेख गरेका छन् ।[७]

समालोचना शब्दको व्युत्पत्तिका सन्दर्भमा गरिएका उपर्युक्त व्युत्पादन प्रक्रियालाई हेर्दा संस्कृतको 'लोच्' धातुमा 'सम्' र 'आ' उपसर्ग तथा 'अन्' र 'आ' जस्ता प्रत्यय जोडिएर बनेको शब्द नै समालोचना हो भन्ने बुझिन्छ ।

यसैगरी समालोचना शब्दको समानार्थी शब्दका रूपमा अन्य विभिन्न शब्दहरूलाई पनि लिने गरिन्छ । आलोचना, परीक्षा, विवेचनाजस्ता शब्दहरूलाई समालोचना शब्दको पर्यायवाची शब्दका रूपमा लिने गरिए तापनि सूक्ष्म रूपमा भने यी शब्दहरूको अर्थ भिन्न देखिन्छ । यसरी समालोचना शब्दको समानार्थी शब्दका रूपमा प्रयुक्त हुने गरेका 'आलोचना' र 'समीक्षा' शब्दको व्युत्पत्ति यसप्रकार भएको पाइन्छ :

### २.१.२ आलोचना शब्दको व्युत्पत्ति

'लोच्' धातुबाट बनेको आलोचना शब्द वा आ+लोच्+अन्+आ अथवा आ+लोचृ+ल्युट्-अन्) = आलोचना भई बनेको हुन्छ ।[८]

'आ' अर्थपूर्वक 'लोचृ' धातुबाट ल्युट् अन् प्रत्यय भई अन्तमा टाप् (आ) प्रत्यय लागेर 'आलोचना' शब्द निष्पन्न भएको हो ।[९]

---

२ राजेन्द्र, सुवेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, (वाराणसी : भूमिका प्रकाशन, २०६१), पृ. २० ।

३ बाबुराम अधिकारी, **समालोचना सिद्धान्त र नेपाली समालोचना**, (काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०६१), पृ. ३ ।

४ शातिस्वरूप गुप्ता, **पाश्चात्य काव्यशास्त्रको सिद्धान्त**, (वाराणसी : चौखम्बा सिरिज, सन् १९७६), पृ. १७ ।

५ धीरेन्द्र वर्मा र अन्य, सम्पा., **हिन्दी साहित्यकोश** भाग-१, (वाराणसी : ज्ञानमण्डल लिमिटेड, वि.सं. २०२०), पृ. ८८७ ।

६ गोपीकृष्ण शर्मा, **आधुनिक समालोचना शिक्षण**, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागद्वारा आयोजित स्नातकोत्तर अभिमुखीकरण कार्यशाला गोष्ठी (२०५६) मा प्रस्तुत कार्यपत्र, पृ. ३ ।

७ रविलाल अधिकारी, **नेपाली समालोचनाको रूपरेखा**, (काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन, २०५९), पृ. ३ ।

८ धीरेन्द्र वर्मा र अन्य, पूर्ववत्, पृ. ८८७ ।

आलोचना शब्द 'ल्यु' प्रत्यय जोडिएपछि लोचन शब्दको निर्माण हुन्छ । लोचन शब्दमा 'टाप' प्रत्यय जोडिएर लोचना हुन सक्दछ । लोचनामा 'आङ्' उपसर्ग जोडिनाले आलोचना शब्द बन्दछ ।[१०]

आ+लोच्+ल्युट् वा युच्बाट नै समालोचना बन्दछ ।[११]

आ+लोच्+अन्+आ बाट नै आलोचना हुन्छ ।[१२]

### २.१.३ समीक्षा शब्दको व्युत्पत्ति

समालोचना शब्दको अर्थसँग मिल्दोजुल्दो देखिने 'समीक्षा' शब्दको व्युत्पादन प्रक्रिया यसप्रकार भएको देखिन्छ :

सम् + इक्ष + अङ + टाप्बाट समीक्षा शब्द निष्पन्न भएको हो ।[१३]

'समीक्षा' शब्दको व्युत्पादन सम्+ईक्षा गरी बनेको हो ।[१४]

यसप्रकार उपर्युक्त व्युत्पादनहरूमा केही रूपमा भिन्नता देखिए पनि आधारभूत रूपमा उपर्युक्त सबै किसिमका व्युत्पादनहरू तत्सम शब्दको व्युत्पादन विधिअनुरूप नै भएका देखिन्छन् तापनि नेपाली सरलताका लागि सम्+लोच्+अन्+आ = समालोचना गर्नु उपयुक्त हुन्छ ।

### २.१.४ समालोचना शब्दको अर्थ

समालोचना शब्द तत्सम व्युत्पन्न शब्द हो । यसको अर्थ विभिन्न प्रयोजन, सन्दर्भ तथा उद्देश्यहरूका आधारमा भिन्नभिन्न रूपमा गरिएको पाइन्छ । त्यसैले समालोचना शब्दको अर्थलाई कोशीय अर्थ र तात्पर्यगत अर्थका आधारमा देखाइन्छ ।

#### २.४.१.१ समालोचना शब्दको कोशीय अर्थ

कोशीय अर्थ भन्नाले व्युत्पत्तिका आधारमा कोशमा निर्धारण गरिएको अर्थ भन्ने बुझिन्छ । 'समालोचना' शब्दको कोशीय अर्थका रूपमा विभिन्न कोशहरूमा व्युत्पत्तिसहित चर्चा गरिएको तथा साहित्यमा नै प्रविष्ट भएर गरिएको अर्थलाई लिइन्छ । विभिन्न कोशकार तथा विद्वान्हरूले समालोचनाको कोशीय अर्थलाई यसप्रकार प्रस्तुत गरेको देखिन्छ :

हेर्नु वा देख्नु भन्ने अर्थमा 'सम्' उपसर्ग लागेपछि राम्ररी हेर्ने वा सबैतिरबाट हेर्नु भन्ने अर्थका रूपमा प्रयुक्त समालोचना शब्दको कोशीय अर्थ – राम्ररी गडेर हेर्नु, नियाल्नु, ग्रन्थ,

---

[९] गोपीकृष्ण शर्मा, पूर्ववत् ।

[१०] हिमांशु थापा, **साहित्य परिचय**, तेस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४७), पृ. २०० ।

[११] वामत शिवराम आप्टे, **संस्कृत हिन्दी कोश**, (दिल्ली : विश्वभारती प्रकाशन, १९९९), पृ. १६० ।

[१२] हेमाङ्राज अधिकारी र बद्री विशाल भट्टराई, सम्पा., **प्रयोगात्मक नेपाली शब्दकोश**, दोस्रो संस्क. (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६३), पृ. ८६ ।

[१३] वामन शिवराम आप्टे, पूर्ववत्, पृ. १०७९ ।

[१४] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पूर्ववत्, पृ. ९८० ।

व्यक्ति, लेख आदिका गुण दोषहरूको निष्पक्ष विवेचना गरी लेखिएको लेख वा ग्रन्थ नै समालोचना हो ।[१५]

साहित्यिक कृतिका गुणदोषको वस्तुगत विवेचना, कुनै ग्रन्थ वा लेख आदिका गुणदोषको सम्यक् विवेचना गरिएको लेख, प्रबन्धलेख वा समीक्षा नै समालोचना हो ।[१६]

समालोचनाको कोशीय अर्थका रूपमा अलग गर्नु, निर्माण गर्नु, छिन्द्रान्वेषण गर्नु या मूल्याङ्कन गर्नुलाई लिइन्छ ।[१७]

गुण दोषको विवेचना, आलोचनात्मक निबन्ध वा विचार नै समालोचना हो ।[१८]

सम्यक् आलोचना गर्नुको अर्थमा समालोचना शब्दको निर्माण हुन्छ ।[१९]

आलोचना शब्दको अर्थ सर्वेक्षण समीक्षा, विचार विमर्श, गुणदोष विवेचना, पारख आदि हो । यिनै अर्थहरूलाई विशिष्टता प्रदान गर्न 'सम्यक्' (राम्रो भन्ने) अर्थ दिने 'सम्' उपसर्ग थपिन्छ र समालोचना शब्द बन्छ ।[२०]

सम्यक् आलोचना अर्थात् बिना पूर्वाग्रह सन्तुलित एवम् नियन्त्रित रूपमा कृतिका गुणदोषको विवेचना र मूल्याङ्कन जस्ता अर्थमा समालोचना शब्दको बढी नै प्रयोग हुन थालेको देखिन्छ ।[२१]

समग्रमा कुनै रचना कृति वा सृजनाको सन्तुलित व्याख्या विश्लेषण गर्नु भन्ने अर्थ नै समालोचना हो ।[२२]

यसैगरी समालोचना शब्दको पर्यायवाची अर्थात् समानार्थी शब्दका रूपमा प्रयुक्त हुने आलोचना तथा 'समीक्षा' शब्दको कोशीय अर्थलाई पनि यसप्रकार देखाइन्छ ।

### २.१.४.२ आलोचना शब्दको कोशीय अर्थ

'आलोचना' शब्दको सोझो शाब्दिक अर्थ राम्ररी हेर्नु, चारैतिर नियाल्नु, जाँच्नु, विचार्नु हुन्छ ।[२३]

गुणादोषको विवेचना, समीक्षा, टीका–टिप्पणी नै आलोचना हो ।[२४]

---

१५ क) बालचन्द्र शर्मा, **नेपाली शब्दकोश**, दोस्रो संस्क. (काठमाडौँ : सृष्टि प्रकाशन, २०५७), पृ. १०४८ ।
ख) हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पूर्ववत्, पृ. ९७९ ।
ग) वसन्तकुमार शर्मा, **नेपाली शब्दसागर,** (काठमाडौँ : भाभा पुस्तक भण्डार, २०५७), पृ. १२८६ ।

१६ **नेपाली बृहत् शब्दकोश**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०), पृ. १३०७ ।

१७ शान्तिस्वरूप गुप्ता, पूर्ववत् ।

१८ हरदेव बाहरी, **बृहत् अङ्ग्रेजी हिन्दी कोश**, (वाराणसी : ज्ञानमण्डल लिमिटेड, सन् १९६०), पृ. ३१७ ।

१९ ठाकुरप्रसाद पराजुली, पूर्ववत् ।

२० रविलाल अधिकारी, पूर्ववत् ।

२१ घनश्याम कँडेल, **नेपाली समालोचना**, (ललितपुर : साझा प्रकाशन, २०५५), पृ. १७ ।

२२ बाबुराम अधिकारी, पूर्ववत् ।

२३ भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य**, (विराटनगर : श्याम पुस्तक भण्डार, २०४०), पृ. २५५ ।

दर्शन गर्नु, देख्नु, सर्वेक्षण, समीक्षा विचार गर्नु, विचार विमर्श नै आलोचनाको अर्थ हो ।[२५]

कुनै वस्तुको गुणदोषको निरूपण नै आलोचना हो ।[२६]

कुनै पनि कृति वा रचनालाई राम्ररी हेर्नु, टीकाटिप्पणी गर्नु, विचार विमर्श गर्नु तथा त्यसमा रहेका गुणदोषको विवेचना गर्नुजस्ता पदावलीहरूकै अर्थ वहन गर्ने सन्दर्भमा प्रायः सबै समालोचक तथा विद्वान्हरूले आलोचनाको कोशीय अर्थलाई लिएको पाइन्छ ।

### २.१.४.३ समीक्षा शब्दको कोशीय अर्थ

समीक्षा शब्दको अर्थलाई पनि 'समालोचना' शब्दकै अर्थमा राखेर हेरिएको पाइए पनि 'समालोचना' र समीक्षा शब्दको अर्थमा भने सूक्ष्म रूपमा भिन्नता भएको पाइन्छ । 'समीक्षा' शब्दको अर्थलाई यसरूपमा उल्लेख गरिएको पाइन्छ :

समीक्षा भन्नाले अनुसन्धान, खोज, विचार, राम्ररी निरीक्षण समालोचना, समझ, बुद्धि, नैसर्गिक सत्य, अनिवार्य सिद्धान्त भन्ने बुझिन्छ ।[२७]

समीक्षा भनेको लेख वा कृति आदिको विवेचना हो ।[२८]

निष्पक्ष विवेचना, समालोचना, अन्वेषण, सम्यक् परीक्षा नै समीक्षा हो ।[२९]

सम्यक् इक्षा वा ईक्षण भन्ने अर्थ बुझाउने समीक्षा शब्दको अर्थ राम्रो प्रकारले देख्नु, जाँच गर्नु तथा पूरा ज्ञान प्राप्त गर्नु भन्ने हुन्छ ।[३०]

### २.१.४.४ समालोचना शब्दको तात्पर्यगत अर्थ

'समालोचना' शब्दको अर्थ निकाल्दा सामान्यतया साहित्येतर विषयहरूमा सन्दर्भित भएर गरिएको अर्थलाई तात्पर्यगत अर्थ भनिन्छ । विभिन्न वस्तु, पदार्थ या प्रसङ्गहरूमा आधारित भएर

---

[२४] क) **नेपाली बृहत् शब्दकोश**, पूर्ववत् ।
ख) बालचन्द्र शर्मा, पूर्ववत् ।
ग) वसन्तकुमार शर्मा, पूर्ववत्, पृ. १४३ ।

[२५] क) **राष्ट्रिय नेपाली शब्दकोश**, पूर्ववत्, पृ. ८८ ।
ख) वामन शिवराम आप्टे, पूर्ववत् ।

[२६] श्यामसुन्दर दास र अन्य, सम्पा. **हिन्दी शब्दसागर**, (वाराणसी : नागरी मुद्रण, सन् १९६५), पृ. ४७५ ।

[२७] क) **राष्ट्रिय नेपाली शब्दकोश**, पूर्ववत्, पृ. ९३६ ।
ख) वामन शिवराम आप्टे, पूर्ववत्, पृ. १०७९ ।
ग) बालचन्द्र शर्मा, पूर्ववत् ।

[२८] हेमाङ्गराज अधिकारी, पूर्ववत्, पृ. ९८० ।

[२९] क) **नेपाली बृहत् शब्दकोश**, पूर्ववत्, पृ. १३०८ ।
ख) वसन्तकुमार शर्मा, पूर्ववत्, पृ. १२७८ ।

[३०] सीताराम चतुर्वेदी, **समीक्षाशास्त्र**, दोस्रो संस्क. (वाराणसी : कृष्णदास अकादमी, वि.सं. २०४०), पृ. ७ ।

गरिने अर्थ नै तात्पर्यगत अर्थ हो । 'समालोचना' शब्दको तात्पर्यगत अर्थका बारेमा पनि विभिन्न किसिमका धारणाहरू रहेका पाइन्छन् । तिनलाई यसप्रकार देखाइन्छ :

कुनै पनि विषयवस्तु वा कुराको राम्रा नराम्रा पक्षको मूल्याङ्कन निष्पक्षताका साथ गर्ने काम नै समालोचना हो ।[३१]

कुनै पदार्थको गुण र दोषको निष्पक्ष र ठीकठाक विवेचना गर्नु, ग्रन्थ, व्यक्ति, लेख आदिका गुण र दोषको निष्पक्ष विवचेना गरी लेखिएको लेख वा ग्रन्थ आलोचना समीक्षा नै समालोचना हो ।[३२]

साहित्य वा कलाको कृतिमाथि गरिने विचार वा त्यसको मूल्याङ्कन गर्नु नै समालोचना हो ।[३३]

सामान्यतया समालोचना शब्दको अर्थ राम्रो नराम्रो छुट्याउनु, छानबिन गर्नु, गुणदोष, लाभहानी केलाएर हेर्नु हो ।[३४]

कुनै वस्तु वा कृतिको सम्यक् व्याख्या वा उसको मूल्याङ्कन निष्पक्षताका साथ गर्ने काम नै समालोचना हो ।[३५]

कुनै वस्तु, कृति, व्यक्ति आदिको गुणदोषका बारेमा सम्यक् विचार गर्नु नै समालोचना हो ।[३६]

'समालोचना' शब्दले कुनै पनि रचना वा विषयलाई सन्तुलित वा संयमित रूपले हेर्ने भन्ने बुझाउँछ ।[३७]

साहित्य, कला र संस्कृतिबारे मौलिक कृतिहरूमाथि गरिने सम्यक् दृष्टि प्रक्षेपण र तिनका सबल, दुर्बल पक्षलाई मूल्याङ्कन गर्ने र भावलाई व्यक्त गर्ने एउटा साहित्यिक अधिविधाका रूपमा तयार हुन्छ – समालोचना ।[३८]

व्याकरणका दृष्टिले यो समालोचना शब्द एक भाववाचक नाम पद हो र यसले कुनै वस्तुलाई सबैतिरबाट राम्ररी हेरी त्यसका गुणदोष ठम्याउने काम भन्ने अर्थ नै बुझाउँछ ।[३९]

यसैगरी 'आलोचना' र 'समीक्षा' शब्दका विभिन्न रूपमा आउने तात्पर्यगत अर्थलाई पनि यसप्रकार देखाइन्छ :

---

[३१] **नेपाली बृहत् शब्दकोश**, पूर्ववत्, पृ. १३०७ ।

[३२] राष्ट्रिय नेपाली शब्दकोश, पूर्ववत्, पृ. ९३५ ।

[३३] राजेन्द्र द्विवेदी, **साहित्यशास्त्रका पारिभाषिक शब्दकोश**, (सन् १९५५), पृ. २७५ ।

[३४] भानुभक्त पोखरेल, पूर्ववत् ।

[३५] **नेपाली बृहत् शब्दकोश**, पूर्ववत्, पृ. १३०७ ।

[३६] कालिकाप्रसाद र अन्य, पूर्ववत्, पृ. १४२० ।

[३७] हिमांशु थापा, पूर्ववत् ।

[३८] राजेन्द्र सुवेदी, पूर्ववत् ।

[३९] नरेन्द्रराज प्रसाईं, **नेपाली साहित्यका प्रमुख समालोचक**, (काठमाडौँ : एकता प्रकाशन, २०५४), पृ. २९ ।

कुनै कुरा वा कार्यको गुणदोष आदिका सम्बन्धमा प्रकट गरिने विचार वा टीका टिप्पणी नै आलोचना हो ।[४०]

व्यक्ति वा विषयको गुणदोषको टीका–टिप्पणी, दोष देखाउने काम, कुनै रचना वा कृतिको समीक्षा नै आलोचना हो ।[४१]

कुनै वस्तु या कृतिको सम्यक् व्याख्या, मूल्याङ्कन आदि गर्नु नै आलोचना हो ।[४२]

सन्तुलित एवम् नियन्त्रित रूपमा सबैतिरबाट वस्तुविशेषको स्थितिलाई वा साहित्यिक कृतिलाई हेर्नु, जाँच्नु भन्ने पद्धति नै आलोचना हो ।[४३]

आलोचना शब्दले कुनै रचना वा विषयलाई चारैतिरबाट हेर्ने कामलाई अर्थ्याउँछ ।[४४]

कुनै कार्य–घटना, योजना आदिको राम्ररी गरिने अध्ययन, अनुसन्धान भइसकेको कुनै गतिविधिलाई दोहोऱ्याएर हेर्ने काम नै समीक्षा हो ।[४५]

कुनै विषयवस्तुबारे अनुसन्धान गर्ने काम, खोजी, अन्वेषण, कुनै विषयवस्तुलाई राम्ररी नियालेर हेर्ने काम नै समीक्षा हो ।[४६]

यसप्रकार 'समालोचना' शब्दको तात्पर्यगत अर्थलाई हेर्दा यसले जुनसुकै विषय वा कार्यलाई राम्ररी हेर्नु, विचार विवेचना गर्नु र त्यसको मूल्याङ्कन गर्नु भन्ने बुझिन्छ ।

समालोचना शब्दले कुनै साहित्यिक सिद्धान्तको निरूपण, कृति वा प्रवृत्तिको विश्लेषण, मूल्याङ्कन आदिको पारिभाषिक अर्थ वहन गर्ने भएकाले यस शब्दको पारिभाषिक रूपमा तत्पर्यगत अर्थ देखिन्छ भने आलोचना र समीक्षाजस्ता शब्दहरूले साहित्यिक अर्थका रूपमा पारिभाषिक अर्थ मात्र वहन नगरेर त्यसभन्दा इतर सन्दर्भमा पनि आलोचना, समीक्षाजस्ता शब्दको प्रयोग हुने भएको हुँदा यी दुई शब्दले समालोचनाजस्तो पारिभाषिक अर्थ वहन गर्दैनन् ।

### २.१.५ क्रिटिसिज्म शब्दको व्युत्पत्ति र अर्थ

अङ्ग्रेजी भाषामा प्रचलित Criticism शब्दको व्युत्पत्ति तथा त्यसले ग्रहण गर्ने अर्थका बारेमा विभिन्न विद्वान्हरूले दिएका मतलाई यसप्रकार प्रस्तुत गरिन्छ :

**द अक्सफोर्ड इङ्गलिस डिक्सनरी**मा Criticism शब्दको व्युत्पत्तिलाई यसप्रकार प्रस्तुत गरेको देखिन्छ :[४७]

---

[४०] **राष्ट्रिय नेपाली शब्दकोश**, पूर्ववत्, पृ. ७८ ।

[४१] हेमाङ्गराज अधिकारी, पूर्ववत्, पृ. ८६ ।

[४२] धीरेन्द्र वर्मा र अन्य, पूर्ववत्, पृ. १२० ।

[४३] बाबुराम अधिकारी, पूर्ववत्, पृ. ३ ।

[४४] हिमांशु थापा, पूर्ववत् ।

[४५] हेमाङ्गराज अधिकारी, पूर्ववत्, पृ. १८० ।

[४६] **नेपाली बृहत् शब्दकोश**, पूर्ववत्, पृ. १३०८ ।

Criticism शब्द उन्नाइसौँ शताब्दीमा फ्रेन्च भाषाको Criticime शब्दबाट लिइएको हो, यो Critic र ism जोडिएर बनेको हुन्छ, जसको अर्थ दोष पत्ता लगाउनु भन्ने हुन्छ ।

समालोचना शब्दको लागि अङ्ग्रेजी भाषामा Criticism शब्दको प्रयोग हुन्छ । यसको मूल धातु Krites हो । यसको अर्थ अलग गर्नु, निर्णय गर्नु, छिन्द्रान्वेषण गर्नु वा मूल्याङ्कन गर्नु भन्ने हुन्छ, त्यसैले Criticism को अर्थ साहित्यिक कृतिको गुणदोषको निर्णय गरी त्यसको मूल्याङ्कन गर्नु भन्ने हुन्छ ।[४८]

विधागत स्वरूपमा स्थापित 'समालोचना' लाई अङ्ग्रेजी साहित्यमा क्रिटिसिज्म (Criticism) भनिन्छ । ग्रिसेली क्रिटिकोस् (Critikos) शब्दबाट बनेको 'क्रिटिक' शब्दको अर्थ निर्णायक र 'क्रिटिसिजम्' शब्दको अर्थ निर्णय भन्ने हुन्छ ।[४९]

'समालोचना' शब्दलाई अङ्ग्रेजी क्रिटिसिज्म (Criticism) को नेपाली रूपान्तरका रूपमा प्रयोग गरिन्छ । ग्रिसेली भाषामा 'विवेक' र 'निर्क्योल' अर्थ बुझाउने क्रिटिकोस (Kritikos) बाट बनेको क्रिटिसिज्म शब्दले 'कृति' (text) को व्याख्या विश्लेषण, वर्गीकरण र मूल्याङ्कनलाई सङ्केत गर्दछ ।[५०]

अङ्ग्रेजी Criticism शब्दको समानार्थी शब्दको रूपमा अन्य Appreciation, Review, Opinion जस्ता शब्दहरूको पनि प्रयोग पाइन्छ । यस सम्बन्धमा घनश्याम काडेलले आफ्ना दृष्टिकोण यसप्रकार राखेको पाइन्छ,[५१]

> अङ्ग्रेजीमा 'क्रिटिसिज्म' कै नजिकको अर्थमा 'एप्रिसिएसन', 'रिभ्यु', 'ओपिनियन' जस्ता शब्द पनि प्रचलित छन् । एप्रिसिएसन भन्नाले प्रचलनअनुसार कृतिबारे प्रशंसात्मक अभिव्यक्ति, त्यसको गुणपक्षको बढी चर्चा, त्यसमा निहित सौन्दर्यको उद्घाटन र आस्वादनजस्ता कुरा बुझिन्छ । रिभ्यू (पुस्तक समीक्षा) कुनै कृतिबारे परिचयात्मक टिप्पणीका अर्थमा प्रयोग हुने गरेको छ । ओपनियनले चाहिँ मन्तव्य वा कुनै कृतिबारे व्यक्त रायलाई बुझाउँछ । यसरी विचार गर्दा समालोचनाको क्रिटिसिज्मसित जति नजिकको सम्बन्ध छ त्यति उपयुक्त अरु शब्दसित छैन ।

## २.१.६ समालोचनाको परिभाषा

समालोचना शब्दको व्युत्पत्ति र अर्थका आधारमा हेर्दा यो शब्द हेर्नें, देख्नेजस्ता क्रियापदीय शब्दसँग सम्बन्धित देखिन्छ । 'सम्यक् हेराइ' वा गुणदोष दुवैको विवेचना गर्ने कार्यलाई नै समालोचना भनिन्छ र समालोचनाको यिनै अर्थका आधारमा वा अर्थको केन्द्रीयतामा नै

---

४७ **The Oxford English Dictionary**, 2nd edn., Volume IV, Clarendon Press : Oxford Simpson, J.A. and others ed. 1991, पृ. २९८ ।

४८ शान्तिस्वरूप गुप्त, पूर्ववत् ।

४९ घनश्याम कँडेल, पूर्ववत्, पृ. ४ ।

५० नेत्र एटम, **समालोचनाको स्वरूप**, (ललितपुर : साझा प्रकाशन, २०६१), पृ. २१४ ।

५१ घनश्याम कँडेल, पूर्ववत् ।

समालोचनाको परिभाषा गरिएको पाइन्छ । समालोचनाको परिभाषा गर्ने तथा यसको व्याख्या विश्लेषण गर्ने कार्य पूर्वीय साहित्य तथा पश्चिमी साहित्यमा धेरै पहिलेदेखि नै हुँदै आएको पाइन्छ । साहित्यका अन्य विधाहरूको परिभाषामा जस्तै समालोचनाको परिभाषा दिने क्रममा पनि विभिन्न विद्वान् तथा समालोचकहरूका बीचमा मतैक्य पाइँदैन । विभिन्न विद्वान्हरूले समालोचनाका सम्बन्धमा आफ्ना नवीन धारणाहरू राख्दै आएका छन् र यसरी आफ्नाआफ्ना मत राख्ने क्रममा समालोचनासम्बन्धी नवीन परिभाषाहरू पनि आएका देखिन्छन् । त्यसैले समालोचनाको परिभाषालाई विस्तृत रूपमा समेट्ने उद्देश्यले समालोचनाको पूर्वीय परिभाषा, पाश्चात्य परिभाषा र नेपाली परिभाषा गरी वर्गीकरण गरेर देखाइन्छ ।

### २.१.६.१ समालोचनाको पूर्वीय परिभाषा

सर्वप्राचीन मानिएको पूर्वीय साहित्यमा समालोचना पद्धतिको सुरुवात भने पछिमात्र भएको देखिन्छ । नाट्य विधाको रचना भएपश्चात् भरतमुनिले **नाट्यशास्त्र** लेखेर समालोचनालेखनको आरम्भ गरेका भए पनि संस्कृत साहित्यमा समालचेना शब्दको प्रयोग तथा परिचय भने राजशेखरले धेरै पछिमात्र आएर गरेको पाइन्छ । राजशेखरभन्दा अगाडि विभिन्न विद्वान्हरूले काव्य/साहित्यको परिभाषा दिने क्रममा आफ्नाआफ्ना मतानुसार विभिन्न सम्प्रदाय तथा सिद्धान्तहरूको स्थापना गरी तिनकै आधारमा व्याख्या विश्लेषण गरेको पाइन्छ । यसरी आफ्नैआफ्नै सम्प्रदायमा आधारित भएर यसको परिभाष तथा अभिलक्षणहरू खुट्याउने काम भने धेरै पछिमात्र आएर राजशेखरले गरेको पाइन्छ । यिनले प्रतिभालाई कारयित्री प्रतिभा र भावयित्री प्रतिभा गरी दुई भागमा बाँड्दै सृजनालाई कारयित्री प्रतिभाको उपज र समालोचनालाई भावयित्री प्रतिभाको उपज मानेका छन् ।

पूर्वीय साहित्यमा साहित्यशास्त्रसम्बन्धी जुन नियम स्थापित भएको थियो, त्यसकै आधारमा पछिल्ला कवि तथा साहित्यकारले साहित्य लेख्दथे । यसरी श्रव्यकाव्य, दृश्यकाव्य, महाकाव्य, खण्डकाव्य, रसनिरूपण, गद्य, पद्य, चम्पू, नायक, नायिका आदिका सम्बन्धमा जुन नियम निर्धारित भएको थियो तिनै नियमानुसार साहित्यको समीक्षा गरिन्थ्यो । यसरी हेर्दा यी सबै शास्त्रीय नियमहरू सृजना साहित्यकै आधारमा निर्माण भएको पाइन्छ । यसप्रकार पूर्वीय साहित्य परम्परामा समालोचनाको इतिहास लामो देखिए पनि 'समालोचना' शब्दमा नै केन्द्रित रही यसको परिभाषा गर्ने काम भने भएको पाइँदैन । संस्कृत साहित्यमा राजशेखरपछिमात्र समालोचना शास्त्रको जग बसेको हुनाले समालोचनाको निश्चित परिभाषा पाइँदैन तर समालोचनात्मक विधिको भने चर्चा पाइन्छ ।

### २.१.६.२ समालोचनाको पाश्चात्य परिभाषा

पाश्चात्य साहित्यमा समालोचना विधाले लामो यात्रा पार गरिसकेको देखिन्छ । प्लेटोको नीतिवादी चिन्तन र एरिस्टोटलको अनुकरण सिद्धान्तबाट सुरु भएको पाश्चात्य समालोचनामा विभिन्न मोडहरू आएका देखिन्छन् र यिनै मोडहरूसँगै समालोचनासम्बन्धी धारणा/विचार पनि फरकफरक रहेको देखिन्छ । हरेक वस्तुको समय, परिस्थिति र परिवेशका आधारमा परिभाषाहरू भिन्न देखिएजस्तै कार्य र उद्देश्य एउटै भए पनि समालोचनाको परिभाषा विभिन्न विद्वान्हरूले भिन्नभिन्न तरिकाले दिएको देखिन्छ । यसै क्रममा पाश्चात्य विद्वान्हरूले पनि समालोचनालाई

विभिन्न किसिमले परिभाषित गरेको पाइन्छ । विभिन्न विद्वान्‌हरूले विभिन्न समयमा गरेका समालोचनासम्बन्धी परिभाषाहरूलाई यसप्रकार प्रस्तुत गरिन्छ :

ड्राइडनले गरेको समालोचनाको परिभाषा यसप्रकार पाइन्छ :[५२]

आलोचना त्यो कसौटी हो जसको सहायताले कुनै रचनाको मूल्याङ्कन गरिन्छ ।

जोन्सनका अनुसार समालोचनाको परिभाषा यसप्रकार उल्लेख भएको देखिन्छ :[५३]

समालोचकको कर्तव्य न त कुनै रचनाको अवमूल्यन गर्नु हो न त आंशिक विवेचनाद्वारा उसको गरिमामा आँच पुऱ्याउनु हो उसको कार्य त विवेकको आलोकमा जे देखिन्छ, त्यसको उद्‌घाटन गर्नु र सत्यको निर्देशमा जे निर्णय हुन्छ, त्यसको व्याख्यान गर्नु हुन्छ ।

**एन्साइक्लोपिडिया ब्रिटानिका**को समालोचनासम्बन्धी परिभाषा यसप्रकार देखिन्छ :[५४]

साहित्य वा कलाको मूल्य तथा स्तरीयताको निर्धारण गर्ने कला नै समालोचना हो ।

हड्सनले गरेको समालोचनाको परिभाषालाई यसप्रकार प्रस्तुत गरिएको पाइन्छ,[५५]

साहित्यिक कलाका विविध रूप सृजनात्मक साहित्य जीवनको व्याख्या हो भने समालोचनात्मक साहित्य साहित्यका विविध रूप र व्याख्याको पनि व्याख्या हो ।

कार्लाइलले गरेको समालोचनाको परिभाषालाई यसप्रकारले प्रस्तुत गरिएको पाइन्छ :[५६]

पुस्तकप्रति आलोचकको मानसिक प्रतिक्रियाको परिणाम नै समालोचना हो ।

म्याथ्यु अर्नाल्डले गरेको समालोचनासम्बन्धी परिभाषा यसप्रकार रहेको पाइन्छ :[५७]

संसारमा आजसम्म जे जति जानियो र विचार गरियो तिनमा सबैभन्दा राम्रा कुराको ग्रहण गर्नु र त्यसलाई प्रचार गर्ने प्रयास गर्नु नै समालोचना हो ।

भिक्टर ह्युगोले गरेको समालोचनाको परिभाषा यसप्रकार रहेको देखिन्छ :[५८]

कृति राम्रो अथवा नराम्रो के हो ? यसको पत्ता लगाउनु समालोचनाको काम हो ।

मिडिल्टन युरेले गरेकोसमालोचनासम्बन्धी परिभाषा यसप्रकार रहेको पाइन्छ :[५९]

जीवनको सचेतता कला हो र कलाको सचेतता समालोचना हो ।

**द वर्ल्डबुक एन्साइक्लोपिडिया**मा समालोचनाको परिभाषालाई यसरी प्रस्तुत गरिएको पाइन्छ :[६०]

---

[५२] शान्तिस्वरूप गुप्ता, **पाश्चात्य काव्यशास्त्र के सिद्धान्त**, पूर्ववत्, पृ. ३७४ ।

[५३] ऐजन ।

[५४] ऐजन ।

[५५] हिमांशु थापा, **साहित्य परिचय**, पूर्ववत्, पृ. २०१ ।

[५६] शान्तिस्वरूप गुप्ता, पूर्ववत् ।

[५७] **The Compact edition of the Oxford Dictionary**. Oxford **:** At the Clarendon Press, 1971, पृ. ३३४ ।

[५८] बाबुराम अधिकारी, पूर्ववत्, पृ. ७ ।

[५९] ऐजन ।

कुनै पनि कलात्मक कार्यको विश्लेषण र मूल्याङ्कन नै समालोचना हो । यसले कृतिको व्याख्या गर्नका साथै सिद्धान्तहरूका आधारमा कृतिको परीक्षण पनि गर्दछ । यसले लेखक तथा कलाकारलाई प्रोत्साहित गर्दै विगत र वर्तमानमा कृतिको मूल्य निर्धारण समेत गर्दछ ।

आइ.ए. रिचर्डसले गरेको समालोचनासम्बन्धी परिभाषा यसप्रकार रहेको पाइन्छ :[६१]

मूल्यको निर्धारण गर्नु नै समालोचना हो ।

यसैगरी **अक्सफोर्ड एडभासन्स लर्नर्स**मा समालोचनाको परिभाषा यसप्रकार प्रस्तुत गरिएको पाइन्छ :[६२]

कुनै पनि कृतिका राम्रा र नराम्रा पक्षहरूको बारेमा राम्ररी मूल्याङ्कन गर्नु नै समालोचना हो ।

उपर्युक्त परिभाषाहरूलाई हेर्दा पाश्चात्य विद्वान् तथा समालोचकहरूले समालोचनालाई विभिन्न सन्दर्भ र परिभाषाहरूमा परिभाषित गरेको भए पनि समग्रमा सबैको परिभाषामा समालोचनाको उद्देश्य रचना वा कृतिको परीक्षण तथा मूल्याङ्कन गर्नु हो भन्ने नै रहेको देखिन्छ ।

### २.१.६.३ समालोचनाको नेपाली परिभाषा

संस्कृत साहित्य तथा पाश्चात्य साहित्यमा जस्तो नेपाली साहित्यमा समालोचनाको इतिहास त्यति लामो नदेखिए पनि नेपाली समालोचनाले पनि आफ्नो विकासयात्रामा विभिन्न मोडहरू पार गरिसकेको देखिन्छ । समालोचनालाई चिनाउने क्रममा तथा यससम्बन्धी व्याख्या गर्ने क्रममा नेपाली विद्वान्हरूबाट यससम्बन्धी विभिन्न परिभाषाहरू गरिएको पाइन्छ । नेपाली साहित्यमा विभिन्न विद्वान्हरूले विभिन्न समयमा गरेका समालोचनासम्बन्धी परिभाषाहरूलाई यसप्रकार प्रस्तुत गरिन्छ :

यदुनाथ खनालले समालोचनाको परिभाषा यसप्रकार गरेको पाइन्छ :[६३]

पानीको प्रवाहलाई पानी भन्ने नाम दिनु साहित्य हो । नदीको बारेमा अरू विशेष कुरा जान्नु, उसको मूल मुख खोज्नु समालोचना हो ।

रामकृष्ण शर्माले समालोचनाका सम्बन्धमा आफ्नो परिभाषा यसरी प्रस्तुत गरेको पाइन्छ :[६४]

साहित्यको स्पष्टास्पष्ट, उत्कृष्टतानुकृष्टतालाई विवेचनाको पूर्ण प्रकाशमा ल्याई तिनीहरूको आन्तरिक स्वभावको स्पष्टीकरण गरी विभिन्न दृष्टिबाट कलाको कसीमा तिनीहरूको परख गरी प्राप्त भएको परिमाणको नित्यस्थायी मूल्य निरूपण गर्नु नै साहित्यिक समालोचनाको परिभाषा मान्न सकिन्छ ।

---

[६०] **The World Book Encyclopedia**, 7th ed., London : World Book International, 1995, पृ. ४४२ ।

[६१] शान्तिस्वरूप गुप्ता, पूर्ववत् ।

[६२] **Oxford Advance Learner's Dictionary**, 6th edn. (Newyork : Oxford University Press. 2000). पृ. २९८ ।

[६३] यदुनाथ खनाल, **समालोचनाको सिद्धान्त**, (ललितपुर : साझा प्रकाशन, २०२३), पृ. २३ ।

[६४] हिमांशु थापा, **साहित्य परिचय**, पूर्ववत्, पृ. २०३ ।

लक्ष्मीप्रसाद देवकोटाले समालोचनाका सम्बन्धमा आफ्नो परिभाषालाई यसप्रकार प्रस्तुत गरेको पाइन्छ :[६५]

> तँ (समालोचना) घाउ लगाउने भए पनि डाक्टरको छुरा छस् ।

वासुदेव त्रिपाठीले समालोचनाको परिभाषा यसप्रकार प्रस्तुत गरेको देखिन्छ :[६६]

> टी.एस्. इलिअटले भनेझैँ तुलना र विश्लेषणका हतियारहरूका प्रयोग गर्दै परम्परा र व्यक्तिगत प्रतिभाको मूल्याङ्कन नै समालोचना हो ।

कृष्णचन्द्रसिंह प्रधानले समालोचनाको परिभाषा यसप्रकार गरेको पाइन्छ :[६७]

> असल खराब, राम्रो नराम्रो, सत्य असत्य छुट्याउने चेतना र विवेकशक्ति नै समालोचनाको आदिस्रोत हो । मानिसमा यस ज्ञानको स्फुरण भएदेखि समालोचनाको प्रारम्भ भयो । यसर्थ सन्तोष, सुख वा दुःख मन पर्नु वा मन नपर्नुको अनुभूति जब प्रतिक्रियास्वरूप व्यक्त हुन्छ, तब त्यो आलोचना भइदिन्छ ।

चक्रपाणि चालिसेले गरेको समालोचनाको परिभाषा यसप्रकार रहेको देखिन्छ :[६८]

> समालोचना भनेको कुनै पदार्थको गुण र दोषहरूको निष्पक्ष र ठीकठीक विवेचना हो ।

भानुभक्त पोखरेलका अनुसार समालोचनाको परिभाषा यसप्रकार रहेको पाइन्छ :[६९]

> कुनै पनि साहित्यिक रचनाको साधिकार विवेचना गर्दै गुणदोष केलाई त्यसको औचित्यानौचित्य एवम् उपलब्धि र अभावका विषयमा निर्णयात्मक मत प्रकट गर्नु आलोचना हो ।

ठाकुरप्रसाद पराजुलीले समालोचनासम्बन्धी परिभाषालाई यसप्रकार प्रस्तुत गरेको पाइन्छ :[७०]

> जुन कोणबाट हेरे पनि साहित्यका आधारभूत सिद्धान्तको प्रतिपादन गर्दै, ती मूल सिद्धान्तका आलोकमा कुनै साहित्यिक कृति अथवा कृतिकारको मूल्याङ्कन, स्पष्टीकरण, कृतिमा निहित मान्यता र कलात्मक वैशिष्ट्यको प्रकाशन एवम् विवेचना नै समालोचना हो भन्ने निष्कर्ष अहिलेसम्मका परिभाषाको अध्ययनबाट निस्कन्छ ।

मोहनराज शर्माले समालोचनासम्बन्धी आफ्नो दृष्टिकोण यसप्रकार प्रस्तुत गरेको पाइन्छ :[७१]

---

[६५] राजेन्द्र सुवेदी, सम्पा., **स्रष्टा देवकोटा : द्रष्टा परिवेशमा**, (ललितपुर : साझा प्रकाशन : २०४१), पृ. ६८ ।

[६६] कृष्णचन्द्र सिंह प्रधान, सम्पा., **साझा समालोचना**, पाँचौँ संस्क., (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. २३१ ।

[६७] ऐजन ।

[६८] भानुभक्त पोखेल, पूर्ववत्, पृ. २०१ ।

[६९] भानुभक्त पोखरेल, पूर्ववत्, पृ. २५६ ।

[७०] ठाकुरप्रसाद पराजुली, पूर्ववत्, पृ. ७ ।

[७१] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, छैठौँ संस्क., (ललितपुर : साझा प्रकाशन, २०५९), पृ. १५७

समालोचनाले कुनै साहित्यिक कृतिमा के कति स्वायत्तता र स्वनिष्ठा छ, के कति सङ्गति र विसङ्गति छ, अनि के कति प्रयोजनको प्रतिफल भएको छ भन्ने बताउँछ ।

गोपीकृष्ण शर्माले समालोचनाको परिभाषा यसप्रकारले दिएको पाइन्छ :[७२]

समालोचना भनेको साहित्यिक कृतिको अध्ययन, आस्वादन र बोध गरेपछि त्यसबारे व्यक्त गरिएको प्रतिक्रिया वा विचार हो । सिर्जनात्मक रचनाको पठन र बोधपछि त्यसको वस्तुगत र कलात्मक वैशिष्ठ्यको विवेचना तथा मूल्याङ्कन गर्ने कलालाई समालोचना भनिन्छ ।

राजेन्द्र सुवेदीले समालोचनाको परिभाषा यसप्रकार गरेको पाइन्छ,[७३]

कुनै पनि वस्तुलाई असल, खराब, गुण अवगुण, सकारात्मक नकारात्मक, लाभप्रद, हानिकारक पक्षहरूको समाजका निम्ति ग्राह्य, शिष्ट र मार्गदर्शक आदिका दृष्टिले छानबिन गरेर निष्कर्षसम्म पुग्ने कार्य समालोचना हो ।

कुमारबहादुर जोशीले समालोचनासम्बन्धी आफ्नो परिभाषा यसप्रकार व्यक्त गरेको पाइन्छ,[७४]

विभिन्न कोणहरूबाट राम्ररी निरीक्षण गरिएको कृतिको गुणदोषको व्याख्या विश्लेषण गर्दै सम्बद्ध परम्परामा त्यसको स्थान र मूल्य निर्णय गर्नु नै समालोचना हो ।

नरेन्द्रराज प्रसाइँ समालोचना शब्दलाई यसरी परिभाषित गरेको पाइन्छ :[७५]

यस जीवनजगत्का प्रत्येक वस्तुका गुणदोष देखाउने काम मानिसले जानीनजानी गरिरहेको हुन्छ र व्यापक स्तरमा हरेक वस्तुका राम्रा नराम्रा पक्ष केलाउने त्यस्ता सबै कामलाई 'समालोचना' शब्दले बुझाउन सक्ने भए पनि यो शब्द खासगरी भाषिक कलास्वरूप साहित्यिक कृति र कृतिकारका गुणदोष केलाउने काम भन्ने अर्थ बुझाउन नै बढी प्रचलनमा आएको पाइन्छ ।

नेत्र एटमले समालोचनासम्बन्धी परिभाषा यसप्रकारले प्रस्तुत गरेको देखिन्छ :[७६]

समालोचना भनेको कृतिलाई परीक्षण गरेर त्यसको विश्लेषण र मूल्याङ्कनका साथसाथै परम्परामा त्यसको स्थान निर्धारणसमेत गर्नु हो भन्ने बुझिन्छ ।

उपर्युक्त विद्वान्हरूका समालोचनासम्बन्धी परिभाषाहरूलाई अध्ययन गर्दै निचोडमा समालोचनाको परिभाषालाई यसरी प्रस्तुत गरिन्छ :

---

[७२] गोपीकृष्ण शर्मा, पूर्ववत् ।

[७३] राजेन्द्र सुवेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ २२ ।

[७४] कृष्णचन्द्रसिंह प्रधान, सम्पा., **साझा समालोचना**, पूर्ववत् ।

[७५] नरेन्द्र प्रसाइँ, पूर्ववत् ।

[७६] नेत्र एटम, पूर्ववत्, पृ. २१४ ।

**कुनै पनि साहित्यको सैद्धान्तिक स्वरूपको निर्धारण गरी साहित्यिक कृति र प्रवृत्तिलाई विभिन्न कोणबाट विश्लेषण तथा मूल्याङ्कन गर्दै त्यसको मापन गर्नु नै समालोचन हो ।**

समालोचनासम्बन्धी यस किसिमको परिभाषाबाट समालोचनाका निम्नलिखित प्रमुख अभिलक्षण देखिन्छन् :

(१) समालोचनामा साहित्यको सैद्धान्तिक स्वरूपको निर्धारण हुन्छ

(२) समालोचनामा साहित्यिक कृतिका आधारमा प्रवृत्तिको निर्धारण हुन्छ

(३) समालोचनामा विभिन्न कोणबाट कृतिको विश्लेषण र मूल्याङ्कन गरिन्छ

(४) समालोचनामा कृति र प्रवृत्तिको मापन हुन्छ

### (१) समालोचनामा साहित्यको सैद्धान्तिक स्वरूपको निर्धारण हुन्छ

सृजना साहित्य लेखिसकेपछि तिनैका आधारमा साहित्यका मूल्य मान्यताहरूलाई स्थापित गर्ने क्रममा नै समालोचनामा साहित्यको सैद्धान्तिक स्वरूपको निर्धारण हुन्छ । तसर्थ समालोचना भनेको साहित्यको सिद्धान्तीकरण पनि हो । पाश्चात्य साहित्यमा एरिस्टोटलको काव्यशास्त्र तथा पूर्वीय साहित्यमा भरतको नाट्यशास्त्र लेखिएपछिबाट नै समालोचनामा साहित्यको सैद्धान्तिक स्वरूपको निर्धारण गर्ने परम्परा बसेको पाइन्छ । साहित्यमा अन्तर्निहित विशिष्टता तथा अभिलक्षणहरूलाई केलाउने क्रममा साहित्यका विधागत स्वरूपहरूको निर्क्योल पनि समालोचनाले नै गर्ने भएको हुँदा समालोचनामा साहित्यको सैद्धान्तिक स्वरूपको निर्धारण हुन्छ ।

### (२) समालोचनामा साहित्यिक कृतिको आधारमा प्रवृत्तिको निर्धारण हुन्छ

विभिन्न दृष्टिकोणका आधारमा साहित्यिक कृतिहरूको परीक्षण तथा विश्लेषण मूल्याङ्कन गर्ने प्रविधि नै समालोचना भएकाले यसले कृतिको गुण र दोषको मात्र पारख नगरी कृतिभित्र रहेका अन्य पक्षहरूलाई पनि प्रकाशमा ल्याउने कार्य गर्दछ । कृतिहरूमा प्रयोग गरिएका भाव, विचार तथा चिन्तनहरूलाई उजागर गरेर त्यस कृतिका आधारमा प्रवृत्तिहरूको पनि निर्धारण गरिएको हुन्छ ।

### (३) समालोचनामा विभिन्न कोणबाट कृतिको विश्लेषण र मूल्याङ्कन गरिन्छ

समालोचनामा कृतिको विश्लेषण गर्दा निश्चित सैद्धान्तिक कोणबाट गरिन्छ र अन्य अन्तर्विषयक कोणबाट पनि गरिन्छ । कृतिलाई विश्लेषण गर्ने एकलकोण र बहुलकोणहरू हुन्छन्, तिनका आधारमा कृतिको विश्लेषण र मूल्याङ्कन गर्ने काम समालोचनामा हुन्छ । यस्ता कोणहरू साहित्य सिद्धान्त र अन्तर्विषयहरूले निर्धारण गर्छन् । कृतिको विश्लेषण र मूल्याङ्कन नै समालोचनाको कार्य भएकाले त्यो स्वतः निश्चित कोणमा आधारित हुन्छ ।

**(४) समालोचनामा कृति र प्रवृत्तिको मापन हुन्छ**

समालोचनामा कुनै पनि कृतिको मूल्य निरूपण गरिन्छ र व्यक्ति तथा कृतिका विभिन्न प्रवृत्तिहरूको मापन पनि गरिन्छ । मापन भनेको मूल्यनिर्णय हो । कुनै स्रष्टा, कृति, धारा, युग वा कालका केकस्ता प्रवृत्ति छन् भन्ने कुरा समालोचनाले नै निर्धारण गर्ने हुनाले पनि समालोचना एउटा मापक प्रक्रिया वा पद्धति हो ।

**२.१.६.४ समालोचनाका आधारभूत तत्त्व**

समालोचनाका उपकरणहरू नै तत्त्व हुन् र यिनलाई समालोचनाका संरचक घटक पनि भनिन्छ । यिनै संरचक घटकबाट समालोचनाको निर्माण हुन्छ । समालोचनाका तत्त्वहरू समालोचनाको स्वरूप र प्रकृतिअनुसार विभिन्न हुन्छन् तापनि समालोचनाका आधारभूत तत्त्व भने यसका प्रमुख संरचक घटक नै हुन् । कतिपय अर्थमा समालोचनाका विधि, पद्धति, प्रक्रिया र प्रकारहरूका आधारमा पनि तत्त्वहरूको निर्धारण हुन्छ । समालोचनाका तत्त्वहरूका बारेमा पनि समालोचकहरूमा मतैक्य पाइँदैन । समालोचनाका तत्त्व वा उपकरणका सम्बन्धमा नेपाली र अन्य समालोचकहरूले प्रस्तुत गरेका धारणाहरूलाई यसप्रकार देखाइन्छ :

समालोचनाका तत्त्वहरूका सम्बन्धमा ठाकुरप्रसाद पराजुलीले आफ्नो दृष्टिकोण यसप्रकार राखेको पाइन्छ :[७७]

> समालोचना मूलतः बौद्धिक व्यापार हो । त्यसैले अन्तर्दृष्टि सापेक्ष चिन्तन र कल्पना यसका मूल तत्त्व हुन सक्छन् । समालोचकले केवल बुद्धि र तर्कबाट मात्र काम लिन थालेमा समालोचना केवल केवल दोष दर्शनको भण्डार मात्र हुन सक्छ । त्यसैले समालोचकमा सहृदयताको गुण पनि बौद्धिकता र तार्किकताको सहवर्ती हुनु आवश्यक मानिन्छ । यस निष्पक्षता समालोचकको अतिरिक्त अध्ययनको व्यापकता, परम्परा र वर्तमानका उपलब्धिहरूप्रतिको सन्तुलित दृष्टिकोण र इमान्दारिताजस्ता गुण अपेक्षित मानिन्छन् ।

भानुभक्त पोखेलले वर्तमान समालोचनामा पाइने केही विशेषताहरू या मुख्य तत्त्वहरू भनेर यसप्रकार देखाइएको पाइन्छ :[७८]

(१) **व्यवस्थात्मक दृष्टिकोण**
(२) **ऐतिहासिक दृष्टिकोण**
(३) **मनोवैज्ञानिक दृष्टिकोण**
(४) **तुलनात्मक दृष्टिकोण**

बाबुराम अधिकारीले समालोचनाका तत्त्वहरूलाई यसप्रकार प्रस्तुत गरेको पाइन्छ :[७९]

(१) **व्यवस्थात्मक दृष्टिकोण**

---

[७७] ठाकुरप्रसाद पराजुली, पूर्ववत् ।

[७८] भानुभक्त पोखरेल, पूर्ववत्, पृ. २६३ ।

[७९] बाबुराम अधिकारी, पूर्ववत् पृ. ८ ।

(२) भावग्रहण

(३) विवेचन/तुलनात्मक दृष्टिकोण

(४) सूक्ष्म अन्तर्दृष्टि

(५) तुलनात्मक परीक्षा

(६) शक्ति र सन्तुलन

सीताराम चतुर्वेदीले समीक्षा तत्त्व शीर्षकमा समालोचनाका तत्त्वहरूलाई यसप्रकार देखाएको पाइन्छ :[८०]

(१) सैद्धान्तिक व्यवस्था वा विज्ञानका रूपमा

(२) भावप्रेरित तथा अनुभवसिद्ध कौशलका रूपमा

(३) कला अर्थात् एक व्यवस्थित सोद्देश्य रचनाका रूपमा

यसैगरी समालोचनाका आवश्यक तत्त्व भनेर गोकुलप्रसाद शर्माले यसप्रकार प्रस्तुत गरेको देखिन्छ :[८१]

(१) अर्थबोध

(२) परिस्थितिबोध

(३) लक्ष्यबोध

(४) सौन्दर्यबोध

(५) तुलनात्मक परीक्षा

(६) शक्ति र सन्तुलन

यसै क्रममा रोशन थापा 'नीरव' ले समालोचनामा अनेक तत्त्व समावेश भए पनि मुख्यतः पाँच प्रकारका तत्त्वहरू समावेश गर्न सकिन्छ भन्दै समालोचनाका तत्त्वहरूलाई यसप्रकार प्रस्तुत गरेको पाइन्छ :[८२]

(१) भावग्रहण

(२) विवेचन

(३) मूल्य निर्धारण

(४) सिद्धान्त निरूपण

(५) आत्माभिव्यञ्जन

उपर्युक्त समालोचना तत्त्वहरू कुनै अन्तिम र सर्वमान्य तत्त्व होइनन् । विभिन्न विद्वान्हरूले समालोचनाका विविध प्रविधि, विषय आदिलाई आधार बनाएर निर्धारण गरेका तत्त्व हुन् । यी तत्त्वहरू कतिपय आत्मगत किसिमका देखिन्छन् भने कतिपयमा वस्तुगतता पनि देखिन्छ । उपर्युक्त समालोचनाका संरचक घटक, तत्त्व वा उपकरणका आधारमा समग्रमा समालोचनाका आधारभूत तत्त्वहरूलाई यसप्रकार देखाइन्छ :

---

[८०] सीताराम चतुर्वेदी, पूर्ववत्, पृ. १० ।

[८१] गोकुलप्रसाद शर्मा, *साहित्यमा समालोचना,* **मिर्मिरे**, (पूर्णाङ्क २७०, २०६४), पृ. ३७२ ।

[८२] रोशन थापा 'नीरव', *साहित्यका प्रचलित विधा : सङ्क्षिप्त विवेचना,* **मिर्मिरे**, (पूर्णाङ्क २७०, २०६४), पृ. २६७ ।

(१) भावग्रहण

(२) सूक्ष्मअन्तर्दृष्टि

(३) बहुआयामिकता

(४) सापेक्ष चिन्तन

(५) सम्यक् दृष्टि

(६) निष्पक्ष निरपेक्षता

समालोचनाका यी प्रमुख तत्त्वहरूलाई सङ्क्षिप्त रूपमा तल चर्चा गरिन्छ :

**१) भावग्रहण**

विश्लेष्य कृतिको भाव आस्वादन गरी कृतिको अन्तर्निहित अर्थसम्म नपुगी समालोचना गर्न सकिँदैन । कृतिमा रहेको वास्तविक अर्थ र त्यसमा अन्तर्निहित मूल्यको साक्षात्कार गर्नु नै भावग्रहण हो । भावग्रहणबिना कुनै पनि कृतिको समालोचना कार्य सम्भव नहुने हुनाले यो समालोचनाको महत्त्वपूर्ण तत्त्वका रूपमा देखिन्छ । भाव अन्तर्वस्तुसँग सम्बद्ध हुन्छ । कुनै कृतिको अन्तर्वस्तुमा केन्द्रित भएर पनि समालोचना गरिने र प्रभावपरक समालोचना त अन्तर्वस्तुलाई नै प्रमुख केन्द्रका रूपमा मानिने हुनाले यो पनि समालोचनाको आधारभूत तत्त्व हो ।

**२) सूक्ष्म अन्तर्दृष्टि**

समालोचना गर्दा सूक्ष्म अन्तर्दृष्टि हुनु अत्यन्तै आवश्यक छ । कृतिमाथि सूक्ष्म अन्तर्दृष्टि भएन भने समालोचना सतही र अर्थहीन हुन जाने भएकाले समालोचनाका लागि सूक्ष्म अन्तर्दृष्टि आवश्यक तत्त्वका रूपमा देखिन्छ । वस्तुवादी समालोचनामा कृतिका सूक्ष्म कुराहरूको विश्लेषण गर्नु पर्ने भएकाले यो वस्तुवादी समालोचनाका लागि अपरिहार्य तत्त्वका रूपमा लिइन्छ ।

**३) बहुआयामिकता**

समालोचना आफैमा व्यापक हेराइ हो । कुनै पनि आलोच्य कृतिलाई विविध दृष्टिकोणका आधारमा हेरियो भने मात्र कृतिभित्र अन्तर्गर्भित रहेका विविध पक्ष तथा विविध सत्यहरूको निरूपण गर्न सकिने भएकाले बहुआयामिकता समालोचनाको आवश्यक तत्त्वका रूपमा देखापर्दछ । अन्तर्विषयक समालोचनामा बहुआयामिक कोणबाट कृतिको विश्लेषण गर्नुपर्ने हुँदा यो महत्त्वपूर्ण तत्त्वका रूपमा देखिन्छ ।

**४) सापेक्ष चिन्तन**

समालोचनाको अर्को महत्त्वपूर्ण तत्त्व सापेक्ष चिन्तन हो । चिन्तन, विचार र मान्यताहरू जहिले पनि युगसापेक्ष तथा समयसापेक्ष हुनुपर्दछ । सापेक्षित चिन्तनले नै साहित्य तथा समालोचना उपयोगी तथा सार्वजनीत बन्दै जाने हुनाले यो आवश्यक तत्त्वका रूपमा देखिन्छ ।

५)	**सम्यक् दृष्टि**

सम्यक् दृष्टि भएन भने तटस्थ समालोचना हुन सक्दैन । समालोचना शब्दको 'सम्' उपसर्गले नै सम्यक् भन्ने अर्थ बुझाउँछ र स्रष्टा, सृजना, धारा, प्रवृत्ति आदिप्रति समालोचकको सम्यक् दृष्टि जानु आवश्यक छ । सम्यक् दृष्टिले कृतिको गहिरो र सूक्ष्म विवेचना गर्न मद्दत पुऱ्याउने हुँदा यो पनि समालोचनाको तत्त्व हो ।

६)	**निष्पक्ष निरपेक्षता**

समालोचक निष्पक्ष र निरपेक्ष हुन सकेन भने सही समालोचना हुन असम्भव हुन्छ । समालोचकले कुनै स्रष्टा र उसको कृतिप्रति निष्पक्ष भएर समालोचना गर्नुपर्छ । कुनै वाद, विचार वा आग्रहबाट र व्यक्तिगत प्रभावबाट समेत निष्पक्ष र निरपेक्ष रहेमा मात्र कृतिप्रति न्याय हुने भएकाले निष्पक्ष निरपेक्षता पनि समालोचनाको प्रमुख तत्त्वका रूपमा देखिन्छ ।

### २.१.६.५ समालोचनाको विधि

समालोचनाको विधि भन्नाले समालोचना गर्ने तरिका वा पद्धतिलाई जनाउँछ । समालोचना गर्ने क्रममा जुन कुरालाई आधार बनाइन्छ, त्यसलाई नै समालोचनाको विधि वा पद्धति भनिन्छ । समालोचनाको विधि वा पद्धतिको चर्चा गर्ने सम्बन्धमा पनि विभिन्न मत मतान्तरहरू रहेका पाइन्छन् । यस सम्बन्धमा केही समालोचकहरूले समालोचनाको विधिलाई पूर्वीय प्राचीन समालोचनाका सन्दर्भमा मात्र उल्लेख गरेका छन् भने केही समालोचकहरूले समालोचनाको विधि र प्रकारलाई सबै ठाउँमा राखेर समालोचनाको वर्गीकरण गरेको पनि पाइन्छ । यसरी समालोचनाको विधिका सन्दर्भमा गरिएका केही चर्चाहरूलाई यसप्रकार प्रस्तुत गरिन्छ :

समालोचनाका विधि वा पद्धतिका सम्बन्धमा गोपीकृष्ण शर्माले यसप्रकार उल्लेख गरेको पाइन्छ :[८३]

> प्रायोगिक वा व्यावहारिक समालोचनाका विविध पद्धतिहरू विकसित भएका छन् । यी पद्धति वा विधिहरूमध्ये केही प्रचलित पद्धतिहरू हुन् – (१) वर्णनात्मक/व्याख्यात्मक पद्धति, (२) तुलनात्मक पद्धति, (३) निर्णयात्मक पद्धति आदि । वर्णनात्मक वा व्याख्यात्मक पद्धतिको समालोचनामा टीका ग्रन्थहरू आउँछन् । यो एकप्रकारको पाठगत समालोचना हो । शैली, अर्थ, भाव, सन्देश आदिको चर्चा यसमा हुन्छ । तुलनात्मक पद्धतिमा कुनै पक्षलाई लिएर दुई वा सोभन्दा बढी कृतिका बीचमा पाइने समानता–असमानतासम्बन्धी बुँदाहरूको विश्लेषण हुन्छ । मूल्य र महत्त्वका दृष्टिले कुन कृति वजनदार छ भन्ने कुराको पनि चर्चा हुन्छ । निर्णयात्मक पद्धतिमा कृतिको गुणदोषको विवेचना गरेर मूल्य ठम्याउने काम हुन्छ ।

[८३] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ५ ।

यसैक्रममा हिमांशु थापाले समालोचनाका विधिका सन्दर्भमा संस्कृत साहित्यमा चार प्रकारका विधि पाइन्छन् भन्दै निम्नलिखित विधिहरूको चर्चा गरेका छन् :[८४]

(१) टीका विधि

(२) भाष्य विधि

(३) शास्त्रार्थ विधि

(४) निर्णयात्मक विधि

बाबुराम अधिकारीले समालोचनाको वर्गीकरण, विधि, प्रकारलाई एउटै शीर्षकमा राख्दै पूर्वीय साहित्यको विधि/प्रकार र पाश्चात्य समालोचनाका विधि र प्रकारलाई छुट्टाछुट्टै रूपमा देखाई यसप्रकार प्रस्तुत गरेको देखिन्छ :[८५]

> संस्कृत साहित्यमा कलाकृतिको विवेचना गर्ने सैद्धान्तिक आधारभन्दा भिन्दै केही प्रायोगिक समालोचना पद्धति पनि रहेका छन् । व्यावहारिक रूपले कृतिको व्याख्या गरिने यस्ता शैली वा ढङ्गलाई पूर्वीय समालोचनामा वर्गीकरण वा प्रकार भनिन्छ । यस्ता समालोचना पद्धति ६ किसिमका रहेका छन् –
>
> (क) आचार्य विधि
>
> (ख) टीका वा भाष्य विधि
>
> (ग) शास्त्रार्थ विधि
>
> (घ) निर्णय विधि
>
> (ङ) लोचन विधि

पाश्चात्य साहित्यमा समालोचना एउटा साहित्यिक विधाका रूपमा स्थापित भएको छ । दिनप्रतिदिन सिर्जनात्मक साहित्यलाई नयाँनयाँ ढङ्गले व्याख्या विश्लेषण गरेर उस्तैउस्तै विधिको विकास हुँदै गएको हुँदा प्रचलित समालोचना विधिलाई दुई वर्गमा राखेर हनुपर्ने हुन्छ :

(अ) परम्परित समालोचना विधि/प्रणाली

(आ) अधुनातन समालोचना विधि/प्रणाली

यसप्रकार झट्ट हेर्दा समालोचनाको विधि र प्रकार उस्तैउस्तै देखिए पनि प्रयोग र उद्देश्यका आधारमा यसमा फरक पाइन्छ । कतिपय अवस्थामा समालोचनाका विधिहरू प्रकारका रूपमा आउने भएकाले पनि विधि र प्रकारमा सबै समालोचकहरूको मतमा एकरूपता आउन नसकेको देखिन्छ । वास्तवमा समालोचना गर्दा पहिले समालोचना विधि वा पद्धतिको अवलम्बन गरिन्छ र पछि तिनै विधि वा पद्धतिका आधारमा समालोचनाका प्रकारहरू छुट्याउने गरिन्छ । पूर्वीय समालोचनामा विभिन्न किसिमका समालोचना विधिहरूको चर्चा गरिएको भए पनि भाष्य विधि र टीका विधि नै प्रचलित विधिका रूपमा देखिन्छन् भने पाश्चात्य समालोचना प्रणालीका रूपमा विकसित भएका जति पनि समालोचना पद्धतिहरू छन् ती सबै समालोचनाका विधिका रूपमा

---

[८४] हिमांशु थापा, पूर्ववत्, पृ. २०६ ।

[८५] बाबुराम अधिकारी, पूर्ववत्, पृ. २०–२१ ।

देखिन्छन् । यसरी पूर्वीय र पाश्चात्य दुवै समालोचना विधिहरू नेपाली साहित्यमा प्रयोग गरिएको पाइएकाले समग्रमा समालोचना विधिलाई यसप्रकार देखाइन्छ :

(१) शास्त्रीय विधि
(२) व्याख्यात्मक विधि
(३) निर्णयात्मक विधि
(४) तुलनात्मक विधि
(५) नीतिपरक समालोचना प्रणाली
(६) जीवनीपरक समालोचना प्रणाली
(७) समाजपरक समालोचना प्रणाली
(८) मनोविज्ञानपरक समालोचना प्रणाली
(९) आदिमतापरक समालोचना प्रणाली
(१०) रूपपरक समालोचना प्रणाली
(११) शैलीवैज्ञानिक समालोचना प्रणाली
(१२) मार्क्सवादी समालोचना प्रणाली
(१३) बहुलवादी समालोचना प्रणाली
    (क) नारीवादी समालोचना
    (ख) विनिर्माणवादी समालोचना
    (ग) पाठकप्रतिक्रिया सिद्धान्त
    (घ) सांस्कृतिक अध्ययन
    (ङ) नवमार्क्सवादी समालोचना
    (च) नव्यव्यावहारिकतावादी समालोचना
    (छ) उत्तरऔपनिवेशिक समालोचना
    (ज) बहुअर्थकता

यसरी हेर्दा साहित्यलाई विभिन्न साहित्येतर विषय इतिहास, संस्कृति, समाज, भाषा, लिङ्ग, मनोविज्ञान, राजनीतिहरूका आधारमा वा यी आदि विषयहरूसँग सम्बन्धित गरेर अध्ययन तथा विश्लेषण गर्ने समालोचनाका पद्धतिहरूलाई समालोचनाको विधिका रूपमा प्रस्तुत गर्ने गरेको पाइन्छ । यी विधिहरू अन्तर्विषयक, पद्धतिगत र स्वरूपगत रूपमा निर्धारित हुन्छन् । यी स्वरूप, पद्धति र विधिहरूबाट कतिपय सन्दर्भमा प्रकारहरूको निर्धारण समेत हुने भएकाले यी विधि प्रकारका निर्धारक आधार पनि हुन्छन् । यसरी हेर्दा उपर्युक्त विधिहरू प्रचलित विधिका सामान्य नमुनामात्र हुन् ।

### २.१.६.६ समालोचनाको प्रकार वा वर्गीकरण

समालोचनाका विधि, पद्धति, प्रक्रिया, स्वरूप, प्रकृति, प्रवृत्ति आदिका आधारमा गरिने एक किसिमको वर्गीकरणलाई समालोचनाका प्रकार मानिन्छ । समालोचनालाई विभिन्न आधारमा विभिन्न किसिमले वर्गीकरण गर्न सकिन्छ, यसका जति पनि नयाँनयाँ पद्धति, विधि र प्रविधिहरू

जन्मदै जान्छन् । क्रमशः तदनुरूप समालोचनाका आधारहरूमा पनि परिवर्तन हुँदै जान्छ र उस्तैउस्तै आधारहरू थपिँदै जान्छन् । यसबाट समालोचनाका प्रकारहरू यति नै र यिनै हुन् भन्ने निश्चित अन्तिम वर्गीकरण देखिँदैन । यति हुँदाहुँदै पनि यसलाई वर्गीकरण गर्ने स्थूल र सूक्ष्म आधारहरू प्रशस्त देखिन्छन् र तिनै आधारमा समालोचनाको प्रकारहरू पनि निर्धारित हुन्छन् । स्थूल रूपमा समालोचनालाई निम्न दुई प्रकारहरूमा वर्गीकरण गर्नु उपयुक्त हुन्छ :

(१) सैद्धान्तिक समालोचना

(२) प्रायोगिक समालोचना

स्थूल रूपमा हेर्दा सैद्धान्तिक समालोचनाअन्तर्गत सम्पूर्ण साहित्य सिद्धान्तहरू, वाद, प्रणाली, विधासिद्धान्त आदि पर्दछन् भने प्रायोगिक समालोचनाअन्तर्गत कृतिपरक, जीवनीपरक, प्रवृत्तिपरक, ऐतिहासिक आदि सबै किसिमका समालोचना पर्दछन् ।

समालोचनाका प्रकारहरूको निर्धारण पनि पूर्वीय संस्कृत साहित्य, पाश्चात्य साहित्य र नेपाली साहित्यमा भिन्नभिन्न किसिमको देखिन्छ । 'पूर्वमा अर्थात् संस्कृत साहित्यमा समालोचनालाई सङ्केत गर्न नाट्यशास्त्र, काव्यशास्त्रजस्ता शब्दको प्रयोग भएको देखिन्छ भने पश्चिममा पनि काव्यशास्त्र, सौन्दर्यशास्त्रजस्ता शब्दहरू प्रयुक्त भएका देखिन्छन् ।'[८६] संस्कृत साहित्यमा समालोचनालाई शास्त्र वा लक्षणशास्त्र भनिएको पाइन्छ र विभिन्न काव्यसम्प्रदायहरूलाई समालोचनाका प्रकारका रूपमा पनि मानेको पाइन्छ । पूर्वीय काव्यशास्त्र परम्परामा रचनाको पारख गर्ने कामलाई आलोचनाशास्त्र भनेको पाइन्छ । नाट्यशास्त्री भरतपछिका धेरै आचार्यहरूले यस आलोचना परम्पराहरूलाई गति दिने काम गरेका छन् । प्रायः रस, अलङ्कार, ध्वनि, वक्रोक्ति रीति, औचित्यजस्ता तत्त्वहरूलाई काव्यरचना प्रक्रियामा विशेष स्थान र महत्त्व दिँदै पूर्वीय समीक्षा परम्परामा कल्पना, भाव र बुद्धिको प्रयोगलाई पनि आवश्यक ठानेको देखिन्छ ।[८७] यी सम्प्रदायसँग सम्बद्ध तत्त्वका आधारमा पूर्वीय संस्कृत साहित्यपरम्परामा समालोचनाका प्रकारहरूलाई यसप्रकार वर्गीकरण गर्नु उपयुक्त हुन्छ :

(१) रसवादी समालोचना

(२) अलङ्कारवादी समालोचना

(३) ध्वनिवादी समालोचना

(४) रीतिवादी समालोचना

(५) वक्रोक्तिवादी समालोचना

(६) औचित्यवादी समालोचना आदि ।

समालोचना सिर्जनाबाट अनुप्राणित हुने र पूर्वीय सिर्जनालाई आधार मानेर सिद्धान्तहरू निर्माण भएकाले पूर्वका सैद्धान्तिक समालोचना पनि पूर्वीय साहित्यका काव्य, नाट्यलाई आधार मानेर निर्धारण गरिएको पाइन्छ । पूर्वीय साहित्यमा भरतको 'नाट्शास्त्र' भामहको **काव्यलङ्कार**, दण्डीको **काव्यदर्श**, आनन्दवर्द्धनको **ध्वन्यलोक**, क्षेमेन्द्रको **औचित्य विचार चर्चा'** हेमचन्द्रका

---

[८६] यमनाथ घिमिरे, *समालोचनाको विधागत प्रवृत्ति*, **कुञ्जिनी**, (१५/१२, २६५), पृ. १७८ ।

[८७] ऐजन, पृ. १७९ ।

**काव्यानुशासनम्**, रुद्रटको **काव्यलङ्कार**, मम्मटको **काव्यप्रकार** कुन्तकको **वक्रोक्ति जीवितम्**, जयदेवको **चन्द्रलोक**, राजशेखरको **काव्यमीमांसा**, वेदव्यासको **अग्निपुराण**को साहित्यखण्ड, वामनको **काव्यालङ्कार सूत्रवृत्ति** आदि ग्रन्थहरू सैद्धान्तिक समालोचनाका आधारग्रन्थ हुन् र त्यसपछिको समयमा यिनै सैद्धान्तिक आलोकमा प्रायोगिक समालोचनाहरू भएका छन् । 'पूर्वीय संस्कृत साहित्यिक कृतिहरूको स्वरूप, कथावस्तुको स्रोत, कथावस्तुको संयोजन पात्र विधान, रस तथा अलङ्कारको प्रयोग, भाषाशैली एवम् काव्यकलादिको सम्यक् अध्ययन पश्चात् पूर्वीय साहित्यचिन्तकहरूले सोही अनुकूल सिद्धान्त प्रतिवदन गरेको देखिन्छ ।'[८८] पूर्वीय साहित्यका टीका, भाष्य र वृत्तिहरू प्रायोगिक समालोचनाका राम्रा नमुना हुन् ।

यस्ता टीका र भाष्यहरूको पूर्वीय संस्कृत समालोचनामा निकै व्यापकता देखिन्छ ।

यसबाट पूर्वीय काव्यसम्प्रदायहरू नै वास्तवमा समालोचनाका प्रकार हुन् भन्ने देखिन्छ र यी बाहेक संस्कृत साहित्यमा समालोचनाको वर्गीकरणका अन्य प्रारूपहरू देखिँदैनन् । पूर्वीय साहित्यमा हिन्दीको समालोचना मूलतः संस्कृत साहित्य र अंशतः पाश्चात्य साहित्यबाट प्रभावित भएको हुँदा तदनुरूपकै प्रकारहरू निर्धारित देखिन्छन् भने जापानी, चिनियाँ, उर्दू, बङ्गाली आदि समालोचनाका पनि आफ्नै–आफ्नै किसिमका वर्गीकरण देखिन्छन् ।

पाश्चात्य साहित्यमा भने समालोचनाका प्रकारहरूका बारेमा व्यापक विश्लेषण पाइन्छ । एरिस्टोटलका काव्यशास्त्रीय समालोचनादेखि वर्तमानसम्म आइपुग्दा समालोचनाका प्रकार वा वर्गीकरण र स्वरूपहरूमा समेत परिवर्तन आएको देखिन्छ । पाश्चात्य समालोचना निरन्तर गतिशील भइरहेको र हालसम्म पनि पश्चिमी जगत्मा विभिन्न सम्प्रदायहरूको जन्म भइरहेकाले पाश्चात्य समालोचनाको वर्गीकरण विविधतामय देखिन्छ । पाश्चात्य साहित्यमा एरिस्टोटलदेखि वर्तमानसम्म आइपुग्दा समालोचनाका विधि वा पद्धति र विषय एवम् सम्प्रदाय वा वादहरूका केन्द्रीयतामा पनि समालोचनाका प्रकारहरूको निर्धारण भएको पाइन्छ ।

उपर्युक्त वर्गीकरणबाट पनि समालोचनाका प्रकारहरूको निर्धारणमा एकरूपता देखिँदैन । पाश्चात्य विद्वान्हरूले समालोचनाका प्रकारहरूको निर्धारण गर्ने क्रममा पनि पाश्चात्य साहित्यचिन्तनमा देखापरेका समालोचना प्रणालीवाद वा सम्प्रदाय आदिका केन्द्रीयतामा गरेको देखिन्छ । प्लेटोको काव्यरूप वर्गीकरण र काव्यको प्रभाव सिद्धान्तमा पनि समालोचनात्मक स्वरूपको सङ्केत पाइन्छ । त्यस समयमा उनले प्रतिपादन गरेको नीतिवादी समालोचनादेखि आजसम्म वा उत्तरआधुनिक प्रवृत्तिका समालोचनासम्म आइपुग्दा समालोचनाका प्रकारहरूमा धेरै विविधता आएको देखिन्छ । खास गरेर पाश्चात्य साहित्यमा सैद्धान्तिक, प्रायोगिक वा व्यावहारिक, वैयक्तिक, अन्तःप्रभावात्मक, वस्तुगत वा शोधपरक, साहित्येतिहासपरक, तुलनात्मक, मूल्याङ्कनात्मक, सामान्य विशेषीकृत, प्रभावपरक, एकलसिद्धान्तपरक, बहुलसिद्धान्तपरक, साहित्यशास्त्रमा आधारित वा अन्तरङ्ग, अन्तर्विषयक वा बहिरङ्ग, जीवनीपरक, नीतिपरक, समाजपरक वा मार्क्सवादी मनोविज्ञानपरक, आदिमतापरक, नारीवादी, नवइतिहासवादी, उत्तरउपनिवेशवादी, भाषावादी,

---

[८८] ऐजन, पृ. १८१ ।

शैलीवैज्ञानिक, रूपवादी–संरचनावादी र विसंरचनावादी, सङ्कथनवादी आदि विविध किसिमका समालोचनाहरू रहेको कुरा पनि उल्लेख भएको पाइन्छ[८९] र समग्रमा यिनै प्रकारहरू नै देखिन्छन् ।

पूर्वका भरत, भामहदेखि जगन्नाथसम्मका र पश्चिममा प्लेटो, एरिस्टोटल, रिचर्डस् आदि हुँदै रोलाबार्थ, डेरिडा, फुकोसम्मका समालोचकहरूका समालोचनासम्बन्धी दृष्टिकोण मान्यता र स्वरूपहरूका आधारमा कतिपय विद्वान्हरूले केही भिन्नै किसिमले वर्गीकरण गरेको पनि पाइन्छ । यस किसिमको वर्गीकरणअनुसार समालोचनालाई अध्यवसानात्मक, आलङ्कारिक, प्रभाववादी, सापेक्षवादी, व्याख्यात्मक, ऐतिहासिक, तुलनात्मक, साहित्यिक, निर्णयात्मक, विश्लेषणात्मक, पाठसमीक्षापरक वा कृतिपरक, ऐतिहासिक–भौगोलिक, लोकवादी, पक्षपातपूर्ण, सुधारपरक, शास्त्रीय, व्यावसायिक, व्यक्तिगत, नैतिक, मानवीय, निन्दापरक, स्तुतिपरक, रचनात्मक, मनोवैज्ञानिक आदि विविध रूपमा वर्गीकरण गरी प्रकारहरूको निर्धारण गरेको पाइन्छ ।[९०] यस वर्गीकरण र प्रकार निर्धारण निश्चित सैद्धान्तिक स्वरूपका आधारमा गरिएको नपाइए पनि यस किसिमका समालोचनाहरू भने देखिन्छन् ।

समालोचनाका प्रकारका सम्बन्धमा नेपाली साहित्यमा पनि एकरूपता पाइँदैन र नेपाली साहित्यका विद्वान्हरूले गरेको वर्गीकरण सैद्धान्तिक आधारभूमिमा भन्दा पनि नेपाली साहित्यमा देखिएका समालोचनाका आधारमा केन्द्रित देखिन्छ । नेपालीमा प्रचलित मुख्यमुख्य आलोचनाका पद्धति हुन् – गुण–दोषात्मक, तुलनात्मक, निर्णयात्मक व्याख्यात्मक, भौतिकवादी र शास्त्रीय । यीबाहेक अनुभवात्मक, प्रभावात्मक, मनोविश्लेषणात्मक र मूल्यवादी प्रभाव पनि वर्तमान समालोचनामा देखिँदै छ । यस हिसाबले वर्गीकरण गर्ने हो भने कुनै न कुनै प्रणालीअन्तर्गत समालोचकहरू परिहाल्दछन् ... यसकारण समालोचना मुख्य गरेर व्याख्यात्मक र निर्णयात्मक नै हुन्छन् ।'[९१] कतिपय विद्वान्हरूले समालोचना तत्त्वका आधारम ापनि वर्गीकरण गरेको पाइन्छ । कतिपय समालोचकहरूको दृष्टिमा आलोचना पद्धतिमा पाइने विभिन्न तत्त्वहरूको आधारमा आलोचनाका प्रकार वा किसिमहरू छुट्याइएका छन् । यस आधारमा केलाउँदा अनेकौं प्रकारहरू देखिएका छन्, देखिन, थपिन सक्छन् । यद्यपि आलोचनाका बहुप्रचलित मुख्य प्रकारहरू हुन् :

(१) आत्मप्रधान आलोचना
(२) सैद्धान्तिक आलोचना
(३) व्याख्यात्मक आलोचना
(४) तुलनात्मक आलोचना
(५) शैलीवैज्ञानिक आलोचना
(६) समाजवादी आलोचना[९२]

---

[८९] वासुदेव त्रिपाठी, **पाश्चात्य साहित्यसिद्धान्त र समालोचना पद्धतिको शिक्षणको रूपरेखा**, त्रि.वि. नेपाली केन्द्रीय विभागद्वारा आयोगित स्नातकोत्तर शिक्षक अभिमुखीकरण गोष्ठी २०५७ मा प्रस्तुत कार्यपत्र, पृ. ३३ ।

[९०] सीताराम चतुर्वेदी, **समीक्षाशास्त्र**, पूर्ववत्, पृ. ५६–६९ ।

[९१] कृष्णचन्द्रसिंह प्रधान, **साझा समालोचना**, पूर्ववत्, पृ. १८ ।

[९२] भानुभक्त पोखेल, **सिद्धान्त र साहित्य**, पूर्ववत्, पृ. १५६–१५७ ।

समालोचनाका यी प्रकारहरूले मात्र पनि आजको नेपाली समालोचनाको प्रतिनिधित्व गर्दैनन्, कतिपय समालोचकहरूले समालोचना गर्ने आधारमा पनि यसको वर्गीकरण गरेको पाइन्छ । 'समालोचना गर्ने विभिन्न आधारहरू हुन्छन् । साहित्यमा प्रचलित विभिन्न वाद, प्रवृत्ति, दृष्टि, सम्प्रदाय आदिका आधारमा पनि आलोचनाका विभिन्न प्रकारहरूको उद्‌भव हुन्छ । तर पनि प्रचलन अनुसार समालोचना नौ प्रकारका छन् :

(१) शास्त्रीय समालोचना

(२) सैद्धान्तिक समालोचना

(३) व्याख्यात्मक समालोचना

(४) निर्णयात्मक समालोचना

(५) ऐतिहासिक समालोचना

(६) प्रभाववादी समालोचना

(७) मनोविश्लेषणात्मक समालोचना

(८) प्रगतिवादी समालोचना

(९) तुलनात्मक समालोचना[९३]

यी प्रकारहरू नेपाली समालोचनामा बहुप्रचलित देखिए पनि वस्तुवादी समालोचनालाई माथिका प्रकारहरूले समेट्न सक्दैनन् र यी प्रकारहरू प्रायः विधि र विषयसँग सम्बद्ध देखिन्छन् । कतिपय विद्वान्हरूले कृतिको अन्तर्वस्तु, भाव वा विचारमा केन्द्रित भएर गरिने आन्तरिक समालोचना र भाषाशैली, संरचना आदिमा केन्द्रित भएर गरिने बाह्य समालोचना गरी स्थूल रूपमा दुई किसिमले वर्गीकरण गरेको पाइन्छ ।

'आजभोलि समन्वित वा बहुलवादी समालोचनाको पनि विकास हुँदै आएको छ, जसमा आवश्यकताअनुसार कृतिका आन्तरिक र बाह्य दुवै उपकरणको मिश्रण भएको हुन्छ । आजभोलि समालोचना गर्ने पद्धतिका आधारमा यसको वर्गीकरण गर्ने चलन छ । यसअनुसार समालोचनाका प्रकार निम्नलिखित छन् :

(१) प्राज्ञिक वा शास्त्रीय समालोचना

(२) प्रभाववादी समालोचना

(३) तुलनात्मक समालोचना

(४) अन्वेषण एवम् अनुसन्धानात्मक समालोचना

(५) मनोवैज्ञानिक समालोचना

(६) नयाँ समालोचना

---

[९३] मोहन हिमांशु थापा, **साहित्य परिचय**, पूर्ववत्, पृ. २०८ ।

(७)	व्याख्यात्मक समालोचना

(८)	निर्णयात्मक समालोचना

(९)	ऐतिहासिक समालोचना

(१०)	जीवनमूलक वा व्यक्तित्वप्रधान समालोचना

(११)	प्रगतिवादी (समाजवादी/मार्क्सवादी) समालोचना

(१२)	शैली वैज्ञानिक समालोचना

समालोचना गर्ने प्रणाली वा विधिका आधारमा यसका अनन्त भेदहरू हुन सक्छन् । पाठालोचन प्रणाली, रूपसंरचनावादी समालोचना, मिथकीय समालोचना, कृतिपरक समालोचना, स्वच्छन्दवादी समालोचना आदि समालोचना, प्रणालीका अतिरिक्त उत्तरआधुनिक कालमा विकसित विनिर्माणवादी समालोचना स्त्रीवादी समालोचना र पाठकाभिमुखी समालोचना प्रणाली पनि चर्चामा छन् ।[९४]

समालोचनाको उपर्युक्त वर्गीकरणले भने प्रचलित समालोचना पद्धतिलाई धेरैजसो प्रतिनिधित्व गरेको देखिन्छ । साहित्यिक कृतिको पारख गर्ने समालोचनालाई विभिन्न प्रकारबाट हेर्ने गरिएको पनि छ । ऐतिहासिक, जीवनी व्यक्तित्वपरक, मार्क्सवादी, मनोवैज्ञानिक आदि विविध प्रकारले समालोचनाको अध्ययन हुने गरेको पाइन्छ ।'[९५] तापनि हिजोआज विकसित बहुलवादी समालोचना पनि निकै विस्तार भएको देखिन्छ । 'प्रायोगिक समालोचनाको विस्तार र लोकप्रियतापछि साहित्य सिद्धान्त र साहित्य निर्माणको प्रयोगात्मक पक्ष दुवैलाई आत्मसात् गर्दै समालोचना गर्ने प्रवृत्ति अधिकांश विद्वान्हरूमा देखिँदै आएको छ ... बहुआयामिक रूपबाट गरिने यस खालको समालोचना बहुलवादी समालोचना हो ।'[९६] यसरी समालोचनाको नयाँनयाँ प्रवृत्तिहरूको पनि विकास हुँदै गएको देखिन्छ । अहिले प्रचलित समालोचनाका विभिन्न प्रकारहरूमध्ये प्रमुख प्रकारहरू निम्नलिखित छन् :

(१)	प्रभाववादी समालोचना

(२)	सैद्धान्तिक समालोचना

(३)	ऐतिहासिक समालोचना

(४)	प्रगतिवादी समालोचना

(५)	प्रयोगात्मक समालोचना

(६)	निर्णयात्मक समालोचना

---

[९४] ठाकुरप्रसाद पराजुली, **नेपाली साहित्येतिहास र नेपाली समालोचना शिक्षण**, पूर्ववत, पृ. ७–८ ।

[९५] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ५ ।

[९६] ऐजन ।

(७) **तुलनात्मक समालोचना**

(८) **वर्णनात्मक समालोचना**

(९) **रूपवादी समालोचना**

(१०) **मनोवैज्ञानिक समालोचना**

(११) **शैलीवैज्ञानिक समालोचना**

(१२) **समकालीन समालोचना**

उपर्युक्त एउटा वर्गमा पर्ने कतिपय समालोचनाहरू अर्को वर्गमा पनि पर्दछन् ।[१७]

समालोचनाका उपर्युक्त सबै किसिमका वर्गीकरणहरूका आधारमा हेर्दा समालोचनालाई एउटै आधारमा एकै किसिमले वा एउटै स्वरूपका आधारमा मात्र वर्गीकरण गर्नु उपयुक्त देखिँदैन । यसलाई वर्गीकरण गर्ने केही निश्चित सैद्धान्तिक आधारहरू प्रस्तुत गरी तिनका केन्द्रीयतामा वर्गीकरण गर्दा बढी व्यावहारिक र वैज्ञानिक पनि हुने देखिन्छ । यद्यपि एउटै किसिमको समालोचना पनि विभिन्न आधारमा भिन्नभिन्न किसिमको हुनसक्ने देखिन्छ । जस्तो कि नारीवादी समालोचनालाई सैद्धान्तिक रूपमा मात्र प्रस्तुत गरियो भने त्यो सैद्धान्तिक समालोचना हुन्छ । यस समालोचनाका आधारमा कृतिको विश्लेषण गरियो भने त्यही प्रायोगिक र कृतिपरक समालोचना हुन्छ । त्यसै कृतिलाई अन्य नारीवादी कृतिसँग तुलना गरेर समालोचना गर्दा वा तुलना गर्दा तुलनात्मक समालोचना पनि हुन्छ । त्यो कुनै रूपमा प्रभावपरक, अन्तविर्षयक अनुसन्धानपरक निर्णयात्मक आदि किसिमको हुनसक्ने देखिन्छ ।

उपर्युक्त सबै वर्गीकरणलाई अवलोकन गर्दा सामान्य र विशिष्ट रूपमा समालोचनालाई यसप्रकार वर्गीकरण गर्नु उपयुक्त देखिन्छ ।


---

[१७] खगेन्द्रप्रसाद लुइटेल, **आधुनिक नेपाली समालोचना**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५७), पृ. २०९–२१४ ।

- समालोचना
  - सैद्धान्तिक
    - पूर्वीय
      - रसवादी समालोचना
      - अलङ्कारवादी समालोचना
      - रीतिवादी समालोचना
      - ध्वनिवादी समालोचना
      - वक्रोक्तिवादी समालोचना
      - औचित्यवादी समालोचना आदि ।
    - पाश्चात्य
      - नीतिवादी समालोचना
      - प्रगतिवादी समालोचना
      - मनोविश्लेषणवादी समालोचना
      - संरचनावादी समालोचना
      - रूपवादी समालोचना
      - नारीवादी समालोचना
      - प्रतीकवादी समालोचना
      - विम्बवादी समालोचना
      - उत्तरआधुनिकतावादी समालोचना आदि ।
  - प्रायोगिक
    - कृतिपरक समालोचना
    - स्रष्टापरक समालोचना
    - जीवनीपरक समालोचना
    - विधापरक समालोचना
    - नीतिपरक समालोचना
    - समाजपरक समालोचना
    - मनोविश्लेषणात्मक समालोचना
    - रूपसंरचनापरक/भाषापरक समालोचना
    - शैलीवैज्ञानिक समालोचना
    - शैक्षणिक समालोचना
    - तुलनात्मक समालोचना
    - प्रभावपरक समालोचना
    - अनुसन्धानात्मक समालोचना
    - ऐतिहासिक समालोचना
    - क्षेत्र कार्यात्मक (क्षेत्रीय) समालोचना
    - व्याख्यात्मक समालोचना
    - निर्णयात्मक समालोचना
    - अनुवादपरक समालोचना
    - पाठकीय अनुक्रियापरक समालोचना
    - विनिर्माणवादी/उत्तरसंरचनावादी समालोचना
    - नारीवादी समालोचना
    - तुलनात्मक समालोचना
    - लोकसाहित्यि समालोचना
    - बालसाहित्यिक समालोचना
    - प्रवृत्तिपरक समालोचना आदि ।

(यी सबै सैद्धान्तिक र प्रायोगिक दुवै हुन सक्छन्)

समालोचनाको प्रकृतिका आधारमा उपर्युक्त वर्गीकरण पनि अन्तिम होइन । माथिका वर्गीकरण/उपवर्गीकरणभित्र पर्ने प्रकारहरू पनि कृतिपरक, प्रवृत्तिपरक, अन्तर्विषयक र तुलनात्मक आदि रूपमा हेर्दा निकै धेरै हुनसक्ने देखिन्छ । उक्त तालिकामा देखाइएका सबै किसिमका प्रकार एक अर्काका आधार र प्रकारहरूमा नै अन्तगर्भित हुन सक्ने हुँदा समग्रमा समालोचनालाई यसप्रकार वर्गीकरण गरी देखाउन उपयुक्त हुने देखिन्छ :




यी सबैका प्रभाववादी, तुलनात्मक, विवरणात्मक, व्याख्यात्मक, अनुसन्धानात्मक आदि उपभेदहरू हुन सक्छन् ।

यसप्रकार समालोचनाको वर्गीकरण गर्दा एउटा कुनै कृतिपरक प्रायोगिक समालोचना तुलनात्मक, प्रभावपरक, वस्तुवादी, संरचनावादी शैलीवैज्ञानिक, समाजपरक, मनोवैज्ञानिक आदि पनि हुनसक्ने हुँदा पद्धतिगत वा विधिगत र अन्तर्विषयक रूपमा पनि समालोचनाका धेरै प्रकार हुन्छन् । यसैगरी कुनै एक प्रकारको समालोचना विभिन्न आधारमा अरु भिन्नभिन्न प्रकारहरूमा पनि पर्ने भएकाले त्यो समालोचनालाई एउटामात्र प्रकारभित्र राख्न मिल्दैन । कतिपय समालोचकहरूले विधि वा पद्धति र प्रकारलाई एउटै मानेर समालोचनाको वर्गीकरण गरेको पाइए पनि झट्ट हेर्दा यी दुई समानजस्ता लागे पनि समालोचनाका विधि वा पद्धतिहरूले प्रकारहरूको निर्धारण गर्ने हुँदा विधि वा पद्धतिहरू प्रकारका निर्धारक पनि हुन्छन् । वास्तवमा विधि समालोचना गर्ने तरिका हो भने प्रकार विधिका आधारमा समेत निर्धारित भएको समालोचनाको स्वरूप पनि हो । त्यसकारण कतिपय विद्वान्हरूले विधि र प्रकारलाई एउटै मानेको पाइए पनि सबै किसिमका प्रकारहरू विधिभित्र पर्दैनन् ।

समग्रमा भन्नुपर्दा समालोचनाको वर्गीकरण गर्दा स्थूल र सूक्ष्म रूपमा हेर्नुपर्ने हुन्छ । हिजोआज अन्तर्विषयक र बहुलवादी समालोचनाको व्यापक विस्तार भइरहेको सन्दर्भमा एउटा कुनै समालोचनाको पुस्तक वा लेखलाई एउटा मात्र आधार र प्रारूपभित्र राखेर यस किसिमको समालोचना हो भनी किटान गर्न कठिन छ : त्यसकारण एउटा समालोचनाको प्रकारभित्र

स्थूल वा सूक्ष्म रूपमा र अंशतः वा मूलतः अर्को प्रकार पनि मिसिन आउने हुँदा बहुलवादी अवधारणाअनुरूप सोही सन्दर्भमा समालोचनालाई वर्गीकरण गर्नुपर्ने देखिन्छ ।

**२.१.६.७ विधागत स्वरूपका रूपमा समालोचना**

साहित्यमा प्रचलित कविता, आख्यान, नाटक र निबन्ध गरी चारओटा विधाहरूमध्ये निबन्धविधाको प्रबन्ध अन्तर्गत पर्ने एउटा उपविधाका रूपमा चिनिँदै आएको समालोचना साहित्यकै पुरानो उपविधा हो । प्राचीनकालदेखि नै आफ्नो स्वतन्त्र अस्तित्व बनाउँदै आएको र निरन्तररूपमा लेखिँदै आएको समालोचनाको प्रभावकारी रूपमा विकास भने आधुनिक कालमा आएर मात्र भएको पाइन्छ । पाश्चात्य साहित्यमा आधुनिककालको सुरुवात सँगसँगै साहित्य सिर्जनाको नयाँनयाँ ढङ्गबाट व्याख्या, विश्लेषण तथा मूल्याङ्कन हुन थालेपछि समालोचनाको विकासमा तीव्रता आएको देखिन्छ । सृजनासाहित्यको मात्र नभई समालोचनात्मक ग्रन्थहरूको समेत व्याख्या विश्लेषण हुन थालेपछि समालोचनाले विधागत स्वरूपमा नै आफ्नो पहिचान बनाएको देखिन्छ । 'समालोचनाले विधागत मान्यता पाउनु आधुनिक युगको उपलब्धि हो । प्राचीन युगमा शास्त्रीय ग्रन्थ वा काव्यलाई पनि विधागत मान्यता दिइएको थिएन । यद्यपि यसले प्रायः सबै विधाको विश्लेषण गर्दै आइरहेको थियो । वर्तमान सृजनात्मक साहित्यको समालोचना गर्नुका साथै समालोचना कृतिहरूको पनि समालोचना गर्ने 'समालोचना साहित्य' को रूप यसले ग्रहण गरिसकेको छ ।'[१८] त्यसकारण समालोचना साहित्यको महत्त्वपूर्ण विधाका रूपमा देखिन्छ ।

**२.१.७ निष्कर्ष**

'आलोचना' शब्दको अगाडि 'सम्' उपसर्ग लागेर बनेको समालोचना शब्दले सामान्य अर्थमा कुनै पनि कुरालाई सम्यक् दृष्टिले हेर्नु, चारैतिरबाट हेर्नु भन्ने अर्थ बुझाए पनि यसले विशिष्ट अर्थका रूपमा कुनै साहित्यिक कृतिको गुणदोषको विवेचना गर्ने कार्य वा कुनै कृतिमाथि विवेचना गरी तयार पारिएको समीक्षात्मक कृति भन्ने बुझाउँछ । अङ्ग्रेजीमा किटिसिज्म शब्द प्रचलित समालोचना साहित्यको एक उपविधाका रूपमा प्राचीन कालदेखि नै प्रचलनमा आएको भए पनि यसको प्रभावकारिता, विकास र विस्तार भने आधुनिककालमा आएर भएको देखिन्छ । समालोचनाका बारेमा पूर्वीय साहित्य तथा पाश्चात्य साहित्यमा व्यापक चर्चा भएको र यसका सम्बन्धमा विभिन्न विद्वान् समालोचकहरूले आफ्नाआफ्ना दृष्टिकोणअनुकूलका परिभाषाहरू दिएका भए पनि ती परिभाषामा एकरूपता भने पाइँदैन । तर ती सबै परिभाषाहरूका निष्कर्षमा के भन्न सकिन्छ भने समालोचना सृजनाविधाको अनुवर्ती विधा हो । यसले सृजनात्मक कृतिहरूको सम्यक् विवचेना गरी कृतिको स्थान निर्धारण गर्दै कृतिलाई पाठकसमक्ष ल्याउने काम गर्दछ । वास्तवमा

[१८] ठाकुरप्रसाद पराजुली, पूर्ववत्, पृ. ६ ।

समालोचनाले साहित्यको सैद्धान्तिक स्वरूपको निर्धारण गर्दछ । यसमा साहित्यका विधाहरूको स्वरूपका बारेमा स्पष्ट पारिएको हुन्छ । विभिन्न साहित्यिक कृतिहरूका आधारमा प्रवृत्तिहरूको निर्धारण गर्दै समालोचनाले विभिन्न कोणबाट कृतिको विश्लेषण र मूल्याङ्कन समेत गर्दछ ।

यसैगरी समालोचनाका तत्त्व, विधि तथा प्रकारहरूका बारेमा पनि विद्वान्हरूका मतमा समानता पाइँदैन । समालोचना एक गतिशील विधाका रूपमा देखिएका हुनाले यससम्बन्धी मान्यता र धारणामा क्रमशः नवीनता आउँदै गएको र त्यसैअनुरूपले समालोचनालाई परिभाषित गरिने भएकाले पनि विभिन्न समय, सन्दर्भ र परिवेशमा गरिएका समालोचनासम्बन्धी दृष्टिकोणमा एकरूपता आउन नसकेको देखिन्छ । अहिले पछिल्लो समयमा आएर समालोचनाका नयाँनयाँ पद्धति र चिन्तनहरू आएका देखिन्छन् । समग्रमा समालोचना साहित्यको अपरिहार्य विधा हो । यसले सृजनासाहित्यलाई परिष्कार, परिमार्जन मात्र नगरी मार्गनिर्देश पनि गर्दछ । कृतिलाई पाठकसमक्ष ल्याएर त्यसको औचित्य र मूल्यमाथि प्रकाश पार्ने काम समालोचनाले गर्दछ ।

# परिच्छेद – तीन

# नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप र विकास

## ३.१ विषयप्रवेश

**नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप र विकास** शीर्षकको यस परिच्छेदमा नारीवादी समालोचनाको ऐतिहासिक पृष्ठभूमि दिँदै नारीवादी समालोचनाको प्रवर्तन, यसको विकासका चरणहरू प्रस्तुत गरिन्छ । नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप र विकास देखाउने क्रममा यसका विशेषता र मान्यताहरूलाई स्पष्ट पार्दै नारीवादी समालोचनाको विकासका चरणहरूलाई पनि देखाइन्छ । नारीवादी समालोचनाको प्रवर्तन, विशेषता, मान्यता तथा यसका विकासका चरणहरू देखाई नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूप र विकासका चरणहरूलाई स्पष्ट पार्ने क्रममा विभिन्न विद्वान् समालोचकहरूका दृष्टिकोण र धारणालाई पनि आधार बनाइन्छ ।

### ३.१.१ नारीवादी समालोचनाको प्रवर्तन

नारीवाद शब्द अङ्ग्रेजी Feminism शब्दको नेपाली रूपान्तर हो । नारीवाद अहिले पछिल्लो समयमा आएर साहित्य लेखनमा स्थापित हुन पुगेको एउटा साहित्यिक मान्यता हो । नारीवाद नारीसम्बन्धी त्यस्तो सिद्धान्त हो, जसले नारीलाई मुक्ति दिन, उठाउन, आत्मनिर्भर बन्न बल दिन्छ । समाजमा स्वास्नीमान्छे पीडित छन् र सुविधाबाट वञ्चित छन् । 'स्त्रीवादीहरू स्वास्नीमान्छेले लोग्नेमान्छेले सरह अवसर पाउनुपर्छ भनेर आवाज उठाउँछ । यो स्वास्नीमान्छेलाई त्यहाँ स्थान दिलाउन चाहन्छ, जहाँ लोग्नेमान्छेहरू आफ्नै अधिकार ठान्दै आएका छन् ।'[१] नारी जातिका तर्फबाट बुझ्ने र बुझाउने तथा नारीहरूलाई सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक आदि विषयमा मुक्त र आत्मनिर्भर बनाई पुरुष एकाधिकारको भञ्जन गर्ने आन्दोलन नै नारीवाद हो । नारीवाद एउटा सिद्धान्त र चिन्तनमात्र नभई यो एउटा विद्रोह पनि हो । नारीवादी लेखन तथा नारीवादी समालोचनाको पृष्ठभूमिका रूपमा नारीमुक्तिसम्बन्धी विभिन्न आन्दोलन र अभियानहरूले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

नारीवादको प्रारम्भ सन् १७७६ को अमेरिकाली राज्य क्रान्ति र १७८९ को फ्रान्सेली राज्यक्रान्तिबाट भएको हो र यसैलाई नारीवादको बीजबिन्दु मान्न सकिन्छ । 'समानता, स्वतन्त्रता र भ्रातृत्वको नारा लिएर सुरु भएको नारीवाद वास्तवमा पितृसत्तात्मक समाजमा नारीमाथि हुने गरेका यौनशोषण र अन्य शोषण तथा दमन र हैकमवादी प्रवृत्तिले तीव्र रूप लिन थालेपछि त्यसका विरुद्धमा जन्मिएको एक नवीन चेतना

---

१ कृष्ण गौतम, **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**, दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०५९), पृ. ३९९ ।

हो ।'[२] पुरुषसत्ताबाट पृथक्ताको चाहना अर्थात् नारीमुक्तिको चाहनाबाट प्रारम्भ भएको नारीवादी आन्दोलन साहित्यिक रूपमा क्रमशः विकसित हुँदै नारीवादी लेखन/नारीलेखनसँगै नारीवादी समालोचनासम्म आइपुगेको देखिन्छ । 'नारीवादको शास्त्रीय स्रोतका रूपमा नारीमुक्ति आन्दोलन, पितृसत्ताविरोधी विभिन्न आन्दोलनहरू, नारीलेखनको समालोचना, स्त्रीत्व, संरचनावाद, विनिर्माणवाद, मार्क्सवाद, नवमनोविश्लेषण नारीवाद, नारीसमलिङ्गवाद आदि रहेका देखिन्छन् भने नारीवादको प्रवर्तन तथा व्याख्या गर्नेहरूमा भर्जिनिया उल्फ, सिमोन द बुभा, केट मिलेर, ऐलेन, सोभाल्टर, जुलिया क्रिस्टिभा, एल इरिगेरी आदि रहेका छन् ।'[३] नारीवादी आन्दोलन र लेखनको सुरुवात केही पहिलेदेखि नै भए पनि दोस्रो विश्वयुद्धपछिबाट मात्र यो अभियान/आन्दोलनले गति लिएको देखिन्छ । सन् १९४९ मा प्रकाशित सिमाने द बुभाको **द सेकेन्ड सेक्स** नामक पुस्तक नारीवादी चेतना र जागरणको महत्त्वपूर्ण दस्तावेज बन्न पुगेको देखिन्छ । यस कृतिले साहित्यमा नारीवादी चिन्तनको क्षेत्रलाई ज्यादै व्यापक बनाएको देखिन्छ । यिनै नारीवादी लेखनको पृष्ठभूमिमा नै नारीवादी समालोचनाको विकास हुँदै गएको देखिन्छ । नारीसँग सम्बद्ध विषयको चर्चा र समालोचना गरिने वा गरिएको समालोचनालाई नारीवादी समालोचना भनिन्छ ।

> 'साहित्यमा चित्रित नारीका स्थिति र अवस्था, पुरुष शासित समाजमा उसले भोगेका उत्पीडन, पुरुषकी भोग्या र खेलौना बन्नुपर्ने उसका विवशता, छोरी, बुहारी, पत्नी, सौता, आमा, सासू आदि उसका अनेक रूपका व्याख्या, विवेचना र छलफल गर्नु नै स्त्रीवादी आलोचकको काम हो । ऊ एकातिर पुरुषलिखित साहित्यमा स्त्रीको के भूमिका छ भन्ने जाँच्तछ भने अर्कोतिर स्त्रीकै लेखन कस्तो छ, त्यसमा उसले कसरी आफ्ना विचार र अनुभव दर्शाएकी छ भन्ने पनि हेर्दछ । पितृसत्तामा साहित्यमार्फत् नारीका स्थिति र अनुभूतिको अध्ययन नै स्त्रीवादी आलोचना हो ।'[४]

नारी साहित्यिक समालोचनाको क्षेत्रमा एलेन सोभाल्टरको **A literature of their own** कृतिले नारीवादी लेखनका क्षेत्रमा विश्वव्यापी प्रभाव पारेको देखिन्छ र नारीवादी लेखनको अस्तित्वबोध गराउने कृतिका रूपमा यसलाई लिन सकिन्छ । विश्वसाहित्यमा नारीवादी समालोचनालाई स्थापित गराउन आजसम्म धेरै नारीसमालोचकहरूले योगदान दिएको देखिन्छ । वास्तवमा 'नारीवादी समालोचनाले स्वयम् नारीहरू जीवनबारे के अनुभव गर्छन्, के सोच्छन् र के क्रिया गर्छन् भन्ने गतिविधिलाई विशेष महत्त्व दिन्छ । नारीकेन्द्री परिप्रेक्ष्यबाट नारी हक, हित र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ । पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको स्थिर चरित्रचित्रण आदिलाई नकार्दै यसले नारीको

---

[२] ज्ञानु अधिकारी, *परम्पराको विनिर्माणिक प्रक्रिया : नारीवाद*, **मिर्मिरे**, पूर्ववत्, पृ. ३२६–३२७ ।

[३] वासुदेव त्रिपाठी, **पाश्चात्य साहित्य समालोचना शिक्षणको रूपरेखा**, पूर्ववत् ।

[४] कृष्ण गौतम, पूर्ववत्, पृ. ३४५ ।

वास्तविक अस्तित्व तथा पहिचान कायम गर्नेतर्फ दरो पाइला चालेको छ ।'[५] नारीमुक्तिको आवाजसँगै साहित्यिक क्षेत्रमा प्रवेश गरेको नारीवाद समालोचनाका क्षेत्रमा एउटा पद्धतिका रूपमा विकसित भएको देखिन्छ । यसको मूल विचार नारीहरूमाथि गरिँदै आएको सामाजिक, आर्थिक, वैचारिक, यौनमूलक आदि भेदभावका विरुद्ध नारीहरूले बोल्नुपर्छ र अधिकार प्राप्तिका लागि लड्नुपर्छ भन्ने हो । नारीहरूले यौनका कुरामा सबैभन्दा बढी शोषण खप्नु परेको र मानसिक यातनाबाट पीडित हुनुपरेको स्थिति देखाउँदै त्यसलाई सच्याउने तथा लेखनका क्रममा नारीमाथि, मातृत्वमाथि गरिएको उपेक्षालाई उल्ट्याउने कार्यमा पनि यसको सहभागिता रहन्छ । नारीहरू जैविक रूपबाट त भिन्न छन् तर प्राचीनकालदेखि नै थिचेर पुरुषप्रधान समाजले उनीहरूको मानसिकतालाई कमजोर बनाएको छ । 'यो लैङ्गिक अवधारणा साहित्यमा कसरी प्रकट भएको छ भन्ने कुरा पनि नारीवादी समालोचनामा अध्ययन गरिन्छ । सिमाने द बुभा, भर्जिनिया उल्फ, जुलिया क्रिस्तेभा एलेन सोभाल्टर, हेलेन सिक्सुज आदिका विचारहरू नारीवादी समालोचनाका आधारमा बनेका छन् ।'[६] नारीवादी समालोचनाले लैङ्गिक समानतामा जोड दिने भएकाले यसको सम्बन्ध लिङ्ग राजनीतिसँग पनि रहेको देखिन्छ । पितृसत्तात्मक समाजमा स्वास्नीमान्छेले सामना गर्नुपरेका दुःख, कष्ट, पीडा आदिको अभिव्यक्ति साहित्यमा हुनुपर्ने कुरामा नारीवादी समालोचकहरू समर्थन गर्छन् । 'पुलिङ्गकेन्द्री साहित्य रचनामा नारीहरूलाई उपहासका पात्र बनाएको र हेय दृटिष्ले हेर्ने गरिएकाले यसका विरुद्धमा नारीसमालोचकहरूले स्त्रीलिङ्गकेन्द्री आन्दोलन चलाएका हुन् ।'[७]

यसप्रकार अमेरिकाली राज्यक्रान्तिबाट नारीमुक्ति आवाज लिएर देखापरेको नारीवादले साहित्यमा एउटा छुट्टै अस्तित्व कायम गरेको देखिन्छ । बीसौँ शताब्दीको अन्त्यतिर नारीवादी समालोचनाका रूपमा सशक्त हुनुपुगेको नारीवादी चेतना एउटा चिन्तन तथा मान्यताका रूपमा विकसित भएको पाइन्छ ।

### ३.१.२ नारीवादी समालोचनाको विकासको चरण

नारीहरूका हक, हित र अधिकारको सुनिश्चितताका लागि एउटा अभियानका रूपमा देखापरेको नारीवाद विभिन्न साहित्यिक सृजनासँगै अघि बढेको देखिन्छ । यसै क्रममा सन् १९५० को दशकपछि नारीवादी समालोचनाले पाश्चात्य साहित्यमा एउटा तीव्र साहित्यिक अभियानकै रूप लिएको पाइन्छ । यसरी लेखिएका नारीवादी समालोचनाहरूले अतीतको विरोध गर्दै अतीतमा नारीहरूप्रति बनाइएको दृष्टिकोण, धारणाहरूलाई भत्काई साहित्यको पुनर्मूल्याङ्कनको प्रयत्न गरेका छन् । इतिहासको प्रारम्भदेखि रचिएको साहित्यको

---

५ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय पाश्चात्य साहित्य सिद्धान्त**, दोस्रो संस्क., (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ. ३७१ ।

६ नेत्र एटम, **समालोचनाको स्वरूप**, पूर्ववत्, पृ. २२९–२३० ।

७ रमा शिवाकोटी, *नारीवादी समालोचना : एक चर्चा,* **उन्नयन**, (अङ्क ४२, २०५८), पृ. ४२ ।

अब पुनर्मूल्याङ्कन हुनुपर्छ । पुरुषले बनाएका सारा नारीपात्रहरू केवल खेलौनाका रूपमा मात्र देखिने हुनाले तिनलाई भत्काई नारीको वास्तविक रूपलाई उजागर पार्नु पर्छ तथा नारीलाई सिङ्गो रूपमा नारीले मात्र चिन्न सक्छन्, नारीले मात्र न्याय गर्न सक्छन् र नारीपात्रहरूको विश्लेषण पनि नारीबाट मात्र सही रूपमा हुन सक्दछ भन्ने किसिमका विभिन्न चिन्तनहरूको पृष्ठभूमिमा नै नारीवादी समालोचना विकसित भएको पाइन्छ । 'नारीवादी साहित्यिक समालोचनाले सामान्यतः त्यहाँ विद्यमान कुराहरू भन्दा त्यहाँका अभावलाई मुख्य मानेर परिभाषित गरिएको छ । अन्य साहित्यिक समालोचना तथा सिद्धान्तहरूका लागि नारीवाद राजनीतिक आन्दोलन भएको छ किनभने यसको सामाजिक परिचय प्रारम्भिक साहित्यिक समालोचनाभन्दा भिन्न छ, यसले नारी पुरुषको भिन्नतालगायत उनीहरूका बीचको समानताको बारेमा चासो राख्दछ ।'[८] यसप्रकार उत्तरआधुनिक संस्कृतिभित्र हुर्कंदै आएको नारीवादी समालोचनाको विकास नारीमाथि हुँदै आएका आजसम्मका आर्थिक, राजनीतिक, वैचारिक, सामाजिक तथा यौनसँग सम्बन्धित विषयहरूमा हुने गरेका भेदभाव तथा शोषणहरूका विरुद्धमा बोल्ने र आफ्ना हक अधिकारको सुनिश्चितताका लागि आफैले लड्नु पर्छ भन्ने एउटा वैचारिक अभियानका साथ भएको पाइन्छ ।

> 'नारीवादी साहित्य तथा समालोचनाको वास्तविक तथा सचेत थालनी सन् १९७० का दशकमा भएको हो । यसैबेलादेखि नारीसम्बन्धी अध्ययन छुट्टै विषयका रूपमा हुन थालेको पाइन्छ । यस अवधिमा नारीवादले अमेरिकामा विशेष लोकप्रियता पाउँदै गएको देखिन्छ भने बेलायतमा पनि नारी प्रकाशन गृहहरूको स्थापना भई यसले सक्रिय स्वरूप लिएको देखिन्छ । बेलायतमा सन् १९७७ मा Virago नामक प्रकाशनले नारीहरूको स्वतन्त्र पुस्तक प्रथम पटक प्रकाशन गरेको छ भने सन् १९७८ मा The Women's Press को स्थापना भएको छ । नारीवादी समालोचना एकातिर विगतका नारीलेखिकाहरूको कृतिहरूको व्यापक खोजी तथा पुनर्मुद्रण गरेर अनि अर्कातिर विद्वतापूर्ण तथा सिर्जनात्मक नारीलेखनलाई प्रोत्साहित गरेर हुर्केको छ ।'[९]

बीसौँ शताब्दीको एउटा महत्त्वपूर्ण उपलब्धिका रूपमा देखिएको नारीवादी समालोचनाले थोरै समयमा नै महत्त्वपूर्ण कार्य गरी विकसित भएको देखिन्छ । 'नारीवादी साहित्यका इतिहास र सिद्धान्तको आलोचनात्मक पठन, नारीलिखित साहित्य र नारीहरूको चित्रण भएको साहित्यको व्यापक अध्ययन, इतिहास, मनोविज्ञान तथा मानवशास्त्र आदिबाट प्राप्त नारीविषयक जानकारी आदिले नारीवादी समालोचनाको भण्डार भरेका छन् । मनोविश्लेषण मार्क्सवाद तथा विसङ्घटनले नारीवादी आलोचनाको सिद्धान्तलाई महत्त्वपूर्ण विश्लेषणात्मक औजार दिएका छन् ।'[१०] नारीवादी समालोचनाको विकासयात्रालाई हेर्दा

---

८ रमा शिवाकोटी, पूर्ववत् ।

९ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ३७३ ।

१० कृष्ण गौतम, **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**, पूर्ववत्, पृ. ३४९ ।

नारीवादी समालोचनाका विभिन्न धारा र स्वरूपहरूमा बाँडिएको देखिन्छ । नारीवादी समालोचनाको प्रारम्भिक अवस्थामा यसको आफ्नो कुनै निर्दिष्ट सिद्धान्त नभएकाले यसले अन्य क्षेत्रका विभिन्न मान्यतालाई आफ्नो सिद्धान्तको आधार बनाएको देखिन्छ। यसले गर्दा नारीवादी समालोचनामा विविधता पाइन्छ। त्यसैगरी एकातिर जुनजुन ठाउँबाट नारीवादी अभियान थालियो त्यसैको प्रादेशिक रूपबाट नारीवादी समालोचना धारा विकसित भएको देखिन्छ भने अर्कातिर विभिन्न नारीसमालोचकहरूको आफ्नाआफ्ना नारीवादी अवधारणाहरूबाट पनि यसका विभिन्न धाराहरू विकसित भएको देखिन्छ । अमेरिका, बेलायत, फ्रान्स आदि मुलुकमा नारीवादी समालोचनाको तीव्र विकास भएको पाइन्छ। यी मुलुकहरूका नारीवादी समालोचनाका सन्दर्भहरूलाई यसप्रकार देखाइन्छ :

(१) अमेरिकाली नारीवादी समालोचना – नारी मानसिकता र नारीलेखनको इतिहासको उन्मुखता
(२) बेलायती नारीवादी समालोचना – कृतिपरकता र वैचारिक दृष्टिकोणतिरको अभिमुखता
(३) फ्रान्सेली नारीवादी समालोचना – सङ्कथनका व्याख्या र भाषा, दर्शन, मनोविज्ञान आदिसँगको सम्बद्धता।

नारीवादी समालोचनाको विकासयात्राका चरणहरू निर्धारण गर्ने क्रममा सबै समालोचकहरूको एउटै दृष्टिकोण रहेको पाईंदैन । यी चरणहरूलाई विभिन्न स्थानका नामले समेत चिनाउने गरिएको पाइन्छ । मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले नारीवादी समालोचनाको विकास निम्नलिखित धाराहरूमा भएको छ भनी यसप्रकार वर्गीकरण गरेको देखिन्छ[११] :

(१) राजनैतिक नारीवादी समालोचना
(२) गाइनो समालोचना
(३) फ्रान्सेली नारीवादी समालोचना

यसैगरी रमा शिवाकोटीले नारीवादी समालोचनाको विकासका चरणहरूलाई नारीवादी समालोचनाका प्रचलित महत्त्वपूर्ण अभ्यासहरू चार किसिमका छन् भनी यसप्रकार देखाएकी छिन्[१२] :

(१) लिङ्गभेद अध्ययनसँग सम्बन्धित समालोचना
(२) मार्क्सवादी नारीवादी समालोचना
(३) मनोविश्लेषणवादी नारीवादी समालोचना
(४) अल्पमत नारीवादी समालोचना

समग्रमा नारीवादी समालोचनाको विकासप्रक्रियाका चरणहरूलाई यसप्रकार देखाइन्छ :

---

[११] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्।

[१२] रमा शिवाकोटी, पूर्ववत्।

१)　**पृष्ठभूमि काल**

क)　पूर्वपृष्ठभूमि (१७७६–१९४९) नारीमुक्तिसम्बन्धी विभिन्न आन्दोलनहरू

ख)　उत्तरपृष्ठभूमि (१९५०–१९६७) नारीवादी साहित्य सिर्जना

२)　**विकास काल**

(क)　पहिलो चरण (१९६८–१९७६) – पुरुषसत्ताको विरोध

(ख)　दोस्रो चरण (१९६६–१९८८) – नारीसाहित्यको खोजी

(ग)　तेस्रो चरण (१९८९ देखि यता) – गाइनो समालोचना र फ्रान्सेली समालोचनाको अवधारणा ।

सन् १९७० को दशकपछि पाश्चात्य साहित्यमा भाषापरक बहुलवादी समालोचना प्रणालीको सशक्त विकल्पमा नारीवादी समालोचना क्रमशः आफ्नो प्रभाव जमाउन थालेको देखिन्छ । यसरी विकसित हुँदै अघि बढेको नारीवादी समालोचनाका तीन चरणहरू देखिन्छन् :

(१)　राजनीतिक नारीवादी समालोचना

(२)　गाइनो समालोचना

(३)　फ्रान्सेली नारीवादी समालोचना

### ३.१.२.१ राजनीतिक नारीवादी समालोचना

सन् १९६९ मा प्रकाशित केट मिलेटको Sexual Politics कृतिबाट नै राजनीतिक नारीवादी समालोचना धारा अघि बढेको देखिन्छ । 'यस चरणका नारीसमालोचकहरूले नारीहरूको सकारात्मक तथा यथार्थचित्र प्रस्तुत नगरेको भनी पुरुष लेखनको विरोध गर्दै पुरुष लेखनमा नारीहरूको अवमूल्यन हुनाका साथै पुरुषलाई तृप्ति दिने साधनका रूपमा मात्र नारीको चित्रण हुने गरेको बताएको पाइन्छ । यस समालोचनात्मक धाराअन्तर्गत केट मिलेट, मार्गरेट मिड मिसेल वारेट आदिको विशिष्ट भूमिका रहेको छ ।'[१३] साथै यस चरणका नारीसमालोचकहरूले सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि सन्दर्भहरूमा भोग्नुपरेका पीडाहरूलाई समेत देखाएका छन् । 'मार्क्सवादी दर्शनको प्रशस्त प्रभाव रहेको यस नारीवादी समालोचनात्मक धारामा समाजमा नारीको हीन, दयनीय, निम्न, गौण स्थिति केलाउँदै त्यसको निराकरणबारे चिन्तन मनन गरेका छन् ।'[१४]

### ३.१.२.२ गाइनो समालोचना

नारीवादी समालोचनाको विकास र विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेको गाइनो समालोचनाको अवधारणा नारीवादी समालोचक एलेन सोभाल्टरले ल्याएकी हुन् । उनको

---

[१३] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ. ३७४ ।

[१४] ऐजन ।

A literature of Their Own : British Women Novelists from Bronte to Lessing (1977) नामक पुस्तक प्रकाशित भएपछि नारीवादी समालोचनाको दोस्रो चरणहरू सुरु हुन्छ । यस चरणका नारीवादी समालोचकहरूले नारी जीवनको भोगाइलाई भित्रैबाट छामेर लेख्ने परम्परा बसालेको पाइन्छ भने यसै समयदेखि नै नारीवादी समालोचना एउटा वादका रूपमा विस्तार भएको पाइन्छ । 'पुरुष समालोचकहरूले नारीलेखनको अवमूल्यन गर्दै तिनको कुनै लेखन परम्परा छैन भनेकोमा सोभाल्टरले तिनको खण्डन गर्दै'[१५] नारीलेखनको विकासप्रक्रियालाई तीन चरणमा राखेर प्रस्तुत गरेकी छिन् :

(क) **पहिलो चरण** (१८४०–१८८०) : नारीत्व युग–पुरुषलेखनको अनुकरण, पुरुषलेखनलाई स्वीकार, (यस चरणका नारीलेखिकाहरू एलिजाबेथ ग्यास्केल, जर्ज इलियट आदि प्रमुख देखिन्छन् ।)

(ख) **दोस्रो चरण** (१८८१–१९२०) : नारीवादी युग – पितृसत्ता तथा पुरुष मूल्यको विरोध, (यस चरणका नारीलेखिकाहरूमा एलिजाबेथ रबिन्सन, ओलिभर स्क्रिनर आदि ।) (स्वकीय नेतृत्व)

(ग) **तेस्रो चरण** (१९२१ देखि यता) : नारीमात्रको युग – नारीलेखिकाहरूको लेखकीय उत्कर्षता, पूर्णतया नारीवादी लेखनको स्वत्वबोध, (यस चरणका लेखिकाहरूमा रेवेका वेस्ट, क्याथरिन, डोरिस लेसिङ लगायत धेरैका सङ्ख्यामा नारीलेखिकाहरू रहेका बताएकी छिन् ।)

### ३.१.२.३ फ्रान्सेली समालोचना

तेस्रो चरणका रूपमा देखापरेको फ्रान्सेली नारीवादी समालोचनाको प्रवर्तकका रूपमा जुलिभा क्रिस्टिभा देखिन्छिन् । यिनका व्याख्यानहरूबाट नारीवादी समालोचनामा एउटा चिन्तनको विकास भएको र फ्रान्सेली नारीवादी समालोचनाका रूपमा विकसित भएको देखिन्छ । 'फ्रान्सेली नारीवादी समालोचनाहरू उत्तरसंरचनावाद तथा नवमनोविश्लेषणवाद, प्रतीकविज्ञान, विनिर्माणवाद आदिबाट बढी प्रभावित देखिन्छन् । मनोविश्लेषणका क्षेत्रमा यिनीहरूको ढल्काइ फ्रायडतिर नभएर लकनतिर छ । यिनीहरूले भाषा पक्षमा जोड दिँदै छुट्टै नारीभाषाको सम्भाव्यता देखाई Ecriture Feminine को धारणालाई अघि बढाएका छन् ।'[१६] यसरी उत्तरआधुनिक प्रवृत्तिका रूपमा नारीवादको व्याख्या गरिएको यस चरणमा जीवन, साहित्य र समालोचनाका बीचको सहसम्बन्धको स्थापनाद्वारा नारीसांस्कृतिक समालोचनाको समेत स्थापना गरेको पाइन्छ ।

### ३.१.२.४ नारीवादी समालोचनाको विशेषता

बीसौँ शताब्दीको उत्तरार्द्धमा नारीवादी लेखन सशक्त बन्दै गएपछि नारीवादी समालोचनाले पनि आफ्ना मान्यताहरूलाई विश्वव्यापी रूपमा नै अगाडि बढाउँदै लगेको

---

[१५] पूर्ववत्, पृ. ३७५ ।

[१६] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत् ।

पाइन्छ । यसले परम्परित रूपमा मानिँदै आएको तथा पुरुष समालोचकहरूद्वारा स्थापित समालोचना सिद्धान्तहरूको विरोध गर्दै समालोचनाका क्षेत्रमा आफ्ना नवीन सैद्धान्तिक आधारहरू पेस गरेको पाइन्छ । समग्रमा नारीवादी समालोचनाका विशेषताहरूलाई यसप्रकार देखाइन्छ :

(१) नारीलेखनलाई नै समालोचनाको मूल विषय ठानी नारीलेखनको ऐतिहासिकता, शिल्पसंरचना, विषय आदिका आधारमा नारीरचना र तिनको जीवनको समेत विविध पक्षको विश्लेषण गर्नु,

(२) पुरुषसत्ताको विरोध तथा पुरुषसँगको प्रतिस्पर्धी शक्तिकेन्द्रका रूपमा नारीशक्तिको स्वीकार गर्दै समाज, कला, साहित्य आदिमा नारीको बौद्धिक शासन स्थापित हुनुपर्छ भन्ने दृष्टिकोण प्रस्तुत गर्नु,

(३) नारीसाहित्यकारका कृतिहरूको लेखन, प्रकाशन, परम्परा र तिनका कृतिहरूमा रहेका विविध प्रवृत्तिहरूका सूक्ष्म विश्लेषणका साथै नारी र नारीलेखनको श्रेष्ठता एवम् सर्वोपरितालाई प्रमाणित गर्ने विभिन्न आधारहरू प्रस्तुत गर्नु,

(४) नारीलाई कृतिका निर्माता तथा अर्थका उत्पादक समेत मान्दै नारीवादलाई भाषा तथा चिह्नकेन्द्रित प्रवृत्तिसँग सम्बद्ध गराउनु,

(५) विशेषतः समालोचनामा मार्क्सवाद, मनोविज्ञान, संरचनावाद, उत्तरसंरचनावाद, विनिर्माणवाद आदि विविध बहुलवादी प्रवृत्तिलाई अवलम्बन गरी लैङ्गिक समालोचनाको स्वायत्त सिद्धान्त स्थापित गर्नु,

(६) कृतिमा नारीका आफ्नै संवेदना, अनुभूति, विषय, शैली, स्वरूप, शब्दचयन, वाक्यगठन, अभिव्यक्ति कुशलता र आफ्नै किसिमको भाषाको अन्वेषण गर्नु आदि ।

### ३.१.२.५ नारीवादी समालोचनाका मान्यता

बीसौँ शताब्दीको अन्त्यतिरबाट एउटा सशक्त समालोचना चिन्तन तथा पद्धतिका रूपमा विकसित भएको नारीवादी समालोचनाले धेरै समयमा नै व्यापकता प्राप्त गर्नाका साथै पुरुषद्वारा स्थापित समालोचना सिद्धान्तहरूको विरोध गर्दै नारीवादका सैद्धान्तिक आधारहरू प्रस्तुत गरेको छ । मूलतः नारीहरूको विषयमा मात्र केन्द्रित रही समालोचना गरिने पद्धति नै नारीवादी समालोचना हो । यसले सम्पूर्णतः साहित्यिक कृतिमार्फत समाजमा नारीहरूको स्थान, स्तर र अस्तित्वको लेखाजोखा गर्दछ । नारीकेन्द्री लेखन तथा नारीवादी लेखनलाई नै समालोचनाको मूल विषय मान्ने नारीवादी समालोचनाले नारीलेखनको ऐतिहासिकता, शिल्प, संरचना आदिका आधारमा नारीरचनाहरूको विश्लेषण गर्दछ । लैङ्गिक विभेदका कारण उत्पन्न समस्या तथा असमानताका कारण एउटा चिन्तनकै रूपमा आएको नारीवादी समालोचनाले नारीसिर्जनाको उचित मूल्याङ्कन गर्दै स्वतन्त्र नारीसाहित्यको स्थापना गर्ने, पुरुषसत्ता र त्यसले जरा गाडेर बसेको लिङ्गभेदको

प्रवृत्तिलाई अन्त्य गर्नेजस्ता कार्यहरू गरेको पाइन्छ । यसरी उत्तरआधुनिक समालोचनाका रूपमा विश्वव्यापी रूपमा अगाडि बढिरहेको नारीवादी समालोचनाको आफ्नै मान्यता रहेको पाइन्छ । नारीवादी समालोचनाको प्रवृत्ति तथा उद्देश्यहरूका आधारमा नै यसका मान्यताहरू स्थापित भएका देखिन्छन् । 'पितृसत्तात्मक पुरुषप्रधान समाजको विरोध, नारीअस्तित्वको खोजी, नारी सत्तात्मक समाजको स्थापनाको आग्रह, नारीलेखन र नारीसाहित्यको समुन्नयनमा जोड, लैङ्गिक अवधारणामा आधारित समालोचनालेखन आदि नारीवादी समालोचनाका प्रमुख मान्यता, विशेषता र प्रवृत्ति पनि हुन् । यिनै प्रवृत्तिबाट नारीवादी समालोचना अगाडि बढेको देखिन्छ ।'[१७] नारीवादी समालोचनाका आधारभूत मान्यताहरू मेरी एल्मन, केटमिलेट, सुसन गुवार, एलेन सोभाल्टर, जुलिया क्रिस्टिभा, गायत्री चक्रवर्ती **स्पिभाक** आदि नारीवादी लेखिका तथा समालोचकहरूका मान्यतामा आधारित छन् । नेपाली सन्दर्भमा भन्नुपर्दा पाश्चात्य साहित्यमा कलम चलाउने नेपाली समालोचकहरूले प्रस्तुत गरेका मान्यता पनि उपर्युक्त नारीसमालोचकहरूकै मान्यतामा आधारित छन् । समग्रमा नारीवादी समालोचनाका आधारभूत मान्यताहरूलाई यसप्रकार देखाइन्छ :

(१) पितृसत्ताको विरोध र नारीमुक्तिको प्रयास,
(२) नारीलेखनमा पुरुष मूल्य, मान्यता र सौन्दर्यशास्त्रीय अनुकरण,
(३) नारीका भिन्न अनुभव, विषय, शिल्पशैली, संरचना र रूपको खोजी,
(४) भिन्न नारीभाषाको सम्भाव्यतातर्फको सङ्केत,
(५) बहुलवादी दृष्टिकोण अनुरूप मार्क्सवाद, मनोविश्लेषणवाद, उत्तरसंरचनावाद, विनिर्माणवाद आदिसँगको निकटता,
(६) नारी पुरुषको ध्रुवीयतालाई पन्छाएर लैङ्गिक समानताको दृष्टिकोण,
(७) बहुवादिताका सन्दर्भबाट लैङ्गिक समालोचनासँगको सम्बद्धता,
(८) पुरुषद्वारा लेखिएका कृतिमा वर्णित नारीको विश्लेषण,
(९) गाइनो समालोचना पद्धतिअन्तर्गत नारीद्वारा लेखिएका कृतिमा वर्णित नारीका स्वरूप, अनुभूति, अभिव्यक्ति आदिको विश्लेषण,
(१०) नारीसमलिङ्गवादी समालोचनातिरको समेत उन्मुखता आदि ।

यसप्रकार नारीहरूका हक, हित र पुरुषसत्ताको विरोध गर्ने अभियानका रूपमा देखापरेका नारीवादले विभिन्न चरणहरू पार गरी नारीवादी समालोचनासम्म आइपुगेपछिमात्र नारीवादी सिद्धान्तले मूर्त रूप लिएको देखिन्छ ।

### ३.१.२.६ नारीसमालोचना र नारीवादी समालोचनामा अन्तर

समालोचनालेखनमा नारीहरूको उपस्थिति धेरै पछिमात्र देखिएको पाइन्छ । सृजना साहित्यमा भन्दा समालोचना साहित्यमा नारीहरूको सहभागिता कम देखिए पनि नारीसमालोचनाको आफ्नै इतिहास स्थापित भएको देखिन्छ । लैङ्गिक विशेषतालाई

---

[१७] लक्ष्मणप्रसाद गौतम, **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना**, (काठमाडौँ : ओरिएन्टल पब्लिकेशन, २०६६), पृ. ३९ ।

झल्काउने नारीसमालोचना र नारीवादी समालोचना झट्ट हेर्दा उस्तैजस्तो देखिए पनि यी दुईका बीचमा व्यापक अन्तर देखिन्छ । 'एउटी महिलाले जेसुकै विषयमा समालोचना गरे पनि त्यो नारीसमालोचना हुन्छ तर नारीका हक, अधिकार र नारीका पक्षमा चिन्तन गर्न बनाइएको दृष्टिकोण, चेतना वा सिद्धान्तचाहिँ नारीवादी समालोचना ससमालोचना हो । नारीवादी समालोचक नारी नै हुनुपर्छ भन्ने छैन पुरुष पनि हुन सक्दछ ।'[१८] वास्तवमा नारीसमालोचनाले नारीहरूले लेखेका सम्पूर्ण समालोचनालाई बुझाउँछ र यसमा खासै कुनै मान्यता चिन्तन आदिका आधारमा समालोचना लेखिनुभन्दा पनि कृति वा पाठबाट बढी प्रभावित भएर लेखिएका देखिन्छ । तर नारीवादी समालोचना नारीसमालोचनाभन्दा फरक किसिमको देखिन्छ । नारीवादी मान्यतालाई आत्मसात् गरी पुरुषसत्ताको विरोध नारी सत्ताको स्थापना गर्दै सम्पूर्णतः नारीहरूका विषयमा नै केन्द्रित भई लेखिएको समालोचना नै नारीवादी समालोचना हो । यसर्थ नारीसमालोचकहरूले लेखेका सबै प्रकारका समालोचनालाई नारीवादी समालोचना भन्न मिल्दैन, तर नारीसमालोचकहरूले लेखेका सबै प्रकारका समालोचनाहरू नारीसमालोचना हुन् । 'नारी लिखित समालोचनामा सैद्धान्तिक र कृति छनोटमा सचेतता नहुन सक्छ । बढी प्रभावपरकता, परम्परागत सामाजिक संरचनालाई स्वीकार देखिन सक्छ तर नारीवादी समालोचनामा नारीवादी कृतिलाई महत्त्व दिने, पुरुषलिखित कृतिमा नारीको अवस्थाको खोजी गर्ने, परम्परागत लैङ्गिक सामाजिक संरचनाको आलोचना र नारीपुरुष समानताका पक्षमा वकालत गर्ने प्रवृत्ति पाइन्छ । यो समालोचना इतिहास नारीको समसामयिक अवस्था लैङ्गिक र यौनिकताका दृष्टिले अग्रगामी लेखन हो ।'[१९] नारीवादका साहित्यिक अवधारणा अर्थात् नारीवादी समालोचनाका मान्यताहरू स्थापित हुनुपूर्वदेखि नै नारीसमालोचना लेखिएका देखिन्छन् र त्यो आजसम्म पनि निरन्तररूपमा लेखिई नै रहेका छन् । खासगरी नारीहरूले लेखेका सृजनात्मक कृतिहरूका बारेमा नारीसमालोचकहरूले नारीहरूको अनुभव, धारणा, दृष्टिकोणहरूमा केन्द्रित भएर गरिएको समालोचनालाई नारीवादी समालोचना भनिए तापनि नारीवादी मान्यता र प्रवृत्तिहरूलाई अँगालेर पुरुषहरूद्वारा लेखिएका कतिपय समालोचनालाई पनि नारीवादी समालोचना नै भन्ने गरिएको पाइन्छ । 'नारीवादी समालोचना नारीवाद र समालोचना दुई शब्दको योगबाट निर्मित छ । नारीका हक, हित र समानताको पक्षमा आवाज उठाउनुलाई नारीवाद भनिन्छ । विश्वमा प्राचीन समयदेखि नै प्रबल रहेको पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्न उठाउने नारीवादले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गरेको पाइन्छ ।'[२०] यसप्रकार नारीसमालोचना र नारीवादी समालोचनाका सन्दर्भमा निम्नलिखित बुँदाहरूले स्पष्ट पार्ने काम गर्दछन् :

---

[१८] रजनी ढकाल, लिखितरूपमा लिइएको अन्तर्वार्ताअनुसार ।

[१९] बिन्दु शर्मासँग लिइएको लिखित अन्तर्वार्ता अनुसार ।

[२०] लीला लुइटेलसँग लिइएको लिखित अन्तर्वार्ता अनुसार ।

(१) नारीले लेखेका सबै समालोचनाहरू नारीसमालोचना हुन् ।

(२) नारीले लेखेका सबै समालोचनाहरू नारीवादी समालोचना होइनन् ।

(३) नारीसमालोचना लेखिनका लागि कुनै निश्चित वाद, चिन्तन वा सिद्धान्तमा आधारित भएर लेखिनु अनिवार्य हुँदैन ।

(४) नारीवादी समालोचनालेखनका लागि नारीवादी मान्यता तथा प्रवृत्तिमा आधारित भएर लेखिनु अनिवार्य हुन्छ ।

(५) पुरुषहरूले लेखेका कतिपय समालोचनाहरू पनि नारीवादी समालोचना हुन्छन् ।

समालोचनालेखनमा नारीहरूको उपस्थिति देखिएको धेरै पछिमात्र नारीवादी समालोचनाका मान्यताहरू स्थापित भई यसको विकास भएको देखिन्छ । तसर्थ आजको सन्दर्भमा पनि नारीहरूले लेख्ने समालोचनामा दुईवटा धार देखिन्छन् – नारीसमालोचना र नारीवादी समालोचना । नारीसमालोचना र नारीवादी समालोचनाका अन्तरहरूलाई बुँदागत रूपमा यसप्रकार देखाइन्छ :

(१) नारीसमालोचनामा पुरुषसत्ताको विरोध नगरी पुरुषकेन्द्री समाजको चित्रण तथा विश्लेषण गरिएको हुन्छ भने नारीवादी समालोचनामा पुरुषसत्ताको विरोध तथा अस्वीकार गर्दै नारीहरूद्वारा सिर्जित रचनाहरूको मात्र विश्लेषण र मूल्याङ्कन गरिएको हुन्छ ।

(२) नारीसमालोचनामा विभिन्न सृजनात्मक कृतिमा प्रयुक्त नारीपात्रहरूको चरित्रचित्रण गरे पनि तिनमा परम्परागत प्रभाव रहेको पाइन्छ भने नारीवादी समालोचनामा नूतन किसिमले तुलनात्मक रूपमा नारीहरूको चरित्रलाई विविध कोणबाट अध्ययन तथा विश्लेषण गरिन्छ ।

(३) नारीसमालोचना परम्परागत रूपमा अघि बढ्दै आएको हुनाले यसमा पुरुष समालोचकहरूकै लेखनशैली तथा प्रवृत्तिहरूको अनुकरण गरिएका देखिन्छन् भने नारीवादी समालोचना नारीलेखनलाई, नारी अस्तित्वलाई स्थापित गराउने उद्देश्यसहित लेखिएको देखिन्छ ।

(४) नारीसमालोचनामा नारीसमालोचकहरूले कृतिको जुनसुकै पक्षमाथि, जुनसुकै कोणबाट समालोचना गरिन्छ भने नारीवादी समालोचनामा नारीलाई मात्र केन्द्रमा राखेर समालोचना गरिन्छ ।

(५) नारीसमालोचनामा यथास्थितिवादको स्वीकार तथा क्रान्तिकारी चेतनाका कमी देखिन्छ भने नारीवादी समालोचनामा यथास्थितिवादको विरोध र क्रान्तिकारी चेतनाको प्रबलता देखिन्छ ।

## ३.२ निष्कर्ष

नारीवाद पाश्चात्य साहित्यमा देखिएको र विश्वव्यापी रूपमा फैलँदै गएको एउटा साहित्यिक वाद हो । अमेरिकाली राज्यक्रान्ति र फ्रान्सेली राज्यक्रान्तिबाट बीजरूपमा

उत्पन्न भएको नारीवादी चेतनाको साहित्यिक क्षेत्रमा विकास भने सन् १९४९ मा प्रकाशित सिमोन द वुभाको **The Second Sex** कृतिबाट भएको देखिन्छ । यसरी नारीमुक्ति अभियान र आन्दोलनहरूका विभिन्न चरण पार गरेर साहित्यमा प्रवेश गरेको नारीवादको सैद्धान्तिक मान्यता र सिद्धान्तचाहि सन् १९६० को दशकपछि मात्र सुरु भएको देखिन्छ । सिमोन द बुभा, भर्जिनिया उल्फ, जुलिया क्रिस्तिभा, ऐलन सोभाल्टर, इल इरिगेरी आदिका विचार र चिन्तनहरू नै नारीवादी समालोचनाका आधार भूमिका रूपमा देखिन्छन् । विभिन्न धारा, चरण र प्रवृत्ति हुँदै अघि बढेको नारीवादी समालोचनाले राजनीतिक नारीवादी समालोचना, गाइनो समालोचना र फ्रान्सेली नारीवादी समालोचना गरी तीन चरणमा विकसित भएको देखिन्छ । पितृसत्ताको विरोध र नारीमुक्तिको प्रयासका लागि प्रतिबद्ध देखिने नारीवादी समालोचना उत्तरआधुनिकतावादी–बहुलवादी समालोचना पद्धतिका रूपमा हुर्कँदै गरेको समालोचना पद्धति हो । नारीसाहित्यको इतिहास पहिल्याउँदै सम्पूर्णतः नारीमाथि नै केन्द्रित भई लेखिएको समालोचना नै नारीवादी समालोचना हो । यो विभिन्न चिन्तन, मान्यता तथा दृष्टिकोणहरूलाई सिद्धान्तीकरण गर्दै अगाडि बढ्दै गएको देखिन्छ ।

## परिच्छेद चार
## नेपाली नारीसमालोचनाको विकासक्रम

### ४.१ विषयप्रवेश

**नेपाली नारीसमालोचनाको विकासक्रम** शीर्षकको यस परिच्छेदमा नारीसमालोचनाको करिब साढे ६ दशक लामो इतिहासलाई देखाउँदै नारीसमालोचनाको चरण विभाजन गरिन्छ । नारीसमालोचनाको चरण विभाजन गर्दा समग्र नेपाली समालोचनाकै केन्द्रीयतामा यसलाई तीन चरणमा विभाजन गर्दै प्रत्येक चरणका प्रतिनिधि समालोचक र तिनका कृतिका आधारमा प्रवृत्तिसमेत देखाइन्छ । यसै क्रममा प्रत्येक चरणका मूलभूत प्रवृत्तिहरूलाई समग्रमा बुँदागत रूपमा देखाउँदै निष्कर्ष प्रस्तुत गरिन्छ ।

### ४.१.१ पृष्ठभूमि

नेपाली साहित्यको इतिहास सुवानन्ददास र शक्तिवल्लभ अर्यालबाट सुरु भई यसले लामो यात्रा तय गरेको देखिए पनि साहित्यका क्षेत्रमा नारीहरूको सहभागिता प्राचीन र माध्यमिक कालमा शून्य प्रायः देखिन्छ । साहित्य नारीहरूको पहुँचभन्दा टाढै रहेको त्यस बेलाको परिस्थितिले गर्दा नारीसाहित्यको इतिहास धेरै पछिमात्र सुरु भएको पाइन्छ । माध्यमिककालीन समयतिर शोक, पीडा तथा भक्तिभावलाई व्यक्त गर्ने क्रममा गद्य तथा पद्यमा केही नारीस्रष्टाहरूले कलम चलाएका देखिए पनि ती रचनाहरूलाई नेपाली नारीसाहित्यका पृष्ठभूमिका रूपमा लिन समुचित देखिन्छ । यसप्रकार साहित्यिक सचेततासहित नारीसाहित्यको प्रारम्भ **शारदा**कालीन समयमा आएर मात्र भएको देखिन्छ । नेपाली साहित्यमा आधुनिककालको प्रवेशद्वारका रूपमा रहेको **शारदा** पत्रिकाको पृष्ठहरूबाट नै नारीसाहित्यले मौलाउने अवसर पाएको देखिन्छ ।

नेपाली साहित्यको विकासक्रमलाई हेर्दा यसको इतिहास पृथ्वीनारायणकालीन समयसम्म पुगेको पाइए पनि सचेत रूपमा साहित्यको विधागत स्थापना भने धेरै पछिमात्र भएको देखिन्छ । साहित्यको विधागत इतिहासको स्थापनाका क्रममा सबैभन्दा कान्छो विधाका रूपमा लिइने समालोचना विधा साहित्यको अन्य विधाका तुलनामा कमै मात्र लेखिएको देखिए पनि पछिल्लो समयमा आएर यसले उत्साहप्रद गति लिएको देखिन्छ । यसै सन्दर्भमा नेपाली साहित्यको इतिहासमा एउटा छुट्टै प्रवाह बोकेर प्रवाहित नेपाली नारीसमालोचनाले पनि साढे छ दशक लामो यात्रा सुनिश्चित गरिसकेको देखिन्छ । नेपाली साहित्यको आधुनिक कालसँगै सचेतताका साथ साहित्यिक फाँटमा देखापरेका नारीस्रष्टाहरूको समालोचना विधामा भने खासै उल्लेखनीय रूपमा उपस्थिति रहेको देखिँदैन । तर यति हुँदाहुँदै पनि नेपाली नारीसमालोचनाको ऐतिहासिक प्रस्थान बिन्दु **शारदा**कालीन समय नै भएको देखिन्छ ।

समयावधिका हिसाबले करिब साढे छ दशकभन्दा बढी समय पार गरिसकेको नेपाली नारीसमालोचनाको इतिहास लेखनका दृष्टिले भने त्यति गतिशील मान्न सकिने

अवस्था देखिँदैन । नारीसमालोचनाको प्रारम्भिक अवस्थामा त झन् अत्यन्तै न्यून नारीसमालोचकहरूले यस क्षेत्रमा कलम चलाएको देखिन्छ । नेपालको सामाजिक तथा शैक्षिक परिप्रेक्ष्यलाई हेर्दा तत्कालीन सन्दर्भमा समालोचनालेखनमा नारीहरूको उपस्थिति कम देखिनु अस्वाभाविक देखिँदैन । साथै गर्व गर्नुपर्ने कुरो के देखिन्छ भने 'नारीहस्ताक्षरमा नेपाली समालोचनाको प्रारूप **शारदा**कालमा नै फेलापरेको छ र त्यस प्रारूपले आज नारीसमालोचकद्वारा लेखिने समालोचनामा प्रायः उठाइने विषयवस्तुको प्रतिनिधित्व भएको छ । नेपालको सामाजिक, सांस्कृतिक सन्दर्भा नारीहरू समालोचनालेखनतिर प्रवृत्त हुनु तथा केही फुटकर रचना तथा एकाध कृति प्रदान गर्नुलाई नै उपलब्धिमूलक मान्नु पर्ने अवस्था छ ।'[१] यसप्रकार तुलनात्मक रूपमा समालोचनालेखनमा नारीसमालोचकहरूको न्यूनता रहेको देखिए पनि विगतदेखि वर्तमानसम्मको नेपाली नारीसमालोचनाले एउटा छुट्टै इतिहासको निर्माण गर्दै समग्र नेपाली समालोचनाको विकासमा पनि योगदान दिएको देखिन्छ । नेपाली समालोचनाका सन्दर्भमा नारीसमालोचकहरू पुरुषसमालोचकहरूका तुलनामा अत्यन्तै कम देखिने हुनाले समग्र नेपाली समालोचनाको इतिहास लेखनमा नारीसमालोचकहरूले यस क्षेत्रमा गरेका काम र योगदानको पाटो नै छोपिने भएकाले पनि नेपाली नारीसमालोचनाको छुट्टै अध्ययन र मूल्याङ्कन हुनुपर्ने आवश्यकता देखिन्छ ।

नेपाली साहित्यको आधुनिक कालमा आएर सुरु भएको नेपाली नारीसाहित्य जति मात्रामा व्यापक र विस्तृत बन्दै जानुपर्ने थियो त्यति हुन नसकेको अवस्थामा समालोचना विधामा नारीहरूको उपस्थिति कम देखिनु अस्वाभाविक होइन । लेखनको सुरुवात भएपछि इतिहास बनिहाल्छ, यो स्वाभाविक प्रक्रिया हो । थोरै सङ्ख्यामा लेख्नेको इतिहास नबन्ने र धेरै सङ्ख्यामा लेख्नेहरूको मात्र इतिहास बन्छ भन्ने धारणा राख्नु गलत हो । नेपाली नारीसमालोचनाको विकासक्रमलाई हेर्दा प्रारम्भिक अवस्थामा यस क्षेत्रमा नारीलेखनको उपस्थिति ज्यादै कम देखिए पनि वर्तमान परिप्रेक्ष्यमा हेर्दा त्यस्तो अवस्था छैन र अहिलेको परिस्थिति उत्साहजनक देखिन्छ । यसरी हेर्दा नारीसमालोचनाको इतिहास निरन्तररूपमा अगाडि बढ्दै गई फराकिलो बन्दै गएको अवस्थामा सुरुदेखि यस क्षेत्रमा गरिएका काम र योगदानको चर्चा नगरिने हो भने र यसको इतिहास नलेखिने हो भने नेपाली समालोचनाको समग्र इतिहासकै एक पक्ष/पाटो ओझेलमा पर्न जाने हुँदा नेपाली नारीसमालोचनाको विकासयात्रालाई व्यवस्थित रूपमा अध्ययन तथा विश्लेषण गरिनु आवश्यक देखिन्छ ।

### ४.१.२ नेपाली नारीसमालोचनाको चरण विभाजन

नेपाली साहित्यको सन्दर्भमा धेरै पछिमात्र विधागत सचेतताका साथ लेख्न थालिएको समालोचनालेखनमा नेपाली नारीसमालोचकले अझै पछिमात्र प्रवेश गरेको देखिन्छ । नेपाली नारीसमालोचना विधागत साहित्यको एउटा पाटो हो र यसले आफ्नो

---

१ सुधा त्रिपाठी, **महिला समालोचक र नेपाली समालोचना**, (ललितपुर : साझा प्रकाशन, २०६२), पृ. ४ ।

प्रारम्भकालीन समयतिर विकासयात्रामा अत्यन्तै मन्द गति लिएको देखिए पनि पछिल्लो समयमा भने यसले द्रुतगति लिएको देखिन्छ ।

कुनै पनि भाषामा लेखिएको साहित्यमा देखापरेको क्रमिक विकासलाई नै साहित्यको विकासक्रम भनिन्छ । साहित्य लेखिन सुरु गरिएपछि त्यसको निरन्तरतालाई अगाडि बढाउँदै लैजाँदा बन्ने विकासक्रम नै साहित्यको इतिहास हो । निरन्तर रूपमा अगाडि बढिरहने समग्र साहित्यको इतिहासभित्र नै विधागत इतिहासको विकास भइसकेको हुन्छ । विधागत साहित्यको इतिहास लेखन स्पष्ट र व्यवस्थित हुने भएकाले यसैबाट समग्र साहित्यको इतिहासको प्रारूप समेत तयार गर्न सकिन्छ । यसप्रकार साहित्यको विधागत इतिहास लेख्ने क्रममा सम्बन्धित विधाले पार गरिसकेको लामो समयलाई विभिन्न कालखण्डमा राखेर अध्ययन तथा विश्लेषण गर्नु नै कालविभाजनको मुख्य अभिप्राय हो । विभिन्न घटनाक्रमले पार्ने प्रभाव, विभिन्न साहित्यिक प्रवृत्तिहरू, समयको क्रमसँगै देखिने परिवर्तनहरू आदिका आधारमा नै साहित्यको कालविभाजन गरी यसको समग्रतालाई खण्डखण्डमा टुक्र्याएर इतिहास लेख्ने गरेको पाइन्छ । यसै सन्दर्भमा नेपाली नारीसमालोचनाको विकासयात्रालाई पनि विभिन्न कालखण्डमा छुट्याएर अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

वास्तवमा समग्र साहित्यको होस् या विधागत साहित्यको होस् त्यसको इतिहास लेखिनु जटिल कुरा हो । साहित्यको इतिहासलाई कालविभाजन गर्दा धेरै कुरामा सचेत रहनुपर्ने हुन्छ । साहित्येतिहास लेख्ने क्रममा 'नामकरणमा एकरूपता दिन नसक्दा र विभाजनको रेखा तान्दा त्यही राष्ट्रिय परिवेशको सन्दर्भमा त्यसै इतिहासलाई मूलाधार बनाएर औचित्यका लागि तर्क र प्रमाणहरू दिन नसक्दा सम्पूर्ण इतिहास नै फितलो बन्न सक्दछ ।'[२] त्यसैले समग्र साहित्यको मात्र नभई विधागत साहित्यको इतिहास लेखनमा पनि पर्याप्त सतर्कता र सावधानी अपनाउनु पर्ने हुन्छ । नेपाली नारीसमालोचनाको क्रमबद्ध इतिहासको अध्ययन गर्दा समग्र नेपाली समालोचनाको विकासयात्रालाई अध्ययन गरी त्यसकै आधारमा विश्लेषण गर्नु उपयुक्त देखिन्छ ।

नेपाली समालोचनाको इतिहासका सम्बन्धमा प्रशस्त मात्रामा विभिन्न खोज तथा अनुसन्धानहरू हुनाका साथै यससम्बन्धी विभिन्न समालोचना कृतिहरू प्रकाशित भएका देखिन्छन् । कृष्णचन्द्रसिंह प्रधानद्वारा सम्पादित **साझा समालोचना** (२०२५) को भूमिकामा उल्लेख गरिएको नेपाली समालोचनाको कालविभाजन नै नेपाली समालोचनाको पहिलो कालविभाजनका रूपमा देखिन्छ । त्यसपछिका समयमा नेपाली समालोचनाका सम्बन्धमा प्रशस्त रूपमा कालविभाजनका प्रयासहरू भएका देखिन्छन् । झन् त्यसपछि पनि स्नातकोत्तरको पाठ्यक्रममा नेपाली समालोचनाको शिक्षण हुन थालेपछि यससम्बन्धी अध्ययन तथा अनुसन्धान अझ व्यापक हुँदै गएको देखिन्छ । सर्वप्रथम मोतीराम भट्टको **कवि भानुभक्त आचार्यको जीवन चरित्र** (१९४८) बाट सुरु भएको नेपाली समालोचनाको

---

२ दयाराम श्रेष्ठ, **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ,** (काठमाडौँ : त्रिकोण प्रकाशन, २०६१), पृ. ५७ ।

आजसम्मका इतिहासका सम्बन्धमा नेपाली साहित्यका थुप्रै विद्वान् समालोचक, अनुसन्धाता र अन्वेषकहरूले अध्ययन गरी आफ्नैआफ्नै दृष्टिकोणअनुसार कालविभाजन गरेको देखिन्छ । यसरी कालविभाजन गर्नेहरूमा कृष्णचन्द्रसिंह प्रधान, दयाराम श्रेष्ठ र मोहनराज शर्मा, भानुभक्त पोखरेल, राजेन्द्र सुवेदी, रविलाल अधिकारी, कुमारबहादुर जोशी, ठाकुरप्रसाद पराजुली, घनश्याम कँडेल, घटराज भट्टराई आदि देखिन्छन् । नेपाली समालोचनाका कालविभाजनका केही उदाहरणहरूलाई तल प्रस्तुत गरिन्छ :

कृष्णचन्द्रसिंह प्रधानले नेपाली समालोचनाको कालविभाजनलाई यसरी प्रस्तुत गरेका छन् :[३]

(१) वि.सं. १९४८ – १९९८ सम्म

(२) वि.सं. १९९९–२००७ सम्म

(३) वि.सं. २००७ देखि वर्तमानसम्म

ठाकुरप्रसाद पराजुलीले नेपाली समालोचनाको कालविभाजनलाई यसप्रकार देखाएका छन् :[४]

(१) वि.सं. १९४८ देखि १९९८ सम्म प्रवर्तन युग

(२) वि.सं. १९९९ देखि हालसम्म आधुनिक युग

आधुनिक युगअन्तर्गत –

पहिलो चरण – १९९९ – २००७

दोस्रो चरण – २००८ – २०२४

तेस्रो चरण – २०२५ – हालसम्म

राजेन्द्र सुवेदीले नेपाली समालोचनाको विकासक्रमलाई यसप्रकार कालविभाजन गरी देखाएका छन् :[५]

(१) पूर्वार्द्ध कालखण्ड

१९४३ पूर्व – समालोचनाका प्राग्भूमि

१९४४ – १९७८ समालोचनाको प्रचेष्टा

(२) उत्तरार्द्ध कालखण्ड

१९७९ – २००२ आधुनिक समालोचनाको पहिलो उठान

२००३ – २०२० नेपाली समालोचनाको दोस्रो उठान

२०२१ – हालसम्म नेपाली समालोचनाको तेस्रो उठान

यसप्रकार विभिन्न विद्वान् समालोचकहरूले दिएको उपर्युक्त कालविभाजनलाई हेर्दा नेपाली समालोचनाको कालविभाजनमा मतैक्यता पाइएको देखिँदैन । यति हुँदाहुँदै पनि

---

३ कृष्णचन्द्रसिंह प्रधान, सम्पा., **साझा समालोचना**, पूर्ववत्, पृ. ९ ।

४ ठाकुरप्रसाद पराजुली, **नेपाली साहित्येतिहास र नेपाली समालोचना शिक्षण**, पूर्ववत्, पृ. ८ ।

५ राजेन्द्र सुवेदी, **नेपाली समालोचना : परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ. ७३ ।

नेपाली समालोचनाको इतिहासलाई विभिन्न कालखण्डमा बाँडेर अध्ययन विश्लेषण गरिएका यी कालविभाजनले आफ्नैआफ्नै आधारहरू खडा गरेको देखिन्छ । माथि उल्लेखित नेपाली समालोचनाका यी कालविभाजनमा आधारित समालोचनाको इतिहाससँग जोडेर नेपाली नारीसमालोचनाको अध्ययन गर्नु सान्दर्भिक देखिँदैन । नारीसमालोचनाको प्रवेश धेरै पछिमात्र भएको र यसको विकास मन्द गतिमा भएको हुँदा नारीसमालोचनाको इतिहासलाई छुट्टै राखेर अध्ययन अनुसन्धान गर्नु उपयुक्त देखिन्छ । नेपाली समालोचनामा वि.सं. १९९९ मा आधुनिक कालको उठान भइसकेपछिमात्र वि.सं. २००० मा नेपाली नारीसमालोचनाले प्रवेश गरेको देखिन्छ । यसरी नेपाली समालोचनाको एउटा पूरै कालखण्ड पूरा भई दोस्रो कालखण्डमा प्रवेश गरेपछि यिनै पृष्ठभूमिका आधारमा नेपाली नारीसमालोचनाको उठान भएको देखिन्छ । नेपाली समालोचनाको मूलधारमा प्रभावपरक समालोचनाका साथै निर्णयात्मक समालोचना, विधागत समालोचना, तुलनात्मक समालोचना, साहित्येतिहासपरक समालोचनाजस्ता विविध समालोचनात्मक पद्धतिहरूको प्रयोग गरी समालोचना लेखिइसकेपछि तथा पाश्चात्य समालोचनाको धेरथोर प्रभाव पर्न थालिसकेपछिमात्र नेपाली समालोचनाको इतिहासमा नारीद्वारा लिखित नारीसमालोचनाको प्रवेश भएको देखिन्छ । त्यसकारण यी विविध कारणहरूले गर्दा नेपाली समालोचनाको समग्रतामा यसको चर्चा गर्नु उपयुक्त नभएको कारणले गर्दा यसको अध्ययन नारीसमालोचकहरूको उपस्थितिको समयलाई आधार बनाई त्यहीँदेखि सुरु गरिएबाट नै यसको समुचित मूल्याङ्कन हुनजाने देखिन्छ ।

### ४.१.२.१ चरण विभाजनका आधार

साहित्यको समग्र इतिहास होस् वा विधागत इतिहास होस्, साहित्येतिहास लेखनमा कालविभाजनको अपरिहार्यता रहेको हुन्छ । साहित्येतिहासको लामो कालखण्डलाई समग्रमा अध्ययन गर्दा अव्यवस्थित र प्रभावहीन हुने तथा विश्लेषण र मूल्याङ्कन गर्न जटिल हुने भएकाले विभिन्न कारणहरूलाई आधार बनाएर कालविभाजन गरी अध्ययन गर्न उपयुक्त हुन्छ । यति हुँदाहुँदै पनि कालविभाजन गर्ने सन्दर्भमा 'तिथिमितिको क्रम मिलाउँदैमा अथवा कृतिकार र कृतिहरूका नाम जुराउँदैमा साहित्येतिहास बनिहाल्दैन । वैज्ञानिक इतिहास बन्नका लागि आवश्यक सबै अङ्गीभूत तत्त्व समावेश हुनु पर्दछ ।'[६] कुनै पनि विषयको इतिहास शून्यमा लेखिँदैन । इतिहास लेखिनका लागि सम्बन्धित सन्दर्भका बारेमा विभिन्न तथ्य, प्रमाण र आधिकारिक जानकारीहरू हुनुपर्दछ । यिनै तथ्यहरूका आधारमा एउटा लामो शृङ्खलित यात्रालाई विभिन्न कालखण्डमा बाँड्नु नै कालविभाजन हो । साहित्यको कालविभाजन गर्दा कालविभाजनको प्रमुख सैद्धान्तिक आधारहरूलाई केन्द्र बनाई

---

[६] दयाराम श्रेष्ठ, **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ**, पूर्ववत्, पृ. १११ ।

कालविभाजन गर्नुपर्ने हुन्छ । यसरी कालविभाजन गर्दा निम्नलिखित प्रमुख सैद्धान्तिक आधारहरूलाई केन्द्र बनाई कालविभाजन गरिएको पाइन्छ :[७]

(१) ऐतिहासिक कालखण्डका आधारमा,

(२) प्रमुख वा प्रतिनिधि स्रष्टाका आधारमा,

(३) प्रमुख वा प्रतिनिधि कृति वा पत्रिकाको आधारमा,

(४) राजनीतिक घटना, सन्दर्भ वा आन्दोलनका आधारमा,

(५) साहित्यिक प्रवृत्ति वा प्रभावका आधारमा ।

समग्र साहित्य वा कुनै साहित्यिक विधाको इतिहास लेख्दा उपर्युक्त कालविभाजनका सैद्धान्तिक आधारहरूलाई नै केन्द्र मानी विभिन्न चरणहरूमा छुट्याएको देखिन्छ । कालविभाजन गर्ने क्रममा विभिन्न साहित्येतिहासकारहरूले एउटै मात्र आधारलाई केन्द्र नबनाई आफ्नाआफ्ना दृष्टिकोणअनुसार भिन्नभिन्न सैद्धान्तिक आधारलाई केन्द्र मानेर कालविभाजन गर्ने गरिएको हुँदा कालविभाजनका सन्दर्भमा सबै विद्वान्हरूको मतमा एकरूपता पाइँदैन । नेपाली नारीसमालोचनाको विधागत इतिहास लेखनका सन्दर्भमा आजसम्म नारीसमालोचनामा पूर्णतः केन्द्रित भई यसका चरण विभाजन र प्रवृत्तिगत विवेचना गर्दै नारीसमालोचकहरूको इतिहास लेख्ने काम भएको पाइँदैन । सुधा त्रिपाठीले पच्चीसजना नारीसमालोचकहरूको परिचय र प्रवृत्तिसहित एक–एकवटा फुटकर समालोचना समावेश गरेर सम्पादन गरेको **महिला समालोचक र नेपाली समालोचना** (२०६३) कृति नै यस विषयमा गरिएका एकमात्र अनुसन्धानात्मक कृति हो । यस कृतिमा मोटामोटी रूपमा नारीसमालोचनाको अतिसङ्क्षिप्त इतिहास देखाइएको भए पनि कालविभाजन गरी नारीसमालोचनाको विकासक्रमलाई भने देखाइएको पाइँदैन । यसबाहेक नारीसमालोचनाको विधागत इतिहास लेखन र कालविभाजनका लागि कुनै पनि प्रयास भएका देखिँदैनन् । नारीसमालोचनाको इतिहासले ६ दशकभन्दा बढी समय पार गरिसकेको वास्तविकताका आधारमा प्रस्तुत अनुसन्धानमा नारीसमालोचनाको कालविभाजन गर्ने प्रयास गरिएको छ ।

नेपाली नारीसमालोचनाको आरम्भ **शारदा** पत्रिकाबाट भएको हो भन्ने कुरा स्पष्ट भए पनि कुनचाहिँ लेखबाट आरम्भ भयो भन्ने विषयमा भन्ने विवाद देखिन्छ । समालोचक देवी शर्माका अनुसार १९९६ सालबाट नै नारीसमालोचनाको प्रवेश भएको देखिन्छ । 'वि.सं. १९९७ साल वर्ष ५ सङ्ख्या १ **शारदा**मा श्रीमती प्रभादेवीको समालोचना प्रकाशित भएको *नेपाली साहित्यमा नारीचित्र* शीर्षकको उक्त समालोचना नारीको हातबाट भएको प्रथम समालोचना हो ।'[८] भनी देवी शर्माले आफ्नो कृतिमा उल्लेख गरेकी छिन् भने सुधा त्रिपाठीले नारीसमालोचनाको आरम्भ २००० सालबाट नै भएको उल्लेख गरेकी छिन् ।

---

[७] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, अप्रकाशित विद्यावारिधि, शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ, २०६३, पृ. ३०–३१ ।

[८] देवी शर्मा, *शारदाकालीन गद्य लेखिकाहरू*, **शोध र समीक्षा,** (काठमाडौँ : नेपाल नारी साहित्य सेवा केन्द्र, २०४५), पृ. ३६ ।

उनले 'हालसम्म फेला परेको तथ्यअनुसार **शारदा** पत्रिकामा भेटिएको जुनमाया रायनीको *साहित्यमा नारीचित्र* शीर्षकको रचनालाई नै महिलालिखित नेपाली समालोचनाको प्रारूप मान्नुपर्ने हो तापनि उक्त नामको रचना हरिप्रसाद गोर्खा राईले छद्म नाममा लेखेको बुझिन आएकाले (हरिप्रसाद गोर्खा राईले दयाराम श्रेष्ठलाई लेखेको पत्रका आधारमा) महिला लिखित नेपाली समालोचनाको इतिहास चार वर्ष छोटिएको छ'[९] भनी उल्लेख गरेकी छिन् । यसरी हेर्दा दुवै समालोचकले नेपाली नारीसमालोचकको पहिलो उपस्थिति प्रभादेवीलाई नै बनाइएको भए पनि तिथिमितिमा भने केही फरक पाइन्छ । तथ्य र प्रमाणलाई नै आधार बनाउनु पर्ने भएकाले सुधा त्रिपाठीको मतलाई नै आधार बनाई नेपाली नारीसमालोचनाको प्रारम्भ वि.सं. २००० सालबाट प्रभादेवी उपाध्यायबाट नै भएको देखिन्छ ।

यसरी वि.सं. २००० बाट सुरु भएको नेपाली नारीसमालोचनाको करिब सात दशकको विकासयात्रालाई यसप्रकारले चरण विभाजन गर्न सकिन्छ :

(१) पृष्ठभूमि चरण २०००–२०२१ (पृष्ठभूमिको निर्माण)
(२) पहिलो चरण २०२२ – २०५० (उठानको चरण)
(३) दोस्रो चरण २०५१ – हालसम्म (विस्तारको चरण)

उपर्युक्त चरणहरूको तल सङ्क्षिप्त रूपमा चर्चा गरिन्छ ।

### ४.१.२.१.१ पृष्ठभूमि चरण (वि.सं. २००० देखि २०२१ सम्म) (पृष्ठभूमिको निर्माण)

वि.सं. २००० को शारदा पत्रिकामा श्रीमती प्रभादेवी उपाध्यायद्वारा लिखित *नेपाली काव्यसाहित्यमा पीडाको साधना* शीर्षकको समीक्षात्मक लेखबाट नै नेपाली नारीसमालोचनाको प्रवेश भएको हुँदा यसैलाई प्रस्थानबिन्दु मानेर नारीसमालोचनाको अध्ययन तथा मूल्याङ्कन गर्न उपयुक्त हुने देखिन्छ । प्रभादेवी उपाध्यायको समीक्षात्मक लेखदेखि सरिता ढकालको समालोचना कृति प्रकाशित हुनु अगाडिको वि.सं. २००० देखि २०२१ सम्मको समयावधिलाई नेपाली नारीसमालोचनाको पृष्ठभूमिको चरण मान्नुपर्ने देखिन्छ । यस अवधिमा लेखिएका कतिपय समालोचनाहरू आजका आधुनिक समालोचनाहरूसँग ठ्याक्कै मेल खाने नदेखिए पनि यिनमा समालोचनाका समवर्ती गुणहरू देखिने भएकाले त्यस बेलाका यी प्रयासहरूलाई समालोचनालेखनका प्रारम्भिक प्रयास मान्दै पृष्ठभूमिका रूपमा राखिएको हो । साहित्यको सिर्जना विधामा नै न्यून उपस्थिति देखिएको तत्कालीन समयमा समालोचना विधामा नारीहस्ताक्षरहरूको उपस्थिति झनै न्यून देखिन्छ । यस अवधिमा फाट्टफुट्ट रूपमा केही फुटकर समालोचना प्रकाशित भए पनि विधागत सचेतताका साथ लेखिएका समालोचना नदेखिएका हुनाले र कृतिका रूपमा कुनै पनि समालोचना कृति नलेखिएका हुनाले पनि यस अवधिलाई नारीसमालोचनाको पृष्ठभूमिकालमा नै राख्न सान्दर्भिक देखिन्छ ।

---

[९] सुधा त्रिपाठी, पूर्ववत्, पृ. ४ ।

अहिलेसम्म प्राप्त भएका जानकारी तथा सामग्रीहरूका आधारमा यस पृष्ठभूमिकालमा नेपाली नारीसमालोचनाको यात्रा थालनी गर्ने समालोचकहरूमा प्रभादेवी उपाध्याय, स्नेहला पन्त, सरिता ढकाल आदि प्रमुख रूपमा देखिन्छन् । *नेपाली काव्य साहित्यमा पीडाको साधना* (२०००) शीर्षकको समीक्षातमक लेख लेखेर नारीसमालोचनालेखनको प्रारम्भ गरेकी प्रभादेवी उपाध्यायको प्रस्तुत समालोचना नारीसिर्जित रचनामाथि गरिएको पहिलो समालोचना पनि हो । कवयित्री प्रेमराजेश्वरीका कवित्वको चर्चा गरी लेखिएको प्रस्तुत समालोचनामा गुणदर्शन तथा दोषदर्शन दुवै प्रवृत्तिको अवलम्बन गरी लेखिएको छ । उनका निबन्धात्मक लेखहरू छिटफुटरूपमा **शारदा** पत्रिकामा प्रकाशित भए पनि अन्य समालोचनात्मक रचना भने प्रकाशित भएको देखिँदैन ।

यस अवधिमा करिब अठार वर्षको लामो अन्तरालपछि **बगैँचा** पत्रिकामा *उसैको लागि पर्वमाथि एक दृष्टि* शीर्षकको समालोचनात्मक लेख प्रकाशित गराएर नारीसमालोचना फाँटमा झुल्किएकी स्नेहलता पन्त एक तर्कशील क्षमता भएको समालोचकका रूपमा उपस्थित देखिन्छिन् । वि.सं. २०१८ सालमा लेखिएको उक्त समालोचनामा उनले म.वी.वि. शाहको **उसैका लागि** कृतिमाथि आलोचनात्मक टिप्पणी गरेको देखिन्छ । यसै समयमा अर्थात् २०१८ सालमा नै **कोपिला** पत्रिकामा *आलोचनाको दृष्टिमा त्यो फेरि फर्कला ?* ( २०१८) शीर्षकको समालोचनात्मक लेख प्रकाशित गराई यस क्षेत्रमा प्रवृत्त भएकी सरिता ढकाल नेपाली नारीसमालोचनाका क्षेत्रमा सशक्त हस्ताक्षरको रूपमा उपस्थित देखिन्छिन् । नारीसमालोचनालाई एउटा बलियो आधार दिई निरन्तर यसैमा लागेकी सरिता ढकाल नेपाली समालोचनाको मोड परिवर्तन गर्ने क्षमता राख्ने नारीसमालोचक हुन् । उनले फुटकर समालोचना पृष्ठभूमि चरणमा नै लेखी त्यसलाई सङ्ग्रहका रूपमा प्रकाशित गरेपछि नेपाली नारीसमालोचनाले अर्को मोड लिएको देखिन्छ । आलोचनात्मक शैली तथा प्रगतिवादी चिन्तनद्वारा प्रभावित भई लेखिएका उनका समालोचनाहरूको उत्कर्षताबाट नै नेपाली नारीसमालोचनाले दोस्रो चरणमा फड्को मारेको देखिन्छ ।

यस चरणका नारीसमालोचनाका प्रवृत्तिहरूलाई यसप्रकार प्रस्तुत गरिन्छ :

(१) समालोचनाको सैद्धान्तिक ज्ञान र विधागत सचेतताको न्यूनता,

(२) मनमा उब्जेका प्रतिक्रियास्वरूप समालोचना लेख्ने प्रवृत्ति र पूरै प्रभावपरक समालोचनालेखन,

(३) व्यापक दृष्टिकोण र विश्लेषणात्मक क्षमताको कमी,

(४) निबन्धात्मक शैलीको प्रयोग तथा भावपक्षको प्रबलता,

(५) नारीसमालोचनामा आधारभूमिको निर्माण आदि ।

### ४.१.२.१.२ पहिलो चरण (वि.सं. २०२२ देखि २०५० सम्म) उठानको चरण

वि.सं. २०२२ मा कुमारी सरिता ढकालको नामबाट प्रकाशित **प्रगतिशील दृष्टिमा केही समालोचनाहरू** शीर्षकको कृतिबाट नेपाली नारीसमालोचनाले अर्को मोड लिन पुगेको देखिन्छ । समालोचकीय चेतनासहित प्रगतिवादी चिन्तनको केन्द्रीयतामा लेखिएको प्रस्तुत

कृति नारीसमालोचना क्षेत्रको पहिलो प्रकाशित कृतिका रूपमा देखिन्छ । यस चरणमा समालोचना कृतिको प्रकाशन २०२२ पछि २०३७ सम्मको लामो समयावधिलाई पर्खनु परे पनि फुटकर रूपमा समालचेना लेख्ने नारीसमालोचकहरूको उपस्थितिमा भने विस्तार हुँदै गएको देखिन्छ । अन्य विधाका तुलनामा समालोचना विधामा नारीस्रष्टाहरूको उपस्थिति कम देखिए पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित हुने फुटकर समालोचनामा नारीस्रष्टाहरूको प्रवेशलाई भने आशाप्रद मान्न सकिने देखिन्छ ।

२०२२ देखि नै समालोचनालेखनमा प्रवेश गरेकी गोमा उपाध्याय नेपाली नारीसमालोचनाको पहिलो चरणमा सक्रिय देखिएकी नारीसमालोचक हुन् । महिला साहित्यकारहरूको खोजी गरी तिनका जीवनी र योगदानका बारेमा समीक्षात्मक लेख लेख्न क्रियाशील गोमाका आधा दर्जनजति समालोचना कृतिहरू प्रकाशित देखिन्छन् । *साहित्य फूलबारीमा सिद्धिचरण श्रेष्ठ* शीर्षकको फुटकर समालोचना २०२२ सालमा प्रकाशित गराएर यसतर्फ क्रियाशील गोमाका कृतिहरू धेरै पछिमात्र प्रकाशित भएका देखिन्छन् । उनको हालसम्म प्रकाशित समालोचना कृतिहरूमा 'साहित्य फूलवारीका फूलहरू' (२०३७), **चार नारीहस्ताक्षर** (२०४२), **म.वी.वि. शाहका काव्यप्रवृत्ति** (२०४२), **नेपाल भारतका केही नारी प्रतिभा** (२०४४), **चाँदनी शाहको काव्यसंसार** (२०५१), **केही अनुसन्धानात्मक अभिव्यक्ति** (सहलेखन, २०४६) रहेका छन् ।

यसैगरी यस चरणमा आफ्नो सक्रिय उपस्थिति देखाउने अर्की समालोचक गार्गी शर्मा हुन् । उनले वि.सं. २०२३ सालमा *कल्पनाका धनी, धनका गरिब देवकोटा* शीर्षकको समालोचनात्मक लेख **फूलपाती** पत्रिकामा प्रकाशित गराई यस क्षेत्रमा प्रवृत्त भएकी देखिन्छिन् । मुख्यतया समालोचना विधामा मात्र केन्द्रित रही आकारका दृष्टिले केही साना भए पनि सङ्ख्यात्मक रूपमा धेरै पुस्तकाकार रूपका समालोचना कृति प्रकाशित गराउने उनका **केही समीक्षा** (२०४१), **चाँदनी शाहको काव्यभूमि** (२०४४), '**केही अनुसन्धानात्मक अभिव्यक्ति**' (सहलेखन, २०४६), **बाङ्देलका नारीपात्र** (२०५१), **गोठालेका बालपात्रहरू** ( २०५३, **सिद्धिचरणका खण्डकाव्यको अध्ययन** (२०५१), **केही समीक्षात्मक अभिव्यक्ति** ( २०५३), **सन्तदर्शनभित्र रुद्रराज पाण्डे** (२०५५), **लक्ष्मीदेवी राजभण्डारीको काव्यसाधना** ( २०५७), **माधव घिमिरेका गीतिनाटकमा मानवतावाद** (२०५७), **शारदाका कवितामा विद्रोहात्मक स्वर** (२०५८) जस्ता कृतिहरू प्रकाशित देखिन्छन् । प्रभाववादी चिन्तनद्वारा समालोचना लेख्ने गार्गी शर्माका फुटकर समालोचनाहरूका सङ्ग्रहका रूपमा तथा समालोचना कृतिका रूपमा पुस्तकहरू प्रकाशित देखिन्छन् ।

यस चरणको समालोचनाका फाँटमा अनुसन्धानात्मक तथा समीक्षात्मक फुटकर समालोचनात्मक लेखहरूका साथ देखापरेकी रमा शर्मा पनि क्रियाशील समालोचकका रूपमा देखापर्दछिन् । *साहित्यमा कल्पना र यथार्थ* शीर्षकको समीक्षात्मक लेख २०२४ सालको **रत्नश्री** पत्रिकामा प्रकाशित गराएर यस क्षेत्रमा प्रवृत्त भएको रमा शर्माको हालसम्म **केही चिन्तन** (२०४८), **मोतीराम परिक्रमा** (२०५०) प्रकाशित देखिन्छ । समालोचनासङ्ग्रह र अनुसन्धानात्मक समालोचना कृतिको प्रकाशन गर्नुका साथै एकदर्जन

भन्दा बढी कृतिहरूको सम्पादनका साथै पाठ्यपुस्तक लेखनमा पनि सक्रिय रहेकी देखिन्छिन् ।

नारीसमालोचनामा आफ्नो छुट्टै लेखकीय प्रवृत्ति स्थापित गर्दै यस क्षेत्रमा निरन्तर कलम चलाउने अर्की समालोचक देवी शर्मा हुन् । सर्वप्रथम वि.सं. २०२५ सालमा *प्रेमका गायक म.वी.वि. शाह* शीर्षकको समालोचना लेख लेखी यसतर्फ प्रवृत्त भएकी शर्मा फुटकर समालोचनालेखनमा सक्रिय नारीसमालोचक हुन् । उनको **शोध र समीक्षा** (२०४५) कृतिका अतिरिक्त सयभन्दा बढी फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका पाइन्छन् । विशेषतः नारीसाहित्यकारहरूको खोजी गरी तिनलाई इतिहासबद्ध बनाउने कार्यमा योगदान दिएकी देवी शर्मा प्रभाववादी समालोचक हुन् । यसैगरी वि.सं. २०२६ सालमा **प्रकाशपुञ्ज** पत्रिकामा *उपन्यासमा कथानकको महत्त्व* शीर्षकको समालोचनात्मक लेख प्रकाशित गराएर यस क्षेत्रमा प्रवृत्त भएकी सुशीला भट्ट पनि यस सम्यक् नारीसमालोचक हुन् । २०२६ सालदेखि नै समालोचनालेखन थाले पनि धेरै पनि २०५९ मा आएर मात्र यिनको अनुसन्धानात्मक कृति **गुरूप्रसाद मैनाली : व्यक्ति र कृति** (२०५९) प्रकाशित भएको देखिन्छ ।

यस चरणकी सक्रिय समालोचकहरूमध्ये रञ्जुश्री पराजुली पनि उल्लेखनीय नाम हो । खासगरी बालसाहित्यमा रुचि राख्ने पराजुली साहित्यका विभिन्न विधाका साथै बालसाहित्यको समालोचनामा पनि सक्रिय देखिन्छिन् । सर्वप्रथम *कथाकार गुरूप्रसाद मैनाली एक चर्चा* (२०२७) बाट समालोचना लेख्न सुरु गरेकी रञ्जुश्रीको फुटकर समालोचनाहरूको सङ्ग्रह **कृतिविवेचना** धेरै पछि आएर मात्र प्रकाशित भएको देखिन्छ । यसै अवधिमा नारीसमालोचनाका क्षेत्रमा कलम चलाउने अर्का स्रष्टा बिन्दु कोइराला हुन् । सर्वप्रथम **प्रज्ञा** पत्रिकामा *रूपमती र प्रायश्चित्तको आदर्श पक्ष* (२०३४) शीर्षकको समालोचनाबाट यसतर्फ प्रवृत्त भएकी कोइरालाका यस अवधिमा प्रशस्त मात्रामा फुटकर रचनाहरू देखिए पनि हालसम्म प्रकाशित दुई कृतिहरू *नेपाली कथा, उपन्यास र कविता* (समालोचनासङ्ग्रह, २०५५) र *धरणीधरदेखि शङ्कर लामिछानेसम्म* (२०५५) पछि आएर मात्र प्रकाशित भएका देखिन्छन् ।

यसैगरी यस चरणबाट आफ्नो समालोचकीय यात्रा प्रारम्भ गरी नारीसमालोचनाको क्षेत्रलाई व्यापक बनाउँदै दोस्रो चरणमा आफ्नो क्रियाशीलता देखाउने समालोचकहरूमध्ये सुषमा आचार्य पनि एक हुन् । **रूपरेखा** पत्रिकामा *छोटो चिनारी : सुन्दरानन्द बाँडा* (२०३०) शीर्षकको समालोचना लेख प्रकाशित गराई यसतर्फ प्रवृत्त भएकी सुषमा यस अवधिमा फुटकर समालोचना मात्र प्रकाशित देखिन्छन् । यसैगरी वि.सं. २०३५ सालमा *सुलोचना महाकाव्यमा सामाजिक पक्ष'* शीर्षकको समालोचना लेख प्रकाशित गराएर यसै अवधिबाट समालोचना आरम्भ गरेकी सुधा त्रिपाठीको विशेष सक्रियता भने दोस्रो चरणमा नै रहेको देखिन्छ । यसैगरी यस चरणमा देखापरेकी अर्को समालोचक गायत्री श्रेष्ठ हुन् । सर्वप्रथम **विवेक** पत्रिकामा *नयाँ सडकको गीत कथासङ्ग्रहको भावभूमिमा विकलका नारीपात्र* (२०४१) शीर्षकको लेखबाट समालोचनालेखनमा लागेकी गायत्री श्रेष्ठको

**कथाकार देवकुमारी थापाको व्यक्तित्व र कृतिविश्लेषण** (२०४६) कृति यसै अवधिमा प्रकाशित भएको कृति हो । यस चरणकी अर्की नारीसमालोचकको रूपमा ज्योति खड्का ( पाण्डे) को उपस्थिति पनि महत्त्वपूर्ण देखिन्छ । *म पनि द्यौता मान्छु कविता र बालकृष्ण सम* (२०३८) शीर्षकको समालोचना लेखेर नारीसमालोचनामा आफ्नो उपस्थिति देखाएकी यिनले हालसमम फुटकर रूपमा मात्र कलम चलाएको देखिन्छ ।

नारीसमालोचनाको यस चरणमा लेखनयात्रा आरम्भ गरेर दोस्रो चरणमा आफूलाई स्थापित गराउन सफल नारीसमालोचकहरूको चर्चा दोस्रो चरणमा नै गर्न उपयुक्त देखिन्छ । यस्ता नारीसमालोचकहरूमा ललिता अधिकारी, नन्दमाया नकर्मी, उषा ठाकुर, सावित्री मल्ल, ज्ञानु पाण्डे, जया पाठक आदि अग्रपङ्क्तिमा देखिन्छन् भने अन्य फाट्टफुट्ट रूपमा कलम चलाउने नारीसमालोचकहरूमा अम्बिकादेवी घिमिरे, बानिरा गिरी, प्रिन्सेप शाह, लता सिंह, निर्मला शाही, सूर्यकला थापा, सावित्री सिलवाल, देवकुमारी थापा आदि पर्दछन् । यस चरणमा सक्रिय रूपमा समालोचना लेख्ने समालोचकहरूका कतिपय समालोचना कृतिहरू दोस्रो चरणमा प्रकाशित भएका देखिए पनि लेखन र सक्रियताका दृष्टिकोणले तिनलाई पहिलो चरणमा नै राखी अध्ययन गरिएको छ । यस चरणका मुख्य प्रवृत्तिहरूलाई यसप्रकार बुँदागत रूपमा देखाइन्छ :

(१) साहित्यका विभिन्न विधाहरूमा समालोचनालेखन,

(२) वस्तुगत शैलीको अभाव र निबन्धात्मक शैलीको प्रयोग,

(३) विषयवस्तुको संरचना पक्षमा भन्दा भावपक्षमा केन्द्रित समालोचनालेखन,

(४) प्रभाववादी समालोचनालेखनको परिवृत्तमा रहेर अनुसन्धानात्मक समालोचनाको लेखन,

(५) सैद्धान्तिक समालोचनातर्फ उदासीनता र व्यक्तिकेन्द्री समालोचनालेखन,

(६) विश्लेषणात्मक शैलीभन्दा व्याख्यात्मक शैलीको प्रधानता आदि ।

#### ४.१.२.१.३ दोस्रो चरण (वि.सं. २०५१ देखि यता) (विस्तारको चरण)

वि.सं. २०५० पछिको समयलाई नेपाली नारीसमालोचनाको दोस्रो चरणअन्तर्गत राखी अध्ययन गर्न उपयुक्त देखिन्छ । प्रभाववादी समालोचना चिन्तनकै केन्द्रीयतामा रहेर एउटा साँघुरो धारबाट हिँडिरहेको नारीसमालोचनाले पचासको दशकसँगै केही चौडा बाटो बनाएको देखिन्छ । विभिन्न समालोचना कृतिहरूको प्रकाशनका दृष्टिले पनि अत्यन्तै उर्वर रहेको यस समयावधिमा नारीसमालोचकहरूका नयाँ अनुहारहरूले पनि समालोचनाका नयाँ सम्भावना बोकेर आएका देखिन्छन् । समालोचनाको विधागत सचेतताका साथ यस क्षेत्रमा कलम चलाउने स्रष्टाहरूको प्रवेशले नारीसमालोचनाको लेखनमा विविध पद्धतिको प्रयोग र प्रकारहरूको समेत विकास भएको देखिन्छ । वि.सं. २०४६ पछिको नेपालमा आएको राजनीतिक परिवर्तनले नारीसमालोचनालाई प्रत्यक्ष रूपमा प्रभावित नबनाए पनि समग्र नेपाली समालोचनामा देखिएका नयाँ स्वरूप र नवीन शैलीबाट भने प्रभावित देखिन्छ । त्यसकारण यस चरणदेखि नारीसमालोचना विभिन्न विधा, विषय र प्रवृत्तिहरूमा फैलनाका

साथै नारीलाई केन्द्र बनाई लेखिएका नारीकेन्द्री समालोचनाका लेख तथा कृति पनि प्रकाशित भएको पाइन्छ ।

वास्तवमा यस चरणमा प्रकाशित अधिकांश समालोचना कृतिहरू स्नातकोत्तर तहको शोधपत्रका लागि र विद्यावारिधिका प्रयोजनका लागि तयार पारिएको भए पनि आवश्यक संशोधन र परिमार्जनसहित समालोचना कृतिका रूपमा प्रकाशित भएका देखिन्छन् । पूर्वीय र पश्चिमी साहित्यको विधागत सैद्धान्तिक स्वरूपका आधारमा लेखिएका यी कृतिहरूले नै नारीसमालोचनाको सीमित परिधिलाई विस्तार गरेको देखिन्छ । पुस्तकाकार कृतिका रूपमा समालोचना प्रकाशित गराई स्थापित हुने र फुटकर रूपमा मात्र समालोचनालेखनलाई निरन्तरता दिने नारीसमालोचकहरूको बाक्लो सङ्ख्यामा उपस्थिति भएको यस चरणलाई नारीसमालोचनाको विस्तारको चरणका रूपमा लिइन्छ ।

नेपाली नारीसमालोचनाको दोस्रो चरणमा आफ्ना पाँचओटा समालोचना कृतिहरू प्रकाशित गराएर यस क्षेत्रमा सक्रियतापूर्वक लागेकी सुषमा आचार्य यस चरणकी क्रियाशील समालोचक हुन् । प्रभाववादी चिन्तनकै परिवृत्तमा रहेर जीवनीपरक तथा कृतिपरक समालोचनालेखन रुचाउने सुषमाका हालसम्म – **माइतघरलाई चियाएर हेर्दा** (२०५३), **मुलुकबारिह एक सर्वेक्षण** (२०५३), **लैनसिंह बाङ्देलको औपन्यासिक कृतिको मूल्याङ्कन** (२०५८), **नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर** (२०५८), **केही व्यक्ति र कृतिहरू** (२०६३) जस्ता कृतिहरू प्रकाशित देखिन्छन् । यसैगरी यस चरणमा आफ्नो पृथक् समालोचकीय पहिचानका साथ देखापर्ने सावित्री मल्ल (कक्षपति) पनि यस क्षेत्रमा योगदान दिने नारीसमालोचक हुन् । विशेषगरी लोकसाहित्य तथा नारीकेन्द्री विषयमा समालोचनालेखन रुचाउने सावित्री मल्लको हालसम्म **पाल्पाका लोकगीतहरूको सर्वेक्षण र मूल्याङ्कन** (२०५२) समालोचना कृतिका साथै एक दर्जनभन्दा बढी फुटकर समालोचनाहरू प्रकाशित देखिन्छन् ।

यसैगरी सशक्त नारीहस्ताक्षरका रूपमा देखापरेकी सुधा त्रिपाठी यस समयकी क्रियाशील समालोचक हुन् । समालोचकीय सचेतताका साथै यस क्षेत्रमा लागेकी सुधा त्रिपाठी नारीवादी समालोचकका रूपमा पनि चिनिन्छिन् । साहित्यमा नारीहरूको स्थान र योगदानबारे अध्ययन गर्न रुचि राख्ने सुधा त्रिपाठीका हालसम्म **दृष्टिचौतारी** (२०५८), **भूपिका कवितामा व्यङ्ग्यालङ्कार चेतना** (२०५८), **महिला समालोचक र नेपाली समालोचना** (लेखन/सम्पादन, २०६२) जस्ता समालोचना कृतिहरू प्रकाशित देखिन्छन् । नारीसमालोचनामा सक्रिय रूपमा कलम चलाउने लीला लुइटेल पनि यस चरणकी क्रियाशील समालोचक हुन् । यस अवधिमा फुटकर समालोचनालेखनमा अत्यन्तै सक्रिय देखिएकी लीला लुइटेल नेपाली भाषा तथा व्याकरण मात्र नभई साहित्यका विभिन्न विधा तथा प्रवृत्तिहरूमा समालोचनालेखन रुचाउने नारीसमालोचक हुन् । विभिन्न साहित्यिक कृतिहरूको सम्पादनमा समेत सक्रिय लीलाको **नेपाली महिला कथाकार** (लेखन/सम्पादन–२०६०) कृति उनको उल्लेखनीय कृति हो । उनका नारीउपन्यासमा सांस्कृतिक अध्ययन जस्ता अनुसन्धान उल्लेखनीय देखिन्छन् ।

विभिन्न पत्रपत्रिकामा फुटकर समालोचना प्रकाशित गराएर यस चरणको समालोचनालेखनमा महत्त्वपूर्ण योगदान दिएकी शारदा अधिकारी (ढकाल) पनि एक सचेत नारीसमालोचकका रूपमा देखिन्छिन् । **पारख प्रयत्न** (२०५५) (सहलेखन) समालोचनासङ्ग्रह प्रकाशित गराएकी शारदा अधिकारी कृतिगत समालोचनामा रुचि राख्ने समालोचकका रूपमा चिनिन्छिन् । यसैगरी **निबन्धहरूमा मञ्जुल** (२०५८) र **केही नेपाली समालोचक** ( २०५८) शीर्षकका लघुआकारका समालोचना कृतिहरूका साथ देखापरेकी रजनी ढकाल नारीसमालोचनाको पछिल्लो समयमा क्रियाशील देखिने नारीसमालोचक हुन् । विशेषतः जीवनीपरक समालोचनामा विशेष रुचि राख्ने ढकालका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर समालोचनाहरू पनि प्रकाशित देखिन्छ ।

फुटकर समालोचनामा सक्रिय देखिने नन्दमाया नकर्मी पनि यस सम्यकी क्रियाशील समालोचक हुन् ।विशेषतः नाटक विधामा केन्द्रित रहेर कृतिगत समालोचनामा प्रवृत्त देखिने नकर्मीको हालसम्म **नेपाली नाटकमा नारीसमस्या** (२०६३) कृति प्रकाशित देखिन्छ । यसैगरी विभिन्न पत्रपत्रिकाहरूमा सैद्धान्तिक तथा प्रायोगिक समालोचना लेखी नेपाली नारीसमालोचनाका फाँटमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने समालोचकका रूपमा ज्ञानु पाण्डे उपस्थित देखिन्छिन् । समालोचना विधामा नै मुख्य रूपमा कलम चलाउने पाण्डे नवीन चेतनायुक्त समालोचनालेखन रुचाउने समालोचक हुन् । उनको **विश्वेश्वरप्रसाद कोइरालाको उपन्यासमा अस्तित्ववाद** (२०६२) कृति यस क्षेत्रकै उल्लेखनीय कृतिका रूपमा देखिएको छ । यो अनुसन्धानात्मक समालोचना हो ।

पचासको दशकबाट समालोचना लेख्न आरम्भ गरेकी रमा शिवाकोटी नारीसमालोचनाको दोस्रो चरणमा देखापरेकी सक्रिय समालोचक हुन् । यिनका केही समालोचनाहरू नारीवादी सिद्धान्तमा केन्द्रित देखिन्छन् । उनको **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता** (२०६३) कृति विधागत सिद्धान्तमा आधारित अनुसन्धानात्मक कृति हो । यसैगरी पछिल्लो समयमा फाट्टफुट्ट रूपमा फुटकर समालोचना लेख्दै अएकी नयना प्रधान यस अवधिकी उल्लेखनीय समालोचक हुन् । उनको **पारिजात : परिचय र अस्तित्ववाद** (२०६६) नारीसिर्जना केन्द्रित महत्त्वपूर्ण कृतिका रूपमा देखिन्छ ।

यसैगरी नारीसमालोचनाको पछिल्लो समयमा समालोचकीय सम्भावनाका साथ देखापरेका बिन्दु शर्माको **गीति नाट्यपरम्परामा राष्ट्रकवि घिमिरे** (२०६२) तथा **आधारभूत नेपाली समालोचना** (२०६६) र गीता त्रिपाठीको **दृष्टि विचरण** (२०६६) उल्लेख्य रूपमा देखिन्छन् । बिन्दु र गीताका समालोचनाहरू केही पृथक् हुन रूचाउँछन् । यी दुई नारीसमालोचक यी कृतिका साथ यस अवधिका क्रियाशील समालाचेकका रूपमा देखिएका छन् ।

नारीसमालोचनाको दोस्रो चरणमा समालोचना कृति प्रकाशन गराएर समालोचना विधामा आफ्नो पहिचान बनाउँदै नारीसमालोचनाका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अन्य नारीसमालोचक र तिनका कृतिहरूमा पदमा अर्यालको **मनबहादुर मुखियाको नाट्यशिल्प** (२०५०), शारदा शर्माको **विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्र** (२०५३), बुनु

लामिछानेको **सुलोचना महाकाव्यको विश्लेषण र मूल्याङ्कन** (२०५८), कमला पराजुलीको **साहित्यकार सञ्जय थापा : विश्लेषण र मूल्याङ्कन** (२०५८) र **नेपालमा नारीवाद** (२०५९), कामना लम्सालको **साहित्यकार लोकेन्द्रबहादुर चन्दको जीवनी व्यक्तित्व र कृतित्व** (२०५५), ज्ञानु ढुङ्गेलको **भीमसेन थापा र तत्कालीन नेपाली साहित्य** (२०५९), प्रेरणा खरेल के.सी. को **वीरेन्द्रकेशरी अर्ज्यालका व्याकरणको परिचय** (२०५८), गायत्री श्रेष्ठ र सरस्वती रिजालको **साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षरहरू** (२०६२), सरस्वती नेपालको **सम र रिमालका नारीपात्रहरूको मूल्याङ्कन**' (२०५३), भगवती अर्यालको **नवलपरासी जिल्लाको साहित्यिक योगदान** (२०६३), शान्ति चौधरीको **साहित्यका केही हास्यव्यङ्ग्य पक्षहरू** (२०६२), उषा ठाकुरको **स्रष्टाको सिर्जनावाद र द्रष्टाको समालोचनात्मक दृष्टि** (२०५९), **नेपाली साहित्यको श्रीवृद्धिमा शाहवंशीय स्रष्टाहरूको योगदान** र **महाकवि देवकोटाको काव्य साधना** (२०६२) तथा मोमिलाद्वारा सम्पादित **सगरमाथाको नृत्यमग्न आत्मा : स्रष्टा र सृष्टि** (२०६५) कृतिभित्र मोमिलाले लेखेका एकसय पैंतीसजना कविहरूका परिचयात्मक आलेख आदि महत्त्वपूर्ण देखिन्छन् ।

नारीसमालोचनाको यस चरणमा फुटकर समालोचनामा मात्र सक्रिय रही विभिन्न पत्रपत्रिकाहरूमा फुटकर समालोचना प्रकाशित गराई यस क्षेत्रमा योगदान दिने अन्य समालोचकहरूमा मोमिला, मीरा प्रधान, प्रभा भट्टराई, श्रेष्ठ प्रिया पत्थर, गीता कार्की, लक्ष्मी उप्रेती, वैजन्ती मिश्र, अनुपमा रेग्मी, बेञ्जु शर्मा, मञ्जु काँचुली, अनुपा आचार्य, रश्मि शेखर, सरिता तिवारी, ज्ञानु अधिकारी, सुलोचना मानन्धर, देवकी तिमसिना, सिन्धु गौतम आदि पर्दछन् ।

यस चरणका नारीसमालोचनामा देखिएका मुख्य प्रवृत्तिहरूलाई बुँदागत रूपमा यसप्रकार देखाइन्छ :

(१) साहित्यका विविध विधा, क्षेत्र तथा प्रवृत्तिहरूलाई विषयवस्तु बनाई समालोचनालेखन,

(२) प्रभाववादी लेखनबाट वस्तुगततातर्फको उन्मुखता,

(३) पूर्वीय तथा पाश्चात्य समालोचना सिद्धान्तको प्रभाव,

(४) अनुसन्धानात्मक तथा खोजमूलक समालोचनालेखनतिरको सक्रियता,

(५) सैद्धान्तिक समालोचनाका आधारमा अन्तर्विषयक र विश्लेषणात्मक विधिको प्रयोग,

(६) औपचारिक अनुसन्धानात्मक कृतिको प्रकाशन र विस्तार,

(७) कृतिपरक अध्ययन तथा सम्पादनतर्फ झुकाउ र नारीसाहित्यको विधागत इतिहासको अध्ययन अनुसन्धान आदि ।

## ४.२ निष्कर्ष

नेपाली साहित्यको इतिहासमा स्थापित भइसकेको नेपाली नारीसमालोचनाको वि.सं. २००० देखि हालसम्मको विकासयात्रालाई हेर्दा समालोचना विधामा विस्तारै नारीस्रष्टाहरूको उपस्थिति बढ्दै गएको देखिन्छ । तुलनात्मक रूपमा नारीसमालोचना यात्राको गति मन्द देखिए पनि आफ्नो हैसियतले भ्याएसम्म नेपाली नारीसमालोचकहरू यसप्रति देखाएको सक्रियता र सहभागिताको कदर गर्नैपर्ने देखिन्छ । यसरी निरन्तर रूपमा विकास यात्रामा अगाडि बढ्दै गरेको नारीसमालोचनाको विकास र विस्तारमा विभिन्न साहित्यिक पत्रपत्रिकाहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । रत्नश्री, उन्नयन, मधुपर्क, गरिमाजस्ता पत्रिकाहरूका पृष्ठभूमिबाट नै नारीसमालोचना फस्टाउन पुगेको देखिन्छ । साहित्यिक विभिन्न विधामध्ये बौद्धिक विधाअन्तर्गत पर्ने समालोचना विधामा महिलाहरूको उपस्थिति त्यति सन्तोषजनक नदेखिए पनि अहिले पछिल्लो समयमा आएर भएको सङ्ख्यात्मक र गुणात्मक वृद्धिले भने यसतर्फ धेरै आशा गर्न सकिने ठाउँ देखिएको छ । करिब सात दशकको नारीसमालोचनाको विकासयात्रालाई तीन खण्डमा विभाजन गरी अध्ययन गर्न जुन आधारहरू प्राप्त भएका छन्, ती आधारहरू नै नेपाली नारीसमालोचनाको महत्त्वपूर्ण प्राप्ति र उपलब्धिका रूपमा देखिन्छन् । अबको नेपाली नारीसमालोचना नारी विधागत लेखनको साथै इतिहासको अनुसन्धान र वस्तुगत समालोचनालेखनतिर अग्रसर हुनुपर्दछ । अबको नेपाली नारीसमालोचनाको दिशाबोध पनि यही हो ।

# परिच्छेद पाँच

# नेपाली नारीसमालोचकका प्रवृत्ति र तिनका समालोचना कृतिको विश्लेषण

## ५.१ विषयप्रवेश

नेपाली नारीसमालोचकका प्रवृत्ति र तिनका समालोचना कृतिको विशलेषण शीर्षकको यस परिच्छेदमा नेपाली नारीसमालोचकका समालोचना यात्रा र प्रवृत्तिको चर्चा गर्दै तिनका समालोचना कृतिको विश्लेषण गरिन्छ । यसक्रममा समालोचनाका पुस्तकाकार कृति प्रकाशन गर्ने नारीसमालोचकका कृतिहरूको विश्लेषण गर्दै तिनका योगदानको पनि सङ्क्षिप्त रूपमा चर्चा गरिन्छ । नारीसमालोचकका प्रवृत्ति निरूपण र तिनका व्यक्तित्व र कृतित्वका परिचयका साथ समग्र विश्लेषण गरिन्छ । खास गरेर अनुसन्धानात्मक समालोचना कृतिलाई अनुसन्धान पद्धतिको आधारमा र अन्य सामान्य प्रभावपरक कृतिलाई प्रभाववादकै परिधिमा रहेर विश्लेषण गरिन्छ । साथै पुस्तकाकार कृति प्रकाशित नगर्ने नारीसमालोचकका बारेमा पनि सङ्क्षिप्त रूपमा चर्चा गरिन्छ । पुस्तक कृति प्रकाशित भएका आधारमा वि.सं. २००० देखि यताका समालोचना इतिहासबद्ध भए पनि २०२२ देखि मात्र पुस्तककृति प्रकाशित भएकाले त्यस समयदेखि यताको साढे चार दशक समयावधिका नारीसमालोचनालाई पुस्तक कृतिका आधारमा मात्र विवेचना गरिन्छ ।

वि.सं. २००० देखि प्रभादेवी उपाध्यायबाट सुरु भएको नेपाली नारीसमालोचनाले साढे ६ दशकको अवधि पूरा गरिसकेको छ र त्यस समयदेखि हालसम्म पुस्तक कृति प्रकाशित गर्ने करिब चालीसजना र फुटकर समालोचना लेख्ने करिब पचास जना नारीसमालोचकहरू देखिएका छन् । यस अवधिमा सत्तरीभन्दा बढी समालोचनाका पुस्तकहरू नारीसमालोचकहरूद्वारा लेखिएका छन् । ती नारीसमालोचक र तिनका कृतिहरूलाई सम्बद्ध नारीसमालोचकका प्रथम पुस्तक कृति प्रकाशनको कालक्रमका आधारमा तल विश्लेषण गरिन्छ ।

### ५.१.१ सरिता ढकाल र उनका समालोचना कृति

#### ५.१.१.१ व्यक्तित्व र कृतित्व

नेपाली नारीसमालोचनाको प्रारम्भिक चरणमा नै अत्यन्त सशक्त समालोचनालेखनसहित उपस्थित सरिता ढकालको जन्म २००३ सालमा भएको हो । सानै उमेरदेखि परिपक्व लेखन कार्यमा जुटेकी सरिता ढकालले कथा र कवितामा कलम चलाए पनि उनी प्रमुख रूपमा समालोचकका रूपमा परचित देखिन्छिन् । सर्वप्रथम बनारसबाट प्रकाशित हुने पत्रिका **कोपिला** मा २०१८ सालमा *आलोचनात्मक दृष्टिमा त्यो फेरि फर्कला* शीर्षकको समालोचना प्रकाशित गराएर समालोचनालेखनमा प्रवेश गरेकी सरिता ढकाल

नेपाली साहित्यमा पहिलो समालोचना कृति प्रकाशन गर्ने प्रथम नारीसमालोचक हुन् । खासगरी प्रगतिवादी साहित्य तथा समालोचनालेखनलाई रुचाउने ढकालले स्वतन्त्र रूपमा शोधकार्यलाई पनि अगाडि बढाएको देखिन्छ । उनको रुचि साहित्यलेखनमा मात्र सीमित नरही, राजनीति लेखनतर्फ पनि अग्रसर भएको पाइन्छ । साहित्यिक सृजनात्मक रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा प्रकाशित समालोचना भएको देखिने ढकालका प्रकाशित कृतिहरू यसप्रकार रहेको देखिन्छ :

(१) प्रगतिशील दृष्टिकोणमा केही समालोचनाहरू, २०२२

(२) नेपाली साहित्य : समालोचनाको समस्या, २०४७

नेपाली साहित्यका सम्बन्धमा अत्यन्त गम्भीर धारणा राख्ने सरिता ढकालका समालोचनाहरू पनि नेपाली साहित्यको अवस्थाको चित्रणहरूमा नै केन्द्रित रहेको देखिन्छ । नारीसमालोचकहरूको उपस्थिति अत्यन्तै नगण्य मात्रामा तथा फुटकर रूपमा देखिएको तत्कालीन समयमा प्रगतिवादी चेतनासहित लेखिएको सशक्त समालोचना कृति लिएर देखा परेकी सरिता ढकाल प्रथम प्रगतिवादी नारीसमालोचक हुन् ।

### ५.१.१.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

'सर्वप्रथम **कोपिला** पत्रिकामा समालोचना छपाएर समालोचनालेखन क्षेत्रमा प्रवेश गरेकी सरिता आफू नेपाली साहित्यको उत्थानका निम्ति समालोचनालेखनतर्फ प्रवृत्त भएको बताउँछिन् । प्रायः सबै साहित्यिक विधाहरूका सम्बन्धमा समालोचना गर्न रुचाउने ढकाल साहित्यिक सृजना र समालोचना दुवैलाई समान महत्त्व दिन्छिन् ... हालसम्म ५०–६० भन्दा बढी फुटकर समालोचना प्रकाशित गराइसकेकी सरिता साहित्यका प्रायः सबै प्रवृत्तिमाथि कलम चलाउन रुचाउँछिन् । उनी समालोचनालाई अत्यन्त आवश्यक ठान्छिन् ।'[१] समालोचना गर्ने क्रममा गुण पक्षलाई भन्दा दोषपक्षलाई उजागर गर्न रुचाउने ढकाल आफ्नो समालोचकीय दृष्टिकोणका माध्यमले साहित्यका विकृतिहरूमाथि प्रहार गर्न मन पराउँछिन् । लामो समयको अन्तरालमा लेखिएको उनका दुईओटा समालोचना कृतिहरू **प्रगतिशील दृष्टिकोणमा केही समालोचनाहरू** (२०२२) र **नेपाली साहित्य : समालोचनाको समस्या** (२०४७) जस्ता कृतिहरूमा उनले प्रगतिवादी मान्यताका आधारमा र यथार्थवादी कोणबाट विभिन्न शीर्षकहरूमाथि समालोचना गरेको पाइन्छ । 'डी.पी. अधिकारीको यथार्थवादी समालोचनालाई प्रगतिवादी समालोचना फाँटको गीता मान्दै समसामयिक साहित्यिक गतिविधिको टिप्पणी र नेपाली साहित्यको वर्तमान अवस्थाबारे दृष्टि दिँदै दुई चार कृतिको वस्तुपरक मूल्याङ्कन गरे पनि सरिता ढकालले समालोचनालाई निरन्तता दिन सकिनन् ।'[२] आफ्नो स्वतन्त्र दृष्टिकोण राखी समालोचना गर्ने यिनका समालोचना

---

१ सुधा त्रिपाठी, पूर्ववत्, पृ. ३५–३६ ।

२ रविमान लम्जेल, **कोशी अञ्चलको साहित्यिक इतिहास**, (विराटनगर : रत्नमाया दलित साहित्यिक संरक्षण समिति, २०५०), पृ. १२० ।

प्रभाववादी प्रवृत्ति भित्रै पनि वैचारिक दृष्टिले प्रगतिवादी देखिन्छन् । पहिलो साहित्यिक कृतिका रूपमा प्रकाशित उनको पहिलो समालोचना कृति जम्मा सातओटा शीर्षकका समालोचनातमक लेखहरू प्रकाशित छन् भने दोस्रो समालोचना कृतिमा जम्मा ६ ओटा शीर्षकमाथि समालोचना गरिएका देखिन्छन् । उनका प्रकाशित यी दुवै समालोचना कृतिमा नेपाली साहित्यप्रति चिन्तन मनन तथा अध्ययन गरिएको पाइन्छ । साहित्यको मूल्याङ्कनमा स्वच्छता र दक्षताको विकास गर्नुपर्ने मान्यता राख्ने ढकालले कृतिमा प्रयुक्त नारीपात्रहरूको विश्लेषण नवीन चिन्तनका साथ गरेको देखिन्छ । सरिता ढकालका समालोचना कृतिहरूका आधारमा उनका समालोचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) प्रगतिवादी मान्यतालाई आत्मसात् गर्दै विभिन्न कृतिहरूको प्रगतिवादी दृष्टिकोणअनुसार समालोचना गर्ने प्रवृत्ति,

(२) परम्परागत समालोचना प्रवृत्ति तथा प्रभाववादी समालोचना प्रवृत्तिबाट मुक्त रहेर समालोचना गर्ने प्रवृत्ति,

(३) साहित्यिक कृतिका साथसाथै साहित्यमा देखापरेका सबै विषयमा केन्द्रित रही समालोचना गर्ने प्रवृत्ति,

(४) मार्क्सवादी विश्वदृष्टिकोणअनुसार पूरै द्वन्द्वात्मक भौतिकवादी सैद्धान्तिक ढाँचामा समालोचना नगरे पनि समालोचनामा वर्गीय दृष्टिकोणको प्रभाव,

(५) सामान्य समीक्षादेखि छोटा अनुसन्धानात्मक समालोचनासम्मको यात्रा र सामान्यतया समालोचनामा शैलीगत विविधताको न्यूनता आदि ।

### ५.१.१.३ समालोचना कृतिको विश्लेषण

सरिता ढकालको समालोचनालेखनको प्रारम्भिक समयमा नै प्रकाशित भएको **प्रगतिशील दृष्टिकोणमा केही समालोचनाहरू** (२०२२) उनको प्रथम समालोचना कृति हो । भूमिकासमेत गरेर जम्मा आठओटा शीर्षक तथा ६६ पृष्ठको आयाममा विस्तारित प्रस्तुत कृति फुटकर समालोचनाका सङ्ग्रहका रूपमा देखिन्छ । साहित्यका विविध विधा र विषयमा प्रवृत्त भएर लेखिएको प्रस्तुत कृतिभित्रका समालोचनाहरू वि.सं. २००७ देखि वि.सं. २०२० का अवधिमा प्रकाशित भएका कृति तथा प्रवृत्तिहरूको आलोचनात्मक रूपले विश्लेषण गरिएको पाइन्छ । तत्कालीन समयको साहित्यिक तथा राजनीतिक प्रभाव र त्यसको सञ्चेतनासमेत यिनका समालोचनाहरूमा पाइन्छ ।

*आजको साहित्यमा देखापरेका समस्याहरू* शीर्षकको भूमिका लेख (भित्र भूमिका भनिएको तर विषयसूचीमा समावेश गरिएको) मा *समालोचना साहित्यको नेता हो* भन्ने समालोचनासम्बन्धी दृष्टिकोण राख्दै नेपाली समालोचनामा देखिएका कमजोरीहरूलाई देखाइएको छ । डी.पी. अधिकारीको **यथार्थवादी समालोचना**बाट आफू प्रभावित रहेको बताउँदै सम र सेक्सपियरका नाटकको तुलना गरी समलाई नेपालका सेक्सपियर भनिएकोमा हल्का विमति जनाएकी छिन् । रसियाली प्रगतिवादी साहित्य र हिन्दी

प्रगतिवादी साहित्यको चर्चा गर्दै ढकालले प्रस्तुत लेखमा देवकोटाको मुनामदन, विश्लेश्वरप्रसाद कोइरालाका कथा, डी.पी. अधिकारीका समालोचनालाई उत्कृष्ट ठहऱ्याएकी छिन् । प्रस्तुत लेखलाई भूमिका भनिए पनि आत्मपरक समालोचनाका रूपमा प्रस्तुत भएको देखिन्छ ।

प्रस्तुत कृतिको दोस्रो समालोचनाका रूपमा भवानी भिक्षुको *त्यो फेरि फर्कला ?* शीर्षकको कथाको समीक्षा गरिएको छ । *आलोचनाको दृष्टिमा त्यो फेरि फर्कला ?* शीर्षकको यस लेखमा भवानी भिक्षुका प्रस्तुत कथालाई मनोवैज्ञानिक दृष्टिले उत्कृष्ट कथा मान्दै कथाकी नायिकाको यौनजन्य प्रवृत्तिहरूको चर्चा गरिएको छ । तर यति हुँदा हुँदै पनि तथाकथित आदर्श प्रेम देखाई मुख्य नायिका सानीलाई अस्वाभाविक रूपमा चित्रण गरिएकाले कथा दुर्बल भएको धारणा अभिव्यक्त भएको पाइन्छ । यसैगरी भवानी भिक्षुको *वन्दना* मा एक समीक्षा शीर्षकको तेस्रो समालोचनामा प्रस्तुत कथाको समीक्षा गर्दै यस कथाले कुनै सामाजिक उद्देश्य नबोकेको र देशका राजनीतिक पार्टीहरूको वदनाम गराउन कथा लेखिएको धारणा राख्दै ज्यामीहरूका नेतृ वन्दनाको चरित्रलाई देखाउन नसक्नु यो कथाको कमजोरी भएको बताएकी छिन् । प्रेमप्रतिशोध र राजनीति कुरालाई एकै ठाउँमा राखे पनि प्रस्तुति/भाषा र विषयमा कमजोरी रहेको बताएकी छिन् ।

*विजय मल्लको अनुराधा बारे मेरो विचार* शीर्षकको चौथो लेखमा विजय मल्लको अनुराधा उपन्यासमा अनुराधालाई सङ्घर्षशील नारीका रूपमा उभ्याइएकाले यो उपन्यास प्रभावपूर्ण रहेको धारणा व्यक्त गर्दै, रूपमती, स्वास्नीमान्छे, मञ्जरी आदि उपन्यासका नारीपात्रसँग अनुराधा उपन्यासकी नारीपात्र अनुराधाको तुलना गरे पनि अनुराधाको समाजको वर्गीय प्रतिनिधि चरित्रको भूमिका नदेखाइएकाले उपन्यास कमजोर भएको दृष्टिकोण प्रस्तुत गरेकी छन् । नायिका अनुराधाले पलायनको बाटो लिनुको सट्टामा क्रान्तिकारी हुनुपर्ने टिप्पणी समेत गरेकी छिन् ।

पाँचौं लेख *प्रगतिशील दृष्टिमा केही रचनाहरू* मा उनले डी.पी. अधिकारीको **यथार्थवादी समालोचना**लाई अधिमूल्यन गरी गोविन्दबहादुर मल्ल 'गोठाले', रमेश विकल किशु सिलवाल, श्रीधर खनाल, मुकुन्द ढुङ्गेल आदिका कथाहरूप्रति आत्मगत रूपमा विवेचना गरेको देखिन्छ । यसैगरी *रमको बोतलबाट निस्कने बर्बऱ्याइँ कविता होइन* शीर्षकको छैटौँ आलेखमा शङ्कर लामिछानेको 'भूपि शेरचन मेरो डायरीबाट' लेखका केन्द्रीयतामा शङ्कर लामिछानेले कवि भूपिलाई हेर्ने दृष्टिकोणको विवेचना गरी भूपि प्रगतिवादी चिन्तनबाट निरपेक्ष भएको हुँदा उनको तीव्र आलोचलना गर्दै भूपिको रक्सी खाने प्रवृत्ति र शङ्कर लामिछानेको दृष्टिकोणप्रति पनि विमति देखाएकी छिन् ।

यसैगरी *प्रगतिशील समालोचनाको समस्या* शीर्षकको सातौँ लेखमा डी.पी. अधिकारी, तारानाथ शर्मा, हृदयचन्द्रसिंह प्रधान, आनन्ददेव भट्ट, गोविन्द लोहनी आदि प्रगतिवादी समालोचकहरूका दृष्टिकोण र तिनका समालोचनाको चर्चा गर्दै प्रगतिवादको सैद्धान्तिक चर्चासमेत गरिएको छ । आनन्ददेव भट्टको आलोचना गरिएको यस लेखमा होच्याउने प्रवृत्ति नै प्रगतिवादी समालोचनाको समस्या भएको धारणा व्यक्त गरिएको छ

भने यस कृतिको आठौँ अर्थात् अन्तिम *विराटनगर – धरानको साहित्य मेरो अध्ययन* शीर्षकको लेखमा नेपाली साहित्य समिति विराटनगरबाट प्रकाशित 'सोभ्फोबाटो' मा बालकृष्ण रूपावासीकी श्रीमतीले लेखेको 'मोरङ विराटनगर र नेपाली साहित्य' शीर्षकको लेखप्रति प्रतिक्रिया दिँदै नेपालको पूर्वी भेगको साहित्यको सामान्य सर्वेक्षण गरिएको पाइन्छ ।

यसैगरी उनको दोस्रो समालोचना कृति **नेपाली साहित्य : समालोचनाको समस्या** (२०४७) हो । धेरै समयको अन्तरालमा प्रकाशित भएको उनको दोस्रो समालोचनात्मक लघुआकारको देखिन्छ । जम्मा ६४ पृष्ठको आयतनमा फैलिएको प्रस्तुत पुस्तकमा ६ ओटा समालोचना लेखहरूलाई सङ्गृहीत गरिएको देखिन्छ । कृतिपरक, जीवनीपरक समालोचनाभन्दा पृथक् विषयवस्तुमा लेखिएका प्रस्तुत कृतिका समालोचनाहरू विचारप्रधान तथा प्रवृत्तिपरक रहेको देखिन्छ ।

*आजको साहित्यिक समस्या के हो ?* शीर्षकको पहिलो समालोचनात्मक लेखमा समालोचक सरिता ढकालले साहित्यकारहरूको चिन्तनमा व्यापकता भयो भने र विषयवस्तुको गहन स्वरूपको उद्घाटन गर्न सकिए मात्र साहित्य जीवन बन्न सक्ने बताउँदै यथार्थको प्रकटीकरण र साँचो अर्थमा साहित्य हो भन्ने विचार व्यक्त गरेकी छिन् भने दोस्रो श्यामप्रसादको *साहित्यका पात्रपात्रीहरू सम्बन्धमा जवाफ* शीर्षकको समालोचनात्मक लेखमा २०२० सालमा प्रकाशित **बिहान** पत्रिकामा 'साहित्यिका पात्र–पात्रीहरू' शीर्षकमा श्यामप्रसादले लेखेको लेखप्रति असहमति जनाउँदै समालोचक ढकालले साहित्यका पात्र–पात्रीहरूलाई यस्तै बनाउनु पर्छ भनेर किटान गरिनु हुँदैन, यसो गर्दा साहित्य यान्त्रिक बन्न जान्छ भन्ने धारणा प्रस्तुत गर्दै मानव व्यवहारको शाश्वत भावनाहरूको प्रतिनिधित्व गर्ने पात्रपात्रीहरूको सृजना गर्नु पर्ने विचार व्यक्त गरेकी छिन् ।

'प्रयोग र प्रतीकलाई लिएर' शीर्षकको तेस्रो समालोचना लेखमा वि.सं. २०२१ सालको जेठमा प्रकाशित 'रूपरेखा' पत्रिकाको सम्पादकीय लेखमा प्रयोग र प्रतीकका बारेमा उठाएको कुरामाथि टिप्पणी गर्दै आलोचनात्मक रूपमा प्रस्तुत लेख लेखिएको देखिन्छ । प्रयोग र प्रतीकले साहित्यलाई दुरूह, अमूर्त र अव्यावहारिक बनाएको भन्दै साहित्यलाई यस्तो भ्रमपूर्ण अन्धकारबाट टाढै राख्न रूपरेखा पत्रिकाका सम्पादक मण्डललाई अनुरोध गरिएको छ भने *नेपाली समालोचना र यसको प्रवृत्ति* शीर्षकको चौथो समालोचनात्मक लेखमा नेपाली समालोचनामा चलेको मनपरीप्रति तिखो व्यङ्ग्य गर्दै जगदीश शमशेर र धनुषचन्द्र गौतममाथि प्रहार गर्दै तारानाथ शर्माको लेखकीय प्रवृत्तिमाथि पनि तीखो आलोचना गरिएको छ । प्रगतिवादको नाउँमा लेख्ने तारानाथ शर्माको दोधारे तथा अस्थिर प्रवृत्तिले नेपाली साहित्यमाथि नै आघात पुगेको बताउँदै रूपवादीहरूतर्फ पनि औँला उठाइएको छ ।

ढकालले प्रस्तुत कृतिको पाँचौँ शीर्षकअन्तर्गत *नेपाली साहित्य र यसको मूल्याङ्कनको समस्या* लेखमा सामान्य देखेका भरमा साहित्यिक कृतिहरूको समालोचना नगरी नेपाली जीवन र दर्शन बुझ्न समर्थ भइसकेर मात्र समालोचनालेखन

समालोचकहरूलाई आग्रह गरिएको छ । समालोचक भनेको जिम्मेवार स्रष्टा हो । त्यसैले गैरजिम्मेवारीपूर्ण तरिकाले गरिएका मूल्याङ्कनले नेपाली साहित्यलाई अधोगतितिर लैजाने भएकाले यसतर्फ सचेत रहन समालोचकहरूलाई अनुरोध गरिएको छ भने *नेपाली साहित्यको गतिरोधता* शीर्षकको छैटौँ तथा अन्तिम लेखमा साधारण र भ्रमपूर्ण साहित्यलाई पनि प्रशंसा र बढावा दिइने भएकाले नेपाली साहित्यमा गतिरोध आएको बताउँदै जबसम्म नेपाली मानव जीवनको अध्ययन गरी यथार्थपरक साहित्य लेखिँदैन तबसम्म स्थिति यस्तै रहने विचार व्यक्त गरिएको छ ।

### ५.१.१.४ निष्कर्ष

नेपाली नारीसमालोचनालाई एउटा महत्त्वपूर्ण मोडमा उपस्थापन गराई यस क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने समालोचक सरिता ढकाल नारीसमालोचनाको कृति प्रकाशन गर्ने प्रथम नारीसमालोचक हुन् । उनको **प्रगतिशील दृष्टिकोणमा केही समालोचनाहरू** (२०२२) नेपाली नारीसमालोचनाको विकासयात्रालाई अग्रगति प्रदान गर्ने महत्त्वपूर्ण कृति हो । गहन विचारक साथै प्रगतिवादी चिन्तनमा केन्द्रित प्रस्तुत पुस्तकबाट नै नारीसमालोचनाको क्षेत्र फराकिलो हुन पुगेको देखिन्छ । साहित्यको विविध विधामा कलम चलाउने समालोचक सरिता ढकाल नेपाली साहित्यको क्रियाशील साहित्यकार हुन् । विशेषगरी विचारप्रधान, चिन्तनशील तथा आलोचनात्मक शैली अँगाली समालोचनालेखन रुचाउने सरिताका दुईओटा प्रकाशित कृतिहरू यस्तै प्रवृत्तियुक्त देखिन्छन् ।

## ५.१.२ गोमा उपाध्याय र उनका समालोचना कृति

### ५.१.२.१ व्यक्तित्व र कृतित्व

नेपाली साहित्यमा सक्रिय नारीसाहित्यकारका रूपमा परिचित गोमा उपाध्यायको साहित्यलेखनको मुख्य विषय कविताकाव्य भए पनि उनी समालोचना क्षेत्रमा पनि उत्तिकै सक्रिय रहेको पाइन्छ । वि.सं. १९८२ मा जन्मिएकी गोमाले नारीसमालोचनाको प्रारम्भिककालदेखि नै समालोचनालेखनमा कलम चलाएको देखिन्छ । वि.सं. १९९४ सालदेखि **शारदा** पत्रिकामा कविता तथा निबन्ध प्रकाशित गराएर साहित्ययात्रामा प्रवेश गरेकी गोमाको साहित्यिक लेखनले जीवनअवधिभर निरन्तरता पाएको देखिन्छ । आफ्नो जीवनको लामो समय साहित्यमा समर्पित गर्ने गोमाले नेपाली साहित्यको विविध विधामा कलम चलाउनाका साथै हालसम्म उनका चारओटा कविता सङ्ग्रह, तीनओटा खण्डकाव्य, एउटा निबन्धसङ्ग्रह गरी जम्मा सोरओटा साहित्यिक कृतिहरूको प्रकाशन भएको देखिन्छ । उनका समालोचना कृतिहरू प्रकाशनका दृष्टिले पछिल्लो समयमा मात्र प्रकाशित भएको पाइन्छ । उनका हालसम्म प्रकाशित भएका समालोचना कृतिहरू यसप्रकार देखिन्छ :

(१) साहित्य फूलवारीका फूलहरू (२०३७)
(२) चार नारीहस्ताक्षर (२०४२)
(३) नेपाल भारतका केही नारी प्रतिभा (२०४४)

(४) **म.वी.वि. शाहका काव्यप्रवृत्ति** (२०४२)

(५) **चाँदनी शाहको काव्यसंसार** (२०५१)

(६) **केही अनुसन्धानात्मक अभिव्यक्तिहरू** (सहलेखन, २०४६)

(७) **पौराणिक नारी प्रतिभा** (२०४८)

उपर्युक्त समालोचना कृतिहरू लेखेर नेपाली नारीसमालोचनाको विकासलाई महत्त्वपूर्ण योगदान दिन सफल गोमाका अधिकांश समालोचना कृतिहरू नारीस्रष्टाको खोजी तथा नारीहरूमा नै केन्द्रित देखिन्छ । कुनै वाद वा सिद्धान्तमा भन्दा पनि आफ्नै विवेकलाई सर्वोपरि ठानेर समालोचना गर्ने तथा 'यी कृतिहरूका माध्यमबाट सामान्य, प्रभावपरक शिल्पमा कृतिको समीक्षा गर्ने वैशिष्ट्य प्रतिपादन गर्ने गोमा नेपाली समीक्षा जगतकी नारीव्यक्तित्वका रूपमा परिचित छन् । सामान्य प्रभावबाट आफ्नो अभिमत व्यक्त गर्ने गोमाको सिर्जना र कृतिसमीक्षा नेपाली साहित्य भण्डारमा अनुसन्धेयभन्दा पनि शोभावर्द्धक सामग्रीका रूपमा थपिन आएका छन् ।'[३] युगकवि सिद्धिचरण श्रेष्ठको प्रेरणा तथा प्रभावबाट साहित्य क्षेत्रमा प्रवृत्त भएकी गोमाको नेपाली साहित्य तथा नेपाली नारीसमालोचनाका क्षेत्रमा महत्त्वपूर्ण उपस्थिति रहेको देखिन्छ ।

### ५.१.२.२ समालोचनात्मक प्रवृत्ति

वि.सं. २०२२ सालमा प्रकाशित *साहित्यिक फूलबारीमा सिद्धिचरण श्रेष्ठ* शीर्षकको फुटकर समीक्षात्मक लेख छपाएर समालोचनालेखनमा प्रवेश गरेकी गोमाले सातओटा समालोचना कृतिहरू प्रकाशित गराएर एक क्रियाशील नारीसमालोचकका रूपमा आफ्नो उपस्थिति बनाएको देखिन्छ । उनका समालोचनाहरू पूर्णरूपमा प्रभाववादी देखिए पनि केही समालोचनाहरू अनुसन्धानमुखी तथा अन्वेषणात्मक समेत देखिन्छन् । लामो समयसम्म समालोचनालेखनमा लागिरहे पनि गोमाका समालोचनाहरूमा विषयगत तथा प्रवृत्तिगत हिसाबले विविधता भने देखिँदैन । विशेषतः नारीस्रष्टाहरूका बारेमा खोजी गर्न रुचाउने र तिनीहरूको उपस्थिति र योगदानका बारेमा चर्चा गर्न रुचि राख्ने गोमाले यस सम्बन्धमा आफूलाई क्रियाशील बनाएको पाइन्छ र **चार नारीहस्ताक्षर**, **नेपाल भारतका केही नारी प्रतिभा**, तथा **पौराणिक नारी प्रतिभा** यसै विषयसँग सन्दर्भित समालोचना कृतिहरू हुन् । प्रकाशित समालोचना कृतिका आधारमा उनका समालोचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) प्रभाववादी चिन्तनबाट पूर्णरूपले प्रभावित भएर समालोचना लेख्ने प्रवृत्ति

(२) नारीसाहित्यकारहरूको खोज तथा अनुसन्धानात्मक समालोचनालेखनमा विशेष रुचि

(३) जीवनीपरक समालोचनालेखनमा झुकाएका साथै परिचयात्मक लेखन र

(४) आत्मगत भाषाको प्रयोग तथा स्थूल रूपमा कृतिविश्लेषण आदि ।

---

[३] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. २०२ ।

### ५.१.२.३ समालोचना कृतिको विश्लेषण

**साहित्यिक फूलवारीका फूलहरू** (२०३७) समालोचक गोमाको पहिलो समालोचना कृति हो । जम्मा १३३ पृष्ठको आयाममा फैलएको यस कृतिमा जम्मा २२ ओटा शीर्षक रहेका छन् । सङ्क्षिप्त रूपमा लेखिएको यस कृतिका समालोचना जीवनीपरक, कृतिपरक र प्रवृत्तिपरक देखिन्छन् । म.वी.वि. शाह, सिद्धिचरण श्रेष्ठ, हृदयचन्द्रसिंह, देवकोटा, सम, गोपालप्रसाद रिमाल र व्यथितका रचना/कृतिहरूको चर्चा गरिएको छ । कुञ्जिनी खण्डकाव्यको कृतिपरक अध्ययन गरिएको छ भने भूपिका कवितामा सामाजिकता, लेखनाथको काव्यसाधनामा चराजस्ता शीर्षकमा उनीहरूका काव्यप्रवृत्तिलाई देखाइएको छ । **चार नारीहस्ताक्षर** (२०४२) शीर्षकको समालोचना कृति गोमाको दोस्रो समालोचना कृति हो । जम्मा ७९ पृष्ठको आयाममा फैलिएको प्रस्तुत कृतिमा सोरओटा शीर्षकका समालोचनात्मक छन् । उनको यस कृतिमा चाँदनी शाह, श्रीमती रमोलादेवी शाह 'छिन्नलता', लोकप्रियादेवी जोशी र प्रेमराजेश्वरी थापा जस्ता नारीसाहित्यकारहरूका जीवनी, व्यक्तित्व, कृतित्व र उनीहरूका साहित्यिक प्रवृत्तिहरूको चर्चा गरिएको देखिन्छ ।

**नेपाल र भारतका केही नारी प्रतिभा** (२०४४) गोमाको प्रकाशित तेस्रो प्रकाशित कृति हो । लघुसमालोचनात्मक आकारमा लेखिएको प्रस्तुत कृतिमा लेखिएका सबै समालोचनाहरू नारीकेन्द्रित देखिन्छन् । *चाँदनी शाहको काव्यसंसार, वेदका नारीपात्र, महादेवी वर्माको छोटो परिचय, महादेवी वर्माको नारीभाव, सुभद्राकुमारी चौहानको साहित्यिक परिचय, सरोजिनी नायडूको काव्यव्यक्तित्व*जस्ता शीर्षकमा विवेचना गरिएको पाइन्छ भने **पौराणिक नारीपरिचय** (२०४४) गोमाको चौथो कृति हो । यस कृतिमा जम्मा ३७ शीर्षकमा सैतीसजना पौराणिक नारीहरूको परिचय प्रस्तुत गरिएको छ । विभिन्न पौराणिक ग्रन्थहरूमा उल्लेख गरिएका अदिती, अञ्जना, अनुसूया, अहल्या, आत्रेयी, कयाधू, कालिन्दी, कुन्ती, केतकी, द्रौपदी, कैकेयी, कौशल्या, गान्धारी, गुणवती सत्यभामा, नागकन्या जाम्बवती, जुन्हा एवम् मदनमञ्जरी, तारा, दमयन्ती, देवकी, देवहूति, मदालसा, महाश्वेता, मन्दोदरी, माद्री, यशोदा, रति, राधा, रुक्मिणी, लोपामुद्रा, वृन्दा, शतरूपा, शवरी, सन्ध्या, अरुन्धती, सीता, सुमित्रा, सुभद्रा, सुलोचना जस्ता नारीपात्रहरूको परिचयात्मक विवेचना गरिएको देखिन्छ ।

### ५.१.२.४ निष्कर्ष

नेपाली नारीसमालोचनाको विकासमा योगदान दिएकी गोमा यस क्षेत्रकी निरन्तरता नभए पनि त्यति बेला सक्रिय समालोचक हुन् । उनका खोजपरक तथा अनुसन्धानात्मक समालचेनामा आधारित विभिन्न समालोचना कृतिहरू प्रकाशित गराएकी गोमाका हालसम्म चारओटा समालोचना कृतिप्रकाशित देखिन्छन् । लामो समयसम्म समालोचनालेखनमा निरन्तरता दिई विभिन्न जीवनीपरक, कृतिपरक तथा प्रवृत्तिपरक समालोचना लेख्ने नारीसमालोचनाका रूपमा देखिएकी गोमाले ऐतिहासिक समालोचनालेखनका साथै पुराना नारीसाहित्यकारहरूको खोजी गरी तिनलाई इतिहासबद्ध बनाउने कार्यमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

### ५.१.३ गार्गी शर्मा र उनका समालोचना कृति

### ५.१.३.१ व्यक्तित्व र कृतित्व

नेपाली नारीसमालोचनाको क्षेत्रमा देखापरेकी गार्गी शर्मा एक क्रियाशील नारीसमालोचक हुन् । सिर्जना विधामा भन्दा साहित्य समालोचनामा नै केन्द्रित भएर रचनाधर्मिता निभाउने गार्गी शर्मा अन्य नारीसमालोचकका तुलनामा धेरै समालोचना कृति प्रकाशित गरी नारीसमालोचनाको सङ्ख्यात्मक अभिवृद्धिमा योगदान दिने नारीसमालोचक हुन् । वि.सं. २०२३ देखि नै साहित्यिक क्षेत्रमा प्रवेश गरेकी गार्गी शर्माका पछिल्लो समयमा आएर काव्यतिर पनि कलम चलेको देखिन्छ । समालोचनाका अतिरिक्त निबन्ध पनि लेख्न रुचाउने गार्गीको रुचि गद्यलेखनतर्फ नै रहेको देखिन्छ । सर्वप्रथम **फूलपाती** पत्रिकामा २०२३ सालमा *कल्पनाका धनी र धनका गरीब देवकोटा* शीर्षकको समालोचना प्रकाशित गराएर समालोचना विधामा प्रवेश गरेकी गार्गी शर्माका फुटकर समालोचनाहरू हालसम्म पनि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित देखिन्छन् । विशेषगरी प्रभावपरक तथा परम्परागत शैलीमा नै समालोचनालेखन मन पराउने गार्गी शर्माका हालसम्म प्रकाशित समालोचना कृतिहरू यसप्रकार देखिन्छन् :

(१) केही समीक्षा (२०४१)
(२) चाँदनी शाहको काव्यभूमि (२०४४)
(३) केही अनुसन्धानात्मक अभिव्यक्ति (सहलेखन, २०४६)
(४) बाङ्देलका नारीपात्र (२०५१)
(५) सिद्धिचरणका खण्डकाव्यको अध्ययन (२०५१)
(६) गोठालेका बालपात्रहरू (२०५३)
(७) केही समीक्षात्मक अभिव्यक्ति (२०५३)
(८) सन्तदर्शनभित्र रुद्रराज पाण्डे (२०५५)
(९) लक्ष्मीदेवी राजभण्डारीको काव्यसाधना (२०५७)
(१०) माधव घिमिरेका गीतिनाटकमा मानवतावाद (२०५७)
(११) 'शारदा' का कवितामा विद्रोहात्मक स्वर (२०५८)

यसरी लगभग एक दर्जनजति समालोचना कृति प्रकाशित गराएकी गार्गीले विशेषगरी साहित्यको सैद्धान्तिक पक्षको भन्दा पनि कृति र स्रष्टाको प्रभावपरक समालोचना लेखेको देखिन्छ । कृतिको भाव पक्षलाई लिएर समालोचना लेख्ने गार्गीको पहिलो समालोचना कृति **केही समीक्षा** हो । त्यसपछि निरन्तर रूपमा समालोचना कृति लिएर देखापरेकी गार्गीका 'लघुआकृतिका समीक्षात्मक टिप्पणीमा केन्द्रित कृतिहरू पनि प्रकाशित भएका छन् । 'लघुआकृतिका रचनाहरूमा गुणात्मक भन्दा मात्रात्मक मूल्य प्रस्तुत गर्ने गार्गी नेपाली नारीलेखिकाको फाँटमा समाहित हुन पाउने व्यक्तित्व बनेकी छिन् । प्रभावपरक दृष्टिले उनको आफ्ना ठाउँमा ऐतिहासिक महत्त्व कायम भएको छ ।'[४]

[४] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. २८६ ।

प्राध्यापन पेसामा संलग्न शर्मा सिर्जना विधामा भन्दा प्रभावपरक चिन्तनमा आधारित समालोचनालेखनमा क्रियाशील रहने नारीसमालोचक हुन् ।

### ५.१.३.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

परम्परागत मान्यताका आधारमा कृतिको समीक्षा गर्न रुचाउने गार्गीका समालोचनाहरू विषयवस्तु र प्रस्तुतिका हिसाबले नवीन किसिमका देखिँदैनन् । केही कृतिकार तथा कृतिको समग्र अध्ययन गर्न रुचाउने गार्गीका 'कविता विधाको समालोचना गर्न विशेष सक्रिय देखिन्छिन् । त्यसपछि स्रष्टापरक अनि प्रवृत्तिपरक कोणबाट समालोचकीय अध्ययन गर्नु यिनको चाखको क्षेत्र देखिन्छ ।'[५] गार्गी शर्माले आफ्नो समालोच्य कृतिको विषयवस्तु नारीलाई बनाएको भए पनि तिनमा क्रान्तिचेत र विद्रोहात्मक आवाज आएको नभई यथास्थितिवादकै चित्रण गरिएको पाइन्छ । स्थूल रूपमा कृतिको विश्लेषण गरिने उनका समालोचनाहरू अनुसन्धानात्मक पनि देखिएका छन् । आत्मगत अभिव्यक्तिको प्रकटनले उनका समालोचनामा निबन्धात्मक शैलीको प्रभाव पाइन्छ । सैद्धान्तिक तथा रूप संरचनात्मक पक्षतर्फ निष्क्रिय रहेका उनका समालोचकीय कलम कृतिको प्रभावबाट अभिप्रेरित भई लेखिएका देखिन्छन् । गुणदर्शन परम्परालाई आत्मसात् गरी लेखिएका उनका कतिपय समालोचनाहरू स्तुतिपरक समेत रहेका देखिन्छन् । गार्गी शर्माका प्रकाशित समालोचनाका कृतिहरूका आधारमा उनको समालोचना प्रवृत्तिलाई यसप्रकार देखाइन्छ :

(१) परम्परागत शैलीलाई आत्मसात् गर्दै समालोचना लेख्ने प्रवृत्ति
(२) प्रभाववादको चिन्तनबाट प्रभावित र प्रेरित भई समालोचनालेखन
(३) कृतिविवेचनाका क्रममा नवीन चेतनाको कमी, यथास्थितिकै चित्रण
(४) समालोच्य कृतिको भावपक्षलाई जोड दिई समालोचना गर्ने भएकाले संरचनापक्षको उपेक्षा
(५) दोषदर्शन प्रवृत्तिलाई भन्दा गुणदर्शन प्रवृत्तिलाई नै आधार मान्ने भएकाले एउटै कुराको पुनरावृत्ति
(६) कृतिपरक तथा जीवनीपरक समालोचनालेखनमा जोड
(७) समालोचना लेख्ने क्रममा गुणात्मक अभिवृद्धिमा भन्दा सङ्ख्यात्मक अभिवृद्धिमा रुचि
(८) कृतिपरक समालोचनामा व्याख्यात्मक र विश्लेषणात्मक शैलीको प्रयोग भए पनि सूक्ष्म रूपमा नभई स्थूल रूपमा कृतिविश्लेषण आदि ।

### ५.१.३.३ समालोचना कृतिको विश्लेषण

समालोचनालेखनमा वि.सं. २०२३ बाट प्रवेश गरेकी गार्गी शर्माको **केही समीक्षा** (२०४१) पहिलो प्रकाशित समालोचना कृति हो । जम्मा १५२ पृष्ठको आयाममा फैलिएको

[५] सुधा त्रिपाठी, **महिला समालोचक र नेपाली समालोचना**, पूर्ववत्, पृ. ५७ ।

यस कृतिमा सोरओटा फुटकर समालोचनाहरूको सङ्ग्रह गरिएको छ । आत्मगत कुराहरूको प्रबलता पाइने प्रस्तुत कृतिमा निबन्धात्मक शैलीको प्रचुरता पाइन्छ । जीवनी र व्यक्तित्व, नाटक, गीत, कविताजस्ता साहित्यिक विषय र विधामा लेखिएका समालोचना लगायत *रामायणकालीन नारीसमाज* र *महाभारतकालीन नारीसमाज* शीर्षकको समीक्षात्मक लेख समेत रहेको देखिन्छ । नारीसिर्जना र नारीपात्रमा केही समीक्षाहरू केन्द्रित भएका छन् भने प्रस्तुत कृतिमा केही निबन्धात्मक लेखलाई पनि समावेश गरिएको पाइन्छ ।

यसैगरी **चाँदनी शाहको काव्यभूमि** (२०४४) शीर्षकको कृतिमा आधुनिक गीति कवितामा नारीहस्ताक्षरहरूको चर्चा गर्दै चाँदनी शाहको काव्यात्मक विशेषतालाई प्रकृति चित्रण, प्रणय, संस्कृति, सामाजिक सेवाको चेतना, नारीभाव, जीवनप्रतिको दृष्टिकोण, शैली, चाँदनी शाहको काव्यभूमि आदि उपशीर्षकहरूमा विभाजन गरी चर्चा गरिएको छ । जम्मा ११८ पृष्ठको आयाममा रहेको दसओटा शीर्षकमा आबद्ध गरी समीक्षा गरिएको प्रस्तुत कृतिले कवयित्री चाँदनी शाहको काव्यात्मक प्रवृत्तिहरूको निरूपण गरेको देखिन्छ भने **केही अनुसन्धानात्मक अभिव्यक्ति** (२०४६) यिनको तेस्रो समालोचना कृति हो । १३५ पृष्ठ रहेको र जम्मा चारओटा मूल शीर्षकमा आबद्ध भएको प्रस्तुत कृतिमा माधवप्रसाद घिमिरेको गीतिनाटकको विभिन्न उपशीर्षकअन्तर्गत रहेर लामो चर्चा गरिएको छ भने विजयमल्लको साहित्यिक प्रवृत्तिअन्तर्गत नारीसम्बन्धी आलेख तथा साहित्यको अभिवृद्धिमा महत्त्वपूर्ण योगदान दिने **रत्नश्री** पत्रिकाको देन अर्थात् योगदानका बारेमा व्याख्या गर्दै आफ्नो दृष्टिकोण समेत राखेको पाइन्छ ।

यसैगरी गार्गी शर्माको चौथो कृतिका रूपमा देखिएको **सिद्धिचरणका खण्डकाव्यको अध्ययन** (२०५१) मा शर्माले सिद्धिचरणका ६ ओटा खण्डकाव्यहरूको चर्चा गर्दै उनको खण्डकाव्यीय प्रवृत्तिहरूलाई पनि देखाएकी छिन् । *नारी भावकोशमा ज्यानमारा शैल विमल प्रतिभा युगकवि सिद्धिचरण र मङ्गलमान काव्य, क्रान्तिकारी सौर्यको निशानी आँसु, वात्सल्यताको आश्चर्यमय समाधि, विश्वव्यथा, प्रकृतिकाव्य शवरी र बाचिरहेको आवाज, नन्दनवनको आकाश र परिवेशमा उर्वशी, जीवनदर्शन र शिल्पकला, खण्डकाव्यीय प्रवृत्ति*जस्ता आठओटा शीर्षकमा आबद्ध भई जम्मा ८७ पृष्ठको आयाममा विस्तारित प्रस्तुत कृतिले सिद्धिचरण श्रेष्ठको समग्र खण्डकाव्यकारितालाई समेटेको देखिन्छ ।

**बाङ्देलका नारीपात्रहरू** (२०५१) कृति शर्माको पाँचौँ कृतिका रूपमा देखिन्छ । पन्ध्रओटा मूल शीर्षक रहेको प्रस्तुत कृतिमा साहित्यमा प्रयुक्त नारीपात्रहरूको चर्चा गर्ने क्रममा वैदिक युगदेखि हालसम्मका नारीपात्रहरूको सर्वेक्षण गर्दै, बाङ्देलपूर्वका आधुनिक उपन्यासका विशेषता तथा सामाजिक यथार्थवादी नेपाली उपन्यासहरूको समेत चर्चा गरिएको छ । यसै क्रममा बाङ्देलका **माइतघर**, **लङ्गडाको साथी**, **रेम्ब्रान्ट** गरी तीनओटा औपन्यासिक कृतिको परिचय दिँदै उनका औपन्यासिक कृतिभित्रका सांस्कृतिक पक्ष, आर्थिकपक्ष, शैक्षिक पक्ष जस्ता विविध पक्षहरूको व्याख्या गरिएको छ भने कृतिमा अन्तर्निहित नारीका पक्षलाई अतृप्त मनोकाङ्क्षाको परिवेश र मातृत्वको परिवेशमा

नारीपात्रको विश्लेषण गरिएको पाइन्छ । यसरी बाङ्देलका तीनओटा उपन्यासमा प्रयुक्त नारीपात्रको विश्लेषण र मूल्याङ्कन गरिएको प्रस्तुत कृतिमा विविध सन्दर्भहरू जोडिएको देखिन्छन् ।

**केही समीक्षात्मक अभिव्यक्ति** (२०५३) उनको छैटौँ कृति हो । विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर समीक्षात्ममकको लेखहरूको सँगालोको रूपमा रहेको प्रस्तुत कृतिमा एक्काइसओटा शीर्षकका समीक्षात्मक लेखहरू सङ्गृहीत छन् । निबन्धगत भएका लेखहरूको पनि समावेश भएको प्रस्तुत कृतिका कतिपय शीर्षकहरू अन्य कृतिमा पनि समावेश भएको देखिन्छ । गुणात्मकतालाई भन्दा पनि सङ्ख्यात्मकतालाई सर्वोपरि ठानेर तयार भएको प्रस्तुत समीक्षात्मक कृतिका लेखहरू प्रायः सबै विषयवस्तुगत रूपमा पुनरावृत्ति भएको पाइन्छ । प्रभावपरक समालोचनामा आधारित यसका समालोचनाहरूमा निबन्धात्मकता, स्तुतिपरकता, नारीअनुभूतिपरकता आदि प्रवृत्ति पाइन्छ ।

**गोठालेका बालपात्रहरू** (२०५३) कृति गार्गी शर्माको ७७ पृष्ठ भएको लघुआकारको समालोचना कृति हो । प्रस्तुत कृतिमा गोविन्दबहादुर मल्ललाई मनोवैज्ञानिक कथाकारका रूपमा प्रस्तुत गरी मनोवैज्ञानिक कथाको विकासक्रमलाई सङ्क्षिप्त रूपमा देखाइएको छ । गोठालेको उपन्यास, नाटक, एकाङ्कीमा प्रयुक्त बालपात्रको चित्रण गरिएको प्रस्तुत कृतिमा गोठालेका मनोवैज्ञानिक कथाको कृतिगत परिचय र बालपात्रको विश्लेषण समेत गरिएको छ । यसैगरी उनका वि.सं. २०५७ मा प्रकाशित **लक्ष्मीदेवी राजभण्डारीको काव्यसाधना** (२०५७) र **सन्तदर्शनभित्र रुद्रराज पाण्डे** (२०५५) कृति प्रभावपरक तथा स्रष्टापरक समीक्षात्मक कृति हुन् भने **माधव घिमिरेका गीतिनाटकमा मानवतावाद** (२०५७) र **शारदाका कवितामा विद्रोहात्मक स्वर** (२०५८) कृतिपरक समालोचना हुन् ।

### ५.१.३.४ निष्कर्ष

विशेषतः समालोचना विधामा केन्द्रित भएर साहित्य लेखनमा प्रवृत्त गार्गी नेपाली नारीसमालोचनाकी क्रियाशील समालोचक हुन् । लामो समयदेखि निरन्तर समालोचनालेखनमा सक्रिय देखिएकी गार्गीका समालोचना कृतिहरूको सङ्ख्या एघार पुगेको देखिन्छ । लामो समयसम्म समालोचनालेखनलाई निरन्तरता दिँदै आएकी गार्गीका समालोचना प्रभावपरक हुँदाहुँदै पनि अनुसन्धानात्मक तथा विश्लेषणात्मक समेत देखिने हुनाले नारीसमालोचनाका क्षेत्रमा यिनका समालोचनाले महत्त्वपूर्ण स्थान राखेको देखिन्छ ।

### ४.१.४ देवी शर्मा र उनको समालोचना कृति

### ५.१.४.१ व्यक्तित्व र कृतित्व

समालोचक देवी शर्मा नेपाली नारीसमालोचनाका क्षेत्रमा परिचित नाम हो । वि.सं. २००० मा काठमाडौँमा जन्मिएकी देवी शर्माले साहित्यलेखनको आरम्भ कविता विधाबाट गरेको भए पनि मूलतः उनी समालोचकका रूपमा नै आफ्नो पहिचान बनाउन सफल नारीसाहित्यकार हुन् । प्राध्यापन पेसामा संलग्न भएबाट नै समालोचनालेखनतर्फ अभिमुख

भएकी देवी शर्माको हालसम्म प्रकाशित समालोचना कृति **शोध र समीक्षा** (२०४५) रहेको देखिन्छ । विभिन्न पत्रपत्रिकामा १०० भन्दा बढीको सङ्ख्यामा समालोचनात्मक लेखहरू प्रकाशित गराइसकेकी देवी शर्माका समालोचनाहरू प्रकाशनका अभावमा फुटकर रूपमा नै छरिएर बसेका पाइन्छन् । वि.सं. २०२५ सालमा *प्रेमका गायक म.वी.वि. शाह* शीर्षकको समालोचनात्मक लेख लिएर समालोचना क्षेत्रमा प्रवृत्त भएकी शर्मा 'पुराना महिला स्रष्टाहरूको खोजीमा विशेष सक्रिय देखिन्छिन् । यसबाहेक साहित्यसँग जोडिएका महिलासन्दर्भ (महिला लेखक र महिला पात्र) का बारेमा यिनी आफ्नो समालोचनालेखनलाई प्रवृत्त गराउँछिन् ।'[६] प्रभाववादी समालोचनालेखनको प्रवृत्तिलाई अँगाल्ने देवी शर्माका समालोचनाहरू नारीविषयवस्तुमा अर्थात् नारीका पक्षमा केन्द्रित देखिए पनि तिनमा परम्परावादतर्फ नै झुकाउ रहेको देखिन्छ । व्यक्तित्व प्रभाव तथा कृतिको विषयवस्तुबाट प्रभावित भएर समालोचना लेख्ने देवी शर्माले विशेषतः कथा विधामा समालोचना गर्न रुचि देखाएको पाइन्छ ।

### ५.१.४.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

देवी शर्मा नेपाली साहित्यमा बीसको दशकदेखि नै सक्रिय रहेकी साहित्यकार हुन् । विभिन्न धार्मिक तथा साहित्यिक कृतिहरूबाट प्रभावित भएर लेखनयात्रा आरम्भ गरेकी देवी शर्माको हालसम्म एकसय भन्दा बढी फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका देखिन्छन् भने **शोध र समीक्षा** शीर्षकको समालोचना कृति पनि प्रकाशित भएको देखिन्छ । लगभग चार दशकसम्म निरन्तर समालोचनामा कलम चलाउने देवी शर्मा प्रभावपरक समालोचना धाराकी समालोचक हुन् । विशेषगरी साहित्यमा नारीको उपस्थितिको खोजी गरी तिनको मूल्याङ्कन गर्नाका साथै साहित्यिक कृतिहरूमा प्रयुक्त नारीपात्रहरूको चरित्रचित्रण गरी विश्लेषण गर्न रुचि राख्ने देवी शर्माको समालोचनाहरू शोधपरक हुँदाहुँदै पनि व्याख्यात्मक शैलीका देखिन्छन् । यिनका समालोचनाहरू कृतिपरक, नारीपरक र जीवनीपरक देखिन्छन् । समालोचना विधालाई साहित्यको महत्त्वपूर्ण विधाका रूपमा स्विकार्ने देवी शर्मा समालोचना विधामा समर्पित भई सक्रिय रहेकी नारीसमालोचक हुन् । यिनको समालोचना कृति तथा अन्य फुटकर समालोचनाहरूलाई ध्यानमा राख्दै समालोचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) पुराना नारीसाहित्यकारहरूको खोज तथा अन्वेषणात्मक समालोचनालेखनतर्फ विशेष रुचि

(२) साहित्यका विविध विषय र विधामा समालोचनाहरू लेखिएका देखिए पनि मुख्यतया साहित्यिक कृतिमा प्रयुक्त नारीपात्र तथा नारीसाहित्यकारहरूको लेखकीय प्रवृत्तिमाथि केन्द्रित भई समालोचनालेखन

(३) प्रभावपरक समालोचना चेतनामा आबद्ध भई समालोचना लेख्ने प्रवृत्ति

---

६ सुधा त्रिपाठी, पूर्ववत्, पृ. ९० ।

(४) कृतिको विश्लेषणात्मक भन्दा पनि व्याख्यात्मक शैलीमा विवेचना गर्दै अन्य विधाका तुलनामा कथा विधाको समालोचनामा बढी केन्द्रित

(५) कृति तथा व्यक्तिको समालोचना गर्दा तिनको कुनै पनि पक्षमा मात्र नभई समग्रताको विवेचना आदि ।

### ५.१.४.३ समालोचना कृतिको विश्लेषण

**शोध र समीक्षा** (२०४५) कृति देवी शर्माको प्रकाशित एकमात्र समालोचना कृति हो । विभिन्न समयका पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर समालोचनाहरूलाई सङ्कलन गरी सङ्ग्रह गरिएको प्रस्तुत कृतिमा विभिन्न विधा, विषय तथा कृतिमा आधारित भएर लेखिएका जम्मा अट्ठाइसओटा समालोचनात्मक लेखहरू प्रकाशित देखिन्छन् । १४८ पृष्ठको आयाममा फैलिएको प्रस्तुत कृतिका अट्ठाइसओटा समालोचनाहरूमध्ये नारीपरक सोरओटा कृतिपरक छओटा, व्यक्तिपरक पाँचओटा र विधापरक समालोचना एउटा देखिन्छन् । नारीसँग सन्दर्भित समालोचनाहरूमा *अतीतमा विलाएकी लोकप्रियादेवी जोशी, महिला साहित्यकारहरूको खोजका क्रममा श्रीमती कुसुम मञ्जरी देवी, शारदायुगका महिला कवयित्रीहरूको प्रवृत्ति विश्लेषण : शारदाकालीन गद्य लेखिकाहरू, माध्यमिककालकी कवयित्री भगत्‌कुमारी पाण्डे, रिमालका नारीपात्र जिउँदा र आँटिला, कविशिरोमणि लेखनाथ पौड्यालका रचनामा नारीचरित्र, पल्लोघरको झ्याल उपन्यासकी नायिका मिसरीको चरित्र विश्लेषण, समका नाटकका सबल र निर्बल नारीपात्रहरू, एक चिहान उपन्यासका नारीहरू, नेपाली साहित्यमा नारीको स्थान, महिला कथाकार माया ठकुरीका केही कथाहरू, साहित्य, कला र सङ्गीतप्रेमी प्रेमराजेश्वरी, चाँदनी शाहका गीत नारीहृदयका प्रतिबिम्ब हुन्, सन्दर्भ प्रेमराजेश्वरीदेवी शाह (थापा) को कवितायात्रा* जस्ता नारीपरक समालोचनात्मक लेखहरू देखिन्छन् । यसरी प्रस्तुत कृतिको अधिकांश समालोचनाहरू शोधमूलक तरिकाबाट नारीविषयमा केन्द्रित भई लेखिएका देखिन्छन् । यसैगरी समालोच्य कृतिलाई कृतिका विभिन्न पक्ष तथा समग्रतालाई विवेचना गरिएका समालोचनाहरूमा *साल्गीको बलात्कृत आँसु अनौपचारिक टिप्पणी, एकादेशकी महारानी, बालकृष्ण समको अन्धवेग नाटक, मुटुको व्यथामा त्रिकोण प्रेम, उर्वशी खण्डकाव्य हृदय र बुद्धिको द्वन्द्व, नजुरेको जोडी यसो हेर्दा* जस्ता समालोचना पर्दछन् भने जीवनी तथा व्यक्तिपरक समालोचना अन्तर्गत *श्री भैरव अर्यालको साहित्ययात्रा, प्रकृतिका पुजारी कवि म.वी.वि. शाह, संवेदनशील कवि घिमिरे र राजेश्वरी, भाषाप्रेमी तथा मानवतावादी कवि लेखनाथ र नेपाली भाषाको सेवामा समर्पित व्यक्तित्व स्व. पारसमणि प्रधान* शीर्षकका लेखहरू पर्दछन् । यसप्रकार कृतिपरक, नारीपरक जीवनीपरक तथा विधापरक समालोचनाहरूको समग्रता रहेको प्रस्तुत कृतिमा *नेपाली एकाङ्की नाटकको विकासक्रमको सर्वेक्षण* शीर्षकको एकमात्र समालोचनात्मक लेख विधापरक समालोचनामा आधारित देखिन्छ । उस्तै आकार प्रकारमा रहेका प्रस्तुत कृतिका सम्पूर्ण समालोचनाहरू प्रभाववादको परिवृत्तमा रहेर लेखिएका देखिन्छन् ।

### ५.१.४.४ निष्कर्ष

लामा समयावधिसम्म समालोचना लेखनलाई निरन्तरता दिई यस विधामा कलम चलाइरहने क्रियाशील समालोचक देवी शर्माका **शोध र समीक्षा** (२०४५) कृतिका अतिरिक्त पनि यिनका फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर बसेका देखिन्छन् । नेपाली नारीसमालोचनाको क्षेत्रलाई व्यापक र उर्वर बनाउन यिनको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

## ५.१.५ गायत्री श्रेष्ठ र उनको समालोचना कृति

### ५.१.५.१ व्यक्तित्व र कृतित्व

गायत्री श्रेष्ठ प्राध्यापन पेसामा लागिसकेपछि मात्र समालोचनालेखनतर्फ प्रवृत्त भएको पाइन्छ । समालोचना विधाका अतिरिक्त विभिन्न पत्रिकाहरूमा फुटकर नियात्रा, गीत, कविता आदि प्रकाशित गराएकी गायत्री श्रेष्ठले विभिन्न सम्मान तथा पुरस्कार समेत पाएको देखिन्छ । वि.सं. २००७ मा इलाममा जन्मिएकी गायत्री श्रेष्ठ **विवेक** पत्रिकामा २०४१ मा छापिएको *नयाँ सडकको गीत कथासङ्ग्रहको भावभूमिका विकलका नारीपात्र* शीर्षकको समालोचनात्मक लेखबाट यस क्षेत्रमा प्रवेश गरेको देखिन्छ । हालसम्म विभिन्न समालोचना कृतिका साथै फुटकर समालोचनामा पनि क्रियाशील रहेकी गायत्री श्रेष्ठले 'दीपशिखा', 'मारुनी', 'स्मारिका चितवन महोत्सव' जस्ता पत्रिकाहरूको पनि सम्पादन गरेको देखिन्छ । उनका हालसम्म प्रकाशित समालोचना कृतिहरू यसप्रकार देखिन्छ :

(१) कथाकार देवकुमारी थापाको व्यक्तित्व र कृतिविश्लेषण (२०४६)

(२) केही कृति : आफ्नै दृष्टि (२०६५)

(३) साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षरहरू (२०६३, सहलेखन)

साढे दुई दशकदेखि समालोचनालेखनमा निरन्तर रूपमा प्रवृत्त रहँदै आएकी गायत्री श्रेष्ठका समालोचनाहरूमा समयका अन्तरालले कुनै फरक पारेको देखिँदैन । उनका समालोचनाहरू प्रारम्भदेखि आजसम्म उस्तै धार र प्रभावमा अगाडि बढेको देखिन्छ । गायत्री श्रेष्ठ बहुमुखी प्रतिभा भएकी साहित्य स्रष्टा हुन् । उनको कलम समालोचनामा मात्र होइन गीत सिर्जनामा पनि रमाउँछ । साहित्यका सबै विधामा समालोचना गरे पनि उनको विशेष रुचि भने कथा विधा र त्यसमाथि पनि कथामा प्रयुक्त नारीहरूको चरित्रचित्रण गर्नु नै रहेको देखिन्छ ।

### ५.१.५.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

गायत्री श्रेष्ठ प्रभाववादी समालोचना पद्धतिलाई आत्मसात् गरी समालोचना लेख्ने स्रष्टा हुन् । कुनै पनि कृति वा कृतिकारको प्रभावबाट प्रेरित भई समालोचना गर्न रुचाउने उनका समालोचनामा गुणदर्शन प्रवृत्तिको प्रबलता पाइन्छ । कृतिको बारेमा आफ्ना चेतनाले देखेको कुरालाई स्वत:स्फूर्त रूपमा व्यक्त गर्ने 'गायत्री समालोचना सिद्धान्तको सञ्जालमा फासेर समीक्षा गर्ने समालोचक होइनन् । साहित्यिक वाद वा सिद्धान्तका आधारमा गरिने

समालोचना अत्यन्त महत्त्वपूर्ण हुन्छ, तर त्यो एकदमै जटिल हुन्छ । समालोचनाजस्तो जटिल लेखन अजटिल पारामा गर्नु गायत्रीको विशेषता हो ।'[७]

कुनै पनि साहित्यिक कृति वा रचना पढिसकेपछि त्यसको प्रतिक्रियास्वरूप समालोचना लेख्ने गायत्री श्रेष्ठका समालोचनामा नवीन चिन्तन तथा नूतन शैली नपाइए पनि उनी आफ्नो स्वतन्त्र प्रतिक्रिया स्वरूप समालोचना लेख्ने गर्दछिन् । त्यसैले यिनका समालोचनाले निबन्धात्मक शैलीलाई पनि आत्मसात् गरेको पाइन्छ । प्राध्यापकीय पेसागत आवश्यकताले समालोचनालेखन पुगेकी गायत्री श्रेष्ठ 'कथा र नाटक विधाको समालोचना गर्न चाख मान्छिन् । पेसागत आवश्यकताले नै यसतर्फ क्रियाशील गायत्री साहित्यिक रचनामा अभिव्यक्त नारीसम्बन्धी अवधारणाप्रति छिट्टै नै आकर्षित भएर तत्सम्बन्धी समालोचनालेखन अग्रसर हुन्छिन् ।'[८] फुटकर रचना वा पुस्तकाकार कृतिको समग्रमा समालोचना गर्न रुचाउने गायत्रीका समालोचनामा स्थूल विश्लेषण पाइन्छ । हालसम्म प्रकाशित उनका तीनवटा समालोचना कृति तथा अन्य फुटकर समालोचनाका आधारमा गायत्रीका समालोचना प्रवृत्तिलाई यसप्रकार देखाइन्छ :

(१) समालोचनाको सैद्धान्तिक पक्षभन्दा टाढै बसेर कृतिबाट प्रभावित भई समालोचना लेख्ने प्रवृत्ति,
(२) परम्परावादी तथा प्रभाववादको परिवृत्तमा रहेर समालोचनालेखनमा विशेष रुचि,
(३) व्याख्यात्मक तथा प्राध्यापकीय शैलीको वरण
(४) समालोचना गर्दा गुणदर्शन प्रवृत्तिलाई आत्मसात गरी समालोचना गर्ने प्रवृत्ति,
(५) कृतिपरक तथा जीवनीपरक समालोचनामा केन्द्रित भई समालोच्य विषयको स्थूल चित्रण,
(६) केही अनुसन्धानमूलक तथा शोधमूलक समालोचनालेखनमा समेत प्रवृत्त आदि ।

### ५.१.५.३ समालोचना कृतिको विश्लेषण

गायत्री श्रेष्ठको **देवकुमारी थापाको व्यक्तित्व र कृतिविश्लेषण** (२०४६) उनको प्रकाशित पहिलो समालोचना कृति हो । शोधपत्रको बाह्य संरचनात्मक ढाँचामा लेखिएको चवन्न पृष्ठको यस लघुसमालोचना कृतिमा समालोचक श्रेष्ठले कथाकार देवकुमारी थापाको कथाकारिताको अध्ययन गरेकी छिन् । देवकुमारी थापाको पारिवारिक व्यक्तित्व र साहित्यिक व्यक्तित्व गरी दुईओटा पाटामा छुट्याएर चर्चा गरिएको यस कृतिमा पारिवारिक व्यक्तित्वको चित्रण सतही प्रवृत्तिबाट लेखिएको पाइन्छ भने साहित्यिक

---

७ मोहनराज शर्मा, **भूमिका, केही कृति : आफ्नै दृष्टि**, गायत्री श्रेष्ठ, पूर्ववत् ।

८ सुधा त्रिपाठी, **महिला समालोचक र नारी समालोचना**, पूर्ववत्, पृ. १६७ ।

व्यक्तित्वअन्तर्गत नेपाली कथालेखनको पृष्ठभूमि र परम्परालाई औँल्याउँदै देवकुमारी थापाको कथालेखनको पृष्ठभूमि पनि देखाइएको छ । *प्रवेश र प्रेरणा, समसामयिकता समवर्ती उत्तरवर्ती कथाहरू, देवकुमारी थापाका कृतिका सर्वेक्षण, बालकथा* उपशीर्षकभित्र थापाका कृतिहरूको विवरण दिइनुका साथै उनलाई जीवनीकार र सम्पादक व्यक्तित्वको रूपमा पनि चिनाइएको छ ।

यसैक्रममा *देवकुमारी थापाका प्रतिनिधित्व कथाको अध्ययनमा* थापाको कृतित्वको विशेषतः अध्ययन गर्न खोजिएको छ । 'बालमनोवैज्ञानिक, मनोवैज्ञानिक, नारीसमस्यामूलक, प्रणयप्रधान सामाजिक र राष्ट्रिय सञ्चेतनायुक्त गरी छ प्रकारले थापाका कथालाई वर्गीकरण गरिएको छ । साथै यिनै प्रवृत्तिगत आधारमा उनको कथाको सङ्क्षिप्त विश्लेषण पनि गरिएको छ । बालमनोवैज्ञानिक नारीसमस्यामूलक, सामाजिक र राष्ट्रिय भावनायुक्त कथाहरूका बारेमा सङ्क्षिप्त अध्ययन गरिएको छ । उपसंहारमा विश्लेष्य कृतिको सारसङ्क्षेप प्रस्तुत गरिएको ... प्रस्तुत कृति उनको प्राध्यापकीय जीवन वृत्तबाट निस्किएको उपज हो'[९] र यसले श्रेष्ठलाई नारीसमालोचकका रूपमा चिनाएको छ ।

**साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षरहरू** (२०६२) गायत्री श्रेष्ठको सरस्वती रिजालसँग सहलेखनमा तयार पारिएको खोज तथा अन्वेषणमूलक समालोचना कृति हो । प्रस्तत् कृतिमा नारायणी अञ्चलका चार जिल्लामा छरिएर रहेका नारीसाहित्यकारहरूको परिचय, योगदान र साहित्यिक कृतिको व्याख्या, विश्लेषण गरिएको छ । जम्मा ८८ पृष्ठको आयाम भएको प्रस्तुत कृतिमा नारायणी अञ्चलको चिनारी, नारीसाहित्यकारहरूको पृष्ठभूमिका रूपमा नेपालका शारदापूर्व तथा **शारदा**कालीन नारीसाहित्यकारको सङ्क्षिप्त चिनारीका साथै चितवनका एघार, पर्साका चार, बाराका दुई, मकवानपुरका तीन गरी जम्मा बीसजना नारीसाहित्यकारहरूको कृतिविश्लेषणसहित चर्चा गरिएको छ भने रौतहटका नारीसाहित्यकारका अन्य फुटकर रूपमा कलम चलाउने नारीहरूको पनि चर्चा गरिएको छ । यसरी नारीस्रष्टाहरूको खोज तथा अनुसन्धान गरी तयार पारिएको प्रस्तुत कृति साहित्य इतिहास लेखनको एउटा महत्त्वपूर्ण प्राप्ति हो । यस कृतिको स्वयम् गायत्री श्रेष्ठ बारेको आलेख भने लक्ष्मणप्रसाद गौतमको **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण**बाट बिनास्रोत साभार गरिएको छ ।

**केही कृति : आफ्नै दृष्टि** (२०६५) गायत्री श्रेष्ठको तेस्रो समालोचना कृति हो । समालोचनालेखनको प्रारम्भदेखि हालसम्म प्रकाशित उनका फुटकर समीक्षाहरूको सङ्ग्रहका रूपमा रहेको प्रस्तुत कृतिमा सरल र सहजढङ्गमा विभिन्न विधाका कृति तथा रचनाहरूको समीक्षा गरिएका छन् । 'पूर्णतया प्रभावपरक चिन्तनमा आधारित भएर लेखिएको **केही कृति : आफ्नै दृष्टि** उनको समीक्षात्मक दृष्टिचेतनाको उपज हो । सरल र

---

[९] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण**, (चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२), पृ. ११२–११३ ।

आत्मगत–वस्तुगतशैलीका उनका समीक्षाले निबन्धको स्वाद पनि चखाउँछन् ।'[१०] जम्मा सत्रओटा समीक्षात्मक लेख रहेको र १८२ पृष्ठको आयाममा फैलिएको प्रस्तुत कृतिमा काव्य/कविता, कथा, निबन्ध, व्यक्तित्व गरी साहित्यका विविध विधामा समालोचना लेखिएका देखिन्छन् । कुनै चालीस पृष्ठ लामा र कुनै तीन पृष्ठसम्मका आयतनमा रहेका प्रस्तुत कृतिका समालोचनाहरू सातओटा कथाकेन्द्रित, सातओटा कविता/काव्यकेन्द्रित तथा एक–एकओटा निबन्ध, एकाङ्की र जीवनी/व्यक्तित्वकेन्द्रित गरी सत्रओटा समालोचना रहेको प्रस्तुत कृतिका सबै लेखहरू आस्वादनात्मक भएकाले विवेच्य कृतिलाई बुझ्न, बुझाउन अतयन्त सफल छन् । 'समालोचक कृति र पाठकका बीच सेतु भएकाले उसको बुझ्ने बुझाउने भूमिकालाई अत्यन्त महत्त्वपूर्ण मानिन्छ । गायत्रीले यस भूमिकाको राम्ररी मनन गरेकी छिन् ।'[११] यसप्रकार आफ्ना विभिन्न समालोचना कृति लिएर नेपाली नारीसमालोचनाका क्षेत्रमा देखापरेकी गायत्री श्रेष्ठ मूलतः समालोचना विधामा नै केन्द्रित देखिन्छिन् ।

#### ५.१.५.४ निष्कर्ष

गायत्री श्रेष्ठ नेपाली नारीसमालोचनामा लामो समयदेखि कलम चलाउँदै आएकी साहित्यकार हुन् । विभिन्न समयमा फुटकर समालोचना र समालोचना कृति लिएर देखापर्ने गायत्री श्रेष्ठका समालोचनाहरू प्रभाववादी चिन्तनमा आधारित भएर लेखिएका भए पनि तिनले कृतिका मर्म छोएका छन् र पाठकहरूलाई कृतिप्रति आकर्षित गर्न सफल देखिन्छन् । तीनओटा समालोचना कृति प्रकाशित गराएर नारीसमालोचकका रूपमा आफ्नो पहिचान बनाएकी गायत्री श्रेष्ठले जीवनीपरक, कृतिपरक, अनुसन्धान तथा शोधपरक आदि विभिन्न समालोचना पद्धतिमा आबद्ध भएर समालोचना गरेको देखिन्छ । व्यक्ति, कृति वा रचनाबाट प्रभावित भएर स्वतःस्फूर्त रूपमा समीक्षात्मक दृष्टिकोण प्रस्तुत गर्ने गायत्री श्रेष्ठले आफ्ना समालोचना कृतिहरूका माध्यमबाट नेपाली नारीसमालोचनाको क्षेत्रलाई फराकिलो पार्ने काममा महत्त्वपूर्ण योगदान दिएको देखिन्छ ।

### ५.१.६ रमा शर्मा र उनका समालोचना कृति

#### ५.१.६.१ व्यक्तित्व र कृतित्व

नेपाली भाषा साहित्यमा समर्पित भएर लाग्ने समालोचक रमा शर्माको जन्म वि.सं. १९९९ म भएको हो । सिर्जना विधामा भन्दा पनि समालोचनात्मक लेखन तथा सम्पादनमा विशेष सक्रिय रहेकी रमा शर्माले साहित्ययात्राको प्रारम्भमा नै समालोचनात्मक लेखहरू लेखेको पाइन्छ । वि.सं. २०२० बाट साहित्य क्षेत्रमा प्रवेश गरेकी यिनका अनुसन्धानात्मक तथा समीक्षात्मक कृतिहरू प्रकाशित भइसकेका देखिन्छन् । यसरी भाषा र साहित्यमा

---

[१०] लक्ष्मणप्रसाद गौतम, **भूमिका, केही कृति : आफ्नै दृष्टि**, गायत्री श्रेष्ठ, पूर्ववत् ।

[११] मोहनराज शर्मा, भूमिका, गायत्री श्रेष्ठ, पूर्ववत्, पृ. ठ ।

निरन्तर रूपमा सक्रिय रहेकी रमाका सयौँ अनुसन्धानात्क, समालोचनात्मक, शैक्षिक, भाषिक आदि लेखहरू **प्रज्ञा, मधुपर्क, गोरखापत्र, नेपाली, कान्तिपुर** आदि पत्रपत्रिकामा प्रकाशित छन् ।[१२] पछिल्लो समयमा विभिन्न पुस्तकहरूको सम्पादनमा सक्रिय देखिएकी रमा शर्माले हालसम्म डेढ दर्जनभन्दा बढी कृतिहरूको सम्पादन गरिसकेको देखिन्छ । समालोचनालेखनका अतिरिक्त पाठ्यपुस्तक लेखन तथा अन्य लेखनमा पनि क्रियाशील रहेकी रमा शर्माका हालसम्ममा सृजना विधामा भने कुनै कृति प्रकाशित भएको देखिँदैन । 'सर्वप्रथम **फूलपाती** पत्रिकामा समालोचना प्रकाशित गरेर समालोचनालेखनतर्फ प्रवृत्त भएकी रमा उक्त लेखनप्रतिको आफ्नो झुकाउलाई नै लेखनको कारण मान्छिन् । 'उनी समालोचनालेखनका लागि खास एउटै विधा र प्रवृत्तिमा सीमित नरही विविधता अँगाल्न रुचाउँछिन् । हालसम्म लगभग तीन दर्जनजति फुटकर समालोचना प्रकाशित गरिसकेकी रमा साहित्यिक सिर्जना र समालोचना दुवैलाई उत्तिकै महत्त्वपूर्ण मान्छिन् । समालोचना नभएको साहित्य बिना लगामको घोडाजस्तै हुनछ भन्ने रमा समालोचनाको टड्कारो आवश्यकता बोध गर्छिन् ।'[१३] उनका हालसम्म प्रकाशित समालोचना कृति यसप्रकार देखिन्छ :

(१) केही चिन्तन (२०४८)

(२) मोतीराम परिक्रमा (२०५०)

विशेषगरी अग्रज स्रष्टाहरू र तिनका सिर्जनाहरूमाथि बढी चासो राख्ने रमाका समालोचनाहरूले त्यसतर्फ नै झुकाउ राखेको देखिन्छ ।

### ५.१.६.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

साहित्यका सबै विधा र प्रवृत्तिमा समालोचनालेखन रुचाउने रमा शर्माका समालोचनाहरू प्रभाववादी समालोचना पद्धतिअनुरूप नै लेखिएको पाइन्छ । खासगरी मोतीराम भट्टको जीवनी र कृतित्वबाट अत्यन्त प्रभावित यिनको **मोतीराम परिक्रमा** मोतीराम भट्टकै केन्द्रीयतामा लेखेको पाइन्छ । प्रभाववादलाई अँगालेर लेखिए पनि यिनको समालोचनामा अनुसन्धानात्मक प्रवृत्ति पनि सबल देखिन्छ ।

> 'नेपाली समालोचनाको शोधखोज गर्ने माध्यमिक कालका कविहरूले दिएका विशिष्ट योगदानलाई अन्वेषण, समीक्षण र मूल्याङ्कन गरेर निष्कर्ष दिने कार्यमा जुटेकी रमा शर्मा शोधखोजमूलक सामग्रीको सङ्कलन र समीक्षण गर्ने निष्कर्षमा जुटेकी व्यक्तित्व देखिन्छिन् । महत्ताका आधारमा रमा शर्मा गोपाल पाण्डेका परम्परामा गति प्रदान गर्ने ऊर्जाशील समीक्षकका रूपमा परिचित छन् र उनको अन्वेषणात्मक चेतना नेपाली समालोचनाको क्षेत्रमा महिला व्यक्तित्वको उच्च प्रतिष्ठा प्रदान गर्न सफल छन् भन्ने सन्दर्भमा लिन सकिन्छ ।[१४]

---

[१२] सुधा त्रिपाठी, पूर्ववत्, पृ. ७७ ।

[१३] ऐजन ।

[१४] राजेन्द्र सुवेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ. १८५–१८६ ।

साहित्यको सैद्धान्तिक पक्षमा भन्दा पनि व्यक्ति र कृतिको प्रभावमा आफ्ना अनुभव, धारणा तथा दृष्टिकोण व्यक्त गर्ने क्रममा उनका समालोचनाहरू लेखिएका पाइन्छन् । साहित्यको खास कुनै विधालाई भन्दा पनि साहित्यको सबै विधाका कृति वा रचनाको समालोचना गर्न रुचाउने रमा शर्माका अधिकांश समालोचनाहरू अनुसन्धानात्मक तथा ऐतिहासिक देखिन्छन् । उनका फुटकर समालोचना तथा समालोचना कृतिहरूका आधारमा रमा शर्माका समालोचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) साहित्यका विभिन्न विधा तथा प्रवृत्तिहरूमा केन्द्रित भई समालोचनालेखन,

(२) ऐतिहासिक समालोचनालेखनतर्फ विशेष झुकाउ,

(३) प्रभावपरक समालोचनाका साथै जीवनीपरक समालोचना लेखनमा झुकाउ,

(४) शोध तथा अनुसन्धानमुखी समालोचनातर्फ उन्मुखता,

(५) विश्लेषणात्मक शैलीको भन्दा व्याख्यात्मक शैलीको प्रयोग आदि ।

### ५.१.६.३ समालोचना कृतिको विश्लेषण

रमा शर्माको **केही चिन्तन** (२०४८) उनको पहिलो समालोचना कृति हो । विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपा छरिएर रहेका सत्रओटा समालोचनात्मक लेखहरूलाई सङ्कलन गरी कृतिको रूप दिइएको यस पुस्तकमा सङ्कलित समालोचनाहरू साहित्यका विविध सन्दर्भहरूलाई समेटिएर लेखिएको पाइन्छ । स्रष्टापरक, कृतिपरक, साहित्यको ऐतिहासिक सन्दर्भ आदिका बारेमा केन्द्रित यी समालोचनाहरू कतिपय ठाउँमा नैबन्धिक समालोचनाका रूपमा पनि देखिन्छन् । साहित्यको इतिहास खोतलेर त्यसभित्रको सत्यतथ्य पत्ता लगाउनमा रुचिशील देखिने समालोचक शर्माका अधिकांश समालोचनाहरू साहित्यका ऐतिहासिक व्यक्तित्व, कृतित्व तथा ऐतिहासिक सन्दर्भहरूसँग सन्दर्भित देखिन्छन् ।

प्रस्तुत कृतिमा सङ्गृहीत *पहलमानसिंह स्वार र यिनका कविताका छन्दहरू, कवि दीपकेशरी लोहनी, दक्षिणाभिलाषी शम्भुप्रसाद, कवि पद्मविलास पन्त, नेपाली व्याकरणजगत्का दुई साधक : असीम र प्रधान, सूधपाका 'सू' मेरा आँखामा, नेपाली भाषासेवी पारसमणि प्रधान, सशक्त नारी प्रतिभा : चाँदनी शाह*जस्ता समालोचनाहरू पूर्णतया प्रभाववादबाट प्रेरित भई लेखिएका स्रष्टापरक समालोचनाका रूपमा देखिन्छ भने *प्रजातन्त्रपूर्वको साहित्य सम्मेलन : एक चर्चा, बधूशिक्षाको दोस्रो संस्करणक प्रकाशन मितिका सन्दर्भमा, भानुजयन्तीको ऐतिहासिकता, समस्यापूर्ति : मोतीराम र मोतीराममोत्तर कालमा, भानुभक्त र सं. १९९१–२००० को दशक*जस्ता समालोचनाहरू साहित्यसम्बन्धी विभिन्न ऐतिहासिक सन्दर्भ र अन्य सन्दर्भहरूसँग सन्दर्भित देखिन्छन् । समालोचनाका सिद्धान्त तथा विभिन्न वाद, चिन्तन आदिबाट परै रहेका उनका समालोचनाहरू वस्तुपरकता र विश्लेषणात्मकता भन्दा पनि व्याख्यात्मक र विवरणात्मक किसिमका देखिन्छन् । कुनै ऐतिहासिक व्यक्तित्व, घटना, प्रवृत्ति, कृति तथा अन्य विषयका बारेमा आफूले जानेका र

प्रमाणहरूलाई आधार बनाएर टिपोट गरिएका कुराहरूलाई मिलाएर लेख्ने क्रममा जन्मिन पुगेका यी समालोचनाहरूमा प्रष्टै रूपमा ऐतिहासिक समलोचनाको स्वरूप देख्न सकिन्छ ।

रमा शर्माको अर्को समालोचना कृतिका रूपमा **मोतीराम परिक्रमा** (२०५०) देखिन्छ र यो उनको दोस्रो समालोचना कृति हो । जम्मा १०७ पृष्ठको आयाममा फैलिएको प्रस्तुत कृतिमा जम्मा तेह्रओटा समालोचनात्मक लेखहरू समेटिएका देखिन्छन् । मोतीराम भट्टमाथि केन्द्रित यी तेह्रओटा समालोचनाहरूमा मोतीरामको जीवनी, व्यक्तित्व, कृतित्व प्रवृत्ति तथा अन्य सन्दर्भहरूको चर्चा गरिएको छ । वि.सं. २०३३ सालदेखि २०४६ सालसम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका नौओटा समालोचनात्मक लेख र यसै सङ्ग्रहमा पहिलोपटक प्रकाशित भएको पाँचओटा समालोचनात्मक लेखहरूलाई सङ्ग्रह गरिएको यस कृतिमा निबन्धात्मक शैलीको प्रयोग पाइन्छ ।

#### ५.१.६.४ निष्कर्ष

रमा शर्मा समालोचनालेखन तथा कृति सम्पादनका कार्यमा लामो समयदेखि क्रियाशील देखिने साहित्यकार हुन् । नेपाली भाषासाहित्यका जीवित र दिवङ्गत कवि, लेखक, साधक आदिका बारेमा खोज तथा अनुसन्धानमा निरन्तर रूपमा लागिरहने रमा शर्मा समालोचना तथा सम्पादन क्षेत्रकी सक्रिय नारीसमालोचक हुन् । ऐतिहासिक समालोचनालेखनमा विशेष रुचि राख्ने उनका समालोचनाहरू साहित्य, भाषा र व्याकरणमा केन्द्रित देखिन्छन् । मोतीराम भट्टको सम्पूर्ण कृतिहरूको व्यापक खोजी गरी **मोती ग्रन्थावली** (२०४५) को सम्पादनसमेत गरी मोतीरामका विषयमा आधिकारिक ज्ञान प्राप्त भएकी रमा शर्माले धेरै कृतिहरूको सम्पादन गरेर नारीसम्पादकको विशिष्टता देखाएकी छिन् । यसरी ऐतिहासिक, अनुसन्धानात्मक तथा शोधपरक समालोचन लेख्ने रमा शर्मा नारीसमालोचकहरूको माझमा सङ्कलन तथा सम्पादनका दृष्टिले आफ्नो पृथक् पहिचान बनाउन सफल समालोचक हुन् ।

### ५.१.७ सावित्री मल्ल (कक्षपति) र उनका समालोचना कृति

#### ५.१.७.१ व्यक्तित्व र कृतित्व

नेपाली समालोचनामा दुई दशक अघिदेखि नै नारीसमालोचकका रूपमा देखा परेकी सावित्री मल्लले आफ्नो समालोचनालेखनलाई निरन्तरता दिनाका साथै प्रभावकारी बनाउँदै लगेको पाइन्छ । प्राध्यापन पेसमा संलग्न उनको प्रकाशित समालोचना कृति **पाल्पाको लोकगीत एक अध्ययन** (२०५२) लगायत अन्य प्रशस्त फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । प्रारम्भमा कथालेखनका माध्यमबाट साहित्यमा प्रवेश गरेकी सावित्री मल्लले २०४३ सालमा *प्यूठानको उल्ले सरायँ* शीर्षकको समालोचना लेखेर समालोचना विधातर्फ प्रवृत्त भएको देखिन्छ । लोकगीतको अध्ययन तथा विश्लेषणमा केन्द्रित भई समालोचनालेखनको आरम्भ गरेकी सावित्री मल्लले पछिल्लो समयमा आएर भने सबै विधाका समालोचनामा कलम चलाएको देखिन्छ । सावित्री मल्लका

समालोचनाहरूमा उनको समालोचकीय अन्तर्दृष्टिको स्पष्ट झलक पाइन्छ । अध्ययन गर्ने क्रममा विषयवस्तुमाथि चिन्तन मनन गर्दागर्दै समालोचनात्मक लेखहरू लेख्न पुगेकी सावित्री मल्लको 'हालसम्म अन्दाजी एक दर्जनजति फुटकर समालोचना प्रकाशित गराएकी छिन् । सावित्रीलाई सृजनात्मक लेखनले प्रस्तुत गरेको मानवीय समस्यामा अन्तर्निहित नारीसमस्याले बढी हुने गर्छ । उनी सिर्जनात्मक लेखनलाई पूर्णता दिने अर्थमा समालोचनाको आवश्यकत देख्छिन् ।'[१५] समालोचनालेखनमा आफ्नो स्पष्ट धारणा दिन रुचाउने मल्लका प्रकाशित कृति एउटा मात्र देखिए पनि यिनका विभिन्न पत्रपत्रिकामा प्रकाशित प्रशस्त समालोचनात्मक लेखहरू पढ्न पाइन्छ । उनी समालोक व्यक्तित्वका साथै सर्वनाम नाट्य समूहसँग पनि सम्बद्ध छिन् ।

### ५.१.७.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

चालीसका दशकबाट समालोचनालेखनमा निरन्तरता दिँदै आएकी सावित्री मल्लका प्रारम्भिक समालोचना अनुसन्धानात्मक तथा अन्वेषणात्मक किसिमका देखिएका छन् । उनले नेपाली लोकसंस्कृतितर्फ प्रशस्त रुचि देखाई समालोचना लेखेको पाइन्छ र यिनको पहिलो समालोचना नै त्यसैतर्फ प्रवृत्त भएको देखिन्छ । यिनका फुटकर समालोचनालाई हेर्दा सैद्धान्तिक तथा प्रायोगिक दुवै किसिमका समालोचनामा यिनको कलम चलेको देखिन्छ । व्यक्तिपरकता, प्रभावपरकता र परम्परागत लेखनभन्दा भिन्नै किसिमका कृतिकेन्द्रित, विषयकेन्द्रित तथा सैद्धान्तिक समालोचना लेख्न रुचाउने मल्लका अधिकांश समालोचना अन्वेषणात्मक र विश्लेषणात्मक देखिन्छन् ।

> 'नारीसमस्यामूलक प्रस्तुतिमा 'मसान' नाटक' (**दीपशिखा,** २०५५), *नारीमुक्ति आन्दोलन र नारीवादी साहित्यको विकास* (**कस्तुरी**, २०६०), *आधुनिक कथाको विकासमा महिला कथाकारको योगदान* (**गुञ्जन**, २०६१) जस्ता गहन फुटकर समालोचना लेख्ने सावित्री मल्लका समालोचनामा सूक्ष्म रूपमा नारीवादी प्रवृत्तिसमेत पाउन सकिन्छ । प्राध्यापन पेसा अँगाल्नुपर्दा आफूभित्र समालोचकीय अन्तर्दृष्टिको विकास भएको महसुस गरी आफूलाई लागेको कुरा र अनुभूतिलाई विवेचनात्मक स्वरूपमा प्रस्तुत गर्न थाल्दा समालोचनालेखनतिर उन्मुख भएकी हुन् । उनी नाटक, कथा र उपन्यास विधाको समालोचना गर्न रुचाउँछिन् ।'[१६]

कृतिमा प्रयुक्त नारी पक्षको उजागर गर्न तथा नारीहरूको साहित्यिक स्थिति तथा योगदानका सम्बन्धमा खोज अनुसन्धान गर्न रुचाउने समालोचक मल्लका समालोचना कृति तथा रचनाहरूका आधारमा उनका समालेचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

---

१५ सुधा त्रिपाठी, पूर्ववत्, पृ. २१० ।

१६ सुधा त्रिपाठी, पूर्ववत्, पृ. २१० ।

(१) समालोचनालेखनको प्रारम्भतिर लोकगीत तथा लोकसंस्कृतितर्फ उन्मुख देखिए पनि पछि नाटक, कथा आख्यानजस्ता विधाहरूमा समालोचनालेखनतिरको यात्रा,

(२) कुनै कृति वा विषयका सम्बन्धमा अनुसन्धानात्मक वा विश्लेषणात्मक समालोचना गर्ने प्रवृत्ति,

(३) परम्परागत र प्रभावपरक समालोचनाभन्दा केही पृथक् रहेर वस्तुगततातर्फको उन्मुखता,

(४) विधागत सिद्धान्तका आधारमा र विशेषतः नाट्यरङ्मञ्चसम्बन्धी सैद्धान्तिक समालोचनालेखन,

(५) साहित्यमा प्रयुक्त नारीपात्रलाई वा नारीसाहित्यलाई विषयवस्तुको केन्द्र बनाई समालोचना गर्ने प्रवृत्ति आदि ।

### ५.१.७.३ समालोचना कृतिको विश्लेषण

सावित्री मल्ल 'कक्षपति' को **पाल्पाका लोकगीत अध्ययन र विश्लेषण** (२०५२) हालसम्म प्रकाशित एक मात्र कृति हो । सम्पूर्णतः लोकगीतमा नै केन्द्रित प्रस्तुत कृतिले क्षेत्रीय लोकगीतको इतिहास र परम्परालाई अभिरेखाङ्कन गरेको देखिन्छ । लोकसंस्कृतिको एउटा महत्त्वपूर्ण अङ्गका रूपमा रहेको लोकगीतका सैद्धान्तिक स्वरूपका साथै पाल्पाका लोकगीतहरूको अध्ययन तथा विश्लेषण गरिएको छ । 'लोकगीतको सैद्धान्तिक परिचय, पाल्पाको लोकगीतको अध्ययन तथा विश्लेषण गरी कृतिको समापन गरिएको छ । यसरी पाल्पाका लोकगीतलाई प्रमुख विषयवस्तु बनाई लोकगीतका सैद्धान्तिक तथा प्रायोगिक दुवै पक्षको उपयुक्त व्याख्या विश्लेषण गरिएको प्रस्तुत कृति यस क्षेत्रकै लागि ठूलो प्राप्ति हो ।

पाल्पाका लोकगीत, पाल्पाका लोकगीतहरूको वर्गीकरण, पाल्पाका लोकगीतहरूको अध्ययन तथा विश्लेषण गरी जम्मा चारओटा मूल शीर्षकभित्र आबद्ध रहेर प्रस्तुत समालोचना कृति तयार भएको देखिन्छ । *लोकगीतको सैद्धान्तिक परिचय* शीर्षकअन्तर्गत 'लोक' शब्दको अर्थ, लोकगीत : शब्दार्थ र परिभाषा, लोकगीको वर्गीकरणजस्ता उपशीर्षकमा लोकगीतको सैद्धान्तिक स्वरूपको परिचय देखाइएको छ भने *पाल्पा लोकगीत* शीर्षकमा पाल्पा भूभागमा गाइने लोकगीतहरूलाई जसरी गाइन्छ, त्यही हिज्जेलाई नै लिखित रूप दिई प्रस्तुत गरेको देखिन्छ । स्थानीय भेगमा गाइने विभिन्न किसिमका लोकगीतहरूको परिचय र तिनका जस्ताका तस्तै नमुना दिई चर्चा गरिएको प्रस्तुत शीर्षकले कृतिको व्यापक भाग ओगटेको देखिन्छ । यसैगरी *पाल्पाका लोकगीतको वर्गीकरण* शीर्षकको अर्को परिच्छेदमा पाल्पाका लोकगीतहरूलाई विभिन्न आधारमा वर्गीकरण गरिएको छ । प्रयोग, क्षेत्र, प्रकृतिभेद, स्वरूप र प्रस्तुतीकरणका आधारमा लोकगीतको वर्गीकरण गरी विश्लेषण गरिएको प्रस्तुत कृतिको *पाल्पाको लोकगीतहरूको अध्ययन र विश्लेषण* शीर्षकको अन्तिम परिच्छेदमा पाल्पाका लोकगीतहरूलाई विभिन्न कोणबाट व्याख्या र विश्लेषण गरिएको छ । यसअन्तर्गत 'साहित्यिक दृष्टिकोणले अध्ययन विश्लेषण

उपशीर्षकमा अलङ्कार योजना, अन्त्यानुप्रासमयता, छन्दविधान, द्वन्द्वविधान र प्रतीक प्रयोग, रसपरिपाक हार्दिक अभिव्यक्ति, प्रकृति चित्रण, चित्रात्मकता, कथानक आदिका आधारमा लोकगीतको विश्लेषण गरिएको छ भने *सामाजिक एवम् सांस्कृतिक दृष्टिकोणले अध्ययन र विश्लेषण* उपशीर्षकमा सामाजिक जीवनको चित्रण, लोक विश्वास, धार्मिक जीवनको झलक राष्ट्रियताको अभिव्यक्ति आदिका आधारमा विश्लेषण गर्दै ऐतिहासिक दृष्टिकोण र भाषिक दृष्टिकोणका आधारमा

#### ५.१.७.४ निष्कर्ष

नेपाली नारीसमालोचनाका क्षेत्रमा आफ्नो परिचय बनाइसकेकी सावित्री मल्लका सङ्ख्यात्मक रूपमा समालोचनाको उपस्थिति न्यून देखिए पनि गुणात्मक रूपमा उल्लेखनीय रहेको देखिन्छ । विभिन्न पत्रपत्रिकाहरूमा एकदर्जन भन्दा बढी फुटकर समालोचना तथा एक समालोचना कृति लेखेर नारीसमालोचनाको अभिवृद्धिमा टेवा पुऱ्याएकी सावित्री मल्लका समालोचनाहरू अनुसन्धानात्मक तथा विश्लेषणात्मक देखिन्छन् । स्रष्टापरक तथा जीवनीपरक समालोचनाभन्दा कृतिपरक तथा विषयपरक र सैद्धान्तिक समालोचनामा विशेष रुचि देखाउने सावित्री मल्ल सृजना विधामा भन्दा समालोचना विधामा विशेष सक्रिय रहेकी देखिन्छिन् । नाटक तथा रङ्मञ्चसम्बन्धी तथा नारीविषय र पात्रमाथि समालोचना गर्न रुचाउने मल्ल नेपाली नारीसमालोचकका पङ्क्तिमा उभिएकी नारीसमालोचक हुन् ।

### ५.१.८ शारदा शर्मा र उनको समालोचना कृति

#### ५.१.८.१ व्यक्तित्व र कृतित्व

साहित्यका विभिन्न विधामा कलम चलाउने साहित्यकार शारदा शर्मा नेपाली साहित्यमा चिन्तनपरक तथा बौद्धिक साहित्य लेखनमा क्रियाशील साहित्यकार हुन् । कविता विधाबाट लेखन प्रारम्भ गरेकी शारदा शर्माले वि.सं. २०३९ सालको **प्रज्ञा** पत्रिकाबाट साहित्य यात्रामा प्रवेश गरेको देखिन्छ । नेपाली साहित्यको विभिन्न विधामा आफ्नो परिचय बनाइसकेकी शारदाका हालसम्म कविता, कथा, समालोचना र निबन्ध विधामा कृतिहरू प्रकाशित भएका देखिन्छन् । **विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्र** शीर्षकमा समालोचना कृति प्रकाशित गराएकी शर्माले फाट्टफुट्टरूपमा फुटकर समालोचनामा पनि कलम चलाएको देखिन्छ । अनुसन्धानात्मक तथा तुलनात्मक शैलीको अवलम्बन गरी समालोचनालेखन रुचाउने शारदा शर्माका समालोचनात्मक लेखहरू विचारप्रधान समेत देखिन्छन् ।

#### ५.१.८.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

शारदा शर्मा समालोचनालेखनका क्षेत्रमा व्यापक उपस्थिति देखाउने समालोचक नभए पनि नेपाली नारीसमालोचनामा उनको उपस्थिति र योगदान महत्त्वपूर्ण देखिन्छ । समलोचक शर्माको वि.सं. २०५३ सालमा प्रकाशित **विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्र** शीर्षकको समालोचना कृति उनको हालसम्म प्रकाशित एकमात्र समालोचना कृति हो । यसै

कृतिका माध्यमबाट उनका समालोचनात्मक प्रवृत्तिहरूको स्पष्ट रूपमा निक्र्योल गर्न सकिन्छ । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा प्रयुक्त नारीपात्रहरूको अध्ययन र विश्लेषणमा आधारित प्रस्तुत कृतिमा कोइरालाका नारीपात्रहरूका दृष्टिकोण र आकाङ्क्षासम्बन्धी अध्ययन गरिएको पाइन्छ । यसरी कृतिभित्र प्रयुक्त नारीपात्रहरूमा केन्द्रित रही ती पात्रहरूको विभिन्न आधारमा तुलनात्मक रूपमा अध्ययन विश्लेषण गरिएको हुँदा उनको समालोचनालेखन नारीवादी समालोचनालेखनतर्फ पनि ढल्किएको देखिन्छ । यसै कृतिका आधारमा उनका समालोचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) कृतिपरक समालोचनालेखनमा सक्रियता,
(२) कृतिमा प्रयुक्त नारीपात्रहरूमाथि केन्द्रित भई समालोचना लेख्ने प्रवृत्ति,
(३) अनुसन्धानात्मक तथा तुलनात्मक समालोचना पद्धतिको अवलम्बन,
(४) पात्रका स्थूल र सूक्ष्ममनोविश्लेषणतिरको झुकाउ आदि ।

### ५.१.८.३ समालोचना कृतिको विश्लेषण

**विश्वेश्वरप्रसाद कोइरालाको नारीपात्र** (२०५३) शारदा शर्माको समालोचना कृति हो । विश्वेश्वरप्रसाद कोइरालाका औपन्यासिक कृतिहरूमा प्रयुक्त नारीपात्रहरूको दृष्टिकोण र आकाङ्क्षासम्बन्धी अध्ययनमा केन्द्रित प्रस्तुत कृतिमा चार परिच्छेद रहेको देखिन्छ । प्रस्तुत कृतिको पहिलो परिच्छेदमा औपन्यासिक तत्त्वअन्तर्गत पर्ने चरित्र र चरित्रचित्रणको चर्चा गर्दै उपन्यासमा यसको महत्त्व र भूमिका दर्शाइएको छ भने दोस्रो परिच्छेदमा *कोइरालाका नारीपात्रहरू* शीर्षकमा आबद्ध रही कोइरालाका **तीन घुम्ती**, **नरेन्द्र दाइ**, **सुम्निमा**, **मोदिआइन**, **हिटलर** र **यहुदी** र **बाबुआमा र छोरा** उपन्यासका नारीपात्रहरूको परिचयात्मक विश्लेषण गरिएको छ ।

यसैगरी प्रस्तुत कृतिको तेस्रो परिच्छेदमा *कोइरालाका नारीपात्रहरूका दृष्टिकोण र आकाङ्क्षा* शीर्षकमा समालोचक शर्माले कोइरालाका विभिन्न उपन्यासहरूमा प्रयोग भएका नारीपात्रहरूको मनोवैज्ञानिक ढङ्गले विश्लेषण गरेको देखिन्छ भने चौथो परिच्छेदमा *तुलनात्मक रूपमा कोइरालाका नारीपात्र* शीर्षकअन्तर्गत विभिन्न उपशीर्षकमा आबद्ध भएर अन्य उपन्यासकारहरूको उपन्यासका नारीपात्रहरूसँग कोइरालाका उपन्यासमा प्रयुक्त नारीपात्रहरूको तुलना गरी तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । यसअन्तर्गत तीनजना उपन्यासकारहरूका उपन्यासका नारीपात्रसँग तुलना गरिएको छ । यसअन्तर्गत एउटा शीर्षकमा उपन्यासकार विजय मल्लका उपन्यासका नारीपात्रहरूसँग तुलना गरिएको छ भने अर्को शीर्षकमा पारिजातका औपन्यासिक नारीपात्रहरू र भवानी भिक्षुका औपन्यासिक नारीपात्रहरूलाई कोइरालाका औपन्यासिक नारीपात्रहरूसँग तुलना गरी अध्ययन र विश्लेषणका साथसाथै मूल्याङ्कन समेत गरिएको छ । यसप्रकार कृतिपरक तथा नारीकेन्द्री समालोचनामा प्रवृत्त रही गहन अध्ययन विश्लेषण गरिएको प्रस्तुत कृति नारीसमालोचनाका क्षेत्रमा उल्लेखनीय देखिन्छ ।

### ५.१.८.४ निष्कर्ष

साहित्यमा क्रियाशील रहेकी शारदा शर्मा साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार हुन् । अन्य विधाका तुलनामा समालोचनालेखनमा उनको उपस्थिति कमै मात्रामा देखिए पनि उनी विचारप्रधान तथा गहन समालोचना लेख्ने नारीसमालोचकहरूमा पर्दछिन् । उनको **विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्र** शीर्षकको समालोचना कृति नारीसमालोचनाका क्षेत्रमा एक महत्त्वपूर्ण प्राप्ति बनेको देखिन्छ ।

## ५.१.९ सुषमा आचार्य र उनका समालोचना कृति

### ५.१.९.१ व्यक्तित्व र कृतित्व

साहित्यको कविता, कथा, उपन्यास र समालोचना विधामा कलम चलाउने साहित्यकार सुषमा आचार्यको मुख्य लेखन विधा भने समालोचना नै देखिन्छ । वि.सं. २००७ सालमा काठमाडौँमा जन्मिएकी सुषमा आचार्य वि.सं. २०३० सालको **रूपरेखा**' पत्रिकामा प्रकाशित भएको *छोटो चिनारी : सुन्दरानन्द बाँडा* शीर्षक समालोचना लेखबाट नै यस क्षेत्रमा प्रवेश गरेको देखिन्छ । हालसम्म पाँचओटा समालोचना कृति प्रकाशित गराएर नेपाली नारीसमालोचनाको विकासमा महत्त्वपूर्ण योगदान दिन सफल समालोचक सुषमा आचार्यका समालोचनाहरू जीवनीपरक तथा कृतिपरक समालोचनामा आधारित देखिन्छ । उनले समालोचना विधाका साथै अन्य विधाका कृतिहरू पनि प्रकाशित गराएकी छिन् । लामो समयदेखि समालोचनालेखनमा क्रियाशील देखिएकी सुषमा आचार्यका फुटकर समालोचना बाहेक प्रकाशित समालोचना कृतिहरूमा **माइतघरलाई चियाएर हेर्दा** (२०५३), **मुलुकबाहिर एक सर्वेक्षण** (२०५३), **लैनसिंह बाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन** (२०५८), **नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर** (२०५८)**, केही व्यक्ति र कृतिहरू** (२०६३) रहेका छन् । नेपाली साहित्यको समालोचना विधामा नारीहरूको उपस्थिति अत्यन्तै कम भएको परिप्रेक्ष्यमा यसतर्फ सक्रिय रहेकी सुषमा आचार्यले खोज तथा अनुसन्धान गरी समालोचनालेखनमा रुचि लिएको देखिन्छ । प्रभावपरक समालोचना चिन्तनमा नै केन्द्रित रही समालोचना लेख्ने समालोचक आचार्यले कवितासङ्ग्रह र शिक्षा सम्बन्धी पुस्तक पनि प्रकाशित गराएको देखिन्छ । नेपाली तथा अङ्ग्रेजी दुवै भाषामा उनले कृतिहरू लेखेको देखिन्छ ।

### ५.१.९.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

सुषमा आचार्य नारीसमालोचनाका क्षेत्रमा एक स्थापित नाम हो । विभिन्न पत्रपत्रिकाहरूमा फुटकर समालोचनाका साथै पाँचओटा समालोचना कृति प्रकाशित गराई नेपाली नारीसमालोचनालाई विस्तार गर्नमा महत्त्वपूर्ण योगदान दिएकी सुषमा आचार्य प्रभाववादी समालोचक हुन् । सर्वप्रथम **रूपरेखा** पत्रिकामार्फत समालोचनालेखनतर्फ प्रवृत्त भएकी सुषमा कविता र उपन्यास विधाको समालोचना गर्न चाख मान्छिन् । कुनै स्रष्टाको कृतिले जब मनलाई आन्दोलित पार्छ, त्यसपछि त्यस विषयमा समालोचनालेखन अग्रसर हुने

सुषमाले[१७] हालसम्म साहित्यको कुनै एक विधा र प्रवृत्रिमा मात्र कलम नचलाई साहित्यका विभिन्न विधा र क्षेत्रमा पनि कलम चलाएको देखिन्छ । मुख्यतया उपन्यासकार लैनसिंह बाङ्देल र उनका औपन्यासिक कृतिहरूमा केन्द्रित भएर समालोचनालेखनमा क्रियाशील देखिने समालोचक सुषमा आचार्यका जम्मा पाँचओटा समालोचनात्मक कृतिहरूमधये तीनओटा कृति लैनसिंह बाङ्देल र उनका कृतिहरूसँग सम्बद्ध देखिन्छन् भने अन्य दुईओटा कृति अन्य सन्दर्भहरूसँग सन्दर्भित देखिन्छन् । साहित्येतर विषयहरूमा पनि कलम चलाउने सुषमा आचार्यले 'सरल र सहज शब्द, छोटा वाक्य तथा व्याख्यात्मक विवेचनात्मक र विश्लेषणात्मक शैलीमा आफ्नो समालोचकीय दृष्टिकोणहरू प्रस्तुत गरेकी छिन् । यसरी विश्लेषण, मूल्याङ्कन तथा अनुसन्धानात्मकता, तुलनात्मकता, प्रभाववादिता आदि यिनका मूलभूत समालोचकीय प्रवृत्ति हुन् ।[१८] यसप्रकार समालोचक सुषमा आचार्यका विभिन्न प्रकाशित समालोचना कृतिहरूका आधारमा उनका समालोचनात्मक प्रवृत्तिहरूलाई बुँदागत रूपमा यसप्रकार देखाइन्छ :

(१) प्रभाववादी चिन्तनबाट अभिप्रेरित भई समालोचनालेखन,
(२) जीवनीपरक तथा कृतिपरक समालोचनालेखनमा विशेष अभिरुचि,
(३) कृतिको कुनै एक पक्षमा केन्द्रित भई समालोचनालेखनुभन्दा पनि कृतिको समग्र पक्षमाथि नै समालोचना गर्ने प्रवृत्ति,
(४) साहित्य र साहित्यकारको खोजी गर्दै ऐतिहासिक समालोचनातर्फ अभिरुचि,
(५) व्याख्यात्मक, विवेचनात्मक तथा विश्लेषणात्मक शैलीको प्रयोग,
(६) कृतिको संरचना पक्षमा भन्दा भाव पक्षमा बढी केन्द्रित ।

### ५.१.९.३ समालोचना कृतिको विश्लेषण

'माइतघरलाई चियाएर हेर्दा' (२०५३) सुषमा आचार्यको पहिलो समालोचना कृति हो । लैनसिंह बाङ्देलद्वारा लिखित 'माइतघर' उपन्यासको विविध कोणबाट व्याख्या, विवेचना गरिएको प्रस्तुत कृतिमा समालोचक आचार्यले विशेष रूपमा कथावस्तु, पात्र र प्रकृतिचित्रणको अध्ययनमा विशेष जोड दिएको देखिन्छ । अनुसन्धानात्मक रूपमा लेखिएको प्रस्तुत कृतिको मुख्य विशेषताका रूपमा उपन्यासको कथानकलाई प्रत्येक परिच्छेदहरूमा विभाजन गरी विवेचना गर्नाका साथै उपन्यासमा प्रयुक्त चरित्रहरूको चित्रण, चरित्रचित्रणको सामाजिक विश्लेषण, नैतिक दृष्टिकोणले पात्रहरूको विश्लेषण, पात्रहरूको मनोवैज्ञानिक विश्लेषण उपन्यासको प्रकृति प्रयोग विश्लेषण तथा सामाजिक विश्लेषणजस्ता शीर्षकहरूमा उपन्यासलाई केलाउने प्रयास गरिएको पाइन्छ । जम्मा एकसय नौ पृष्ठको आयाममा विस्तारित प्रस्तुत कृतिमा चौधओटा शीर्षकहरूमा विभाजित भएर लेखिएको छ ।

---

[१७] सुधा त्रिपाठी, **महिला समालोचक र नेपाली समालोचना**, पूर्ववत्, पृ. ११८ ।

[१८] लीला लुइटेल, *सुषमा आचार्य : व्यक्तित्व र कृतित्व*, **अभिव्यक्ति** (४०/१४३, २०६६), पृ. २९ ।

उपन्यासको नामकरणदेखि यसका अन्तर्वस्तुसम्म पुगेर विश्लेषण गरिएको आचार्यको कृति केन्द्रित प्रस्तुत पुस्तकले अनुसन्धानात्मक तथा विश्लेषणात्मक रूपमा कृतिलाई खोतल्ने प्रयास गरेको देखिन्छ ।

यसैगरी प्रकाशन मितिको हिसाबले दोस्रो समालोचना कृतिका रूपमा देखिएको **मुलुकबाहिर एक सर्वेक्षण** (२०५३) कृति पनि लैनसिंह बाङ्देलको औपन्यासिक कृतिमध्ये कै एक **मुलुकबाहिर** (२००४) उपन्यासकै विश्लेषण गरिएको कृति हो । जम्मा १४२ पृष्ठको आयाममा विस्तारित प्रस्तुत कृतिलाई जम्माजम्मी ६ ओटा शीर्षकहरूमा विभाजन गरेर लेखिएको देखिन्छ । *उपन्यासको नामाकरण, औपन्यासिक संरचना र कथनपद्धति, मुलुक बाहिर, कथानकको विवेचना, नैतिक दृष्टिकोणले पात्रहरूको विश्लेषण, उपन्यासको प्रकृतिप्रयोग, विश्लेषण र निष्कर्ष* जस्ता शीर्षकमा केन्द्रित भएर लेखिएको प्रस्तुत कृतिको लामो खण्डका रूपमा *कथानकको विवेचना* देखिएको छ । उपन्यासमा प्रयुक्त खण्ड र परिच्छेदलाई छुट्टाछुट्टैरूपमा विवेचना गरिएको प्रस्तुत कृतिमा विश्लेषणात्मक शैलीभन्दा व्याख्यात्मक शैलीलाई अवलम्बन गरी लेखिएको पाइन्छ । उपन्यासको व्याख्या विवेचना गर्ने क्रममा कुनै एक पक्षमा मात्र केन्द्रित नभई समग्र पक्षमा व्याख्या गरिएको प्रस्तुत समालोचना कृतिमा उपशीर्षकहरू नराखी ६ ओटा मुख्य शीर्षकहरूमा नै आधारित भई सम्पूर्ण औपन्यासिक वस्तुको विवेचना गरिएको पाइन्छ ।

**लैनसिंह बाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन** (२०५८) कृति समालोचक आचार्यको बृहताकार समालोचना कृति हो । उपन्यासकार लैनसिंह बाङ्देलको व्यक्तित्व र औपन्यासिक यात्रामा केन्द्रित हुँदै उनका मूलभूत औपन्यासिक प्रवृत्तिहरूको विश्लेषण गरिएको प्रस्तुत कृतिमा विभिन्न परिच्छेद, शीर्षक तथा उपशीर्षकहरूमा कृतिको विश्लेषण तथा मूल्याङ्कन गरिएको देखिन्छ । जम्मा सात परिच्छेद, आठ शीर्षक र त्रिपन्नओटा उपशीर्षकहरूमा विभाजित भएर लेखिएको प्रस्तुत कृतिले ३७५ पृष्ठको आयाम ओगटेको देखिन्छ ।

*जीवनी, व्यक्तित्व र कृतित्वको सर्वेक्षण'* शीर्षकको पहिलो परिच्छेदमा लैनसिंह बाङ्देलका निजी जीवनका विभिन्न पक्षहरूलाई केलाइएको छ भने दोस्रो परिच्छेदको *लैनसिंह बाङ्देलको औपन्यासिक यात्रा* शीर्षकअन्तर्गत बाङ्देलका औपन्यासिक यात्राका सुरुवातदेखि उपन्यास लेखनप्रति उत्तरवर्ती विमुखतासम्मका विभिन्न सन्दर्भहरूलाई विभिन्न उपशीर्षकहरूमा आधारित भई विश्लेषण गरिएको छ । यसै क्रममा बाङ्देलको **मुलुकबाहिर माइतघर**, **लङ्डाको साथी** उपन्यासको लेखन र प्रकाशनको चर्चा गर्दै उनको अर्द्धदशकको औपन्यासिक यात्रा र चरणहरूको समेत चर्चा गरिएको पाइन्छ ।

यसैगरी तेस्रो परिच्छेदमा **मुलुकबाहिर** उपन्यासको विभिन्न उपशीर्षकमा केन्द्रित भई विवेचना गरिएको छ । तेस्रो परिच्छेदमा **मुलुकबाहिर**, चौथो परिच्छेदमा **माइतघार**, पाँचौं परिच्छेदमा **लङ्गडाको साथी** उपन्यासको *नामकरण, औपन्यासिक संरचना र कथनपद्धति, कथानकको विवेचना, चरित्रचित्रण, प्रकृति प्रयोगको विश्लेषण, सामाजिक*

*विश्लेषण, भाषिक विश्लेषण* र *निष्कर्ष* जस्ता विभिन्न उपशीर्षकहरूमा प्रवृत्त रहेर व्याख्या विश्लेषण गरिएको पाइन्छ ।

यसैगरी छैटौँ परिच्छेदमा *बाङ्देलको औपन्यासिक प्रवृत्ति* शीर्षकमा बाङ्देलका औपन्यासिक प्रवृत्तिहरूलाई ठम्याउँदै त्यसको विवेचना गरिएको छ । साहित्यिक मुख्य धारा र अन्तर्धाराहरू तथा तिनका केन्द्रीय प्रवृत्ति, कथावस्तुको मूल प्रवृत्तिका साथै चरित्रचित्रण, प्रकृतिचित्रण, सामाजिक चित्रणका मूल प्रवृत्तिको चर्चा गर्दै भाषाशैलीगत वैशिष्ट्यको पनि विवेचना गरिएको छ भने *बाङ्देलको औपन्यासिक योगदान* शीर्षकको सातौँ परिच्छेदमा नेपाली उपन्यास परम्पराको प्रवृत्ति, कृतिगत मूल्य, मुख्य प्राप्ति, परिसीमा तथा दुर्बलताको लेखाजोखा गरी उपसंहार खण्डमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसैगरी सुषमा आचार्यको **नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर** ( २०५८) शीर्षकको समालोचना कृति उनको चौथो प्रकाशित कृति हो । जम्मा १०८ पृष्ठको आयाममा फैलिएको प्रस्तुत कृतिमा चारओटा मूल शीर्षकअन्तर्गत विभिन्न उपशीर्षकहरूमा आबद्ध भएर लेखिएको देखिन्छ । नेपालको ऐतिहासिक पृष्ठभूमि, नेपाली कविताको विकास, नेपाली साहित्यको कालविभाजनका साथै वीरकाल, भक्तिकाल र उत्तरभक्तिकाल अर्थात् भानुभक्तकालका कविताहरू र तिनका रचनाहरूको विवेचना गरिएको प्रस्तुत कृतिमा 'नेपाली साहित्यको प्राथमिक कालको पृष्ठभूमि उठान, विकास र उपसंहारसम्मका खोजपूर्ण सामग्रीहरू परेका छन् । वीरगाथाबाट लिखित नेपाली साहित्य थालिई भक्तिधारामा खासगरी भानुभक्तकालमा पुगेर प्राथमिककालीन नेपाली साहित्यको समृद्धि भएको वस्तुसत्यलाई यस कृतिले अगाडि ल्याएको छ । आवश्यक प्रमाण र उदाहरणहरूसमेत दिएर यस कृतिलाई आधिकारिक खोजमूलक तुल्याइएको छ ।[१९] प्राथमिककालीन कवि र कविताका बारेमा विश्लेषणात्मक तथा व्याख्यात्मक शैलीमा लेखिएको प्रस्तुत कृति ऐतिहासिक समालोचनामा आधारित कृतिका रूपमा देखिन्छ । साहित्य र साहित्यकारहरूको खोजी गरी अनुसन्धानात्मक शैलीको पनि अवलम्बन गरिएको छ ।

**केही व्यक्ति र कृतिहरू** (सन् २००६) सुषमा आचार्यको समालोचनासङ्ग्रहका रूपमा प्रकाशित कृति हो । आचार्यको पाँचौँ समालोचना कृतिका रूपमा प्रकाशित प्रस्तुत कृतिमा जम्मा ६६ पृष्ठ रहेको छ भने *व्यक्तिपरिचय, भाषा, शिक्षा* र *कृतिसमीक्षा*जस्ता खण्डहरूमा विभाजित गरिएको देखिन्छ । फुटकर समीक्षात्मक लेखनमा आधारित यी समालोचनाहरूमा व्यक्ति–परिचयअन्तर्गत तीनओटा लेखहरू परेका देखिन्छन् । यी लेखहरूमा *मेरो दृटिष्मा श्री वासुदेव शर्मा लुइटेल, उपन्यासकार श्री वि.प्र. कोइरालालाई एक सम्झना पत्र, साहित्य र कलासाधक लैनसिंह बाङ्देल* रहेका छन् भने भाषासम्बन्धी लेखमा *भाषासाहित्यको उत्थान* लेख परेको देखिन्छ । यसैगरी शिक्षासम्बन्धी दुईओटा लेखहरूमा *नेपालका शैक्षिक अवस्था* र *हिन्दू धर्ममा नारी शिक्षा* शीर्षकका दुईओटा लेख परेका देखिन्छन् भने कृतिसमीक्षा अन्तर्गत *अलिखित उपन्यासका प्रमुख पात्रहरू, अझै दैलो उघारै छ, पहाडीको कृति,*

---

[१९] गोपीकृष्ण शर्मा, **नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर**, सुषमा आचार्य, पूर्ववत्, पृ. मन्तव्य ।

*ऐतिहासिक महत्त्वको सङ्ग्रह, मनोहराको घाँसको फूल – एक विवेचना* गरी पाँचओटा लेखहरू रहेका छन् । यसरी जम्मा एघारओटा शीर्षकहरूमाथि लेखिएका यी लेखहरू साहित्यिक व्यक्ति, कृति, नेपाली भाषा, शिक्षा र संस्कृतिजस्ता विषयअन्तर्गत पर्दछन् र यी संस्मरणात्मक पत्रात्मक, परिचयात्मक र समीक्षात्मक शैलीमा लेखिएका देखिन्छन् ।

### ५.१.९.४ निष्कर्ष

सुषमा आचार्यले समालोचनालेखनमा नै क्रियाशील भएर कलम चलाएकी छिन् र धेरै समालोचना कृति लेखेर आफूलाई स्थापित गराएकी छिन् । अनुसन्धानपरक, कृतिपरक, प्रभावपरक र व्यक्तिपरक समालोचनालेखन रुचाउने सुषमाको समालोचनालेखनको मुख्य क्षेत्र उपन्यास हो । सरल भाषामा लेखिएका यिनका समालोचना सम्प्रेषणीय छन् । नेपाली नारीसमालोचनामा यिनको उपस्थिति प्रभावपूर्ण नै देखिन्छ । यिनको समालोचना शैलीमा विविधता पाइन्छ ।

### ५.१.१० कामना सुवेदी र उनको समालोचना कृति

### ५.१.१०.१ व्यक्तित्व र कृतित्व

नेपाली नारीसमालोचनाको पछिल्लो समयमा देखापरेकी कामना सुवेदीका कुनै फुटकर समालोचना देखिँदैनन् र यिनको समालोचना यात्रा पनि वि.सं. २०५५ मा प्रकाशित **साहित्यकार लोकेन्द्रबहादुर चन्दको जीवनी व्यक्ति र कृतित्व** समालोचना पुस्तकबाट थालिएको देखिन्छ । उनको कुनै वैयक्तिक विवरण पुस्तकमा उल्लेख भएको देखिँदैन । प्रतिबद्धरूपमा समालोचनालेखन भन्दा पनि स्नातकोत्तर शोधपत्रलाई नै केही परिमार्जन गरी पुस्तकको रूप दिइएकाले यिनको समालोचकीय व्यक्तित्व त्यति टड्कारो र विविधतामय देखिँदैन तर जीवनीपरक, व्यक्तिपरक र कृतित्वपरक समालोचनाका फाँटमा यिनको उपस्थिति उनलाई नारीसमालोचकका रूपमा चिनाउने एउटा आधार देखिन्छ ।

### ५.१.१०.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

साहित्यकार लोकेन्द्रबहादुर चन्दको जीवनी, व्यक्तित्व र कृतित्वबारे अध्ययन अनुसन्धान गरी पुस्तककार कृति प्रकाशनसँगै समालोचना क्षेत्रमा देखापरेकी कामनाका समालोचनात्मक प्रवृत्तिलाई केलाउन उनको **साहित्यकार लोकेन्द्रबहादुर चन्दको जीवनी : व्यक्तित्व र कृतित्व** (२०५५) लाई नै आधार बनाउनु पर्ने देखिन्छ । जीवनीपरक, कृतित्वपरक समालोचनालेखनमा प्रवृत्त भएकी कामना सुवेदीको विश्लेषणात्मक शैलीमा समालोचनालेखनमा रुचि देखिन्छ । प्रकाशित समालोचना कृतिका आधारमा उनका समालोचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) जीवनीपरक, व्यक्तित्वपरक तथा कृतिपरक समालोचनालेखनमा सक्रियता,

(२) कृतिपरक समालोचनामा विश्लेषणात्मक शैलीको प्रयोग,

(३) खोजमूलक र अनुसन्धानात्मक समालोचनालेखनमा रुचि ।

### ५.१.१०.३ समालोचना कृतिको विश्लेषण

**साहित्यकार लोकेन्द्रबहादुर चन्दको जीवनी, व्यक्तित्व र कृतित्व** (२०५५) शीर्षकको प्रस्तुत कृतिमा कामना सुवेदीले साहित्यकार लोकेन्द्रबहादुर चन्दको जीवनी र व्यक्तित्वको विस्तृत चर्चा गर्दै उनका साहित्यिक कृति तथा रचनाको विश्लेषण गरेकी छिन् । जम्मा नौओटा मूल शीर्षकहरूमा विभाजित प्रस्तुत कृतिमा पहिलो शीर्षक साहित्यकार लोकेन्द्रबहादुर चन्दको जीवनीमा केन्द्रित रहेको देखिन्छ भने दोस्रो शीर्षक चन्दको विविध व्यक्तित्वमाथि केन्द्रित रहेको देखिन्छ । यसैगरी तेस्रो शीर्षक **हिउँको तन्ना** कथासङ्ग्रहको विश्लेषण अन्तर्गत साहित्यकार चन्दको **हिउँको तन्ना** कथासङ्ग्रहभित्र समाविष्ट भएका कथाहरूको सङ्क्षिप्त रूपमा विश्लेषण गरिएको पाइन्छ भने चौथो शीर्षकमा **विसर्जन** कथासङ्ग्रहको विश्लेषण शीर्षकअन्तर्गत **विसर्जन** कथासङ्ग्रह भित्रका कथाहरूको विश्लेषण गरिएको पाइन्छ । यसैगरी पाँचौँ र छैटौँ परिच्छेदमा **अपरिचित** कथासङ्ग्रहको अध्ययन र **सपना ब्युँझेझैँ** कविताको विश्लेषण गरिएको छ भने सातौँ शीर्षकअन्तर्गत **बारौँ खेलाडी** निबन्धसङ्ग्रहको विश्लेषणअन्तर्गत निबन्धकार लोकेन्द्रबहादुर चन्दको निबन्धसङ्ग्रहमाथि अध्ययन विश्लेषण गरिएको छ । अन्तिममा *उपसंहार* र *शीर्षक सार्थकता* प्रस्तुत गरिएको यो कृति पनि नेपाली नारीसमालोचनाको शोधपत्रात्मक कृतिका रूपमा देखापरेको छ ।

### ५.१.१०.४ निष्कर्ष

समालोचना कृति प्रकाशित गराई नेपाली नारीसमालोचनामा देखापरेकी कामना सुवेदी व्यक्तिपरक तथा कृतिपरक समालोचना लेख्ने समालोचक हुन् । लोकेन्द्रबहादुर चन्दका विभिन्न विधामा लेखिएका कृतिहरूको अध्ययन र विश्लेषणमा सक्रिय रहेकी कामनाको समालोचकीय क्षमता सराहनीय देखिन्छ । यसप्रकार **साहित्यकार लोकेन्द्रबहादुर चन्दको जीवनी, व्यक्तित्व र कृतित्व** (२०५५) शीर्षक कृति प्रकाशित गराएर जीवनीपरक, कृतिपरक समालोचनामा कौशलता देखाएकी कामना नेपाली नारीसमालोचकका रूपमा उदाएकी छिन् ।

### ५.१.११ बिन्दु कोइराला र उनको समालोचना कृति

### ५.१.११.१ व्यक्तित्व र कृतित्व

समालोचक विन्दु कोइराला नारीसमालोचकका रूपमा देखापरेकी साहित्यकार हुन् । वि.सं. २००० मा जन्मिएकी बिन्दु कोइराला विद्यार्थी अवस्थादेखि नै साहित्यमा प्रवेश गरेकी हुन् । कवितालेखनबाट आफ्नो साहित्यिक यात्रा सुरु गरेकी बिन्दु कोइरालाको समालोचनालेखनको प्रारम्भ भने प्राध्यापन पेसामा संलग्न भएपछिमात्र भएको पाइन्छ । **प्रज्ञा, रत्नश्री, मधुपर्क** जस्ता विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा प्रशस्त मात्रामा फुटकर समालोचना प्रकाशित गराइसकेकी उनको एउटा समालोचनासङ्ग्रह प्रकाशित भएको देखिन्छ । वि.सं. २०३५ सालतिरबाट समालोचनालेखनमा प्रवृत्त भएकी बिन्दु कोइराला परम्परागत प्रभाववादी चिन्तनलाई नै आत्मसात् गरी समालोचना गर्न रुचाउने

नारीसमालोचक हुन् । विशेषगरी कृतिपरक समालोचना गर्ने बिन्दुका समालोचनामा कृति वा रचनाको समग्रताभित्र रहेर सोलोडोलो चित्रण गर्ने प्रवृत्ति रहेको पाइन्छ । सिर्जना विधामा पनि सक्रिय देखिए पनि 'समालोचनालाई शतप्रतिशत आवश्यक ठान्ने बिन्दु साहित्यको यथार्थवादी प्रवृत्तिमाथि कलम चलाउन रुचाउँछिन् ।'[२०] खासगरी आख्यान विधामा समालोचना गर्न रुचाउने बिन्दुका समालोचनामा प्राध्यापकीय शैलीको प्रस्तुति रहेको पाइन्छ । वि.सं. २०५५ मा **नेपाली कथा उपन्यास र कविता** समालोचना कृति प्रकाशित गराएर यस क्षेत्रमा आफ्नो उपस्थिति देखाउन पुगेकी बिन्दुका अन्य फुटकर समालोचनाहरू पनि प्रकाशित देखिन्छन् । विश्लेषणात्मक पक्षलाई भन्दा पनि व्याख्यात्मक शैलीमा लेखिएका उनका समालोचनाहरू तटस्थ देखिन्छ ।

### ५.१.११.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

नेपाली नारीसमालोचनालेखनमा प्रवृत्त बिन्दु कोइरालाका समालोचनाहरू प्रभाववादी प्रवृत्तिका देखिन्छन् । कृतिपरक समालोचना पद्धतिलाई अँगालिएको भए पनि यिनका समालोचना प्रभाववादबाट मुक्त देखिँदैनन् । प्राध्यापकीय पेसाका कारणबाट समालोचनालेखनमा प्रवृत्त भएकी समालोचक कोइराला 'कसैको कृतिभित्र पसेर केही कमीकमजोरी फेला पर्नु र गुणको कदर गरी दोषको पर्दाफास गर्नु उचित ठानेर उनी समालोचनालेखनतर्फ प्रवृत्त भएकी हुन् । उनी कथा विधाको समालोचना गर्न विशेष रुचाउँछिन् ।'[२१] बिन्दु कोइरालाका प्रमुख समालोचनात्मक प्रवृत्ति यसप्रकार छन् :

(१) प्रभाववादी प्रवृत्तिको मूलप्रवृत्तिभित्रै कृतिपरक विश्लेषण,
(२) जीवनीपरकता र प्रवृत्तिपरकतातिरको पनि आकर्षण,
(३) गुणदर्शन र दोषदर्शन दुवै परम्पराका समालोचनालेखन,
(४) गहन र सूक्ष्म विश्लेषणात्मकताको अभाव आदि ।

### ५.१.११.३ समालोचना कृतिको विश्लेषण

बिन्दु कोइरालाका हालसम्म **नेपाली कथा, उपन्यास र कविता** (२०५५) र शीर्षकको समालोचना पुस्तक प्रकाशित छन् । प्रभाववादी मूल प्रवृत्तिकै वृत्तभित्र रहेर समालोचना लेख्ने यिनको समालोचनासङ्ग्रहमा विश्वविद्यालयका पाठ्यविषयवस्तुसँग सम्बद्ध र पाठ्येतर विषयवस्तुसँग सम्बद्ध केही कृतिहरूको विवेचना गरिएको छ । त्यसैले उनको यो कृति विविध विषय क्षेत्रमा आधारित समालोचनासङ्ग्रहका रूपमा देखिन्छ । यस समालोचनासङ्ग्रहको शैक्षणिक समालोचनाका दृष्टिले महत्त्व छ ।

---

[२०] सुधा त्रिपाठी, **महिला समालोचक र नेपाली समालोचना**, पूर्ववत्, पृ. १३७ ।

[२१] सुधा त्रिपाठी, पूर्ववत्, पृ. १३७ ।

### ५.१.११.४ निष्कर्ष

बिन्दु कोइरालाका फुटकर समालोचना र प्रकाशित पुस्तकहरूका आधारमा उनी प्रभाववादी समालोचकका रूपमा नै चिनिन्छिन् । खासगरेर कृतिको समीक्षा गर्दा कृतिका विविध पक्षलाई केलाउने प्रयास गर्नु उनको विशेषता हो । उनका समालोचना कुनै सैद्धान्तिक प्रारूपभित्र अटाउँदैनन् तापनि कृतिका कथ्यको चुरो पहिल्याउन उनी समर्थ छिन् ।

### ५.१.१२ शारदा अधिकारी (ढकाल) र उनको समालोचना कृति

### ५.१.१२.१ व्यक्तित्व र कृतित्व

साहित्यका विभिन्न विधामा कलम चलाउने साहित्यकार शारदा अधिकारी (ढकाल) को जन्म २०२२ मा भएको हो । उनका **गरिमा, मधुपर्क, समकालीन साहित्य, उन्नयन** जस्ता विभिन्न पत्रपत्रिकाहरूमा कविता, कथा, निबन्धहरू प्रकाशित भएको देखिए पनि उनको विशेष रुचि र विशेष लेखन क्षेत्रचाहिँ समालोचना नै देखिन्छ । बालसाहित्यका अभिवृद्धिका लागि महत्त्वपूर्ण योगदान दिएकी शारदा अधिकारी (ढकाल) का विभिन्न फुटकर रचनाका अतिरिक्त पनि पाँचवटा बालसाहित्यसम्बन्धी पुस्तकहरू र सम्पादित र सहलेखन गरी दुईओटा समालोचनासङ्ग्रहका पुस्तकहरू प्रकाशित देखिन्छन् । 'मूल रूपमा सिर्जनात्मक लेखनलाई बढी रुचाउने शारदा समालोचनाका अतिरिक्त यात्रा संस्मरण, निबन्ध, गीत, कविता र कथा लेख्छिन् । बालसाहित्यतर्फ यिनको विशेष आकर्षण देखिन्छ । त्यसतर्फ साङ्गठनिक गतिविधिका अतिरिक्त यिनले बालकविता, कथा, जीवनी, निबन्ध, चित्रकथा, पत्रसाहित्यको रचना गर्नुका साथै बालसाहित्यको समीक्षा गर्ने काम पनि गरेकी छिन् ।'[२२] प्राध्यापन पेसामा संलग्न शारदा पेशागत आवश्यकता र अध्ययनशील एवम् चिन्तनशील स्वभावका कारण समालोचनालेखनमा प्रवृत्त भएको देखिन्छ । विभिन्न पत्रपत्रिकामा प्रशस्त फुटकर समालोचनाहरू प्रकाशित गराइसकेकी शारदा पचासको दशकपछि नेपाली नारीसमालोचनामा क्रियाशील रहेको देखिन्छ रहेको । वि.सं. २०५० को **उन्नयन** पत्रिकाको पिँडाली विशेषाङ्कमा *पिँडालीको खै* खैभित्र हास्यव्यङ्ग्यको खै शीर्षकको समालोचना लेख छपाएर समालोचना विधामा प्रवेश गरेकी शारदाको समालोचकीय कलम साहित्यको सबै विधामा चलेको भए पनि विशेष गरेर उनी आख्यान र निबन्धको समालोचना गर्न बढी उत्साही देखिन्छिन् । विशेष गरी 'साहित्यमा अभिव्यक्त मनोविज्ञान तथा जीवनदर्शन कोट्याउन र कृतिमा चित्रित पात्रहरूको विश्लेषण गरी तिनको चेतनाको स्तर निर्धारण गर्नमा'[२३] उनको समालोचना सफल देखिन्छ । समालोचक शारदा अधिकारी (ढकाल) का सहलेखनका रूपमा हालसम्म प्रकाशित समालोचना **पारख प्रयत्न** ( संयुक्त समालोचनासङ्ग्रह) २०५५ देखिन्छ र उनले **वाङ्मय समालोचना** (समालोचनासङ्ग्रह)

---

[२२] सुधा त्रिपाठी, पूर्ववत्, पृ. २५० ।

[२३] पूर्ववत्, पृ. २५१–२५२ ।

२०५५ को सम्पादन गर्नाका साथै उनका विभिन्न पत्रपत्रिका फुटकर समालोचनाहरू पनि प्रकाशित छन् ।

विश्वविद्यालयको पाठ्यविषयवस्तुमा आधारित र अन्य कृतिपरक समालोचना पद्धतिलाई अपनाएर लेखिएका भए पनि उनका समालोचनाहरू प्रभाववादकै परिवृत्तमा घुमेको देखिन्छन् ।

**५.१.१२.२ प्रमुख समालोचनात्मक प्रवृत्ति**

शारदा अधिकारी (ढकाल) नेपाली नारीसमालोचनामा योगदान दिने नारीसमालोचक हुन् । समालोचनाको विषयवस्तु आख्यानलाई नै रोज्ने शारदामा अन्तर्विषयक तथा सूक्ष्म विश्लेषणलाई भन्दा पनि कृतिको समग्र पक्षको चित्रण गर्ने र कृतिको स्थूल रूपमा विश्लेषण गर्ने प्रवृत्ति रहेको पाइन्छ । शारदा अधिकारीका ‘समालोचना समालोच्य कृतिमा मात्र सीमित नभएर सम्बन्धित कृतिका लेखकबारे, लेखकका साहित्यिक यात्राका साथै अन्य कृतिबारे पनि जानकारी दिन पुग्छन् । ‘यसरी उनका समालोचना एक दुई अपवादलाई छोडेर कृतिविशेषमा मात्र केन्द्रित हुने र त्यसलाई सूक्ष्मता एवम् गहनताका साथ केलाउने प्रवृत्तिभन्दा विस्तृत/व्यापक सेरोफेरोलाई समेट्ने प्रवृत्ति बढी पाइन्छ । यस दृष्टिले उनका समालोचना व्याख्यात्मक छन् र प्राध्यापकीय पाराका छन् ।’[२४] कृतिमा प्रयुक्त पात्रहरूको विविध पक्षबाट चरित्रचित्रण गर्न रुचाउने शारदा अधिकारी (ढकाल) का फुटकर समालोचना तथा प्रकाशित कृतिहरूका आधारमा उनको समालोचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) बालसाहित्य तथा निबन्ध र आख्यान केन्द्रित समालोचनालेखन,
(२) समालोच्य कृतिको रूपसंरचना पक्षमा भन्दा भाव वा वस्तुपक्षमा जोड,
(३) कृतिको अन्तर्विषयकतामा भन्दा समग्रताको चित्रण गरिने हुँदा व्याख्यात्मक शैलीको प्रयोग,
(४) कृतिपरक समालोचना पद्धतिमा विशेष रुचि,
(५) प्राध्यापकीय लेखनशैलीमा आधारित समालोचनालेखन,
(६) कृतिमा प्रयुक्त पात्रहरूको चरित्रचित्रणलाई विशेष महत्त्व दिने प्रवृत्ति र वैचारिक प्रभावबाट मुक्ति आदि ।

**५.१.१२.३ समालोचना कृतिको विश्लेषण**

शारदा अधिकारीको **पारख प्रयत्न** (२०५५, सहलेखन) उनको प्रकाशित पहिलो समालोचना कृति हो । **पारख प्रयत्न** दुई जना समालोचकहरूको संयुक्त कृति भए पनि प्रस्तुत कृतिको पछिल्लो खण्डमा रहेको आख्यान विधामा केन्द्रित दसओटा समालोचनाहरूको सङ्ग्रहमा यिनका समालोचनाहरू समेटिएका देखिन्छन् । कथा विधासँग सम्बन्धित छओटा र उपन्यास विधासँग सम्बन्धित चारओटा गरी जम्मा दसओटा कथा

[२४] घनश्याम कँडेल, **सम्मति र शुभेच्छा, पारख प्रयत्न**, शैलेन्दुप्रकाश ढकाल र शारदा अधिकारी (ढकाल), (काठमाडौँ : अनामिका प्रकाशन, २०५५) ।

तथा उपन्यासको समालोचना गरिएको प्रस्तुत कृति उनको एकमात्र प्रकाशित समालोचनासङ्ग्रह हो ।

नयाँ तथा पुराना दुवै कथाकारका कथाहरूलाई समेटिएको यस पुस्तकको पहिलो खण्डमा ६ जना कथाकारहरूका कथाको व्याख्या तथा विश्लेषण गरिएको देखिन्छ । यसक्रममा गोविन्दबहादुर मल्ल *गोठालेको भाडो* कथा, भाउपन्थीका *अद्यापि र अरु कथाहरू* कथा, मदनमणि दीक्षितको *कसले जित्यो कसले हाऱ्यो* कथा, इन्द्रबहादुर राईको *रातभरि हुरी चल्यो* कथा, विश्वेश्वरप्रसाद कोइरालाको **सिपाही** कथा र **माया ठकुरीका कथाहरू** कथासङ्ग्रहका कथाहरूका समालोचना गरिएका छन् । उल्लेखित कथाहरूका विविध पक्षमाथि विवेचना गरिएको यस खण्डमा सारवस्तुका आधारमा, वैचारिक पक्षका आधारमा, सामाजिक चित्रणका आधारमा र नारीसमस्यामूलक पक्षका आधारमा कथाको व्याख्या विवेचना गरिएका देखिन्छन् ।

यसैगरी आख्यानकेन्द्रित समालोचनाकै अर्को खण्डमा उपन्यास विधाको समालोचना गरिएको छ, जसअन्तर्गत गोविन्दबहादुर मल्ल 'गोठाले' विनोदप्रसाद धिताल र सरुभक्तका क्रमशः **पल्लोघरको झ्याल**, **योजनगन्धा**, **तरुनी खेती** लगायत राजेश्वर देवकोटाका प्रायः सबै उपन्यासहरूको व्याख्या विश्लेषण गरिएको छ । उपन्यास खण्डका यी समालोचनात्मक लेखहरूमा समालोच्य उपन्यासहरूको बहुपक्षीय कोणबाट विश्लेषण गरिएको छ । *राजेश्वर देवकोटाका नारीपात्र* शीर्षक लेखमा उनका उपन्यासका नारीहरूको बहुपक्षीय अध्ययन गरिएको छ भने *एक कृति : अनेक दृष्टि पल्लो घरको झ्याल* शीर्षकको समालोचनामा गोठालेको पल्लो घरको झ्याल औपन्यासिक कृतिलाई फ्रायडीय मनोविश्लेषणात्मक सिद्धान्तको प्रायोगिक रूपका रूपमा व्याख्या तथा विवेचना गरिएको छ । यसैगरी *योजनगन्धा उपन्यासको अन्तरङ्ग विश्लेषण* शीर्षकअन्तर्गत विनोदप्रसाद धितालको औपन्यासिक कृति **योजनगन्धा**को पूर्वीय दर्शनशास्त्र, धर्मशास्त्र र नीतिशास्त्र आदिको सापेक्षतामा चर्चागर्दै महाभारतकालीन समय, मनोविज्ञान, प्रवृत्ति, राजनीति आदि विभिन्न पक्षहरूको चित्रण गरिएको छ । औपन्यासिक पात्र, प्रस्तुति, परिवेश, वैचारिकता जस्ता उपन्यासका उपकरणहरूका आधारमा समेत उपन्यासको विश्लेषण गरिएको देखिन्छ भने प्रस्तुत कृतिको अन्तिम शीर्षकका रूपमा रहेको *तरुनी खेती : वैचारिक तरङ्ग*मा सरुभक्तको औपन्यासिक कृति **तरुनी खेती**को सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ । विचारप्रधान प्रस्तुत लेखमा उपन्यासका विशिष्ट पक्षहरूको चर्चा गरिएको देखिन्छ ।

### ५.१.१२.४ **निष्कर्ष**

आख्यानविधामा कलम चलाउन रुचाउने शारदा अधिकारीका समालोचना सामान्यतया प्रभाववादी प्रवृत्तिका वृत्तभित्रै रहे पनि विषयवस्तु र कृतिका कथ्यलाई निरूपण गरी कृतिको मर्म पहिल्याउने दिशातिर उन्मुख देखिन्छन् । प्रायः शैक्षणिक समालोचनामा कलम चलाउने र बालसाहित्यको अनुसन्धानमा संलग्न स्व. शारदा अधिकारीका समालोचनाले बालसाहित्यिक कृतिको अनुसन्धानमा बल पुऱ्याएका छन् । कृतिपरक र अन्तर्विषयकताका साथै सैद्धान्तिक आडमा समेत गरिएका उनका समालोचना सरल छन् ।

### ५.१.१३ सरस्वती नेपाल र उनको समालोचना कृति

#### ५.१.१३.१ व्यक्तित्व र कृतित्व

पर्सा जिल्लाकी पहिलो नारीसमालोचक/साहित्यकार सरस्वती नेपाल नेपाली नारीसमालोचनामा देखापरेकी व्यक्तित्व हुन् । समालोचनाका अतिरिक्त विभिन्न अनुसन्धानात्मक लेख, काव्य/कविता आदिमा कलम चलाउने सरस्वती चिन्तनशील क्षमता भएकी साहित्यकार हुन् । उनको हालसम्म **बालकृष्ण सम र गोपालप्रसाद रिमालको नाटकका नारीपात्रहरूको मूल्याङ्न** कृति प्रकाशित देखिन्छ । नारीका विषयमा चिन्तनशील देखिने सरस्वती नेपाल नयाँ विचार, नयाँ मान्यताका साथ साहित्यमा देखापरेकी साहित्यकार हुन् । पौराणिक धार्मिक ग्रन्थहरूदेखि लिएर आजका आधुनिक साहित्यिक कृतिहरूमा प्रयुक्त नारीपात्रहरूको सन्दर्भ र तिनको अवस्थितिलाई केलाई आफ्ना स्पष्ट धारणाहरू अभिव्यक्त गर्ने सरस्वती नेपालका लेख तथा समालोचनाहरू तार्किक किसिमका देखिन्छन् । नवीन सञ्चेतनायुक्त साहित्य मान्यता स्विकार्ने नेपाल अनुसन्धानपरक लेख तथा समालोचनाहरू लेख्न रुचिशील देखिन्छिन् । साहित्यका अन्य विधामा कलम चलाउने सरस्वतीका समालोचनाहरू आत्मपरक शैलीतर्फ ढल्किएका देखिन्छन् । सुधारवादी चिन्तन बोकेकी सरस्वती नेपालका लेख तथा समालोचनाहरूमा पनि यही कुरा पाउन सकिन्छ ।

#### ५.१.१३.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

नारीसमालोचकहरूको लाममा लामबद्ध भएकी सरस्वती नेपाल नेपाली नारीसमालोचनाकी एक प्रतिभा हुन् । परम्परित चेतनायुक्त दृष्टिकोणका साथ समालोचनालेखनमा प्रवृत्त भएकी नेपालका खासगरी तुलनात्मक समालोचना देखिन्छिन् । उनका केही समालोचनामा अनुसन्धानात्मक प्रवृत्ति देखिए पनि विश्लेषण र विषय प्रतिपादनमा ती त्यति गम्भीर देखिँदैनन् । उनका प्रमुख समालोचकीय प्रवृत्ति यसप्रकार छन् :

(१) नाट्यविधामा केन्द्रित समालोचनालेखनप्रतिको झुकाउ,
(२) नारीवादी चेतनाको आंशिक प्रभावका साथै कृतिमा नारीसमस्याको खोजी,
(३) अनुसन्धानात्मक प्रवृत्ति हुँदाहुँदै पनि प्रभावपरकतावादी प्रवृत्तिको अवलम्बन,
(४) व्याख्याविश्लेषणात्मक र तुलनात्मक विधिको प्रयोग र पौराणिक नारीविषयक खोजी,
(५) गम्भीर विश्लेषण र वस्तुगत भाषा प्रयोगको अभाव आदि ।

#### ५.१.१३.३ समालोचना कृतिको विश्लेषण

सरस्वती नेपालको **बालकृष्ण सम र गोपालप्रसाद रिमालका नारीपात्रहरूको मूल्याङ्कन** शीर्षकको कृति एक महत्त्वपूर्ण समालोचना कृतिका रूपमा देखिन्छ । जम्मा १४० पृष्ठको आयाममा विस्तारित प्रस्तुत कृति पाँच अध्यायमा छुट्याई विभिन्न शीर्षक उपशीर्षकहरूमा बाँडेर विश्लेषण तथा मूल्याङ्कन गरिएको छ । बालकृष्ण सम र

गोपालप्रसाद रिमालका नाटकमा प्रयोग भएका नारीपात्रहरूको तुलनात्मक रूपले अध्ययन गरी मूल्याङ्कन समेत गरिएको प्रस्तुत कृति अनुसन्धानात्मक तथा तुलनात्मक देखिन्छ । बालकृष्ण समका पाँचओटा नाट्यकृतिका नारीपात्रहरू तथा गोपालप्रसाद रिमालका तीनओटा नाट्यकृतिहरूका नारीपात्रहरूमा पाइने भिन्नता तथा ती पात्रहरूको मानसिक तथा भौतिक क्रियाकलापहरूको तुलनात्मक अध्ययन गरिएको यस कृतिमा नेपालले बालकृष्ण समका नारीपात्रलाई भन्दा गोपालप्रसाद रिमालका नारीपात्रहरूको उच्च मूल्याङ्कन गरेको देखिन्छ ।

> 'जम्मा पाँच अध्याय, थुप्रै शीर्षक, उपशीर्षक तथा त्यसका पनि विभिन्न खण्डमा विभाजित यस कृतिको पहिलो र दोस्रो अध्यायमा लेखिकाले विविधरूपमा नाटकको परिचय दिँदै विभिन्न दृष्टिकोणबाट नेपाली नारीको स्थिति देखाउने प्रयत्न गरेकी छन् । यसका लागि उनले पौराणिक कालदेखिको उदाहरण पनि दिएकी छिन् । अर्को अर्थमा भन्नुपर्दा उनको विवेच्य कृतिको भूमिकास्वरूप ती दुई अध्याय देखापरेका छन् भने तेस्रो अध्यायदेखि मात्र उनको कृतिको शीर्षकअनुरूप विषयप्रवेश भएको छ । तेस्रो अध्याय समका पाँचओटा विवेच्य नाट्यकृतिमा केन्द्रित छ भने चौथो रिमालका तीन नाटकहरूमा केन्द्रित छ । यसमा यिनले विवेच्य कृतिहरूको सारसङ्क्षेप प्रस्तुत गरी तिनमा समाविष्ट नारीपात्रहरूलाई क्रमशः दुवैको विभिन्न दृष्टिकोणबाट खोतलेकी छिन् । पाँचौँ अध्यायमा लेखिका दुवै नाटककारको नारीपात्रहरूको तुलनात्मक प्रस्तुतिमा कटिबद्ध देखिन्छिन् । यसलाई पनि उनले अन्य अध्यायमा झैँ विभिन्न शीर्षक, उपशीर्षकमा विभाजन गरी विभिन्न रूपबाट दुवैका नारीपात्रहरूलाई तुलना गरेकी छन् ।'[२५]

यसप्रकार दुई फरक धारका नाटककारहरूका नाट्यकृतिमा प्रयुक्त नारीपात्रहरूको तुलनात्मक विवेचना गरी समालोचना पद्धतिमा समेत विविधता ल्याएको देखिन्छ ।

#### ५.१.१३.४ निष्कर्ष

सरस्वती नेपाल गम्भीर विषय उठाउने तर त्यसको गहिरो विश्लेषणमा पुग्न नसक्ने नारीसमालोचक हुन् । धार्मिक, पौराणिक विषय, नारीसमस्या, कृतिमा प्रयुक्त नारीचरित्र र तिनको तुलना यिनका समालोचनामा बढी पाइन्छ । प्रभावपरक प्रवृत्ति र तुलनात्मक पद्धतिको बढी प्रयोग गरिएका उनका समालोचना प्रायः नाटक विधामा केन्द्रित देखिन्छन् ।

### ५.१.१४ रञ्जुश्री पराजुली र उनका समालोचना कृति

#### ५.१.१४.१ व्यक्तित्व र कृतित्व

नेपाली साहित्यको विभिन्न विधामा कलम चलाएर साहित्य लेखनमा निरन्तरता दिँदै आएकी रञ्जुश्री पराजुलीको जन्म वि.सं. २००५ सालमा भएको हो । विद्यार्थी

---

[२५] गायत्री श्रेष्ठ, सरस्वती रिजाल, **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू**, पूर्ववत्, पृ. ५० ।

जीवनदेखि नै साहित्यमा कलम चलाउँदै आएकी रञ्जुश्री पराजुलीको मुख्य लेखनक्षेत्र सृजना साहित्य भए पनि यिनले समालोचनाबाट नै साहित्यमा प्रवेश गरेको देखिन्छ । वि.सं. २०२७ मा *कथाकार गुरूप्रसाद मैनाली एक चर्चा* शीर्षकको समालोचनात्मक लेख **रमझम** पत्रिकामा छपाएरसाहित्यिक फाँटमा प्रवेश गरेकी पराजुलीले विशेषगरी कथा, निबन्ध र समालोचनामा कलम चलाएको देखिए पनि उनी बालसाहित्यमा अझ बढी क्रियाशील देखिन्छिन् । उनले बालसाहित्यका फाँटमा प्रशस्त मात्रामा बालसाहित्यका कृतिहरू प्रकाशित गराएको पाइन्छ । विभिन्न साहित्यिक सङ्घसंस्थाहरूमासंलग्न पराजुलीले हालसम्म झण्डै आधा दर्जनजति पुरस्कार समेत पाएको देखिन्छ । हाल प्राध्यापन क्षेत्रमा संलग्न पराजुलीका हालसम्म प्रौढ साहित्य र बालसाहित्यमा गरी विभिन्न पुस्तककार कृतिहरू प्रकाशित भएको देखिन्छ । उनका समालोचनात्मक लेखहरूमा प्राध्यापकीय चेतना तथा वैयक्तिक चिन्तन पाइन्छ । उनका हालसम्म करिब एकदर्जन जति कृति प्रकाशित भए पनि समालोचनाचाहिँ **कृतिविवेचना** समालोचनासङ्ग्रह (२०५६) हो र समालोचन एकमात्र कृतिका रूपमा देखिन्छ । यसबाहेक उनका विभिन्न पत्रपत्रिकाहरूमा थुप्रै फुटकर समालोचनाहरू प्रकाशित भएका देखिन्छन् । साहित्यका सबै विधाहरूमा समालोचना गर्न रुचाउने समालोचक रञ्जुश्री पराजुली नेपाली साहित्यको फाँटकी एक लगनशील साहित्यकारका रूपमा देखिन्छिन् ।

### ५.१.१४.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

मूलतः बालसाहित्यमा समर्पित देखिने रञ्जुश्री पराजुलीले समालोचना क्षेत्रमा पनि आफ्नो पहिचान बनाएको देखिन्छ । साहित्यका सबै विधाका सृजनात्मक कृतिहरूको समालोचना गर्न रुचाउने पराजुलीका समालोचनाहरू कृतिपरक देखिए पनि ती प्राध्यापकीय शैलीबाट लेखिएको पाइन्छ । 'कुशल प्राध्यापक हुनका लागि समालोचक बन्नु अर्थात् समालोचकीय प्रवृत्ति रहनु अत्यन्त नै आवश्यक हुनेहुनाले उनी समालोचनालेखनतर्फ प्रवृत्त भएकी हुन् । समालोचना गर्नका लागि कुनै खास विधा ग्रहण गर्दिनन् । पढ्दै र पढाउँदै जाने क्रममा जुन रचनाले मनलाई प्रभावित गर्छ, उनी त्यसैको समालोचना गर्छिन् ।'[२६] प्रायोगिक समालोचना अन्तर्गत कृतिविश्लेषणको परिधिमा नै समालोचना गर्न रुचाउने रञ्जुश्रीले सैद्धान्तिक समालोचना गरेको भने पाइँदैन । उनको प्रकाशित समालोचनासङ्ग्रहलाई हेर्दा कविता–काव्यको समीक्षातर्फ कवित्वको सौन्दर्यपक्ष पहिल्याउने चेष्टा गरिएको छ । आख्यानतर्फ खासगरी वस्तुविश्लेषण र चरित्रगत विशेषताको अङ्कनमा केन्द्रित भएका कथा र उपन्याससम्बन्धी समालोचनाले समालोचक पराजुलीको जीवनवादी र मानववादी दृष्टिलाई औँल्याएको प्रतीत हुन्छ । नाट्य विधाको समालोचनामा नाट्य प्रवृत्तिलाई समेत छोइएको छ भने निबन्ध विधातर्फ पनि समालोचकीय दृष्टि प्रक्षेपण भएको

[२६] सुधा त्रिपाठी, पूर्ववत्, पृ. १०५ ।

पाइन्छ ।'[२७] पराजुलीले समालोचना गर्ने क्रममा दोषदर्शन परम्परालाई भन्दा गुणदर्शन प्रवृत्तिलाई आत्मसात् गरेको देखिन्छ । त्यसैले उनका समालोचनाहरू परम्परागत समालोचनाकै परिवृत्तमा रहेका देखिन्छन् । उनले कुनै पनि साहित्यिक मान्यता, वाद तथा सिद्धान्तलाई अँगालेर समालोचनालेखनुभन्दा पनि आफ्ना विवेचना र कृतिका प्रभावले प्रभावित भएर कृतिको समालोचना लेखेको देखिन्छ । यसरी कतै सिङ्गो कृतिलाई र कतै फुटकर कथा, एकाङ्की र निबन्धलाई साहित्यिक मान्यतामा फिट्दै परिचित गराउने क्रममा आएका यी कृतिहरू अर्थपूर्ण छन् र कृतित्वको पहिचान गराउन प्रयत्नशील देखिन्छिन् ।[२८] उनले समालोचना गर्ने क्रममा प्रौढ साहित्यको मात्र नभई बालसाहित्यको पनि समालोचना गरेको देखिन्छ । 'यसरी विभिन्न पत्रपत्रिका प्रकाशित समालोचनात्मक आलेखहरूले उनलाई 'बालसाहित्यको समीक्षक र अन्य साहित्यको पनि प्रभावपरक समीक्षक बनाएको छ । समालोचना क्षेत्रमा यस पछिल्लो चरणको प्रभावकारी व्यक्तित्व बनाएको छ ।'[२९] रञ्जुश्री पराजुलीका समालोचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) साहित्यका कुनै एक विधा तथा पक्षमा मात्र केन्द्रित नभई विभिन्न विधामा लेखिएका कृति वा रचनाहरूको समग्र विवेचना गर्ने प्रवृत्ति,

(२) प्रभावपरक समालोचनामा आधारित भई व्याख्यात्मक शैलीमा समालोचनालेखन,

(३) समालोचना गर्दा गुणदर्शन प्रवृत्तिलाई आत्मसात् गरी लेखिने भएकाले आलोचनात्मक सन्दृष्टिको कमी,

(४) सैद्धान्तिक पक्षका आधारमा कृतिको विवेचना गरिनु भन्दा पनि कृतिले मनमा पारेको प्रभावका आधारमा समालोचनालेखन,

(५) साहित्यका सबै विधामा समालोचना लेख्ने उनका समालोचनामा नवीन दृष्टिकोण पाइनुभन्दा पनि बुझ्ने र बुझाउने उद्देश्यसहित समालोच्य विषयको व्याख्या विश्लेषण आदि ।

### ५.१.१४.३ समालोचना कृतिको विश्लेषण

रञ्जुश्री पराजुलीको हालसम्म प्रकाशित समालोचना कृति **कृति विवेचना** एकमात्र कृतिका रूपमा देखिन्छ । साहित्यका मुख्य विधा कविता/काव्य, कथा, उपन्यास, नाटक र निबन्धका केन्द्रीयतामा विभिन्न कृति तथा फुटकर रचनाहरूको समीक्षा गरिएको प्रस्तुत कृतिका समालोचनाहरू विश्वविद्यालयका पाठ्यक्रममा आधारित रहेका देखिन्छन् । भूमिका र मन्तव्यसहित जम्मा १४३ पृष्ठको आयाममा संरचित प्रस्तुत कृतिमा काव्यखण्ड,

---

[२७] गोपीकृष्ण शर्मा, **'कृति विवेचना : एक दृष्टि'**, कृति विवेचना, रञ्जुश्री पराजुली, (काठमाडौँ : सुनकोसी साहित्य प्रतिष्ठान, २०५६), पृ. ५ ।

[२८] ऐजन ।

[२९] राजेन्द्र सुवेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, पूर्ववत्, पृ. २८५ ।

कथाखण्ड, उपन्यासखण्ड, नाटकखण्ड र निबन्धखण्ड गरी जम्मा पाँचओटा खण्ड देखिन्छन् र यिनै खण्डले परिच्छेदीकरणको काम गरेको पाइन्छ । प्रस्तुत समालोचनासङ्ग्रहमा खण्डकाव्यका पाँच, कथाखण्डका सात, उपन्यासखण्डका पाँच, नाटकखण्डका पाँच र निबन्धखण्डका दुई गरी जम्मा चौबीस समालोचनात्मक लेखहरू रहेका छन् । कविताकाव्यको समालोचना गर्ने क्रममा देवकोटाको **मुनामदन** खण्डकाव्य, बालकृष्ण समको *नमस्कार नमस्कार संसार* तथा सिद्धिचरण श्रेष्ठका कविताहरू र चाँदनी शाहका गीतहरूको विवेचना गरिएको देखिन्छ भने प्रस्तुत कृतिको दोस्रो खण्डमा कथाविधामा केन्द्रित भई समालोचना गरिएको देखिन्छ । यसै क्रममा *नासो कथासङ्ग्रहभित्रका नारीपात्र, कथाकार बालकृष्ण समका कथामा सामाजिकता, कथाकार भवानी भिक्षुको गुनकेशरी, कथाकार कोइरालाको 'सिपाही' कथा, इन्द्रबहादुर राईको त्यसरी बाँचेको छ त्यसरी नै कथा, पुतली संसारको सामाजिक तथा मनोवैज्ञानिक पक्ष, पारिजातको कथा मैले नजन्माएको छोरो* गरी जम्मा सातजना कथाकारहरूका कथाको व्याख्या विश्लेषण गरिएको देखिन्छ । यी समालोचनाहरू कतै कथाको एकपक्षमा कतै कथाको समग्रतामा, कर्त कथाकारको प्रवृत्तिमा त कतै एउटामात्र कथामा केन्द्रित देखिन्छन् । सङ्क्षिप्त रूपमा चर्चा गरी समालोचना लेख्ने पराजुलीको विश्लेषण प्राध्यापकीय शैलीमा लेखिएका देखिन्छन् ।

यसैगरी उपन्यासखण्डमा पाँचओटा उपन्यासको समालोचना गरिएको छ । यसअन्तर्गत *रूपमती उपन्यास : एक चर्चा, तीन घुम्ती उपन्यासका नारीपात्र, बाँच्ने एउटा जिन्दगीको परिक्रमा, वचन उपन्यासको मूल्याङ्कन, पारिजातको अन्तर्मुखी उपन्यासलाई चियाउँदा* शीर्षकका समालोचनाहरूमा *तीन घुम्ती उपन्यास नारीपात्र* शीर्षकको समालोचनाबाहेक अन्य सबै समालोचनामा समग्र उपन्यासको चर्चा गरिएको पाइन्छ भने नाटकखण्ड अन्तर्गत *समका नाटकका दुई नारीपात्रको तुलनात्मक अध्ययन तथा मसान नाटकका नारीपात्र* शीर्षकका दुई समालोचना नारीविषयमा केन्द्रित देखिनाका साथै तुलनात्मक र विश्लेषणात्मक शैलीमा लेखिएका देखिन्छन् भने *बालकृष्ण सामको रणदुल्लभ एकाङ्की, एकाङ्कीकार हृदयचन्द्रसिंहको मरुभूमिका लेखक र कोही किन बरबाद नहोस्* नाटक शीर्षक समालोचनाहरू व्याख्यात्मक शैलीमा लेखिएका र समग्र कृतिको विवेचना गरिएका समालोचनाहरू हुन् । यसैगरी निबन्धखण्डअन्तर्गत रहेका दुईओटा समालोचनाहरू निबन्धकार रामकृष्ण शर्माको *कवि* निबन्ध र *श्यामप्रसाद शर्माका दुई निबन्ध* शीर्षकको समालोचनामा निबन्धकारहरूको परिचय तथा निबन्धकारिताको परिचय दिँदै विश्लेष्य रचनाको विवेचना गरिएको देखिन्छ ।

### ५.१.१४.४ निष्कर्ष

रञ्जुश्री पराजुलीको साहित्यिक सक्रियता विशेष गरी बालसाहित्यमा रहेको देखिए पनि उनको नारीसमालोचनाका क्षेत्रमा पनि महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । २०२७ सालदेखि समालोचनालेखनमा प्रवेश गरेकी पराजुलीका फुटकर समालोचनाका साथै **कृति**

**विवेचना** शीर्षकको समालोचना कृति देखिन्छ । साहित्यका मूलभूत विधाहरूमा केन्द्रित भई लेखिएका प्रस्तुत कृतिका समालोचनाहरूले नेपाली नारीसमालोचनामा एक आयाम थपेको देखिन्छ भने उनलाई नारीसमालोचकको रूपमा उभ्याएको छ ।

### ५.१.१५ पद्मा अर्याल र उनका समालोचना कृति

### ५.१.१५.१ व्यक्तित्व र कृतित्व

नेपाली साहित्यमा सिर्जना तथा समालोचना दुवै विधामा कलम चलाउने पद्मा अर्याल नेपाली नारीसमालोचनाका क्षेत्रमा राम्रो सम्भावना बोकेर उदाएकी नारीसमालोचक हुन् । वि.सं. २०२४ मा जन्मिएकी पद्मा अर्याल विद्यार्थी अवस्थादेखि नै साहित्य लेखन तथा पठनमा प्रवृत्त भएको देखिन्छ । फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा गजल र समालोचनात्मक लेखहरू प्रकाशित गराएर आफ्नो साहित्यिक उपस्थिति र परिचय दिएकी पद्मा अर्यालले **मनबहादुर मुखियाको नाट्यशिल्प** (२०५८) कृति प्रकाशित गराई नारीसमालोचकको प्रभावशाली परिचय प्रस्तुत गरेको देखिन्छ । उनका समालोचना केही पातलैरूपमा देखिए पनि स्तरीयताका हिसाबले भने राम्रा देखिन्छन् । **मनबहादुर मुखियाको नाट्यशिल्प** जस्तो गहन कृतिका साथ 'नेपाली साहित्य जगत्मा गजल तथा समालोचना विधामा आफ्नो प्रतिभाको परिचय प्रस्तुत गरेकी पद्मा अर्याल अनुसन्धानमूलक समीक्षात्मक लेखनका क्षेत्रमा सर्वप्रथम यसैग्रन्थका साथ प्रकट भएकी छिन् । यस क्षेत्रमा पहिलोपटक देखापरेकी भए पनि उनको यस ग्रन्थले उनलाई हुने विरुवाको चिल्लो पातका रूपमा हाम्रा सामु उभ्याएको देखिन्छ ।'[३०] साहित्यको सृजनाविधा अन्तर्गत मुख्यरूपमा गजल विधामा कलम चलाउने अर्यालको लेखकीय परिचय भने समालोचना विधाले नै बनाएको देखिन्छ ।

### ५.१.१५.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुने समालोचनालेखनमा कमै मात्र उपस्थिति देखाएकी भए पनि स्तरीय समालोचना लेख्ने पद्मा अर्याल नेपाली नारीसमालोचनाको रूपमा परिचित देखिन्छिन् । यिनको हालसम्म देखिएको यस क्षेत्रको **मनबहादुर मुखियाको नाट्यशिल्प** (२०५५) कृति नै उनको समालोचकीय व्यक्तित्व र प्रवृत्तिको पहिचान गर्ने मूलाधार हो । त्यसैले प्रस्तुत कृतिको परिधिभित्र रहेर उनका समालोचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) नाटकविधामा केन्द्रित समालोचनालेखनतिर बढी झुकाउ र अन्य विधाका समेत समालोचनालेखन,

(२) प्रभाववादी प्रवृत्तिभित्रै पनि कृतिपरकतामा जोड,

(३) अनुसन्धानात्मक र व्याख्याविश्लेषणात्मक पद्धतिको प्रयोग,

---

[३०] पद्मा अर्याल, **मनबहादुर मुखियाको नाट्यशिल्प**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५८), प्रकाशकीय ।

(४) जीवनीपरक, प्रवृत्तिपरक समालोचनालेखनका साथै केही रूपमा सैद्धान्तिक आडमा समेत समालोचना लेख्ने प्रवृत्ति आदि ।

**५.१.१५.३ समालोचना कृतिको विश्लेषण**

**मनबहादुर मुखियाका नाट्यशिल्प** कृति पद्मा अर्यालद्वारा लिखित समालोचना कृति हो । अनुसन्धानात्मक तथा विश्लेषणात्मक प्रस्तुत कृतिमा 'अर्यालले निकै खोज गरेर परिश्रमका साथ नाटककार मुखियाको जीवनी र व्यक्तित्वका आलोकमा उनको नाट्यशिल्पको वस्तुगत रूपमा अध्ययन विश्लेषण गरेकी छिन् । उनको यो अध्ययन विश्लेषण निकै सूक्ष्म र गहन छ भने प्रमाणिक पनि छ ।'[३१] जम्मा चारओटा परिच्छेदमा विभाजित भई २१२ पृष्ठको आयाममा फैलिएको प्रस्तुत कृतिमा विभिन्न शीर्षक, उपशीर्षक तथा सहायक शीर्षकहरूमा व्याख्या विवेचना गरिएको हुँदा कृति सूक्ष्म विश्लेषणद्वारा गहन बन्न पुगेको देखिन्छ ।

*मनबहादुर मुखियाको जीवनी र व्यक्ति परिचय* शीर्षकको पहिलो परिच्छेदमा *जीवनी परिचय* र *व्यक्तित्व परिचय* उपशीर्षक राखी मनबहादुर मुखियाको जीवनको सूक्ष्म विश्लेषण गरिएको छ । जीवनी परिचयअन्तर्गत साहित्यकार व्यक्तित्वमा नाटककार, कवि, गीतकार, कथाकार, निबन्धकार व्यक्तित्वका साथै रङ्गकर्मी व्यक्तित्व, राजनैतिक व्यक्तित्व, समाजसेवी व्यक्तित्व आदिको चर्चा गर्दै विभिन्न कोणबाट उनको जीवनी र व्यक्तित्वलाई चिनाइएको पाइन्छ ।

यसैगरी *मनबहादुर मुखियाको नाट्ययात्रा र उनका नाट्यप्रवृत्तिहरू* शीर्षकको परिच्छेद दुईमा मनबहादुर मुखियाको नाट्ययात्रालाई तीन चरणमा राखी त्यसबारे चर्चा गरिएको छ । यस कृतिमा उनका नाट्यप्रवृत्तिको सङ्क्षिप्त रूपमा विवेचना गरिएको छ भने परिच्छेदमा तीनमा *मनबहादुर मुखियाका नाट्यकृतिको विवेचना* शीर्षकअन्तर्गत अनि देउराली रुन्छ, फेरि इतिहास दोहोरिन्छ, असत्यं अशिवं असुन्दरं, ऋसमा टाँगिएको जिन्दगी जस्ता नाट्यकृतिहरूको विभिन्न कोणबाट विवेचना गरिएको छ । नाटकका तत्त्वका आधारमा तथा प्रयोगका आधारमा चारओटा नाट्यकृतिहरूको विश्लेषण गरिएको यस परिच्छेदमा 'वियोग', 'सुस्केरा', 'त्रिकोण', 'अहर्निश', 'कविसम्मेलन', 'चिडियाखाना', 'अँध्यारामा बाँच्नेहरू', 'निराकारभित्रको धमिलो आकार', 'बारुदको बादलमा छोपिएको सूर्य', 'भन् को होस् तँ ?', 'पुनर्वानिरभवः' जस्ता एकाङ्कीहरूको पनि सङ्क्षिप्त विवेचना गरिएको छ ।

*मूल्याङ्कन र उपसंहार* शीर्षकको अन्तिम वा चौथो परिच्छेदमा समग्र कृतिको निष्कर्ष स्वरूप मनबहादुर मुखियाका नाट्यकारिताको मूल्याङ्कन गर्दै कृतिको उपसंहार लेखिएको छ । यसरी एक वरिष्ठ नाटककार तथा नेपालीका एक कुशल नाट्शिल्पी मनबहादुर मुखियाको नाट्यशिल्पबारे अध्ययन गर्न खोज्नेहरूलाई केही न केही मात्रामा भए पनि सहयोग पुऱ्याउने भएकाले पनि प्रस्तुत कृति प्राप्तिपूर्ण देखिन्छ ।

---

[३१] केशवप्रसाद उपाध्याय, **मनबहादुर मुखियाको नाट्यशिल्प**, पद्मा अर्याल, पूर्ववत्, प्राक्कथन ।

### ५.१.१५.४ निष्कर्ष

नेपाली नारीसमालोचनाका क्षेत्रमा **मनबहादुर मुखियाका नाट्यशिल्प** कृति लिएर देखापरेकी पद्मा अर्यालको प्रस्तुत कृतिका आधारमा नै उनको समालोचकीय व्यक्तित्वलाई हेर्नुपर्ने हुन्छ । उनको यो कृति र केही फुटकर समालोचनाका आधारमा पद्मा अर्याललाई प्रभाववादीमूल प्रवृत्ति भए पनि वस्तुगततातिर उन्मुख भएकी नारीसमालोचकका रूपमा मान्न सकिन्छ । कृति विवेचनाका क्रममा अन्तर्वस्तु र कथ्यलाई पहिल्याउनु उनको विशेषता हो ।

## ५.१.१६ रजनी ढकाल र उनका समालोचना कृति

### ५.१.१६.१ व्यक्तित्व र कृतित्व

नारीसमालोचनालेखनको पछिल्लो चरणमा क्रियाशील रहेकी समालोचक रजनी ढकाल एक प्रतिभाशाली नारीसमालोचक हुन् । वि.सं. २०२८ सालमा जन्मिएकी रजनी ढकालले उच्च शिक्षाको अध्ययन गर्ने क्रमबाट नै समालोचना लेखनतर्फ कलम चलाएको देखिन्छ । सर्वप्रथम *वसन्त कवि गोष्ठी : एक चर्चा* (**उन्नयन**, अङ्क २७, २०५५) मा पहिलो समीक्षात्मक लेख प्रकाशित गराएर समालोचनालेखनमा प्रवेश गरेकी रजनी ढकालका हालसम्म **निबन्धहरूमा मञ्जुल** (२०५८) तथा **केही नेपाली समालोचकहरू** (२०५८) जस्ता कृतिहरूका साथै विभिन्न पत्रपत्रिकाहरूमा प्रशस्त मात्रामा फुटकर समालोचनाहरू प्रकाशित भएको देखिन्छ । समालोचनालेखनको आरम्भमा पूर्णतया प्रभावपरक समालोचना तथा जीवनीपरक समालोचना प्रवृत्तिका साथ देखापरेकी रजनी ढकालका पछिल्ला समयका समालोचनाहरू भने केही पृथक् किसिमका देखिन्छन् । कविता, निबन्ध र समालोचनामा कलम चलाउने ढकालको साहित्यिक क्षेत्रको आरम्भिक लेखन निबन्धमा प्रभावशाली देखिन्छ भने पछि समालोचनालेखनमा उनको कलम सशक्त रूपमा चलेको देखिन्छ । ढकालको यस कृतिमा उनको प्रभाववादी प्रवृत्ति पनि देखिन्छ ।

> 'प्रकाशित ग्रन्थात्मक कृतिहरूको चर्चा गर्दा **निबन्धहरूमा मञ्जुल** (२०५८) उनको पहिलो समालोचनात्मक पुस्तक हो । यसमा उनी जीवनीपरक र कृतिपरक समालोचकका साथै अनुसन्धान शोधपरक समालोचकको रूपमा देखिन्छन् । प्रस्तुत कृतिका माध्यमबाट उनले वर्तमान नेपाली साहित्यका एक विशिष्ट निबन्धकार मञ्जुलको जीवनी, व्यक्तित्व र कृतित्वका विभिन्न पक्षहरूलाई सरल ढङ्गबाट विश्लेषण गरेको पाइन्छ । यसमा समालोचक ढकाल केही प्रभाववादी समालोचनाको आलोकमा वस्तुवादी बन्दै समीक्षा गरिरहेको अनुभव हुन्छ ।'[३२]

ढकालका विभिन्न पत्रपत्रिकाहरूमा एकदर्जनभन्दा बढी फुटकर समालोचनाहरू प्रकाशित देखिन्छन् ।

---

[३२] प्रयागराज भट्टराई 'वशिष्ठ' *केही नेपाली समालोचकहरू ग्रन्थको सन्दर्भ र रजनी ढकाल,* **केही नेपाली समालोचकहरू**, रजनी ढकाल, (ललितपुर : असीम प्रकाशन, २०५८) ।

### ५.१.१६.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

नेपाली नारीसमालोचनाको पछिल्लो समयमा यस विधामा प्रवेश गरेकी र साहित्यको विविध विधामा समालोचना लेख्ने रजनी ढकालको समालोचनालेखनको विशेष रुचि भने निबन्ध/नियात्रामा नै रहेको देखिन्छ । **उन्नयन, समष्टि, मधुपर्क** जस्ता विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर समालोचना बाहेक उनको **केही नेपाली समालोचकहरू** र **निबन्धहरूमा मञ्जुल** समालोचना कृति प्रकाशित देखिन्छन् । विशेषगरी प्रभावपरक समालोचनाको परिवृत्तमा रहेर समालोचना गर्ने ढकालका केही समालोचनाहरू विश्लेषणात्मक देखिन्छन् । व्यक्तिपरक तथा जीवनीपरक समालोचना लेख्ने ढकालले साहित्य सिद्धान्तलाई प्रमुख आधार बनाई समालोचना लेखेको भने पाइँदैन । समालोचनालेखनमा उनको दक्षताको चिनारी उनका दुई लघुआकारका समालोचना कृतिले पनि दिएको देखिन्छ । सुरुमा प्रभावपरक तथा निबन्धात्मक समालोचना लेखिएका भए पनि पछिल्ला समयका उनका समालोचना कृतिपरक तथा विश्लेषणत्मक हुन पुगेको देखिन्छ । समालोचक रजनी ढकालका प्रकाशित समालोचना कृति तथा फुटकर समालोचनाका आधारमा उनका समालोचनात्मक प्रवृत्तिलाई यसप्रकार देखाइन्छ :

(१) प्रभावपरक समालोचनाको परिवृत्तमा रहेर समालोचना लेख्ने प्रवृत्ति,

(२) साहित्यका अन्य विधाका तुलनामा निबन्ध/नियात्रालाई समालोचनाको विषयवस्तुका रूपमा चयन,

(३) स्रष्टापरक समालोचनामा केन्द्रित भई विश्लेषणात्मक समालोचनालेखन,

(४) सैद्धान्तिक समालोचनामा भन्दा पनि व्यक्तिपरक समालोचनामा प्रवृत्त,

(५) प्रारम्भिक समालोचनाका तुलनामा पछिल्ला समयका समालोचनाहरूमा परिष्कृतता तथा वस्तुगततातर्फ उन्मुखता आदि ।

### ५.१.१६.३ समालोचना कृतिको विश्लेषण

**निबन्धहरूमा मञ्जुल** (२०५८) रजनी ढकालको पहिलो समालोचना कृति हो । लघुआकारमा तयार गरिएको प्रस्तुत कृति ९५ पृष्ठको आयाममा फैलिएको छ भने, पाँचओटा खण्डमा विभाजित गरी विभिन्न शीर्षकहरूमा मञ्जुलका व्यक्तित्व र कृतित्वको व्याख्या गरिएको देखिन्छ । मञ्जुल र उनका निबन्धकारिताका बारेमा विभिन्न विद्वान् तथासमालोचकहरूका धारणा प्रस्तुत गरिएको प्रस्तुत कृति सरल र सहज भाषामा लेखिएको देखिन्छ ।

रजनी ढकालको प्रस्तुत कृतिमा *जीवनीका आलोकमा मञ्जुल* शीर्षकमा उनको व्यक्तिगत जीवनको विवरणात्मक शैलीमा व्याख्या गरिएको देखिन्छ भने *व्यक्तित्वका आलोकमा मञ्जुल'* शीर्षकको दोस्रो खण्डमा बाह्य तथा आन्तरिक व्यक्तित्वको चर्चा गर्दै साहित्यिक व्यक्तित्वअन्तर्गत कवि तथा गीतकार व्यक्तित्व, कथा तथा उपन्यासकार व्यक्तित्व, निबन्धकार व्यक्तित्व, पत्रकार व्यक्तित्व र समालोचक व्यक्तित्वको सङ्क्षेपमा चर्चा गरिएको छ । यसैगरी खण्ड तीनमा *साहित्य यात्राका आलोकमा मञ्जुलको*

*निबन्धयात्रा* शीर्षकमा मञ्जुलको कवितायात्रा र उपन्यासयात्रालाई देखाउँदै निबन्धयात्रालाई चार चरणमा राखेर प्रत्येक चरणको सङ्क्षिप्त चर्चा गरिएको छ भने खण्ड चारमा *निबन्धका आलोकमा मञ्जुल* शीर्षकमा मञ्जुलका सङ्गृहीत निबन्धहरूको सङ्क्षिप्त अध्ययन गरिएको छ । यसैगरी खण्ड पाँचको *निबन्ध तत्त्वका आलोकमा मञ्जुलको निबन्धकारिता* शीर्षकमा मञ्जुलका निबन्धहरूलाई विषय, उद्देश्य, भाषाशैलीगत तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

*केही नेपाली समालोचकहरू* (२०५८) रजनीको दोस्रो समालोचना कृति हो । नेपाली विश्वविद्यालयीय पाठ्यक्रममा आधारित पाठ्यवस्तु रहेको प्रस्तुत कृति ६४ पृष्ठको आयाममा फैलिएको र तीनओटा खण्डमा विभाजित देखिन्छ । समालोचनाको सैद्धान्तिक परिचयका साथसाथै नेपाली समालोचनाको विकासक्रमलाई सङ्क्षिप्त रूपमा चर्चा गरिएको प्रस्तुत कृतिको पूरै भाग नेपाली समालोचकहरूको परिचय, योगदान र समालोचनात्मक प्रवृत्ति आदिको अध्ययन विश्लेषणमा नै खर्चिएको देखिन्छ । मोतीराम भट्ट देखि कालक्रमिक रूपमा दयाराम श्रेष्ठसम्मका तेईसजना नेपाली समालोचकहरूका बारेमा सङ्क्षिप्त विवेचना गरिएको प्रस्तुत कृति नेपाली समालोचनाको अध्येताहरूका लागि उपयोगी देखिन्छ ।

### ५.१.१६.४ निष्कर्ष

नेपाली नारीसमालोचनाको पछिल्लो चरणमा देखापरेकी रजनी ढकाल यस क्षेत्रमा नयाँ सम्भावनाका साथ आएकी क्रियाशील नारीसमालोचक हुन् । समालोचनालेखनको आरम्भमा नै दुईओटा समालोचना कृति प्रकाशित गराइसकेकी रजनी ढकालका अन्य एकदर्जन भन्दा बढी फुटकर समालोचना पनि प्रकाशित देखिन्छन् । प्रारम्भिक अवस्थामा लेखिएका केही समालोचनाहरू प्रभावपरक तथा परम्परित शैलीमा नै लेखिएका देखिए पनि यिनका पछिल्ला समालोचनाहरू भने परिष्कृत हुँदै गएका देखिन्छन् । फुटकररूपमा प्रशस्त समालोचना लेखिसकेकी रजनी ढकाल नारीसमालोचना क्षेत्रकी बलियो सम्भावना बोकेकी समालोचक हुन् ।

### ५.१.१७ बुनू लामिछाने र उनको समालोचना कृति

### ५.१.१७.१ व्यक्तित्व र कृतित्व

नेपाली नारीसमालोचनामा आफ्नो परिचय बनाइसकेकी बुनू लामिछाने गम्भीर लेखन रुचाउने समालोचक हुन् । वि.सं. २०३१ मा दाङमा जन्मिएकी बुनू लामिछानेले कविता महाकाव्य र समालोचना क्षेत्रमा आफ्नो सशक्त उपस्थिति देखाएको पाइन्छ । विभिन्न साहित्यिक सङ्घसंस्थाहरूमा समेत आबद्ध लामिछाने विभिन्न साहित्यिक सङ्घसंस्थाहरूबाट सम्मान तथा पुरस्कारले सम्मानित समेत भएकी छिन् । हालसम्म एक कवितासङ्ग्रह, दुईओटा महाकाव्य र एउटा समालोचना कृति प्रकाशित गराइसकेकी बुनी लामिछानेको साहित्यिक व्यक्तित्व सिर्जनाविधामा अझ उच्च रहेको देखिन्छ । बुनूको

**सुलोचना महाकाव्यको विश्लेषण** (२०५८) कृति एक उत्कृष्ट समालोचना कृति हो । मात्रात्मक दृष्टिले कम लेखिए पनि स्तरीयताका दृष्टिले उनको समालोचना अगाडि देखिन्छ । विश्लेषणात्मक र अनुसन्धानात्मक शैली अपनाएर समालोचना लेख्ने बुनीको समालोचनामा गम्भीयरता पाइन्छ । कृतिलाई विधागत सिद्धान्तका आधारमा व्याख्या विश्लेषण गर्न रुचाउने बुनू लामिछानेको साहित्य लेखनमा रुचिको विषय काव्य/कविता रहेको भए पनि समालोचनामा समेत उनको दक्षताको पुष्टि उनको प्रकाशित कृतिबाट भएको छ । छन्दोबद्ध कविता र शास्त्रीय छन्दमा महाकाव्य जस्तो विराट् कृति सिर्जना गर्ने बुनू एक सचेत तथा चिन्तनशील समालोचकको रूपमा देखापरेकी छिन् ।

### ५.१.१७.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

बुनू लामिछाने नेपाली नारीसमालोचनाको पछिल्लोसमयमा देखापरेकी चिन्तनशील समालोचक हुन् । विशेषगरी साहित्य सिद्धान्तलाई आधार बनाई कृतिगत विश्लेषणमा आधारित समालोचनालेखन रुचाउने बुनू लामिछानेले आफ्ना दृष्टिकोणलाई सहज तरिकाले समालोचनामा अभिव्यक्त गरेको पाइन्छ । उनका समालोचना प्रभाववादी प्रवृत्तिकै वरपर घुमे पनि कोरा प्रभावपरकतालाई अवलम्बन नगरी सैद्धान्तिक आधार पनि लिएको पाइन्छ । खासगरेर समालोचनामा महाकाव्यकृतिहरूलाई चयन गरी विश्लेषण गर्नु उनको प्रमुख समालोचकीय प्रवृत्ति हो । उनका समालोचना काव्यकेन्द्रित हुँदाहुँदै पनि अझ त्यसमा पनि छन्दोबद्ध काव्य/कवितामा केन्द्रित समालोचनालेखनमा यिनको विशिष्टता देखिन्छ । ऐतिहासिक, सैद्धान्तिक र कृतिपरक पद्धतिको अवलम्बनका साथै कतिपय ठाउँमा संरचनापरक विवेचना पद्धतिलाई पनि उनका समालोचनाले अलवम्बन गरेको पाइन्छ । पूर्वीय पाश्चात्य महाकाव्यिक मान्यताको तुलनात्मक अध्ययन विश्लेषण पनि उनको विशेषता हो । उनको एकमात्र समालोचना कृतिका आधारमा उनका समालोचकीय प्रवृत्तिलाई नियाल्नुपर्ने हुन्छ । यस आधारमा समालोचक बुनू लामिछानेका प्रमुख समालोचना प्रवृत्तिलाई यस प्रकार देखाइन्छ :

(१) प्रभाववादी प्रवृत्तिको अवलम्बन र प्रभाववादी प्रवृत्तिभित्रै पनि कृतिपरकतातिरको उन्मुखता,

(२) विशेष गरेर एउटै विधा, विषय वा क्षेत्रमा केन्द्रित भएर समालोचना लेख्ने प्रवृत्ति र अन्तर्वस्तुगत एवम् शैलीगत विविधताको न्यूनता,

(३) सिद्धान्त, विकासक्रम र कृतिविश्लेषणका पक्षहरूलाई सैद्धान्तिक आधारमा निरूपण गर्ने प्रवृत्ति एवम् महाकाव्यीय तत्त्वहरूका आधारमा महाकाव्यिक कृतिको विश्लेषण गर्ने प्रवृत्ति,

(४) वर्णनात्मक पद्धतिको अवलम्बन र आनुपातिक रूपमा तुलनात्मक एवम् विश्लेषणात्मक पद्धतिको समेत अवलम्बन,

(५) विश्लेषणमा विषयगत सूक्ष्मता र गम्भीरताको न्यूनताका साथै सरल भाषाशैलीको प्रयोग आदि ।

### ५.१.१७.३ समालोचना कृतिको विश्लेषण

बुनू लामिछानेको **सुलोचना महाकाव्यको विश्लेषण** महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित सामाजिक विषयवस्तुमा आधारित **सुलोचना** महाकाव्यको समग्र विश्लेषण गरिएको २१६ पृष्ठ एवम् छओटा परिच्छेदको आयाममा विस्तारित यस कृतिमा महाकाव्यको सैद्धान्तिक स्वरूपका साथै महाकाव्यीय परम्परामा नेपाली महाकाव्यको विकासबारेमा समेत चर्चा गरिएको छ । विश्लेषणात्मक पद्धतिमा लेखिएको देखिन्छ । महाकाव्यको सैद्धान्तिक परिचय शीर्षकको पहिलो परिच्छेदमा महाकाव्यको पृष्ठभूमि देखाउँदै महाकाव्यसम्बन्धी पूर्वीय धारणाहरू, पाश्चात्य धारणाहरू र अन्य धारणाहरूको चर्चा गर्दै निष्कर्ष प्रस्तुत गरिएको छ भने *महाकाव्यका तत्त्वहरू* शीर्षकको परिच्छेद दुईमा साहित्यमा प्रचलित महाकाव्यका तत्त्वहरूको सङ्क्षिप्तरूपमा व्याख्या गरिएको छ । यसैगरी *नेपाली महाकाव्यको विकासक्रम* शीर्षकको तेस्रो परिच्छेदमा नेपाली महाकाव्यको विकासक्रम वा विकास प्रक्रियालाई कालविभाजन गरी सङ्क्षिप्त रूपमा चर्चा गर्दै महाकवि लक्ष्मीप्रसाद देवकोटा महाकाव्ययात्रा र उनको **सुलोचना** महाकाव्यको स्थानका बारेमा चर्चा गरिएको छ ।

**सुलोचना** महाकाव्यको विश्लेषणमा केन्द्रित भएको *विभिन्न कोणबाट सुलोचना महाकाव्यको विश्लेषण* शीर्षकको चौथो परिच्छेदमा महाकाव्यीय तत्त्वहरू कथानक चरित्रचित्रण, देशकाल–परिवेश, संरचना, उद्देश्य, रस, भाषाशैली, द्वन्द्वविधान, अलङ्कारविधान, रसविधान, गुण र रीतिका साथै प्रयोगपक्ष र प्रकृतिचित्रणका आधारमा **सुलोचना** महाकाव्यको विश्लेषण गरिएको छ ।

यसैगरी *सुलोचना महाकाव्यको मूल्याङ्कन* शीर्षकको पाँचौँ परिच्छेदमा सुलोचना महाकाव्यलाई पूर्वीय महाकाव्यीय तत्त्वहरूका आधारमा, यसमा प्रयुक्त दार्शनिक पक्षका आधारमा र कवित्वपक्षको आधारमा मूल्याङ्कन गर्दै सुलोचना महाकाव्यका प्रमुख उपलब्धि र कमजोरीहरूलाई समेत उल्लेख गरिएको पाइन्छ । यसरी छैठौँ परिच्छेदमा सम्पूर्ण कृतिको उपसंहार गरी तयार पारिएको प्रस्तुत कृति महाकाव्यीय सिद्धान्तका आधारमा सुलोचना महाकाव्यको व्याख्या विश्लेषण गरिएको कृति हो ।

### ५.१.१७.४ निष्कर्ष

सङ्ख्यात्मक दृष्टिले फुटकर समालोचनामा कमै मात्र उपस्थिति देखाउने बुनू लामिछानेले केही फुटकर समालोचनाका साथै एक समालोचना कृतिका माध्यमबाट नेपाली नारीसमालोचनामा आफ्नो राम्रो उपस्थिति देखाएको पाइन्छ । विशेषगरी महाकाव्यकेन्द्रित समालोचनामा रुचि राख्ने लामिछाने साहित्य सिद्धान्तका आधारमा कृतिपरक समालोचना लेख्ने नारीसमालोचक हुन् । सरल, सहज भाषाशैलीमा समालोचना लेख्ने बुनूका समालोचनाहरूमा प्रभावपरकता भेट्टाइए पनि ती केही मात्रामा विश्लेषणात्मक र अनुसन्धानात्मक समेत देखिन्छन् । महाकाव्य तथा कविता लेखनमा बढी क्रियाशील रहेकी बुनू लामिछाने समालोचनालेखनमा पनि उत्तिकै सशक्त देखिन्छिन् । महाकाव्य जस्तो

शास्त्रीय विधामा सैद्धान्तिक तथा प्रायोगिक विश्लेषण गरी लेखिएको उनको **सुलोचना महाकाव्यको विश्लेषण** कृति यस क्षेत्रकै एउटा प्राप्तिका रूपमा रहेको देखिन्छ ।

### ५.१.१८ सुधा त्रिपाठी र उनका समालोचना कृति

#### ५.१.१८.१ व्यक्तित्व र कृतित्व

नेपाली साहित्यमा नारीवादी समालोचनामा समेत परिचित सुधा त्रिपाठी विभिन्न विधामा कलम चलाउने बहुमुखी व्यक्तित्व हुन् । खासगरेर निबन्ध लेखनमा आफ्नो विशिष्ट पहिचान बनाएकी सुधा त्रिपाठीले नाटक एकाङ्की पनि लेखेकी छिन् । सिर्जनामा आत्मगत वैयक्तिक अनुभव र भोगाइलाई अभिव्यक्त गर्ने सुधा त्रिपाठी नारीवादी दर्शन र चिन्तनको अनुसन्धानमा समेत क्रियाशील देखिन्छिन् । विभिन्न विषय र क्षेत्रमा नौओटा कृतिहरू नेपाली साहित्यलाई दिएर उनले महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । २०३५ को **मनोरमा** पत्रिकामा *सुलोचना महाकाव्यको सामाजिकपक्ष* शीर्षकको समालोचनालेखनबाट आफ्नो समालोचना यात्रा सुरु गरेकी सुधाका हालसम्म प्रस्तुत फुटकर समालोचनाहरूका साथै तीनओटा समालोचना कृतिसमेत प्रकाशित छन् । प्रारम्भमा प्रभाववादी प्रवृत्तिका सामान्य समीक्षा लेखनबाट समालोचना यात्रा थालेकी सुधाले पछिल्लो समयमा आफ्नो समालोचनालेखनलाई विविधतायुक्त समेत बनाएको देखिन्छ । 'विशेषगरी महिलावादी चिन्तनलाई समीक्षाको केन्द्र बनाउने त्रिपाठीका ..... समालोचना कृतिहरूमा .... समाजले भोगेका सांस्कृतिक जटिलता, अमानवीय व्यवहार र विडम्बनायुक्त संसार आज सिङ्गै मानवलाई दुर्नियतिमा धकेल्ने कारक तत्त्व हुन्'[३३] भन्ने दृष्टिकोण पाइन्छ । उनका समालोचनाहरूमा विशेष गरेर पुरुषसाहित्यकारहरूले नारीलाई के कस्तो रूपमा उभ्याएका छन् भन्ने कुरालाई देखाइएको छ । 'नारी अस्मिता र जागरणका सन्दर्भलाई अध्ययनको विशेष क्षेत्र बनाउने ... यिनका समालोचनात्मक रचनाहरू अत्यन्त सचेत र सैद्धान्तिक धरातलमा रहेर लेखिएका छन् ।'[३४] प्रगतिवादी प्रवृत्तिका समालोचनासमेत लेख्ने सुधा त्रिपाठीका समालोचनामा विषयगत विविधता पाइन्छ । साथै उनका प्रारम्भिक समयका कतिपय समालोचनामा उनको निबन्धकार व्यक्तित्वको छाप पनि पाइन्छ । नेपाली नारीसमालोचनाको इतिहास, स्वरूप र प्रवृत्तिलाई पहिल्याउँदै अनुसन्धान गर्नु पनि उनको समालोचनाको एउटा पाटो हो ।

उनका असङ्ख्य फुटकर समालोचनाका अतिरिक्त हालसम्म निम्नलिखित समालोचना कृतिहरू प्रकाशित छन् :

(१) दृष्टि चौतारी (२०५८)

(२) भूपिका कवितामा व्यङ्ग्यालङ्कार चेतना (२०५८)

(३) महिला समालोचक र नेपाली समालोचना (२०६२)

---

[३३] राजेन्द्र सुवेदी, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, पूर्ववत्, २०६६ ।

[३४] ऐजन ।

उनको **दृष्टिचौतारी** विविध विषयका समालोचना हो भने **भूपिका कवितामा व्यङ्ग्यालङ्कार चेतना** छोटो अनुसन्धान कृति हो । **महिला समालोचक र नेपाली समालोचना** खोजपरक तथा सम्पादित कृति पनि हो । यी कृतिका अतिरिक्त उनको 'दोलखादर्पण' र 'अनिवार्य नेपाली व्याकरण र रचना' पनि प्रकाशित छन् ।

### ५.१.१८.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

सुधा त्रिपाठी नेपाली नारीसमालोचनामा समालोचकीय चेतनासहित कलम चलाउने सशक्त समालोचक हुन् । समालोचनालेखनको प्रारम्भतिर प्रभावपरक समालोचना चिन्तनकै परिवृत्तमा रहेर समालोचना लेख्ने सुधा त्रिपाठीका समालोचनाहरूपछि क्रमशः कृतिपरक समालोचनातिर अभिमुख हुँदै गएको देखिन्छ । साहित्यका विविध विधा, विषय र प्रवृत्तिमाथि समालोचना गर्न रुचाउने त्रिपाठीका समालोचनामा कृतिमा अन्तर्निहित विविध सूक्ष्म पक्षलाई केलाई तिनको विश्लेषण गर्ने प्रवृत्ति पाइन्छ । अनुसन्धानमूलक समालोचनामा समेत क्रियाशील रहेकी त्रिपाठीका समालोचना साहित्यको सैद्धान्तिक स्वरूपका आधारमा कृतिको व्याख्या विश्लेषण गर्नेतर्फ पनि अभिमुख रहेका देखिन्छन् । नारी सृजना तथा नारीपात्रमा केन्द्रित भई समालोचनालेखन रुचाउने त्रिपाठीका पछिल्लो समयका समालोचनाहरू नरीवादी समालोचनालाई आधार मानेर नारीवादी कोणबाट कृतिलाई हेर्ने प्रवृत्तिसमेत रहेको पाइन्छ । उनका समग्र समालोचनात्मक प्रवृत्तिलाई बुँदागत रूपमा यसप्रकार देखाइन्छ :

(१) प्रारम्भमा प्रभाववादी प्रवृत्ति र क्रमशः कृतिपरक समालोचनातिरको अभिमुखता,

(२) कृतिपरक समालोचनामा पनि कृतिका अन्तर्वस्तुका सूक्ष्म पक्षलाई केलाउने प्रवृत्ति,

(३) व्यक्तित्वपरक, कृतित्वपरक र अन्तविर्षयक समालोचनालेखनमा सशक्तता,

(४) सैद्धान्तिक आलोकमा कृतिको विश्लेषण गर्ने प्रवृत्ति र अनुसन्धानात्मक समालोचनालेखनमा क्रियाशीलता,

(५) नारीसमालोचनाको इतिहास लेखन र प्रथमतः नारीसमालोचकहरूको अन्वेषण,

(६) नारीवादी समालोचनाको अन्तर्विकास र खोजका साथै पछिल्लो समयमा नारीवादी कोणबाट कृतिलाई हेर्ने प्रवृत्ति,

(७) वस्तुनिष्ठ भाषाका विपरीत कतिपय समालोचनाहरूमा आत्मगत भाषाको प्रयोग आदि ।

### ५.१.१८.३ समालोचना कृतिको विश्लेषण

सुधा त्रिपाठीका प्रारम्भिक समीक्षात्मक लेखहरूको सङ्कलनका रूपमा देखिएको **दृष्टिचौतारी** (२०५८) उनको पहिलो समालोचना कृति हो । सत्रओटा फुटकर

समालोचनाहरूको सङ्ग्रह गरिएको प्रस्तुत कृतिमा २०३९ देखि २०५७ सम्मको अवधिमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका समालोचनाहरूलाई समावेश गरेको देखिन्छ ।

> 'प्रस्तुत कृतिमा समावेश भएका यी समीक्षाहरू केही आख्यान, नाटक र काव्यकृतिहरूका परिचर्चा र चरित्रचित्रणमा आबद्ध रहेका छन् भने केही नेपाली साहित्यको ऐतिहासिक विकासक्रमका सन्दर्भमा प्रतिबिम्बित नारीको स्वरूप र तत्सम्बन्धी दृष्टिकोणमा आधारित रहेका छन् । अन्य केही समीक्षाहरू व्यक्तित्व र कृतित्वका सर्वेक्षणमा पनि केन्द्रित रहेका छन् । समीक्षाका विषय र तिनका परिधि अलग–अलग रहेका भए पनि धेरैजसो समीक्षाको केन्द्रवर्ती वस्तु नारी नै रहेको देखिन्छ ।[३५]

प्रस्तुत कृतिमा *समका कठपुतली नायिकाहरू, कथाकार भवानी भिक्षु र उनका नारीपात्र, नेपाली साहित्यकाशमा नारी, भानुभक्तको नारी विद्वेष, नेपाली साहित्यमा नारीको अधकल्चो छवि, नाटककार तिवारी र उनका नारीपात्र, नेपाली साहित्यमा चित्रण भएका नारीचरित्रहरू, महिला कथाकार र महिला* जस्ता नारीकेन्द्रित र नारीविषयक आठओटा फुटकर समालोचना रहेको यस कृतिमा त्रिपाठीको नारीवादी प्रवृत्तिसमेत झल्किएको छ । पहलमान सिंहको व्यक्तित्व तथा भूपि, सिद्धिचरणका कविता तथा अन्य नाटक, कथा र निबन्धहरूको समेत समीक्षा रहेको प्रस्तुत कृतिमा केही रूपमा विद्रोहात्मक चेतनासमेत पाइन्छ । साहित्यका विविध विधा र विषयमा समालोचना गर्न रुचाउने सुधा त्रिपाठीको प्रस्तुत कृतिका समालोचनाहरूमा केही निबन्धात्मक शैली देखिए पनि तिनमा नवीन चेतनाको प्रस्तुति पनि झल्किएको देखिन्छ । खासगरी नारीलेखनको इतिहास, साहित्यमा नारीचित्रणको स्वरूप तथा नारीसिर्जनाको अध्ययनलाई आफ्नो समालोचनाको प्रमुख विषयवस्तु बनाउने समालोचक त्रिपाठीको प्रस्तुत कृतिमा समावेश भएका केही समालोचनामा निबन्धको प्रभाव समेत देख्न सकिन्छ । प्रारम्भिक लेखनका रूपमा रहेको **दृष्टिचौतारी** समालोचना कृतिमा प्रगतिवादी प्रवृत्ति पनि रहेको पाइन्छ ।

**भूपिका कवितामा व्यङ्ग्यालङ्कार चेतना** (२०५८) उनको समालोचनायात्राको दोस्रो कृति हो । चार परिच्छेदमा विभाजित यस कृतिमा स्वच्छन्दवादी–प्रगतिवादी कवि भूपि शेरचनका कवितालाई व्यङ्ग्यालङ्कार चेतनाका दृष्टिले विश्लेषण गरिएको छ । *भूपिका कवितात्मक सन्दर्भहरू* शीर्षकको पहिलो परिच्छेदमा भूपिको कवित्व परिचयका साथ उनको काव्ययात्रा, उनका कवितात्मक प्रवृत्तिहरू र उनको व्यङ्ग्य कवित्वका उत्प्रेरक तत्त्वहरूको वस्तुपरक विश्लेषण गरिएको छ । भूपिलाई प्रकृति, प्रेम, देश र जनता, स्वतन्त्रता, सामाजिक, नवसंरचनाका पक्षपाती व्यङ्ग्य कवि आदि प्रवृत्तिका कविका रूपमा विवेचना गर्दै राणाशासन, दोस्रो विश्वयुद्ध, आणविक सन्त्रास, पाश्चात्य संस्कृति, देशको आर्थिक दुरावस्था र युगीन राजनीतिक विसङ्गतिले व्यङ्ग्य कविता लेख्न उत्प्रेरित गरेको कुरा देखाइएको छ ।

---

[३५] ठाकुरप्रसाद पराजुली, मन्तव्य, दृष्टिचौतारी, सुधा त्रिपाठी, पृ. उल्लेख नभएको ।

*भूपिका कवितामा व्यङ्ग्य* शीर्षकको दोस्रो परिच्छेदमा व्यङ्ग्यको सैद्धान्तिक परिचयका साथ उनका *मेरो चोक, सधैँ सधैँ मेरो सपनामा वसन्त, हामी, मध्यान्ह दिन र चिसो निद्रा, गलत लाग्छ मलाई मेरो देशको इतिहास, घुम्ने मेचमाथि अन्धो मान्छे, घण्टाघर, घैँटाभित्र बटवृक्ष, मेरा विगत सपनाहरू, ए जून, पोखरा, हो–चिमिन्हलाई चिठी, यो हल्लैहल्लाको देश हो, मर्दैछ हामी बाँचेको युग, साँझको नयाँ सडक, जिन्दगीको यात्रा, नयाँ वर्ष, पहिरो जाने पहाडमुन्तिर, भैरहवा, चिसो एस्ट्रे, मेरा साथीहरू* आदि कविताहरूको व्यङ्ग्यालङ्कारपरक विश्लेषण गरिएको छ । यसै सन्दर्भमा नेपाली व्यङ्ग्य कवितापरम्परामा भूपिका कविताको स्थान निर्धारण पनि गरिएको छ र अन्त्यमा व्यङ्ग्य प्रयोगका दृष्टिले भूपिका कविताको मूल्याङ्कन पनि गरिएको छ ।

*भूपिका कवितामा अलङ्कार* शीर्षकको तेस्रो परिच्छेदमा अलङ्कारको सैद्धान्तिक परिचय दिँदै उनका कवितामा उत्प्रेक्षा, रूपक, उपमा परिकर, अतिशयोक्ति, स्वभावोक्ति, विभावना, विशेषोक्ति आदि अलङ्कारको प्रयोग भएको उल्लेख गर्दै उनका उर्पयुक्त कविताहरूको अलङ्कार विश्लेषणका साथै अलङ्कार प्रयोगका दृष्टिले उनका कविताको मूल्याङ्न गरिएको छ । यी कविताहरूको अलङ्कारपरक विश्लेषण गरेर प्रत्येक कवितामा प्रयुक्त अलङ्कारको विवेचना गरिएको भए पनि तिनलाई कवितांशका उदाहरणद्वारा पुष्टि गर्ने काम भने यसमा गरिएको देखिँदैन ।

उपसंहार शीर्षकको अन्तिम परिच्छेदमा भूपि शेरचनको समग्र कवित्वको निरूपणका साथमा उनका कवितामा पाइने व्यङ्ग्यालङ्कार चेतनालाई निष्कर्षमा प्रस्तुत गरी कृतिलाई अनुसन्धानात्मक समालोचनाका रूपमा उपस्थापित गराउन खोजिएको छ । त्रिपाठीको यस पुस्तकमा भूपिका कवितामाथिको व्यङ्ग्यालङ्कार चेतनाको विवेचना उल्लेखनीय छ ।

> 'प्रस्तुत शोधमा व्यङ्ग्य अलङ्कारमूलक अध्ययन गरिएको छ यिनका व्यङ्ग्यमूलको अध्ययन पाश्चात्य दृष्टिबाट भएको छ । किनभने व्यङ्ग्यलाई यहाँ पूर्वीय साहित्यशास्त्रमा चर्चित व्यञ्जनामूलक अर्थ (व्यङ्यार्थ) मा नलिई छेडछाड र घोचपेचका अर्थमा लिइएको छ । भूपिका कवितामा पाइने व्यङ्ग्य कठोर नभएर कोमल छ, परिहासमूलक छ । यसरी त्रिपाठीले वस्तुविश्लेषणका लागि आवश्यक पूर्वीय तथा पाश्चात्य साहित्यसिद्धान्तको उपयोग गरेकी छन् र वस्तुनिष्ठ भएर अध्ययन, विश्लेषण र मूल्याङ्कन गरेकी छिन् ।'[३६]

'सन्दर्भसूची सहित १०३ पृष्ठ भएको आयाममा विस्तारित यो कृति कृतिपरक र अनुसन्धानमूलक भए पनि शीर्षकअनुरूपको कविताको व्यापक विश्लेषण भने यसमा त्यति पाइँदैन तापनि कवि भूपिका काव्यप्रवृत्तिबारे सामान्य र उनका कवितामा पाइने व्यङ्ग्य एवम् अलङ्कारहरूबारे विशेष किसिमले चर्चा गरिएको यस कृतिबाट सुधा त्रिपाठीको

---

[३६] केशवप्रसाद उपाध्याय, मन्तव्य, **भूपिका कवितामा व्यङ्ग्यालङ्कार चेतना**, सुधा त्रिपाठी, पृ. उल्लेख नभएको ।

शोधप्रतिको निष्ठा र समालोचनात्मक क्षमताको परिचय पाइन्छ ।'[३७] यसरी वस्तुपरक विश्लेषण र भूपिका कविताको विशिष्टीकृत अध्ययन हुन सकेको सन्दर्भमा यो समालोचना कृति महत्त्वपूर्ण प्राप्तिका रूपमा देखिन्छ ।

सुधा त्रिपाठीको तेस्रो समालोचनाकृति **महिला समालोचक र नेपाली समालोचना** नेपाली नारीसमालोचनाका बारेमा लेखिएको पहिलो कृति हो । सुधा त्रिपाठीद्वारा सम्पादित तथा लिखित यस कृतिलाई नेपाली नारीसमालोचनाको पहिलो ऐतिहासिक अभिलेखका रूपमा मान्न सकिने आधारहरू देखिन्छन् । यस कृतिमा सुधा त्रिपाठीले महिला समालोचक र नेपाली समालोचनाको ऐतिहासिक रूपरेखा प्रस्तुत गर्दै नेपाली नारीसमालोचनाको विकासक्रमिक परम्परालाई *महिला समालोचक र नेपाली समालोचना* शीर्षकको भूमिकामा उल्लेख गरेकी हुनाले र प्रत्येक महिला समालोचकहरूका बारेमा अलगअलग परिचयात्मक आलेख प्रस्तुत गरेकी हुनाले यो कृति उनीद्वारा लेखिएको समालोचना हो भने सम्बद्ध नारीसमालोचकहरूका एक–एकओटा प्रतिनिधिमूलक समालोचनात्मक लेखहरूलाई सङ्गृहीत गरी कृतिमा समावेश गरेकी हुनाले यो उनीद्वारा सम्पादित कृति पनि हो ।

विवेच्य कृतिमा नेपाली नारीसमालोचनाको परिचय प्रस्तुत गर्दै यस कृति लेखनका क्रममा सामग्री सङ्कलनको प्रक्रियालाई प्रस्तुत गरिएको छ र सबैभन्दा उल्लेखनीय कुरा भूमिकाको *इतिहास* उपशीर्षकमा नारीसमालोचनाको ऐतिहासिक रूपरेखा प्रस्तुत गर्दै नारीसमालोचक र समालोचनाको स्थितिलाई *महिला समालोचक र समालोचनाको स्थिति* उपशीर्षकमा प्रस्तुत गरिएको छ । *स्थितिको निकास* उपशीर्षकमा आत्मपरक शैलीमा नेपाली नारीलेखनका समस्या र नेपाली नारीसमालोचनाको कमजोर स्थितिलाई देखाउँदै नारीसमालोचनाको अन्तर्विकासको लागि केही सुझावहरू पनि देखाइएको छ । छोटै भए पनि बार पृष्ठको आयाममा विस्तारित उनको यो भूमिका नेपाली नारीसमालोचनाबारे पहिलो कार्य हो र पहिलो अभिरेखाङ्कन पनि हो ।

प्रत्येक नारीसमालोचकका बारेमा परिचयात्मक आलेख प्रस्तुत गर्दै सङ्क्षिप्त रूपमा नै भए पनि नेपाली नारीसमालोचकहरूका परिचय, जीवनी, व्यक्तित्व, कृतित्व र प्रवृत्तिलाई प्रस्तुत गर्दै सम्बद्ध नारीसमालोचकका एकएकओटा समालोचनाको चयनको आधार पनि प्रस्तुत गरिएको पाइन्छ । नारीसमालोचकको परिचयलाई अधिकांशतः एउटै संरचनात्मक ढाँचा वा प्रारूपमा ढालिएको पाइन्छ । प्रभादेवी उपाध्याय र स्नेहलता पन्तको परिचयात्मक आलेखमा खासै उपशीर्षक दिइएको छैन भने अन्य नारीसमालोचकको परिचय दिने क्रममा कहीँ सङ्ख्याङ्कन दिएर कहीँ सङ्ख्याङ्कन नदिईकन (१) परिचय, (२) समालोचकीय विवरण, अवधारणा, (३) समालोचनाको चयन उपशीर्षकमा आधारित भएर एकरूपता प्रदान गरिएको छ । यसरी परिचयात्मक आलेखलाई तीनओटा उपशीर्षकमा केन्द्रित गराएर एउटै ढाँचा प्रस्तुत गरिए पनि तिनका समालोचनात्मक प्रवृत्ति र योगदानको वस्तुगत निरूपण भने हुन सकेको छैन ।

---

[३७] घनश्याम कँडेल, मन्तव्य, सुधा त्रिपाठी, पूर्ववत् ।

सुधा त्रिपाठीको **महिला समालोचक र नेपाली समालोचना** शीर्षकको यस कृतिमा सुरुदेखि अहिलेसम्म नेपाली समालोचनामा सशक्त रूपले कलम चलाउने पच्चीसजना नारीसमालोचकहरूलाई चयन गरिएको छ र तिनका एकएकओटा समालोचनात्मक लेखहरूलाई प्रतिनिधि समालोचना कृतिका रूपमा सङ्गृहीत गरिएको छ । यसक्रममा प्रभादेवी उपाध्याय, स्नेहलता पन्त, सरिता ढकाल, गोमा उपाध्याय, गार्गी शर्मा, रमा शर्मा, देवी शर्मा, सुशीला भट्ट, रञ्जुश्री पराजुली, सुषमा आचार्य, बिन्दु कोइराला, सुधा त्रिपाठी, ज्योति खड्का, गायत्री श्रेष्ठ, ललिता अधिकारी, नन्दमाया नकर्मी, उषा ठाकुर, सावित्री मल्ल, ज्ञानु पाण्डे, जया पाठक, शान्ता शाक्य, शारदा अधिकारी (ढकाल), प्रभा भट्टराई (आचार्य), रमा शिवाकोटी, मोमिला जोशीजस्ता नारीसमालोचकहरूका समालोचना राखिए पनि नारीसमालोचकहरूको चयनको वस्तुगत आधार भने त्यति स्पष्ट देखिँदैन । समालोचना पुस्तक प्रकाशित भएका कतिपय नारीसमालोचकहरू यसमा समावेश छैनन् भने समालोचना पुस्तक प्रकाशित नभएका तर फुटकर रूपमा सशक्त समालोचना लेख्ने केही नारीसमालोचकहरूलाई पनि यसमा समावेश गरिएको देखिँदैन । सम्बद्ध नारीसमालोचकहरूका समालोचनात्मक लेखहरूको चयन सम्पादकको स्वैच्छिक भए पनि सकेसम्म नारीवादी दृष्टिकोणपरक, नारीचिन्तनपरक, नारीचरित्रपरक र प्रतिनिधिमूलक समालोचनाको चयन गरिएको देखिन्छ । फुटकर रूपमा सशक्त समालोचना लेख्ने केही नारीसमालोचक यसमा समावेश भएको नपाइए पनि र पुस्तकाकार कृति भएका नारीसमालोचक छुटे पनि यस कृतिले नेपाली नारीसमालोचनाको पहिलो ऐतिहासिक अभिलेखाङ्कन प्रस्तुत गरेको छ, प्रस्तुत अर्थमा यस कृतिको ऐतिहसिक महत्त्व रहेको छ । भूमिका र परिचयात्मक लेखमा अधिकांशतः वर्णनात्मक शैली अवलम्बन गरिए पनि कृतिको स्वरूप भने अनुसन्धानाात्मक छ र अंशतः ऐतिहासिक, अनुसन्धानात्मक र वर्णनात्मक शैलीको अवलम्बन गरिएको पाइन्छ ।

### ५.१.१८.४ निष्कर्ष

सुधा त्रिपाठी विविध विधा, विषय र क्षेत्रमा कलम चलाउने नारीसमालोचक हुन् । प्रगतिवादी र नारीवादी चेतनाका कोणबाट पनि उनका समालोचना लेखिएका छन् । व्यक्तिकेन्द्रित, कृतिकेन्द्रित, प्रवृत्तिकेन्द्रित र सैद्धान्तिक समालोचना समेत लेखेर स्थापित भएकी सुधा त्रिपाठीले नेपाली नारीसमालोचकहरूको अनुसन्धान समेत गरेकी छिन् । यसरी नेपाली नारीसमालोचनामा नै केन्द्रित भएर लेख्ने पहिलो समालोचक उनी भएकी छिन् । नेपाली साहित्यमा यो उनको महत्त्वपूर्ण योगदान हो । उनका कतिपय समालोचनामा आत्मगतता पनि पाइन्छ । जेहोस् नारीसमालोचनाको इतिहासमा उनका समालोचना प्राप्तिपूर्ण देखिन्छन् ।

### ५.१.१९ सुशीला भट्ट र उनको समालोचना कृति

#### ५.१.१९.१ व्यक्तित्व र कृतित्व

साहित्यका कथा, उपन्यास निबन्धविधामा कलम चलाउने सुशीला भट्ट समालोचनालेखनमा पनि अग्रसर हुने स्रष्टा हुन् । अग्रज साहित्यकारहरूका रचनाबाट प्रभावित भएर साहित्यिक क्षेत्रमा प्रवेश गरेकी सुशीला भट्ट *उपन्यासमा कथानकको महत्त्व* शीर्षकको लेख प्रकाशित गराई २०२६ सालमा नै समालोचनालेखनतर्फ प्रवृत्त भएको देखिन्छ । उनका फुटकर समालोचना तथा फुटकर कथाहरू अन्य विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित देखिन्छन् । समालोचना र सिर्जना दुवै विधालाई बराबर महत्त्व दिई लेखनकार्यमा लागेको भए पनि हालसम्म उनको प्रकाशित **गुरूप्रसाद मैनाली : व्यक्तित्व र कृतित्व** ( २०५९) कृति एक मात्र प्रकाशित कृति भएको हुँदा उनको सक्रियता अन्य विधाका तुलनामा समालोचनापट्टि कम रहेको स्पष्ट हुन्छ । पुराना नारीसाहित्यकारहरूका विषयमा अनुसन्धानात्मक समीक्षाहरू लेख्न रुचि राख्ने भट्टका समालोचना प्रभाववादी चिन्तनमा केन्द्रित देखिन्छन् । उनले २०२६ सालबाट समालोचनालेखन सुरु गरेको भए पनि उनको पुस्तकाकार रूपमा समालोचना कृतिको प्रकाशन भने धेरै पछि २०५९ सालमा आएर मात्र भएको पाइन्छ । उनको समालोचना यात्रालाई हेर्दा कम लेखेर भए पनि उनी यसतर्फ निरन्तररूपमा लागिरहने नेपाली नारीसमालोचक हुन् ।

#### ५.१.१९.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

सुशीला भट्ट नेपाली नारीसमालोचनाको इतिहासमा स्थापित भइसकेको नाम हो । नेपाली विषयको प्राध्यापन पेसामा संलग्न भएपछि यसतर्फ सक्रिय देखिएकी सुशीला भट्टका समालोचनाहरू प्राध्यापकीय शैलीमा लेखिएका देखिन्छन् । हालसम्म विभिन्न पत्रपत्रिकाहरूमा दुई दर्जनभन्दा बढी फुटकर समालोचना प्रकाशित गराइसकेकी समालोचक सुशीला भट्टको समालोचनाको विषय क्षेत्र कुनै एक विधामा मात्र केन्द्रित नदेखिए पनि उनी विशेषत: कथा र उपन्यासको समालोचना गर्न बढी रुचिशील देखिन्छिन् । 'उनका विभिन्न फुटकर समालोचनाहरू प्रभाववादी चिन्तनकै केन्द्रीयतामा लेखिएका देखिन्छन् र उनी साहित्यमा अभिव्यक्त व्यक्तिका मनोगत भावनाहरू र सामाजिक समस्याका विषयमाथि कलम चलाउन मन पराउँछिन् ।'[३८] उनका फुटकर समालोचनाबाहेक हालसम्म प्रकाशित एकमात्र कृति **गुरूप्रसाद मैनाली : व्यक्तित्व र कृतित्व** (२०५९) उनको यस क्षेत्रको महत्त्वपूर्ण कृति हो । यसै कृतिमार्फत् उनी नेपाली नारीसमालोचनाका क्षेत्रमा स्थापित बन्न सफल छिन् । अन्य फुटकर समालोचनाका साथै समालोचना कृतिका आधारमा उनका समालोचनात्मक प्रवृत्तिलाई यसप्रकार देखाइन्छ :

(१) प्रभाववादी चिन्तनमा आधारित समालोचनालेखन,

---

[३८] सुधा त्रिपाठी, **महिला समालोचक र नेपाली समालोचना**, पूर्ववत्, पृ. ९८ ।

(२) अनुसन्धानापरक समालोचनामा रुचि राख्दै विभिन्न नारीस्रष्टाहरूसँग सन्दर्भित समालोचनालेखन,

(३) साहित्यका सबै विधा र प्रवृत्तिमा कलम चलाए पनि विशेषतः आख्यान विधाको समालोचनातर्फ विशेष रुचि,

(४) समालोचनाका क्रममा गुणदर्शन परम्परालाई नै निरन्तरता दिँदै विषयवस्तुको स्थूल रूपमा विश्लेषण,

(५) विश्लेषणात्मक, ऐतिहासिक र व्याख्यात्मक विधिको अवलम्बन आदि ।

**५.१.१९.३ समालोचना कृतिको विश्लेषण**

सुशीला भट्टको **गुरूप्रसाद मैनाली : व्यक्ति र कृति** कृति एक महत्त्वपूर्ण समालोचना कृति हो । गुरुप्रसाद मैनालीको जीवनी, व्यक्तित्व र कृतित्वका साथै अन्य प्रकाशित/अप्रकाशित सबै रचना र अन्य सन्दर्भहरूलाई पनि समाविष्ट गरी लेखिएका प्रस्तुत पुस्तकमा सङ्क्षिप्त रूपमा आधुनिक नेपाली कथाको पृष्ठभूमिको पनि चर्चा गरिएको पाइन्छ । जम्मा ३०८ पृष्ठको आयाममा फैलिएको प्रस्तुत अनुसन्धानात्मक समालोचना कृतिमा सातओटा परिच्छेद रहेका छन् भने अन्तिम खण्डमा परिशिष्ट एक र परिशिष्ट दुई अन्तर्गत गुरूप्रसाद मैनालीका अन्य साहित्यिक पक्षहरूलाई स्पष्ट पारिएको देखिन्छ । अनुसन्धानात्मक शोधमूलक शैलीमा लेखिएको प्रस्तुत ग्रन्थमा मैनालीको जीवनीका विविध पक्षका साथै उनका केही कथेतर कृतिहरू पनि समाविष्ट भएबाट मैनालीको साहित्यिक जीवनको साङ्गोपाङ्ग अध्ययन गरिएकाले यो कृति उपयोगी बनेको देखिन्छ । परिच्छेदीकरणमा बाहेक अन्य शीर्षक, उपशीर्षकमा सङ्ख्याङ्कन नगरिएको प्रस्तुत कृतिका विभिन्न शीर्षक, उपशीर्षकहरूमा विभाजन गरी मैनालीको जीवनीलाई बहुआयामिक कोणबाट हेरी विश्लेषण समेत गरिएको देखिन्छ ।

*गुरूप्रसाद मैनालीको जीवनी* शीर्षकको पहिलो परिच्छेदमा कथाकार मैनालीको वंशपरम्परा, जन्म र बाल्यकाल, अध्ययन, पारिवारिक जीवनसेवा निवृत्तिपछिका दिनहरू तथा गुरूप्रसाद मैनालीका व्यक्तित्व विविध पक्षहरूको चर्चा गरिएको छ भने परिच्छेद दुईमा *आधुनिक नेपाली कथाको पृष्ठभूमि र गुरूप्रसाद मैनाली* शीर्षकअन्तर्गत आधुनिक नेपाली कथा पृष्ठभूमिको चर्चा गर्दै कथाको विकासयात्रालाई दुई चरणमा राखी विश्लेषण गरिएको देखिन्छ ।

यसैगरी 'मैनालीको साहित्यिक यात्रा' शीर्षकको परिच्छेद तीनमा गुरूप्रसाद मैनालीका जानकारीमा आएका प्रकाशित अप्रकाशित सबै साहित्यिक रचनाहरूको तालिकीकरण गरेर विवरणहरू देखाउँदै उनका रचनाहरूको चरण विभाजन गरी सङ्क्षिप्त विवेचना गरिएको देखिन्छ भने परिच्छेद चारमा *'मैनालीका कथाहरूको विश्लेषण' शीर्षकअन्तर्गत नासो, छिमेकी, प्रायश्चित, पापको परिणाम, विदा, परालको आगो, अभावी, शहीद, कर्तव्य, प्रत्यागमन, चिताको ज्वाला* गरी जम्मा बाह्रओटा कथालाई कथातत्त्वका आधारमा विश्लेषण गरिएको छ । शीर्षक, कथ्य र उद्देश्य, घटनाव्यापार,

कथानकको अन्तर्विकास, चरित्रचित्रण, भाषाशैली, देशकाल र वातावरण आदिका आधारमा बारओटा कथाहरूको विश्लेषण गरिएको यस परिच्छेदले कृतिको अधिकांश पृष्ठ ओगटेको देखिन्छ ।

यसैगरी *गुरूप्रसाद मैनालीका कथ वैशिष्ट्य* शीर्षकको परिच्छेद पाँचमा विभिन्न शीर्षक तथा उपशीर्षकमा आधारित भएर आख्यानीकरण, मैनालीका कथाहरूको कथ्य, घटनाशृङ्खला, अन्तर्विकास र प्रस्तुतिमा पाइने विशेषताहरूको चर्चा गरिएको छ । उनले मैनालीका कथाहरूमा काव्यात्मकता वा भावात्मकता, आलङ्कारिकता, पत्रात्मकता, चित्रात्मकता, मनोविश्लेषणात्मकता, हास्यचेत र व्यङ्ग्यात्मकता र कथाकारको कथामा प्रवेशजस्ता विशेषताहरूको चर्चा गरिएको पाइन्छ । *मैनालीका अन्य रचनाहरूको सङ्क्षिप्त चर्चा* शीर्षकको परिच्छेद ६ मा कथाकारका रूपमा विशिष्टता प्राप्त गरेका गुरूप्रसाद मैनालीका कथेतर रचनाहरूका बारेमा पनि सङ्क्षिप्त चर्चा गरिएको छ । उनका प्रकाशित तीनओटा कविता र ६ ओटा निबन्धहरूको छोटो समीक्षा यसमा गरिएको छ भने सातौँ परिच्छेदमा उपसंहार लेखिएको छ । अन्तिममा सन्दर्भस्रोत विवरणपश्चात् पहिलो खण्ड पूरा भई दोस्रो खण्ड सुरु भएको पाइन्छ । दोस्रो खण्डमा तीनओटा परिशिष्टहरू रहेको देखिन्छ । पहिलो परिशिष्टमा गुरूप्रसाद मैनालीको साहित्यसाधनबारे विभिन्न विद्वान्द्वारा व्यक्त केही मन्तव्यहरू राखिएका छन् भने दोस्रो परिशिष्टमा गुरूप्रसाद मैनालीका प्रकाशित र अप्रकाशित फुटकर रचनाहरूलाई समावेश गरिएको देखिन्छ । यसक्रममा उनका गजल, कविता, निबन्ध, यात्रासंस्मरण तथा अपूर्ण कथा गरी जम्मा नौओटा रचनाहरू सङ्कलित देखिन्छन् र अन्तिम परिशिष्टमा केही औपचारिक र अनौपचारिक साहित्यिक पत्रहरू समावेश गरिएको देखिन्छ । यसमा लैनसिंह बाङ्देलले मैनालीलाई लेखेका र मैनालीद्वारा बाङ्देललाई लेखिएका पत्रहरू समावेश गरिएका छन् ।

यसप्रकार कथाकार गुरुप्रसाद मैनालीका व्यक्तित्व, कृतित्व तथा जीवनका अन्य पक्षहरूको पनि साङ्गोपाङ्गो चित्रण गरिएको प्रस्तुत कृति गहन अनुसन्धान गरी तयार पारिएको उल्लेखनीय कृतिका रूपमा देखापरेको पाइन्छ ।

### ५.१.१९.४ निष्कर्ष

सुशीला भट्ट नेपाली नारीसमालोचना लेखनमा थपिएकी समालोचक हुन् । उनका साहित्यका विभिन्न विधा र विषयमा केन्द्रित फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका पाइन्छन् । लामो समयसम्म समालोचना लेखनलाई निरन्तरता दिँदै लगेकी सुशीला भट्टको गुरूप्रसाद मैनालीको व्यक्तित्व र कृतित्वमा आधारित अनुसन्धानात्मक तथा विश्लेषणात्मक कृति **गुरूप्रसाद मैनाली : व्यक्ति र कृति** शीर्षकको कृति नारीसमालोचनाका क्षेत्रकै एउटा महत्त्वपूर्ण कृति हो । विशेषतः प्रभाववादी चिन्तनकै परिवृत्तमा रहेर समालोचना लेख्ने भट्टका समालोचनाहरू व्याख्यात्मक, विश्लेषणात्मक र अनुसन्धानात्मक शैलीमा लेखिएको पाइन्छ । आफ्नो ठाउँमा रहेर उनले

नेपाली नारीसमालोचनाका क्षेत्रमा जे जति कार्य गरेकी छिन्, त्यसले यस क्षेत्रलाई फराकिलो पार्न सहयोग पुऱ्याएकाले उनको उपस्थिति महत्त्वपूर्ण देखिन्छ ।

### ५.१.२० ज्ञानु पाण्डे र उनको समालोचना कृति

#### ५.१.२०.१ व्यक्तित्व र कृतित्व

नेपाली नारीसमालोचनामा आफ्नो प्रभावपूर्ण उपस्थिति देखाउन सफल समालोचक ज्ञानु पाण्डे पछिल्लो समयमा क्रियाशील देखिएकी छिन् । वि.सं. २०१८ सालमा काठमाडौँमा जन्मिएकी ज्ञानु पाण्डेले विशेषतः समालोचना विधामा नै केन्द्रित भई साहित्य लेखेको देखिन्छ । सर्वप्रथम **गरिमा** पत्रिकामा आफ्नो पहिलो समालोचनात्मक लेख प्रकाशित गराउर समालोचनालेखनमा प्रवृत्त भएकी ज्ञानु पाण्डेका हालसम्म **गरिमा, उन्नयन, समकालीन साहित्य**लगायत अन्य विभिन्न पत्रपत्रिकाहरूमा प्रशस्त मात्रामा फुटकर समालोचनाहरू छरिएर रहेका पाइन्छन् । 'समालोचनाका अतिरिक्त साहित्यिक निबन्ध एवम् समसामयिक लेखहरू लेख्ने .... ज्ञानु पाण्डे विश्वसाहित्यको इतिहासमा आधुनिक कालदेखि यता देखापरेका विभिन्न प्रवृत्तिहरूलाई आफ्नो रुचिको क्षेत्र मानिन्छन् ।'[३९] पाश्चात्य समालोचना/साहित्य सिद्धान्तको अध्ययनमा आधारित भई कृतिपरक समालोचना लेख्ने ज्ञानु पाण्डेको फुटकर समालोचनाहरूबाहेक 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद (२०६२) नामक कृति प्रकाशित भएको देखिन्छ । विश्वेश्वरप्रसाद कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना गरिएको प्रस्तुत कृतिमा कोइरालाका ६ ओटा औपन्यासिक कृतिहरूको अस्तित्ववादी चिन्तन/सिद्धान्तका आधारमा सूक्ष्म विश्लेषण गरिएको हुँदा प्रस्तुत कृति गहन र बृहत् बन्न गएको देखिन्छ । वि.सं. २०४४ सालको **गरिमा** पत्रिकामा *निर्बन्ध उपन्यास : एक दृष्टिकोण* शीर्षकको समालोचना प्रकाशित गराएर यस क्षेत्रमा निरन्तर सक्रियताका साथ लागेकी ज्ञानु पाण्डे एक अध्ययनशील, चिन्तनशील नारीसमालोचक हुन् र यिनका समालोचनाहरू साहित्यसिद्धान्त र आख्यानविधाको परिवृत्तमा रहेर लेखिएका देखिन्छन् ।

#### ५.१.२०.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

ज्ञानु पाण्डे नारीसमालोचनाको इतिहासमा देखापरेकी एक सशक्त नारीहस्ताक्षर हुन् । समालोचनालेखनका प्रारम्भिक अवस्थादेखि नै उनका समालोचनाहरू बौद्धिक तथा सिद्धान्तकेन्द्री देखिन्छन् । समालोचक पाण्डे प्रभाववादी चिन्तनबाट सम्पूर्ण रूपमा नभए पनि आंशिक रूपमा प्रभावित देखिन्छन् र उनले विशेषतः कृतिपरक समालोचनामा नै आफ्नो समालोचकीय क्षमता उजागर पार्ने गरेको देखिन्छ । वस्तुवादी समालोचनातर्फ उन्मुख भई विश्लेषणात्मक शैली अवलम्बन गरी समालोचना लेख्ने पाण्डेका समालोचनाहरू कुनै कृति/रचनाको समग्रतालाई भन्दा पनि कृतिमा अन्तर्निहित कुनै एक पक्षमा केन्द्रित भई

---

[३९] सुधा त्रिपाठी, **महिला समालोचक र नेपाली समालोचना**, पूर्ववत्, २२१ ।

विश्लेषण गरिएको पाइन्छ । विशेषतः विश्वसाहित्यमा देखापरेका साहित्यका नवीन सिद्धान्त वा प्रवृत्तिहरूलाई आफ्नो अध्ययनको क्षेत्र बनाएकी पाण्डेले नेपाली साहित्यका आख्यानात्मक कृतिहरूलाई तिनै सिद्धान्तका आधारमा समालोचना गर्ने गरेको पाइन्छ । खासगरी पछिल्लो समयमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूको विशद् अध्ययन गरेकी ज्ञानु पाण्डेले विश्वसाहित्यलाई प्रभावित बनाउन सफल अस्तित्ववादको चिन्तनसम्बन्धी अवधारणाहरूलाई कोइरालाका उपन्यासमा खोजेर त्यसको व्यापक र गहन अनुसन्धान गरेको देखिन्छ । उनका समालोचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) साहित्यका सैद्धान्तिक पक्षका साथसाथै मूलतः आख्यान विधामा केन्द्रित भई समालोचना लेख्ने प्रवृत्ति,

(२) प्रभाववादी समालोचना चिन्तनबाट मुक्त हुँदै वस्तुवादी समालोचना प्रवृत्तितर्फ उन्मुखता,

(३) कृतिपरक समालोचना पद्धतिमा केन्द्रित रही व्याख्यात्मक तथा विश्लेषणात्मक शैलीको अवलम्बन,

(४) विश्वसाहित्यमा देखापरेका नवीन वाद वा चिन्तनहरूको प्रभाव,

(५) कृतिको समग्र पक्षमा भन्दा कृतिमा अन्तर्निहित कुनै एक पक्षमाथि व्याख्या विश्लेषण गर्ने पद्धति,

(६) अनुसन्धानमूलक तथा अन्तर्विषयक समालोचना पद्धतिको अवलम्बन आदि ।

### ५.१.२०.३ समालोचना कृतिको विश्लेषण

ज्ञानु पाण्डेद्वारा लिखित **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद** शीर्षकको अनुसन्धानात्मक ग्रन्थ जीवनीपरक, सैद्धान्तिक, प्रायोगिक र तुलनात्मक पद्धति अवलम्बन गरेर लेखिएको समालोचना हो । बृहत् आकारको यस समालोचना ग्रन्थको विषयसूचीमा बाह्यसंरचनाको स्तरमा परिच्छेदीकरण गरिएको नपाइए पनि आन्तरिक संरचनाको स्तरमा भने यसमा ६ ओटा परिच्छेद र तीभित्र अत्यन्तै धेरै शीर्षक उपशीर्षक रहेको देखिन्छ । यस कृतिका मूल शीर्षकहरूलाई नै परिच्छेदका स्तरमा हेर्दा नौओटा मूल शीर्षकहरूले नै परिच्छेदका संरचनालाई देखाएको पाइन्छ । तापनि यो ग्रन्थ अनुसन्धानात्मक ग्रन्थ भएको हुँदा परिच्छेदीकरणले अनुसन्धानलाई व्यवस्थिततातर्फ उन्मुख गराएको पाइन्छ तर विषयसूची र आन्तरिक संरचनामा एकरूपता पाइँदैन । विषयसूचीमा परिच्छेदलाई त्यसरी सङ्केत नगरिए पनि कृतिभित्रका उपकरणहरूलाई हेर्ने हो भने ६ ओटा परिच्छेदको बाह्यसंरचनामा यो आबद्ध देखिन्छ र यसले अनुसन्धानलाई व्यवस्थिततातर्फ उन्मुख गराएको छ ।

प्रस्तुत कृतिको परिच्छेद एकमा विश्वेश्वरप्रसाद कोइरालाको चिन्तन र व्यक्तित्वलाई प्रष्ट पार्दै कोइरालाका साहित्यिक र साहित्येतर व्यक्तित्वका विविध पाटालाई प्रस्तुत गरिएको छ र यसक्रममा साहित्यिक व्यक्तित्वभित्रका उपन्यासकार, कथाकार, कवि, समालोचक, जीवनीकार र संस्मरणकार व्यक्तित्वको निरूपण गरिएको छ । करिब

तीसओटा शीर्षक उपशीर्षकमा उनको समग्र व्यक्तित्वलाई चिनाएपछि दोस्रो परिच्छेदमा अस्तित्ववादको सैद्धान्तिक स्वरूपको परिचय दिँदै अस्तित्ववादको पाश्चात्य विकास प्रक्रिया र मान्यताहरूलाई व्यापक रूपमा विवेचना गरिएको छ। यसै सन्दर्भमा नेपाली उपन्यासमा अस्तित्ववादी परम्परालाई र मान्यतालाई प्रस्तुत गर्दै विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववादी चिन्तनका सन्दर्भलाई समेत प्रस्तुत गरिएको छ। तेस्रो परिच्छेदमा विश्वेश्वरको अस्तित्ववादी चिन्तनको रूपरेखा प्रस्तुत गर्दै सामाजिक विषयवस्तुमा आधारित **तीन घुम्ती, नरेन्द्र दाइ, बाबुआमा र छोरा** जस्ता उपन्यासहरूलाई अस्तित्ववादी कोणबाट व्यापक विवेचना गरिएको छ।

यस समालोचनाकृतिको चौथो परिच्छेदको मूल शीर्षक **कोइरालाको उपन्यासमा अस्तित्ववाद** नै रहे पनि यस परिच्छेदमा सांस्कृतिक विषयवस्तुमा आधारित उपन्यासलाई अस्तित्ववादी कोणबाट विवेचना गरिएको छ। यसक्रममा मूलतः **सुम्निमा** उपन्यासलाई अस्तित्ववादी कोणबाट गहन विश्लेषण गर्दै भौतिक शरीरको अस्तित्वलाई उपन्यासले अवलम्बन गरेको कुरा प्रस्तुत गरिएको छ। त्यस्तै पाँचौँ परिच्छेदमा पौराणिक विषयवस्तुमा आधारित उपन्यासको अस्तित्ववादी कोणबाट व्यापक विश्लेषण गरिएको छ। यसक्रममा **मोदिआइन्** र **हिटलर र यहुदी** उपन्यासलाई विस्तृत रूपमा निरूपण गरिएको छ। **मोदिआइन** पूर्वीय पौराणिक विषयवस्तुमा आधारित भएकाले यसको तदनुरूप अस्तित्ववादी कोणबाट विवेचना गरिएको छ भने **हिटलर र यहुदी** पाश्चात्य पौराणिक विषयवस्तुमा आधारित भएकाले यसको पनि तदनुरूप विश्लेषण गरिएको पाइन्छ। छैटौँ परिच्छेद यस समालोचनाकृतिको निष्कर्ष वा उपसंहारको रूपमा देखिन्छ। **अस्तित्ववादी उपन्यासकार कोइरालाका प्रमुख विशेषता र उपलब्धि** शीर्षकको यस परिच्छेदमा कोइरालाका अस्तित्ववादी मान्यताका मूलभूत पक्षहरू प्रस्तुत गर्दै उनका उपन्यासले देखाउन खोजेका अस्तित्ववादी, विसङ्गतिवादी स्वरलाई प्रस्तुत गरिएको छ। यसक्रममा कोइरालाका उपन्यासका मूल कथ्यलाई प्रस्तुत गर्दै आस्तित्विक चिन्तन, प्रेम, यौन आदि विविध पक्षहरूप्रति कोइरालाको दृष्टिकोण र चिन्तनलाई समेत प्रस्तुत गरेर उनको उपन्यासकारिताको समग्रतालाई मूल्याङ्कनका रूपमा प्रस्तुत गरी यसैका आधारमा कोइरालाका उपन्यासकारिताको निरूपण र मूल्याङ्कन पनि गरिएको छ।

करिब एकसय साठीओटा शीर्षक, उपशीर्षक र सहायक शीर्षकहरूमा विभाजित यस समालोचना ग्रन्थमा कोइरालाका उपन्यासहरूमा अस्तित्वको खोजी गरी आस्तित्विक चिन्तनका आधारमा उनका कृतिको विश्लेषण र मूल्याङ्कन गरिएकाले र सम्बद्ध उपन्यासका अत्यन्त सूक्ष्मतम पक्षहरूको पनि विश्लेषण गरिएकाले यो समालोचना कृति अनुसन्धानात्मक हुनाका साथै अन्तर्विषयक पनि भएको छ। मूलतः वर्णनात्मक र व्याख्या विश्लेषणात्मक पद्धति अवलम्बन गरिएको भए पनि यस कृतिमा आवश्यकतानुसार सैद्धान्तिक, जीवनीपरक, तुलनात्मक, अन्तर्विषयक आदि विविध पद्धतिहरूको पनि प्रयोग गरिएको छ। साथै विश्लेषणमा एउटै अस्तित्ववादी चिन्तन र दर्शनलाई आधार बनाइएकाले प्रायोगिक सन्दर्भमा उपन्यासको विश्लेषण गर्दा कतिपय प्रसङ्गहरूको

पुनरावृत्ति पनि भएको छ । यति हुँदाहुँदै पनि यो कृति नेपाली समालोचनामा अत्यन्तै गहन अनुसन्धानात्मक र विश्लेषणात्मक ग्रन्थका रूपमा देखापरेको छ । नेपाली नारीसमालोचनामा यत्तिको गहकिलो अनुसन्धानात्मक कृतिका रूपमा यो कृति देखा पर्नु पनि यसको प्राप्ति हो । यसप्रकार **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद** शीर्षकको यस समालोचना ग्रन्थले नेपाली नारीसमालोचनाको इतिहासमा विशिष्ट अनुसन्धानात्मक ग्रन्थ हुने अधिकार राखेको छ । त्यसैले पनि यस ग्रन्थले नेपाली नारीसमालोचनाको अनुसन्धानात्मक समालोचना परम्परालाई अग्रगति प्रदान गरेको छ । 'यस कृतिमा पाण्डेले अस्तित्ववादको विश्लेषणका साथै कोइरालाका सामाजिक, सांस्कृतिक र पौराणिक विषयवस्तुमा आधारित उपन्यासमाथि अस्तित्ववादको अन्वेषण र विश्लेषण गरेकी छिन् र यसले विषयको ज्ञानको क्षेत्रलाई विस्तार गरेको छ ।'[४०] यो पनि यस समालोचना कृतिको प्राप्ति हो । यसबाट ज्ञानु पाण्डेको विश्लेषण, क्षमता वा विषयवस्तुप्रतिको सूक्ष्म दृष्टिकोण र सैद्धान्तिक स्पष्टता देखिन्छ । कतिपय ठाउँमा आत्मगत भाषाको प्रयोग भए पनि समग्रमा भाषा वस्तुगततातर्फ उन्मुख देखिन्छ ।

### ५.१.२०.४ निष्कर्ष

उपन्यासमा अस्तित्ववादी चिन्तनमा अनुसन्धान गरेकी ज्ञानु पाण्डे सैद्धान्तिक, कृतिपरक र प्रवृत्तिपरक समालोचना लेख्ने समालोचकका रूपमा परिचित छिन् । नवीन प्रवृत्ति र उत्तरआधुनिकतावादी प्रवृत्तिका समालोचनासमेत लेख्ने ज्ञानु पाण्डेका समालोचनामा अन्तर्विषयकता पनि पाइन्छ । प्रायः आख्यानविधामा समालोचना लेख्ने ज्ञानु पाण्डेका समालोचनाले उल्लेखनीय महत्त्व राख्दछन् ।

### ५.१.२१ बिन्दु शर्मा र उनका समालोचना कृति

### ५.१.२१.१ व्यक्तित्व र कृतित्व

नेपाली नारीसमालोचनाको पछिल्लो समयमा निकै क्रियाशील समालोचकका रूपमा बिन्दु शर्मा देखिएकी छिन् । २०३३ मा दाङमा जन्मिएकी बिन्दु शर्माले कविता, गीत, संस्मरण, गजल र समालोचना क्षेत्रमा कलम चलाए पनि मूलतः उनी समालोचकका रूपमा चिनिएकी छिन् । उनका दुईओटा समालोचनाका कृति र प्रशस्त फुटकर समालोचना पनि प्रकाशित छन् र उनका समालोचना केही रूपमा प्राध्यापकीय व्यक्तित्व र केही रूपमा बौद्धिक अन्तर्मन्थनका उपज हुन् । २०५६ मा गीतिरचनाबाट साहित्यमा प्रवेश गरेकी बिन्दु शर्माले *परिष्कृत सौन्दर्यचेतनाका गीतकार कृष्णहरि बराल* शीर्षकको समालोचना **तन्नेरी** पत्रिकामा २०५७ मा प्रकाशित गरेपछि समालोचना क्षेत्रमा प्रवेश गरेको देखिन्छ र त्यसदेखि यता उनका समालोचना निकै प्रकाशित भएका देखिन्छन् । गजल प्रतियोगिता पुरस्कार र अन्य विभिन्न पुरस्कारहरूबाट समेत सम्मानित बिन्दु शर्माले पछिल्लो समयमा आफ्नो

---

[४०] दयाराम श्रेष्ठ, भूमिका, **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद, ज्ञानु पाण्डे**, काठमाडौं : नेपाली आख्यान समाज, २०६२ ।

समालोचनालेखन शैलीलाई प्राध्यापकीय शैलीबाट केही मुक्त गरेर नवीन चेतनाका साथ अगाडि बढाइएको देखिन्छ । हालसम्म प्रकाशित उनका समालोचना कृतिहरू यसप्रकार छन् :

(१) गीति नाट्यपरम्परामा राष्ट्रकवि घिमिरे (२०६२)

(२) आधारभूत नेपाली समालोचना (२०६६)

बिन्दु शर्माका यी समालोचना कृतिहरूले उनलाई सशक्त नारीसमालोचकका रूपमा उपस्थित गराएका छन् । यसबाट उनका समालोचनात्मक प्रवृत्तिसमेतको निर्धारण भएको पाइन्छ ।

### ५.१.२१.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

बिन्दु शर्माका कतिपय प्रारम्भिक समालोचनाहरू प्रभाववादी प्रवृत्तिका देखिन्छन् र उनका केही समालोचना प्राध्यापकीय शैलीमा लेखिएका छन् । 'प्रभावपरक समालोचनको सोलोडोलो शैलीलाई भने यिनले वरण गरेका छैनन् । सबै समालोचनाले विश्लेषणात्मक शैली नै अँगालेका छन् ।'[४१] उनका पछिल्ला समालोचना भने अघिका तुलनामा कृतिपरक छन् र ती केही रूपमा वस्तुगततातर्फ उन्मुख पनि छन् । 'बिन्दुको समालोचनालेखनमा विश्लेषणको क्षमता पनि राम्रो छ .... कुनै कृतिको विश्लेषण गरिसकेपछि आफ्नो समालोचकीय दृष्टिकोणले त्यसको एउटा निष्कर्ष प्रस्तुत गर्ने कुरामा बिन्दुको जुन सतर्कता देखिएको छ त्यसले उनलाई एउटा निश्चित प्राप्तिसम्म पुऱ्याएरै छाड्ने देखिन्छ । उनको लेखनले व्यवस्थितता अँगालेको छ र त्यसैले उनलाई सहज ढङ्गले उपयुक्त निष्कर्ष निकाल्न सघाएको छ ।'[४२] बिन्दु शर्माका समालोचनाहरू हेर्दा एकातिर उनको समालोचनाले शास्त्रीय पद्धतिलाई पूर्णतया परित्याग नगरिसकेको देखिन्छ भने अर्कोतिर त्यो प्रवृत्ति गौण हुँदै गई कृतिपरकता र वस्तुपरकतातिर पनि सशक्त रूपमा अभिमुख भएको देखिन्छ । 'प्रत्येक कृतिलाई भिन्न आयाममा भिन्न दृष्टि बनाएर भङ्गिमायुक्त वाणी दिएर निश्चित पद्धतिका साथ सम्बद्ध कृतिको परिचय, प्रभाव र त्यसको व्याख्या अनि निष्कर्ष प्रदान गर्ने अभिवृत्तिनिष्ठ पद्धति अवलम्बन पनि समालोचक बिन्दु शर्माका निजत्व हो ।'[४३] बिन्दु शर्मा सामान्यतया साहित्य सिद्धान्तलाई आधार बनाउनका साथै आफ्ना दृष्टिकोणसमेत समावेश गरेर समालोचनालेखनतिर लाग्ने समालोचक हुन् । तसर्थ बिन्दु शर्माका समीक्षाहरू प्रमुख रूपमा साहित्यशास्त्रका उपकरण

---

[४१] सुधा त्रिपाठी, **समालोचनाको क्षितिजमा बिन्दुको उदय, आधारभूत नेपाली समालोचना**, बिन्दु शर्मा, ( काठमाडौँ : तन्नेरी प्रकाशन, २०६६) ।

[४२] ऐजन ।

[४३] कुलप्रसाद कोइराला, **हामीले नेपाल र नेपालीकै सेवा गर्ने हो**, (भूमिका), बिन्दु शर्मा, आधारभूत समालोचना, पूर्ववत् ।

प्रयोग गरेर तयार पारिएका छन् ।'[४४] यसरी हेर्दा बिन्दुका समालोचना विविधतामय देखिन्छन् । बिन्दु शर्माका समालोचना कृतिहरूका अधारमा उनका समालोचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) प्रारम्भमा पूर्णतया प्रभाववादी प्रवृत्ति र पछि क्रमशः प्रभाववादबाट वस्तुगततातिरको उन्मुखता,

(२) वैयक्तिक प्रभावको आधारमा भन्दा कृतिगत प्रभावका आधारमा समालोचना गर्ने प्रवृत्ति,

(३) प्रारम्भिक प्रभाववादी समालोचनामा पनि अधिमूल्यन र अवमूल्यनको प्रवृत्तिबाट भिन्न समालोचनात्मक प्रवृत्ति,

(४) समालोचनामा रूपपक्षलाई भन्दा वस्तुपक्षलाई केन्द्रमा राखेर समालोचना गर्ने प्रवृत्ति र वैचारिक प्रभावबाट मुक्ति,

(५) कृतिको गुणदर्शन प्रवृत्तिको आधिक्य र दोषदर्शन प्रवृत्तिको न्यूनताका साथै कृतिका विषयवस्तुको गम्भीरताअनुरूप मूल्याङ्कनात्मक निष्कर्ष दिने प्रवृत्ति आदि ।

### ५.१.२१.३ समालोचना कृतिको विश्लेषण

बिन्दु शर्माका **गीतिनाट्यपरम्परामा राष्ट्रकवि घिमिरे** (२०६२) र **आधारभूत नेपाली समालोचना** (२०६६) गरी दुईओटा समालोचना कृतिहरू प्रकाशित छन् । यिनका कृतिहरूमध्ये पहिलो कृति **गीतिनाट्यपरम्परामा राष्ट्रकवि घिमिरे** पहिलो पुस्तकाकार कृति हो । अनुसन्धानात्मक प्रविधि अवलम्बन गरेर लेखिएको यस कृतिमा गीति नाट्यकार माधव घिमिरेको सङ्क्षिप्त व्यक्तित्व र उनको साहित्यिक व्यक्तित्वका आयामहरूको निरूपण गर्दै गीतिनाटकको सैद्धान्तिक स्वरूप पनि स्पष्ट पारिएको छ र तिनै सिद्धान्तको केन्द्रीयतामा माधव घिमिरेका गीतिनाटकको विश्लेषण पनि गरिएको छ । खास गरेर गीतिनाटकका व्युत्पत्ति, परिभाषा, स्वरूप, तत्त्व र वर्गीकरणहरूको सैद्धान्तिक परिवृत्तमा रहेर गीतिनाटकका सैद्धान्तिक तत्त्वहरूका आलोकमा सम्बद्ध कृतिहरूको विश्लेषण गरिएको छ ।

माधव घिमिरेका गीतिनाटकहरूको विश्लेषणका क्रममा उनका **शकुन्तला, मालती मङ्गले, विषकन्या, अश्वत्थामा, हिमालवारि हिमालपारी, देउकी, बालकुमारी** जस्ता सातओता गीतिनाटकहरूको विश्लेषण गरिएको छ । विश्लेषणका सन्दर्भमा प्रायः एउटै सैद्धान्तिक प्रारूपहरूका आधारमा एकै किसिमले कृतिविश्लेषण गर्ने प्रवृत्ति यस समालोचनात्मक कृतिमा देखापर्छ । सबै गीतिनाटकहरूलाई प्रकाशनको पृष्ठभूमि, कथानक, पात्र, संवाद, गीत, द्वन्द्व, अभिनय, परिवेश, उद्देश्य, निष्कर्षजस्ता दशओटा उपशीर्षकहरूमा केन्द्रित रहेर सम्पूर्ण गीतिनाटकहरूको विवेचना गरिएको छ । अश्वत्थामा गीतिनाटकलाई चाहिँ पौराणिक मिथकमा आधारित भएकाले 'स्रोत र प्रेरणा' उपशीर्षक समेत थप गरी

---

[४४] राजेन्द्र सुवेदी, **विश्वसनीय र वस्तुपरक समालोचना कृति** (भूमिका), बिन्दु शर्मा, आधारभूत समालोचना, पूर्ववत् ।

एघारओटा आधारमा विवेचना गरिएको छ । यसरी एउटै प्रारूपभित्र रहेर सम्पूर्ण कृतिलाई त्यही प्रारूपभित्र ढाली विवेचना गर्दै विश्लेषण गर्ने बिन्दु शर्माको विशिष्ट विवेचनाकला यहाँ देख्न सकिन्छ ।

गीतिनाटकहरूको विश्लेषणपछिमात्र घिमिरेका गीति नाट्य यात्रालाई तीन चरणमा विभाजन गर्दै उनका पन्ध्रओटा गीति नाट्य प्रवृत्तिलाई पनि विवेचना गरेर देखाइएको छ । यसै सन्दर्भमा नेपाली गीतिनाटकको ऐतिहासिक विकासका चरणहरूको रेखाङ्कन गर्दै ती चरणहरूका सापेक्षतामा माधव घिमिरेको गीति नाट्यकारिताको स्थान निर्धारण पनि गरिएको छ र धारागत आधारमा नेपाली गीतिनाटकको वर्गीकरण गर्दै माधव घिमिरेका गीतिनाटकहरूलाई स्वरूपगत रूपमा सन्दर्भित पनि गराइएको छ । अन्त्यमा नेपाली गीति नाट्यक्षेत्रमा माधव घिमिरेको योगदानको मूल्याङ्कन गर्दै माधव घिमिरेलाई स्वच्छन्दतावादी नाट्यकाव्यधाराका सशक्त गीतिनाटककारका रूपमा प्रस्तुत गरी सन्देशमूलक हुनु उनको नाटकको विशेषता रहेको कुरा पनि उल्लेख गरिएको छ ।

विवेच्य समालोचना कृतिको पाँच परिच्छेदमध्ये पहिलो परिच्छेदमा माधव घिमिरेका साहित्यिक रचनाधर्मितालाई स्पष्ट रूपमा देखाइएको छ भने दोस्रो परिच्छेदमा गीतिनाटकको सैद्धान्तिक निरूपण गरिएको छ । तेस्रो परिच्छेदमा माधव घिमिरेको सातओटा गीतिनाटकहरूलाई तात्विक आधारमा विवेचना गरिएको छ भने चौथो परिच्छेदमा घिमिरेका गीतिनाट्य प्रवृत्तिको निरूपण गरिएको छ । अन्तिमका पाँचौँ परिच्छेदमा नेपाली गीतिनाटकको विकासक्रमको आरेख प्रस्तुत गर्दै माधव घिमिरेको स्थान निर्धारण गरिएको छ । यसप्रकार प्रस्तुत अनुसन्धानात्मक कृतिले समालोचक बिन्दु शर्माको व्यवस्थित अनुसन्धानकलालाई पनि अभिव्यक्त गर्दछ ।

बिन्दु शर्माको दोस्रो समालोचना कृति **आधारभूत नेपाली समालोचना** हो । उनको पहिलो कृतिका तुलनामा यो दोस्रो कृति नवीनतम र वस्तुवादी समालोचना कृतिका रूपमा देखापरेको छ । यस समालोचना कृतिमा विभिन्न विधा, विषय र क्षेत्रमा केन्द्रित एघारओटा फुटकर समालोचनाहरू रहेका छन् । *कृष्णाकी कठपुतली राधा : नारीवादी पठनख, उलार उपन्यासको समाजपरक समालोचना, पल्पसा क्याफे उपन्यासको भाषाशैलीगत प्रभाव, नरेन्द्रदाइ उपन्यासमा प्रयुक्त पूरक नारीपात्रहरू, लार्भाका बाफहरू कथासङ्ग्रहको वैचारिक पक्ष, नेपाली राष्ट्रिय अखण्डताको आधारशीला : राष्ट्रनिर्माता खण्डकाव्य, आधुनिक नेपाली कविताका धारागत प्रवृत्तिहरू, च्यातिएको पर्दा नाटकमा पाइने चारित्रिक विशेषता, कृतिगत दृष्टिले भक्त भानुभक्त र 'अग्निस्पर्शका निबन्धमा पुस्तान्तर चेतना'* जस्ता विभिन्न शीर्षकका समालोचनाहरू रहेका छन् । उपर्युक्त एघारओटा समालोचनामध्ये केही प्राध्यापकीय शैलीमा लेखिएका छन् । 'प्रभावपरक समालोचनाको सोलोडोलो शैलीलाई भने यिनले वर्णन गरेका छैनन् । सबै समालोचनाले विश्लेषणात्मक शैली नै अँगालेका छन्'[४५] र सबै समालोचनामा कृतिविश्लेषणलाई निश्चित सैद्धान्तिक

[४५] सुधा त्रिपाठी, **समालोचनाको क्षितिजमा बिन्दुको उदय**, पूर्ववत्, पृ.   ।

ढाँचा पनि प्रदान गरिएको छ । यस समालोचना कृतिले नेपाली साहित्यको सिर्जनाविधाका चारओटा विधामा केन्द्रित समालोचना समेटेको देखिन्छ । यसमा उपन्याससम्बन्धी चारओटा, कथामा केन्द्रित दुई तथा नाटक र कवितासँग सम्बन्धित दुई–दुईओटा समालोचना सङ्कलित छन् । निबन्ध विधामा केन्द्रित एउटै मात्र समालोचना यसमा समावेश भएको छ । 'यी समालोचनाले नेपाली समालोचनाको पछिल्लो चरणमा विकास भएका समालोचनागत प्रवृत्तिका आधारमा साहित्यिक सामग्रीको समीक्षण गर्न प्रयत्न गरेका छन् ।'[४६] यसरी हेर्दा बिन्दु शर्माका आधारभूत नेपाली समालोचना नवीनतम प्रवृत्ति र शैलीमा लेखिएको उत्कृष्ट कृतिका रूपमा देखिन्छ ।

यस समालोचनासङ्ग्रहका कतिपय समालोचनाहरू अन्तर्विषयक पनि छन् । *कृष्णाकी कठपुतली राधा नारीवादी पठन, उलार उपन्यासको समाजपरक समालोचना* जस्ता समालोचनाहरू अन्तर्विषयक हुनाका साथै प्रवृत्तिगत छन् भने कृष्ण धरावासीको **राधा** उपन्यासलाई नारीवादी पठनको कोणबाट र नारीवादी कोणबाट नै विवेचना गरिएकाले यो समालोचना खासगरी नारीद्वारा लिखित नारीवादी समालोचनाका रूपमा देखापरेको छ । खासगरेर नारीलाई कमजोर मानसिकता भएकी चरित्रका रूपमा राधालाई उपस्थापित गराउने यो प्रवृत्ति नारीवादी चेतनाकै मूल प्रवृत्ति हो । **उलार** उपन्यासको विवेचनाका क्रममा भने टेनेको युग, क्षण र परिवेशजस्ता सिद्धान्तलाई आधार बनाएर विवेचना गरिएको छ । *पल्पसा क्याफेको भाषापरक समालोचना* भने पूर्णतया रूपवादी समालोचनाका रूपमा देखिन्छ । यस समालोचना कृतिमा खास गरेर **नरेन्द्रदाइ** उपन्यास र **च्यातिएको पर्दा** नाटकसँग सम्बद्ध समालोचना भने चरित्रविश्लेषणमा केन्द्रित देखिन्छन् । उपर्युक्त एघारओटा समालोचनामध्ये दसओटा समालोचनाहरू कृतिपरक छन् भने आधुनिक नेपाली कविताको धारागत प्रवृत्ति शीर्षकका समालोचना प्रवृत्तिपरक समालोचनाका रूपमा देखिन्छ ।

यसप्रकार बिन्दु शर्माको समालोचनाको प्रारम्भिक कृति **गीति नाट्यपरम्परामा राष्ट्रकवि** घिमिरेमा भन्दा उनको दोस्रो कृति **आधारभूत नेपाली समालोचना**मा उनको समालोचकीय चेत परिष्कृत, परिमार्जित र वस्तुनिष्ठ देखिएको छ । यद्यपि कृतिपरकता र अन्तर्विषयकताका दृष्टिले उनका प्रारम्भिक समालोचनामा नै प्रभावपूर्ण अभिलक्षण देखिएका छन् तापनि आधारभूत समालोचनामा आइपुग्दा उनका समालोचनाले परिपक्व, जिम्मेवार र विश्लेषण तथा मूल्याङ्कनात्मकका प्रवृत्तिलाई आत्मसात् गरेको पाइन्छ ।

### ५.१.२१.४ निष्कर्ष

नारीसमालोचनाको पछिल्लो चरणमा देखापरेकी बिन्दु शर्मा गम्भीर तथा प्रभावपूर्ण समालोचना लेख्ने नारीसमालोचक हुन् । कृतिपरकता र वस्तुनिष्ठता उनका मूल प्रवृत्ति हुन् । नेपाली नारीसमालोचनामा उनको खास योगदान भनेको पूर्ववर्ती अरु

---

[४६] राजेन्द्र सुवेदी, **विश्वसनीय र वस्तुपरक समालोचनाकृति**, पूर्ववत्, पृ. ।

नारीसमालोचकहरू भन्दा कृतिलाई नवीन दृष्टिकोणका साथ हेर्ने प्रवृत्ति र नवीन चिन्तन हो । यस आधारमा नेपाली नारीसमालोचनाको पछिल्लो समयमा उनको समालोचनाले नेपाली नारीसमालोचनालाई उत्कर्षतातिर पुऱ्याउन खोजेको देखिन्छ । प्रारम्भमा नै अनुसन्धानात्मक प्रवृत्ति देखिनु पनि उनको विशिष्टता हो । कतिपय ठाउँमा विश्लेषणको विषयगत पुनरावृत्तिको दोषबाट भने उनी मुक्त हुन नसकेको देखिन्छ ।

### ५.१.२२ उपमा आचार्य र उनको समालोचना कृति

#### ५.१.२२.१ व्यक्तित्व र कृतित्व

उपमा आचार्य साहित्यिक चेतनाद्वारा अभिप्रेरित नारीस्रष्टा हुन् । साहित्यिक पत्रपत्रिकाहरूमा उनको उपस्थिति त्यति नदेखिए पनि समालोचना कृति प्रकाशित गराई नारीसमालोचनाको क्षेत्रमा आफूलाई उपस्थित गराउन सफल भएकी छिन् । साहित्यका सृजनाविधामा विशेष रुचि राख्ने उनका सिर्जनाहरू पनि प्रकाशित छन् । **साहित्यकार दधिराज सुवेदी : साधना र समर्पण** शीर्षकको कृति प्रकाशित गराई साहित्यिक फाँटमा देखिएकी उपमा आचार्यले नेपाली नारीसमालोचनाका क्षेत्रमा एउटा ईंट्टा थप्ने काम गरेको देखिन्छ ।

#### ५.१.२२.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

नारीसमालोचनाका क्षेत्रमा समालोचना कृतिद्वारा आफ्नो उपस्थिति देखाएकी उपमा आचार्य समालोचना लेखी यस क्षेत्रमा केही गर्ने उद्देश्य र उत्प्रेरणासहित यस क्षेत्रमा आएको नभई उनको शोधपत्रलाई समालोचना कृतिका रूपमा प्रकाशन गर्ने क्रममा यस क्षेत्रमा उभिन आइपुगेको देखिन्छ । उनका अन्य फुटकर समालोचनाहरू प्राप्त नभएका कारण उनका समालोचनात्मक प्रवृत्तिहरूको निक्र्योल गर्ने स्थिति बनिसकेको देखिँदैन तापनि उनको **साहित्यकार दधिराज सुवेदी : साधना र समर्पण** (२०६३) शीर्षकको जीवनी, व्यक्तित्व र कृतित्वमा आधारित समालोचना कृतिका आधारमा उनका समालोचनात्मक प्रवृत्तिहरूलाई बुँदागत रूपमा यसप्रकार देखाइन्छ :

(१) पूर्णतः प्रभाववादी चिन्तनमा केन्द्रित भई समालोचना लेख्ने प्रवृत्ति,
(२) विषयवस्तुको सूक्ष्म रूपमा नभई स्थूल रूपमा विश्लेषण,
(३) व्याख्यात्मक र निबन्धात्मक शैलीको प्रयोग,
(४) गुणदर्शन परम्पराकै अनुसरण आदि ।

#### ५.१.२२.३ समालोचना कृतिको विश्लेषण

**साहित्यकार दधिराज सुवेदी : साधना र समर्पण** शीर्षकको समालोचना कृति उपमा आचार्यको यस क्षेत्रमा उपस्थिति देखाउने पहिलो र एकमात्र समालोचना कृति हो । जम्माजम्मी ९४ पृष्ठको आयाममा फैलिएको प्रस्तुत कृतिका शीर्षकहरू जम्मा पाँचओटा अध्यायमा फैलिएका छन् । पूर्वाञ्चल क्षेत्रका क्रियाशील साहित्यकार तथा समालोचक

दधिराज सुवेदीको साहित्यिक व्यक्तित्व र अन्य व्यक्तित्वका बारेमा सर्वाङ्गीण रूपमा व्याख्या विवेचना गरिएको प्रस्तुत कृति स्नातकोत्तर तहको आठौँ पत्रको प्रयोजनका लागि तयार पारिएको शोध पत्रकै प्रकाशित रूप देखिन्छ । उक्त शोधपत्रलाई परिमार्जित नगरी जस्ताको तस्तै राखिएकाले प्रस्तुत कृति शोध पत्रकै ढाँचामा छ ।

जम्मा पाँचओटा अध्याय रहेको प्रस्तुत कृतिको पहिलो अध्यायमा शोध परिचय प्रस्तुत गरिएको छ भने दोस्रो अध्यायमा 'दधिराज सुवेदीको जीवनी' शीर्षकअन्तर्गत जीवनी भौगोलिक पृष्ठभूमि, व्रश परम्परा र जन्म, बाल्यकाल, शिक्षादीक्षा, पारिवारिक जीवन र दाम्पत्य जीवन, आर्थिक अवस्था, भ्रमण आदिको चर्चा गरिएको छ । यसैगरी तेस्रो अध्यायमा साहित्यकार सुवेदीका साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्वलाई विभिन्न उपशीर्षकहरूमा बाँडेर चर्चा गरिएको पाइन्छ भने चौथो अध्यायमा **दधिराज सुवेदीको कृतित्व** शीर्षकअन्तर्गत उनको साहित्ययात्राका चरण वा मोड छुट्याई विश्लेषणसमेत गरिएको पाइन्छ । यसक्रममा साहित्यकार सुवेदीका कविताहरूको विश्लेषणका साथै विभिन्न फुटकर रूपमा प्रकाशित कविताहरूको विवरण प्रस्तुत गरिएको यस अध्यायमा फुटकर कथा र निबन्ध विधामा सुवेदीले दिएको योगदानको पनि चर्चा गरिएको पाइन्छ । यस अध्यायको अन्त्यमा सुवेदीको समालोचक व्यक्तित्वका साथै उनका फुटकर तथा कृतिका रूपमा प्रकाशित भएका समालोचनाहरूको विश्लेषण गरिएको यस कृतिको पाँचौँ अध्यायको उपसंहार खण्डमा साहित्यकार दधिराज सुवेदीको समग्र साहित्यको मूल्याङ्कन गर्दै निष्कर्ष प्रस्तुत गरिएको छ । स्नातकोत्तर शोधपत्रको ढाँचालाई समेत कत्ति परिवर्तन नगरी जस्ताको तस्तै प्रकाशित गरिएकोले समालोचना कृतिभन्दा पनि शोधपत्रको अस्तित्व मात्र यसले राखेको देखिन्छ ।

#### ५.१.२२.४ निष्कर्ष

उपमा आचार्य समालोचनामा नै साधनारत रहेको त्यति नदेखिए पनि शोधपत्रको प्रकाशनबाट उनको समालोचकीय उपस्थिति देखिन्छ । योगदानका दृष्टिले त्यति सशक्त नभए पनि जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा यिनको रुचि देखिन्छ । यिनको समालोचनात्मक प्रवृत्ति मूलतः प्रभाववादी नै हो ।

### ५.१.२३ रमा शिवाकोटी र उनको समालोचना कृति

#### ५.१.२३.१ व्यक्तित्व र कृतित्व

नेपाली साहित्यको समालोचना विधामा मात्र कलम चलाएर साहित्यिक फाँटमा प्रवेश गरेकी रमा शिवाकोटी खासगरी प्राध्यापन पेसामा आबद्ध भइसकेपछिमात्र लेखन कार्यमा प्रवेश गरेको देखिन्छ । सर्वप्रथम २०५१ को **उन्नयन** पत्रिकामा *मदनमणि दीक्षितको लट्टुमियाको घोडी* र *विश्वेश्वरप्रसाद कोइरालाको घोडा* कथा शीर्षकको तुलनात्मक समालोचना लिएर समालोचनालेखनमा प्रवेश गरेकी रमा शिवाकोटी धेरै पछिमात्र यसतर्फ अगाडि आएको देखिन्छ । साहित्यको जुनसुकै विधामा पनि समालोचनाको कलम चलाउने

रमा शिवाकोटीले समालोचनाका लागि कथा विधालाई छान्ने गरेको देखिन्छ । रमाले हालसम्म प्रशस्त फुटकर समालोचनाका साथसाथै समालोचना कृतिसमेत प्रकाशित गरेको देखिन्छ । उनका प्रारम्भिक समालोचनाहरूमा परम्परागत प्राध्यापकीय शैलीको प्रचुरता रहेको देखिए पनि उनका पछिल्ला समयमा लेखिएका समालोचनाहरू क्रमशः परिष्कृत हुँदै गएका पाइन्छन् । समालोचनालेखनका अतिरिक्त विभिन्न विषयमा अनुसन्धानात्मक कार्यपत्र प्रस्तुत गर्नाका साथै रमा शिवाकोटी एक बौद्धिक व्यक्तित्वका रूपमा देखिन्छिन् । वि.सं. २०६२ मा प्रकाशित उनको **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता** शीर्षकको समालोचना कृति नेपाली समालोचना क्षेत्रको विशिष्ट प्राप्ति हो । विद्यावारिधिका प्रयोजनका लागि लेखिएको उनको अनुसन्धानात्मक तथा विश्लेषणात्मक शैलीमा लेखिएको प्रस्तुत कृति औपन्यासिक सिद्धान्तमाथि विशद् व्याख्या विश्लेषण गरिएको सैद्धान्तिक तथा प्रायोगिक समालोचना हो ।

### ५.१.२३.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

समालोचनालेखनमा केही पछिमात्र आफ्नो उपस्थिति देखाएकी भए पनि गम्भीर किसिमका समालोचना लेख्ने रमा शिवाकोटी 'जुनसुकै विधामाथि समालोचना गर्न अग्रसर देखिन्छिन् । यति हुँदाहुँदै पनि कथा विधाको समालोचना गर्न उनी विशेष रुचिशील देखिन्छिन् ... उनी खास एउटै प्रवृत्तिमा केन्द्रित रहेर भन्दा पनि समालोच्य सिर्जना (फुटकर) र सिर्जनासङ्ग्रहको समग्र समालोचना गर्दछिन् ।'[४७] उनका प्रारम्भिक समालोचनाहरू प्रभाववादकै परिवृत्तमा रहेको भए पनि पछिल्लो समयमा लेखिएका समालोचनाहरू भने वस्तुपरक सैद्धान्तिक र विश्लेषणात्मक हुँदै गएको देखिन्छ । अध्ययनशील र चिन्तनशील देखिने रमा शिवाकोटीले नारीवादसम्बन्धी फुटकर समालोचनासमेत लेखेको देखिन्छ । समालोचनालेखनको पछिल्लो चरणमा सैद्धान्तिक समालोचनामा प्रवृत्त रहेकी शिवाकोटीको **प्रकाशित कृति** उपन्यास **सिद्धान्त र विजय मल्लको उपन्यासकारिता** यस्तै किसिमको समालोचनात्मक ग्रन्थ हो । उपन्यासको सैद्धान्तिक स्वरूपका आधारमा विजय मल्लका तीनओटा औपन्यासिक कृति र त्यसका पात्रहरूको विश्लेषण गरिएको प्रस्तुत पुस्तकमा उनले पात्रहरूको सूक्ष्म विश्लेषण समेत गरेकी छिन् । उनका हालसम्म विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर समालोचनाका साथै प्रकाशित समालोचना कृतिका आधारमा उनका समालोचना प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) साहित्यका अन्य विधाका तुलनामा आख्यान विधामा नै केन्द्रित भई समालोचना लेख्ने प्रवृत्ति,

(२) प्रारम्भमा प्रभावपरक र शैक्षणिक शैलीमा कलम चलाएर पनि क्रमशः वस्तुवादी समालोचनातर्फ उन्मुखता,

(३) तुलनात्मक तथा विश्लेषणात्मक र व्याख्यात्मक शैलीको अवलम्बन,

---

[४७] सुधा त्रिपाठी, महिला समालोचक र नेपाली समालोचना, पूर्ववत्, पृ. २९९ ।

(४) सैद्धान्तिक तथा प्रायोगिक दुवै किसिमका समालोचनालेखन,

(५) पछिल्लो समयमा नारीवादी समालोचनातर्फ उन्मुखता,

(६) कृतिपरक तथा व्यक्तिपरक समालोचनालेखनमा विशेष रुचि,

(७) पाश्चात्य समालोचना चिन्तनतर्फ झुकाउ आदि ।

### ५.१.२३.३ समालोचना कृतिको विश्लेषण

रमा शिवाकोटीको **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता** एक उत्कृष्ट समालोचना कृति हो । नौओटा परिच्छेदमा विभाजित प्रस्तुत कृतिमा उपन्यासको सैद्धान्तिक व्याख्या विश्लेषण, विजय मल्लको जीवनी, व्यक्तित्व र कृतित्व, विभिन्न कोणबाट विजय मल्लको तीनओटा औपन्यासिक पात्रहरूको सूक्ष्म विश्लेषणजस्ता पक्षहरूको विशद् व्याख्या गरिएको छ ।

*उपन्यासको सैद्धान्तिक अध्ययन* शीर्षकको पहिलो परिच्छेदमा उपन्यासको सैद्धान्तिक परिचय प्रस्तुत गरिएको छ । विभिन्न उपशीर्षक तथा सहायक शीर्षकहरूमा बाँडिएको यस परिच्छेदमा कथानक, कथानक र पात्र, सारवस्तु र पात्र, दृष्टिबिन्दु र पात्र, औपन्यासिक पात्रविधान, चरित्रचित्रण र निष्कर्ष गरी नौओटा उपशीर्षकमा उपन्यासका तत्त्वहरू र तिनका सम्बन्धहरूका बारेमा व्याख्या विश्लेषण गरिएको छ । विभिन्न सहायक शीर्षकहरूमा समेत राखेर विश्लेषण गरिएको यस परिच्छेदमा उपन्यासमा कथानक र पात्रका बारेमा विस्तृत चर्चा गरिएको पाइन्छ ।

*विजय मल्ल : जीवनी, व्यक्तित्व र कृतित्व* शीर्षकको दोस्रो परिच्छेद विजय मल्लको जीवनी व्यक्तित्व र कृतित्वमा केन्द्रित देखिन्छ । जम्मा तीनओटा उपशीर्षक र अन्य सहायक शीर्षकको आयाममा फैलिएको यस परिच्छेदमा विजय मल्लको जीवनवृत्तलाई सङ्क्षिप्त रूपमा चर्चा गर्दै उनको कथाकार व्यक्तित्व र कृतित्व, नाटककार व्यक्तित्व र कृतित्व तथा कवि व्यक्तित्व र कृतित्वको छुट्टाछुट्टै शीर्षकमा सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तकको तेस्रो परिच्छेदमा *विजय मल्लका उपन्यासका पात्रहरूको वर्गीकरण र विश्लेषण* मूल शीर्षकभित्र विजय मल्लका तीनओटा उपन्यास **'अनुराधा'**, **'कुमारी शोभा'**, **'श्रीमती शारदा'** मा प्रयुक्त प्रमुख पात्रहरूको वर्गीकरण र विश्लेषण गर्दै विजय मल्लका पात्रविधानगत विशेषताहरूलाई देखाइएको छ ।

*आधुनिक मनोविज्ञान र विजय मल्लका औपन्यासिक पात्र* शीर्षकको चौथो परिच्छेदमा आधुनिक मनोविज्ञानका आधारमा विजय मल्लका तीनओटै उपन्यासका प्रमुख पात्रहरूको चरित्रविश्लेषण गर्नुका साथै आधुनिक मनोविज्ञान र असामान्य मनोविज्ञानको चर्चा गरिएको छ । यस परिच्छेदमा मनोवैज्ञानिक आधार अर्थात् मनोविज्ञानको सैद्धान्तिक स्वरूपका आधारमा औपन्यासिक पात्रहरूको चरित्र विश्लेषण गरिएको छ । अस्तित्ववादको सैद्धान्तिक परिचयसहित विश्वका प्रमुख अस्तित्ववादी दार्शनिक तथा तिनका चिन्तन प्रस्तुत गरिएको *अस्तित्ववाद र विजय मल्लका औपन्यासिक पात्र* शीर्षकको पाँचौँ परिच्छेदमा विजय मल्लका औपन्यासिक पात्रहरूमा रहेको अस्तित्ववादी जीवनदर्शनका बारेमा चर्चा

गरिएको छ भने *नारीवाद र विजय मल्लका औपन्यासिक पात्र* शीर्षकको छैठौँ परिच्छेदमा नारीवाद र त्यसका उपसमूहहरूको चर्चा गर्दै विजयबहादुर मल्लका उपन्यासका पात्र र तिनले अँगालेका नारीवादी प्रवृत्ति र स्वरको विवेचना गरिएको देखिन्छ ।

यसैगरी *विजय मल्लको औपन्यासिक शिल्पको मूल्याङ्कन* शीर्षकको सातौँ परिच्छेदमा औपन्यासिक शिल्पका आधारमा मल्लका उपन्यासको विश्लेषण गरेको पाइन्छ । खासगरी विजय मल्लका तीनओटै उपन्यासका पात्रलाई कथानक, देशकाल, वातावरण, दृष्टिविन्दु, चरित्रचित्रण, भाषाशैली तथा उद्देश्य प्रतिफलनको विषयगत एवम् शिल्पगत आधारमा विश्लेषण गरिएको यस परिच्छेदमा पात्रहरूको सूक्ष्म रूपमा विश्लेषण गरिएको छ ।

*आधुनिक नेपाली उपन्यास परम्परामा विजय मल्लको स्थान र योगदान* शीर्षकको आठौँ परिच्छेदमा आधुनिक कालपूर्वको नेपाली उपन्यास परम्पराको विधागत इतिहास केलाउँदै नेपाली उपन्यासको आधुनिक काल र यस अवधिमा विजय मल्लको योगदानका बारेमा सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ भने नवौं परिच्छेदमा कृतिको सारांश वा निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसप्रकार रमा शिवाकोटीको प्रस्तुत समालोचना कृति विधासिद्धान्त र पाश्चात्य समालोचना सिद्धान्त तथा मान्यताहरूमा आधारित भएर लेखिएको समालोचना कृति हो ।

#### ५.१.२३.४ निष्कर्ष

रमा शिवाकोटी नारीसमालोचनाको पछिल्लो चरणमा सक्रिय रूपमा कलम चलाउने नारीसमालोचक हुन् । खासगरी आख्यान विधामा केन्द्रित रहेर कृतिपरक समालोचनालेखन रुचाउने शिवाकोटीले साहित्यका विधागत सिद्धान्तका आधारमा कृतिविश्लेषण समेत गरेको देखिन्छ । कृतिको कुनै एक पक्षमा भन्दा समग्र कृतिको समालोचना गर्ने शिवाकोटी पछिल्लो समयमा पाश्चात्य साहित्य सिद्धान्तका आधारमा गरिएको विश्लेषणमा समेत सक्रिय देखिन्छिन् । विजय मल्लको आख्यानको अध्ययन तथा विश्लेषणमा प्रवृत्त रहेकी रमा शिवाकोटीको **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता** महत्त्वपूर्ण प्राप्ति हो ।

### ५.१.२४ लीला लुइटेल र उनका समालोचना कृति

#### ५.१.२४.१ व्यक्तित्व र कृतित्व

नेपाली नारीसमालोचनाका क्षेत्रमा लीला लुइटेल गम्भीरताका साथ समालोचना लेख्ने समालोचकका रूपमा चिनिएकी छिन् । वि.सं. २०५० मा **गरिमा**मा प्रकाशित *नेपाली भाषाका फाँकीहरू : एक अध्ययन* शीर्षकको भाषिक लेखबाट आफ्नो लेखनयात्रा आरम्भ गरेकी लीला लुइटेलको पहिलो समालोचना यात्रा २०५० कै **तन्नेरी** पत्रिकामा प्रकाशिन 'मन *सुसाउँदैछ भित्रका गीतकार पराजुली* शीर्षकको समालोचनाबाट थालिएको हो । त्यसपछि समालोचनालेखनमा निरन्तर क्रियाशील लीला लुइटेलका हालसम्म करिब एकसय ओटा

फुटकर समीक्षा समालोचनाहरू **गरिमा, मधुपर्क, समकालीन साहित्य** आदि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भए पनि हालसम्म यिनको समालोचनासङ्ग्रहका रूपमा कृति प्रकाशित भने देखिँदैन । यिनले केही अनुसन्धानहरू गरेकी छिन् र पाठ्यपुस्तक लेखनमा पनि निकै क्रियाशील छिन् । प्रभावपरक समालोचनाबाट आफ्नो समालोचना यात्रा थालेकी लीलाका पछिल्ला समालोचनाहरू वस्तुगततातिर उन्मुख भएको पाइन्छ । खासगरेर उनको अधिकांश समालोचना कृतिपरक छन् भने भाषिक लेखनमा समेत यिनको निकै रुचि रहेको देखिन्छ र द्विरुक्तिसम्बन्धी गहकिला लेख पनि यिनका प्रकाशित छन् भने यससम्बन्धी अनुसन्धान पनि यिनले गरेकी छिन् ।

लेखनमा भाषाव्याकरणसमालोचना र निबन्ध लेखनका साथै बालसाहित्यिक क्षेत्रमा कलम चलाउने लीला लुइटेलले केही बालसाहित्यिक कृतिको अनुवाद पनि गरेको देखिन्छ । उनीद्वारा सम्पादित पुस्तकहरू पनि प्रकाशित भएबाट सम्पादनकलामा उनको विशेष पहिचान देखिन्छ । लेखनमा विविधता, विषयगत व्यापकता र शैलीगत नवीनतातिरको अभिरुचि उनको विशेषता हो । खासगरेर समालोचनालेखनमा पनि नारीद्वारा लिखित कृतिहरूको समालोचना गर्ने र नारीलेखनको स्थितिलाई बाहिर देखाउने प्रवृत्ति यिनका लेखनमा पाइन्छ । विद्यालय तहदेखि विश्वविद्यालय तहका पाठ्य तथा सन्दर्भ पुस्तकहरूको लेखन र सांस्कृतिक अनुसन्धानमा पनि यिनको क्रियाशीलता देखिन्छ ।

यिनीद्वारा लिखित एवम् सम्पादित कृति **नेपाली महिला कथाकार** (२०६०) नेपाली नारीकथालेखनको इतिहास र त्यसको समीक्षात्मक विवरणसमेत प्रस्तुत गरी सम्बद्ध नारीकथाकारका कथाहरूको समेत विवरण रहेको कृति हो । यिनका सहलेखनका रूपमा अन्य कृतिहरूमा **नेपाली प्रकृति प्रत्ययकोश** (२०५३), **नेपाली कवि र कविता** (२०५४) आदि पनि प्रकाशित छन् । यी पाठ्यपुस्तकमा शैक्षणिक समालोचनाचेत पाइन्छ । उनले 'नेपाली महिला उपन्यासकारका उपन्यासमा सांस्कृतिक चेतना' र 'पहरी जाति एवम् पूर्वेली गुरुङ जातिका सांस्कृतिक जनजीवन' सम्बन्धी लघुअनुसन्धानहरू पनि गरेकी छिन् ।

### ५.१.२४.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

समालोचक लीला लुइटेलका प्रारम्भिक समालोचनाहरू प्रभाववादी प्रवृत्तिका देखिन्छन् भने त्यसपछिका समालोचनाहरू कृतिपरक, जीवनीपरक र प्रवृत्तिपरक देखिन्छन् । अझ पछिल्लो समयका समालोचनाहरू कृतिपरक हुँदाहुँदै पनि वस्तुगततातर्फ उन्मुख देखिन्छन् । अझ त्यसमा पनि उनका अधिकांश समालोचना नारीविषयक देखिन्छन् । *महिला लेखन र आधुनिक नेपाली कथा, भारतीय महिला कथाकार, नेपाली उपन्यासमा महिला लेखन* आदि प्रवृत्तिपरक नारीसमालोचनात्मक लेखहरू पनि प्रकाशित देखिन्छन् । विषयवस्तुको प्रस्तुति, परिचय आदिका साथै सामान्यतया विधातत्त्वका आधारमा कृतिको विवेचना गर्नु उनको विशेषता हो । **नेपाली महिला कथाकार** सम्पादित कृतिमा रहेको भूमिका र अन्य फुटकर समालोचनाका आधारमा उनका समालोचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) प्रारम्भमा प्रभाववादी प्रवृत्तिअनुरूपका समालोचनालेखन र प्रभाववादी प्रवृत्तिभित्रै पनि कृतिपरकतातिरको उन्मुखता,

(२) क्रमशः प्रभाववादी प्रवृत्तिको न्यूनता र कतिपरक समालोचनालेखनतिरको उन्मुखताका साथै अनुसन्धानात्मक समालोचनालेखन,

(३) कृतिपरक समालोचनामा पनि वस्तुगततातिरको उन्मुखता र प्रायः विधातत्त्वलाई आधार बनाएर समालोचना लेख्ने प्रवृत्ति,

(४) पछिल्लो समयमा अन्तर्विषयक, नारीकेन्द्रित, नारीविषय केन्द्रित र नारीलेखनका प्रवृत्ति केन्द्रित समालोचनालेखनतिरको अग्रसरता,

(५) पछिल्लो समयमा संरचनापरक र वस्तुवादी समालोचनातिरको उन्मुखता आदि ।

**५.१.२४.३ समालोचना कृतिको विश्लेषण**

समालोचनालेखन तथा प्रकाशनतर्फ सक्रिय रूपमा लागेकी लीला लुइटेलको **नेपाली महिला कथाकार** शीर्षकको कृति उनीद्वारा सम्पादित कृति हो । नेपाली नारीसाहित्यको विधागत इतिहास लेख्ने क्रममा कथा विधालाई विषय बनाइएको प्रस्तुत कृतिमा नेपाली नारीकथाकारहरूको इतिहास, प्रवृत्ति र योगदानको विशेष चर्चा गरिएको पाइन्छ ।

अनुसन्धानपरक तथा खोजमूलक प्रस्तुत कृतिमा नेपाली नारीकथाकारहरूको इतिहासलाई अभिलेखीकरण गर्नाका साथै इतिहासका गर्भमा लोप हुन लागेका कतिपय नारीकथाकारहरूको अन्वेषण गरेको पाइन्छ । नेपाली महिला कथालेखन परम्पराको पृष्ठभूमिसमेत प्रस्तुत गरिएको यस कृति जम्मा २४३ पृष्ठको आयाममा विस्तारित देखिन्छ । नेपाली साहित्यका क्षेत्रमा कथा विधालाई नै कार्यक्षेत्र बनाउँदै अएका महिला कथाकारको अवस्थिति देखाउँदै देवकुमारी थापा, राधिका राया, प्रेमा शाह, चन्द्रकला नेवार, पारिजात, पद्मावती सिंह, भागिरथी श्रेष्ठ, मञ्जु काँचुली, अनिता तुलाधर, माया ठकुरी, भुवन ढुङ्गाना, विन्द्या सुब्बा, इन्दिरा प्रसाईँ, बेञ्जु शर्मा, सीता पाण्डे, शारदा शर्मा, मीरा प्रधान रेम, जलेश्वरी श्रेष्ठ गरी जम्मा अठारजना नारीकथाकारहरूका एकएकओटा प्रतिनिधि कथाहरूका साथमा तिनका परिचय, कथाकारिताका प्रवृत्ति र विशेषताहरूको विवेचना समेत गरिएको छ । महिला कथाकारहरूको नामबाट नै शीर्षक राखिएको यस कृतिमा विषयवस्तु प्रस्तुत गर्ने क्रममा परिच्छेदीकरणका साथै शीर्षक उपशीर्षकमा सङ्ख्याङ्कन गरेको पाइँदैन ।

*नेपाली महिला कथालेखन परम्परा* शीर्षकमा आधारित भई लेखिएको पहिलो आलेखमा नेपाली महिला साहित्यकारका कथाको पृष्ठभूमि, प्रवर्तन र विकासको चर्चा गर्दै नेपाली नारीकथालेखनको यात्रालाई चरण विभाजन गरी देखाइएको छ । शारदाकालीन समयमा अर्थात् २००५ देखि पूर्वमा पनि केही कथाहरू लेखिए पनि त्यस समयावधिलाई नारीकथालेखनको पृष्ठभूमिकाल मान्दै देवकुमारी थापाको २००५ मा प्रकाशित *पतन* कथाका आधारमा यसैलाई मुख्य समयबिन्दु मानेर चरण विभाजन गरिएको देखिन्छ । २००५ देखि

२०१६ सम्मको समयलाई पहिलो चरण, २०१७ देखि २०३५ सम्मको समयलाई दोस्रो चरण र २०३६ देखि हालसम्मको समयलाई तेस्रो चरण मानी यी प्रत्येक चरणमा देखापर्ने नारीकथाकारहरूको सङ्क्षिप्त परिचय र कथाप्रवृत्ति पनि दिइएको छ । यसै क्रममा सन्ताउन्न जना नारीकथाकारको सङ्क्षिप्त परिचयका साथै अन्य कथाकारहरूको नामोल्लेख गरिएको पाइन्छ । जम्मा तेत्तीस पृष्ठको आयाममा लेखिएको प्रस्तुत *नेपाली महिला कथाकारको अवस्थिति* उपशीर्षकको लेखमा सङ्क्षिप्त र सटिकरूपमा नेपाली नारीकथाको विकासयात्रालाई देखाइएको पाइन्छ ।

जम्मा २४३ पृष्ठका आयाममा फैलिएको प्रस्तुत कृतिको बाँकी खण्ड अर्थात् पृष्ठ ३४ देखि २३४ सम्मको २०० पृष्ठमा माथि उल्लेखित तीनओटै चरणका प्रतिनिधिमूलक अठारजना महिला कथाकारहरूका कथाप्रवृत्ति र विशेषताका चर्चा गर्दै उनीहरूका एक–एकओटा प्रतिनिधिमूलक कथाहरूलाई पनि समावेश गरिएको छ ।

यसप्रकार प्रस्तुत कृतिमा नेपाली नारीकथालेखनको इतिहासलाई देखाई चरणबद्ध रूपमा नारीकथालेखनलाई देखाइएको यो कृति विवरणात्मक, व्याख्यात्मक र विश्लेषणात्मक शैलीमा लेखिएको अनुसन्धानमूलक कृतिका रूपमा देखिन्छ । त्यसैगरी अठारजना कथाकारहरूको एकएक ओटा कथा समावेश गरिएको यस कृतिमा प्रत्येक कथाकार र तिनका कथाकारिताका बारेमा चर्चा गर्दै तिनका प्रवृत्ति र विशेषता पनि देखाइएको हुनाले यो कृति उनीद्वारा लिखित हो भने अठारजना नारीकथाकारका कथा समावेश गरिएको हुँदा सम्पादित कृति पनि हो । नेपाली नारीकथाकारहरूको विधागत इतिहास लेखनमा महत्त्वपूर्ण भूमिका खेलेको प्रस्तुत कृति एक उत्कृष्ट कृतिका रूपमा देखा पर्दछ । त्यसैगरी समालोचक लीला लुइटेलका लेखन तथा प्रकाशन भएका अन्य कृति तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका फुटकर समालोचनाका लेखहरूले पनि उनलाई यस क्षेत्रकी सक्रिय समालोचकका रूपमा उपस्थित गराएको देखिन्छ ।

#### ५.१.२४.४ निष्कर्ष

लीला लुइटेल समालोचनालेखन, सम्पादन तथा प्रकाशन तीनओटै क्षेत्रमा क्रियाशील देखिने समालोचक हुन् । विभिन्न पत्रपत्रिकाहरूमा भाषा, साहित्य र संस्कृतिसम्बन्धी अनुसन्धानात्मक तथा समालोचनात्मक प्रशस्त लेखहरू प्रकाशित गराएकी लीला लुइटेलका सहलेखन, सम्पादनमा आधारित प्रशस्त कृतिहरू प्रकाशित देखिन्छन् । नारीसमालोचनाका विकास तथा विस्तारमा महत्त्वपूर्ण योगदान दिएकी लीला लुइटेल पूर्णतया समालोचना विधामा नै केन्द्रित देखिन्छिन् । उनका सहलेखन र सम्पादनका रूपमा विभिन्न कृतिहरू प्रकाशित भएबाट नै एक सक्रिय समालोचकका रूपमा उनको उपस्थित देखिन्छ ।

### ५.१.२५ सरस्वती रिजाल र उनका समालोचना कृति

#### ५.१.२५.१ व्यक्तित्व र कृतित्व

सरस्वती रिजाल कविता, लघुकथा, समालोचना र निबन्ध लेखनमा सक्रिय स्रष्टा हुन् । यिनका कवितासङ्ग्रह दुई, लघुकथासङ्ग्रह एक र संयुक्त लेखनमा तयार पारिएको

समालोचना एक गरी चारओटा पुस्तक प्रकाशित छन् । सरस्वती रिजालका विभिन्न पत्रिकामा प्रकाशित विभिन्न फुटकर समालोचनाहरूका आधारमा समेत उनको समालोचकीय क्षमता राम्रो देखिन्छ । प्रभाववादी प्रवृत्तिभित्रै पनि कृतिका सूक्ष्मतम पक्षलाई खोतल्ने प्रयास गर्नु र अधिमूल्यन तथा अवमूल्यनको दोषबाट सर्वथा मुक्त हुनु उनका समालोचनामा पाइने विशेषता हुन् । साहित्यका अन्य विधामा पनि सक्रिय रूपमा कलम चलाउने सरस्वती रिजालका समालोचनाहरू विविध विधामा लेखिएको देखिए पनि उनले लोकसंस्कृतिसम्बन्धी समालोचनालेखन बढी रुचि देखाएको पाइन्छ । उनका हालसम्म सहलेखनबाहेक एकल लेखनको समालोचना कृति प्रकाशित नभए पनि विभिन्न पत्रपत्रिकाहरूमा फुटकर समालोचना भने प्रशस्त रूपमा प्रकाशित भएका देखिन्छन् । फुटकर समालोचनाबाहेक रिजालका समालोचकीय क्षमता तथा प्रवृत्तिको आँकलन उनको सहलेखन **साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षर** कृतिबाट गर्न सकिन्छ । २०६२ मा प्रकाशित प्रस्तुत समालोचना कृति दुईजना नारीस्रष्टाहरूको सहलेखन भए पनि सरस्वती रिजालका प्रवृत्तिहरू यसमा नै स्पष्ट रूपमा देख्न पाइन्छ ।

### ५.१.२५.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

सरस्वती रिजालको फुटकर समालोचनालेखनमा त्यति धेरै बाक्लो उपस्थिति नदेखिए पनि उनी समालोचकीय सचेतताका साथ समालोचना लेख्ने नारीसमालोचक हुन् । खासगरी खोज तथा अनुसन्धानपरक समालोचना गर्न रुचि राख्ने सरस्वतीका समालोचनाहरू जीवनीपरक तथा कृतिपरक देखिन्छन् । व्याख्यात्मक तथा विश्लेषणात्मक शैली अवलम्बन गरेर नै यिनी समालोचना लेख्ने गर्दछिन् ।

यिनका समालोचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) प्रभाववादी चिन्तनबाट प्रेरित भई समालोचना लेखिए पनि अतिवादी प्रवृत्तिबाट मुक्त,

(२) अनुसन्धानात्मक तथा खोजमूलक समालोचनालेखनतर्फ विशेष झुकाउ,

(३) साहित्यका विविध विधा तथा प्रवृत्तिहरूमा कलम चलेको भए पनि लोकसाहित्यको समालोचनामा बढी अभिरुचि,

(४) आत्मपरक शैलीका समालोचनालेखन आदि ।

### ५.१.२५.३ समालोचना कृतिको विश्लेषण

विभिन्न पत्रपत्रिकाहरूमा फुटकर समालोचना प्रकाशित गर्ने सरस्वती रिजालको सहलेखनमा आधारित हालसम्म **साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षरहरू** कृति नै प्रकाशित समालोचना कृति हो । जम्मा छयासी पृष्ठको प्रस्तुत कृतिमा नारायणी अञ्चलका पाँचवटा जिल्ला चितवन, पर्सा, बारा, मकवानपुर र रौतहटका नारीस्रष्टाहरूका जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा सङ्क्षिप्त चर्चा गरिएको छ । 'पूरै अनुसन्धानमूलक तथा अन्वेषणपरक यस कृतिमा 'तथ्यहरूको सङ्कलन निकै मात्रामा गरेर तिनको आलोचनात्मक

व्याख्या विश्लेषण पनि गरिएकोले'[४८] यो कृति समग्र नेपाली साहित्य तथा समग्र नारीसाहित्यको इतिहास लेखनका लागि एउटा महत्त्वपूर्ण आधार साहित्यकारहरूको खोजी गरी आञ्चलिक रूपमा नै भए पनि यसतर्फ अनुसन्धान गरिएको प्रस्तुत कृतिमा नारायणी अञ्चलका पाँचओटा जिल्लामा रहेका अठारजना नारीसाहित्यकार र तिनका पुस्तकहरूको व्याख्या विवेचना गर्दै अन्य फुटकर रूपमा कलम चलाउने नवसर्जकहरूको पनि चर्चा गरिएको छ । नारायणी अञ्चलको परिचय तथा शारदापूर्व र शारदाकालीन नारीसाहित्यकारहरूको परिचयबाट सुरु भएको प्रस्तुत कृतिमा जम्मा आठओटा शीर्षक तथा अन्य उपशीर्षकमा आबद्ध भएर कृतिको संरचना तयार भएको देखिन्छ । चितवनका एघारजना साहित्यकार र तिनका कृति, पर्साका चारजना साहित्यकार र तिनका कृति बाराका दुई जना र तिनका कृति र मकवानपुरका तीन नारीसाहित्यकार र तिनका कृति गरी जम्मा बीसजना नारीसाहित्यकार र तिनका कृतिहरूको व्याख्या विवेचना यस कृतिमा गरिएको छ ।

### ५.१.२५.४ निष्कर्ष

साहित्यको सिर्जना विधामा विशेषतः सक्रिय रूपमा लागेकी सरस्वती रिजालले समालोचनालेखनमा पनि आफ्नो पहिचान बनाएकी छिन् । लोकसाहित्यिक, सांस्कृतिक र कृतिपरक समालोचनालेखन रुचाउने यिनका समालोचनाहरू व्यक्तिपरक, कृतिपरक र प्रवृत्तिपरक हुँदाहुँदै पनि ती प्रभाववादकै पेरिफेरीमा घुमेका छन् । आञ्चलिक अध्ययनतिर लाग्नु र क्षेत्रीय अनुसन्धान उनका समालोचनाका क्षेत्र हुन् ।

### ५.१.२६ भगवती अर्याल (पाण्डे) र उनको समालोचना कृति

### ५.१.२६.१ व्यक्तित्व र कृतित्व

साहित्यमा अभिरुचि राखी विभिन्न स्थानीय स्तरका पत्रपत्रिकाहरूमा फुटकर कविता, गीत, समीक्षा, कथा आदि प्रकाशन गराउँदै आएकी भगवती अर्याल (पाण्डे) नारीसमालोचकको रूपमा परिचित नाम नभए पनि उनले खोजमूलक कृति प्रकाशन गरेर नारीसमालोचनामा एक आयाम थपेकी छिन् । उनको नवलपरासीको साहित्यिक गतिविधि (२०६३) समालोचना कृति नै पहिलो प्रकाशित कृति हो । स्नातकोत्तर तहको शोधपत्रको प्रयोजनका लागि तयार पारिएको प्रस्तुत कृतिमा नवलपरासी जिल्लाका साहित्यकार र तिनका कृतिहरूका विधागत विश्लेषण गएिको छ । नवलपरासी जिल्लाकै बासिन्दा रहेकी भगवती अर्याल (पाण्डे) ले प्रस्तुत कृतिमा व्याख्यात्मक विश्लेषणात्मक र विवरणात्मक शैली अवलम्बन गरी जीवनीपरक तथा कृतिपरक समालोचना प्रस्तुत गरेको देखिन्छ ।

### ५.१.२६.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

साहित्यिक पत्रपत्रिकाहरूमा अत्यन्तै कम मात्रामा देखापर्ने भगवतीका फुटकर समालोचनाहरू समालोचनाका रूपमा नभई अखबारी लेखनका रूपमा आएको र साहित्यिक

---

[४८] दयाराम श्रेष्ठ, भूमिका, **साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षरहरू**, गायत्री श्रेष्ठ र सरस्वती रिजाल, (चितवन : नारायणी कलामन्दिर, २०६२), पृ. उल्लेख नभएको ।

कृतिविशेष तथा प्रवृत्तिविशेष फुटकर समालोचना नदेखिएको हुँदा उनको समालोचनात्मक प्रवृत्तिको निर्क्योल गर्न सकिने अवस्था देखिँदैन । तापनि उनको यस क्षेत्रको एकमात्र कृति **नवलपरासीको साहित्यिक गतिविधि** (२०६३) का आधारमा उनका समालोचनात्मक प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) खोजमूलक समालोचनालेखनमा रुचि,

(२) प्रभाववादी दृष्टिकोणका साथै व्याख्यात्मक तथा विश्लेषणात्मक शैलीको प्रयोग,

(३) जीवनीपरक तथा कृतिपरक समालोचना लेख्ने प्रवृत्ति आदि ।

### ५.१.२६.३ समालोचना कृतिको विश्लेषण

**नवलपरासीको साहित्यिक गतिविधि** (२०६३) भगवती अर्यालद्वारा लिखित अनुसन्धानात्मक तथा खोजपरक समालोचना कृति हो । नवलपरासी जिल्लामा मात्र केन्द्रित भई १९९ पृष्ठको आयाममा फैलिएको यस कृतिमा चौधओटा मूलशीर्षक र तेह्रओटा उपशीर्षक रहेका देखिन्छन् ।

> 'नवलपरासी जिल्लाको परिचय, नवलपरासीको लोकसाहित्य, नवलपरासी जिल्लाको साहित्य सिर्जन परम्परा, नवलपरासीका नाटककार र नाट्यकृति, समालोचक र समालोचना, कथाकार र कथाकृति, उपन्यासकार र औपन्यासिक कृति, धार्मिक लेखक र तिनका रचना, नवलपरासीसँग सम्बद्ध अन्य जिल्लाका साहित्यकार, नवलपरासीका साहित्यिक सङ्घसंस्था र तिनको योगदान आदि विषयमा गहिरो खोज र विश्लेषण गर्दै .... विभिन्न स्रष्टाहरूको साहित्यिक योगदान, मूल्य मान्यता, प्रवृत्ति, मोड आदिको समेत विश्लेषण गरेर सकेसम्म साहित्यिक–ऐतिहासिक तथ्यको प्रकटीकरण, वाङ्मयिक मूल्यको खोजी, व्यक्तित्व र कृतित्वमाथि प्रकाश पार्ने यस काम पुस्तकमा गरिएको छ ।'[४९]

विवरणात्मक तथा विश्लेषणात्मक शैलीमा लेखिएको प्रस्तुत कृतिका मूल शीर्षकमा आबद्ध भएर लेखिएका समालोचनाहरू अत्यन्त सरल, सटिक  तथा सङ्क्षेपात्मक रूपमा रहेका देखिन्छन् ।

### ५.१.२६.४ निष्कर्ष

भगवती अर्याल पाण्डे नेपाली साहित्यकी सक्रिय समालोचकको रूपमा परिचित नारीहस्ताक्षर नभए पनि उनले यस विधाको उपयोगी तथा गहकिलो कृति दिएर महत्त्वपूर्ण योगदान दिएकी छिन् । नारीसमालोचनाका फाँटमा क्षेत्रीय साहित्यिक अध्ययनको आफ्नो कृति सहित भर्खरै मात्र प्रवृत्त भएकी भगवती अर्यालमा समालोचकीय सम्भावनाहरू प्रशस्तै देख्न सकिन्छ ।

---

[४९] गोविन्दराज विनोदी, **हार्दिक बधाइ र शुभकामना, नवलपरासीको साहित्यिक गतिविधि**, भगवती अर्याल, २०६३, पृ. मन्तव्य ।

### ५.१.२७ नन्दमाया नकर्मी र उनको समालोचना कृति

### ५.१.२७.१ व्यक्तित्व र कृतित्व

समालोचक नन्दमाया नकर्मीको जन्म वि.सं. २०११ मा काठमाडौँमा भएको हो । नेवारी भाषामा पनि कलम चलाउने नन्दमाया नकर्मी प्राध्यापन पेसामा आबद्ध भइसकेपछिमात्र समालोचनालेखनमा सक्रिय रहेको देखिन्छ । **गरिमा, मधुपर्क** जस्ता विभिन्न पत्रपत्रिकाहरूमा प्रशस्त मात्रामा फुटकर समालोचनाहरू प्रकाशित गराइसकेकी नकर्मी चालीसको दशकबाट सबै विधामा समालोचनालेखन अग्रसर देखिए पनि विशेषगरी नाटक विधाको समालोचना गर्न रुचिशील देखिन्छिन् । अध्ययनका क्रममा आफूलाई अत्यन्त प्रभाव पार्ने कृतिहरूको समालोचना गर्न रुचाउने नकर्मीका प्रारम्भिक समालोचनाहरू प्रभावपरक शैलीका देखिए पनि पछिल्लो चरणका यिनका समालोचनाहरूमा व्यापक परिष्कार आएको पाइन्छ । नेपाली नारीसमालोचकहरूका माझमा एक क्रियाशील समालोचकका रूपमा उभिन पुगेकी नन्दमाया नकर्मी 'आफूलाई अत्यन्त प्रभावित पार्ने कृतिको व्याख्या र विवेचना गर्ने अभिलाषा, गुरुवर्गको प्रेरणा, साहित्यिक पत्रिकाको अनुरोध आदिले समालोचनालेखनतर्फ प्रवृत्त भएकी देखिन्छिन् नन्दमाया समालोचना गर्नका लागि कथा र नाटकलाई रुचिको क्षेत्र मान्छिन् । कुनै पनि समालोच्य कृतिको कुनै एक पक्षमा प्रवृत्त भई समालोचना लेख्ने नन्दमाया साहित्यको मनोवैज्ञानिक सांस्कृतिक र नारीवादी प्रवृत्ति माथि कलम चलाउँछिन् ।'[५०] उनका हालसम्म प्रकाशित फुटकर समालोचनाका अतिरिक्त 'नेपाली नाटकमा नारीसमस्या' (२०६३) समालोचना कृति प्रकाशित देखिन्छ । नेपाली नाटकको सङ्क्षिप्त इतिहाससहित नारीसमस्यामा केन्द्रित प्रतिनिधि नाटकहरूको विश्लेषण गरिएको उनको प्रस्तुत पुस्तक समालोचना क्षेत्रकै एक उत्कृष्ट समालोचना कृति हो ।

### ५.१.२७.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

नेपाली नारीसमालोचनालेखनमा दुईदशक अघिदेखि नै आफ्नो सक्रियता देखाउँदै आएकी नन्दमाया नकर्मी कृतिमा प्रयुक्त नारीविषयमाथि र नारीचरित्रप्रति विशेष रूपमा समालोचना गर्न रुचि देखाउने समालोचक हुन् । उनका समालोचनाहरू कृतिका विभिन्न पक्षमाथि गरिएको स्थूल चित्रणमा नै केन्द्रित देखिन्छन् । सुरुका समालोचनाहरूमा प्रभावपरकतालाई आधार बनाएर लेख्ने नन्दमाया नकर्मीका समालोचनाहरू पछिल्लो समयमा नारीसमस्या केन्द्रित रहेका देखिन्छन् र तिनमा वस्तुपरकतातिरको उन्मुखता पनि पाइन्छ । नेपाली नाटकमा देखिएका नारीसमस्याहरूको विश्लेषण गर्दै तयार गरिएको उनको **नेपाली नाटकमा नारीसमस्या** (२०६३) कृति एक महत्त्वपूर्ण प्राप्ति हो । नेपाली नाटकको विकासक्रमको चर्चा गर्दै नारीसमस्यामूलक नाटकहरूको विश्लेषण गरिएको प्रस्तुत

[५०] सुधा त्रिपाठी, पूर्ववत्, पृ. १९२ ।

कृति अनुसन्धानमूलक देखिन्छ । उनका समालोचनामा पाइने प्रमुख प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) प्रभावपरक समालोचनाबाट विस्तारै वस्तुपरक समालोचनातर्फको उन्मुखता,

(२) कृतिपरक समालोचनामा नै केन्द्रित भए पनि कृतिविश्लेषणमा परम्परागत शैलीको प्रयोग,

(३) मनोविज्ञान, सांस्कृतिक तथा नारीवादी चिन्तनबाट प्रेरित भई समालोचना गर्ने प्रवृत्ति,

(४) नारीसमस्यामूलक कृतिहरूको अध्ययन तथा विश्लेषणमा बढी जोड,

(५) कृतिको सूक्ष्म विश्लेषण गर्नमा भन्दा स्थूल रूपमा कृतिविश्लेषण गर्ने प्रवृत्ति आदि ।

### ५.१.२७.३ समालोचना कृतिको विश्लेषण

**नेपाली नाटकमा नारीसमस्या** (२०६३) उनको प्रकाशित समालोचना कृति हो । नेपाली नाटकमा प्रयोग भएका नारीसमस्याहरूलाई केन्द्रबिन्दु बनाई प्रस्तुत गरिएको प्रस्तुत कृतिमा नाटकसम्बन्धी गम्भीर अध्ययन तथा विश्लेषण गरिएको पाइन्छ । नेपाली नाटकको सामान्य विकासक्रमको चर्चा गर्दै नारीसमस्यामूलक नाटकको प्रारम्भ र विकासलाई समेत देखाइएको प्रस्तुत कृति अनुसन्धानात्मक समालोचना कृतिका रूपमा देखिन्छ । जम्मा दुईसय पाँच पृष्ठको आयाममा फैलिएको प्रस्तुत कृतिमा नौओटा शीर्षकहरू रहेका छन् र तिनै शीर्षकको परिवृत्तमा रहेर प्रस्तुत कृतिले स्वरूप ग्रहण गरेको देखिन्छ ।

**नेपाली नाटकको पृष्ठभूमि** शीर्षकको पहिलो आलेखमा नेपाली नाटकको ऐतिहासिक विकासका क्रममा आधुनिककालपूर्वका नाट्यकृतिहरूको चर्चा गर्दै पहलमानसिंह स्वाँर र उनका नाट्यकृति **अटलबहादुर, विमलादेवी** र **विष्णुमाया** नाट्यकृतिको सङ्क्षिप्त चर्चा गरिएको छ । यसैगरी प्रस्तुत कृतिको दोस्रो शीर्षक *नेपाली नाटकको आधुनिक युग*मा बालकृष्ण समको नाट्यकृति **मुटुको व्यथा**लाई नेपाली नाटकलाई आधुनिक युगमा प्रवेश गराउने कृतिका रूपमा चर्चा गर्दै सम र तिवारीका नाटकमा नारीसमस्याको चित्रण गरिएको छ । यसै क्रममा सम र तिवारीका केही प्रतिनिधि नाटकको चर्चा गर्ने क्रममा समको **मुटुको व्यथा** (१९८६), **मुकुन्द इन्दिरा** (१९९४), **म** (२००२) र तिवारीका **सहनशीला सुशीला**, **पुतली** र **किसान** नाटकको चर्चा गरिएको छ ।

यसैगरी *नारीसमस्यामूलक नाटकको प्रारम्भ तथा विकास* शीर्षकको आलेखमा नारीसमस्यामूलक नाटकको पृष्ठभूमि देखाई यसको आरम्भकर्ताका रूपमा **मसान** नाटकका नाटककार गोपालप्रसाद रिमालको चर्चा गरिएको छ । यसैगरी नारीसमस्यामूलक नाटकको विकासलाई अघि बढाउनेमा क्रमशः गोविन्दबहादुर मल्ल 'गोठाले', विजय मल्ल, हृदयराज शर्मा, नारायणदत्त शास्त्री, वासुशशीको सङ्क्षिप्त चर्चा गरिएको छ भने अन्य

नाटककारहरूमा मोहनराज शर्मा, ध्रुवचन्द्र गौतम, गोपाल पराजुली, अशेष मल्ल, सरुभक्त, शिव अधिकारी, अविनाश श्रेष्ठ आदिको उल्लेख गरिएको छ ।

प्रस्तुत कृतिको बाँकी खण्डमा *गोपालप्रसाद रिमालको नारीसमस्यामूलक नाटकहरूको विश्लेषण, गोविन्दबहादुर मल्ल 'गोठाले' का नारीसमस्यामूलक नाटकहरूको विश्लेषण र विजय मल्लका नारीसमस्यामूलक नाटकको विश्लेषण* शीर्षकअन्तर्गत रिमालको **मसान** र **यो प्रेम**, गोठालेको **भुसको आगो** र **च्यातिएको पर्दा** र विजय मल्लको जिउँदो लास नाटकको नाटकीय तत्त्वहरूको आधारमा विश्लेषण गरिएको छ । तीन जना नाटककारहरूका नारीसमस्यामूलक यी पाँचओटा कृति अङ्क तथा दृश्यसंयोजन, पात्रयोजना, द्वन्द्व विधान, संवादयोजना, भाषिक विन्यास, सामाजिक परिवेश, वैचारिक धरातल, समस्याचित्रण, रङ्गमञ्चीय प्रस्तुति आदि उपशीर्षकहरूका परिवृत्तभित्र राखेर विश्लेषण गरिएको देखिन्छ ।

अन्य केही नेपाली नाटकहरूमा नारीसमस्याको चित्रण शीर्षकको अन्तिम लेखमा गोठालेको 'दोष कसेलाई छैन' बासु शशीको **बाँसुरीमा नअटाएका धुनहरू** र सरुभक्तको **विस्फोटको तेस्रो पाइलो** आदिको सङ्क्षेपमा चर्चा गर्दै समग्र कृतिको निष्कर्ष प्रस्तुत गरिएको छ । यसरी समग्रमा भन्दा प्रस्तुत कृतिमा समस्यामूलक नाटकपूर्वको पृष्ठभूमिमा नाटककारत्रय पहलमानसिंह स्वाँर, बालकृष्ण सम र भीमनिधि तिवारीको वाञ्छित विवेचना गरेर नारीसमस्यामूलक नाटकका प्रयोक्ता र प्रस्तोताका रूपमा क्रमशः श्री गोपालप्रसाद रिमाल, श्री गोविन्दबहादुर मल्ल गोठाले र विजय मल्लका नाटकको वस्तुपरक विश्लेषण गरिएको छ । यसै सुव्यवस्थित अध्ययन र विश्लेषणको आधारशिलामा रहेर नाट्यतत्त्वमा केन्द्रित भई विवेचना गरेको पाइन्छ । यसका साथै पछिल्ला चरणका नाटककारहरूमा वासुशशी र सरुभक्त लगायतका प्रतिनिधि नाटकको समेत विश्लेषण गरिएको प्रस्तुत कृति एक उल्लेखनीय कृतिका रूपमा देखिन्छ ।

#### ५.१.२७.४ निष्कर्ष

नेपाली नारीसमालोचनामा लामो समयदेखि कलम चलाउँदै आएकी नन्दमाया नकर्मी यस क्षेत्रमा आफ्नो पहिचान बनाइसकेकी एक नारीसमालोचक हुन् । कृतिपरक समालोचनाअन्तर्गत नारीसमस्यालाई प्रमुख विषय बनाई समालोचना गर्न विशेष रुचि राख्ने नकर्मीको हालसम्म प्रकाशित कृति एउटै मात्र देखिए पनि नारीसमस्यामा केन्द्रित भई अनुसन्धानात्मक, विश्लेषणात्मक रूपमा लेखिएको प्रस्तुत **नेपाली नाटकमा नारीसमस्या** कृति महत्त्वपूर्ण कृतिका रूपमा देखिन्छ । प्रशस्त फुटकर समालोचना तथा कृति प्रकाशित गराएकी नकर्मी नेपाली नारीसमालोचकहरूमध्ये एक क्रियाशील स्रष्टा हुन् ।

### ५.१.२८ मोमिला र उनको समालोचना कृति

#### ५.१.२८.१ व्यक्तित्व र कृतित्व

२०२४ मा जन्मिएकी मोमिला कवि एवम् निबन्धकार भए तापनि समालोचनालेखनमा पनि उनको अत्यन्त सशक्त उपस्थिति देखिन्छ । वि.सं. २०५१ सालदेखि

समालोचनालेखनमा लागेकी मोमिलाका समालोचनाहरू प्रारम्भमा केही प्रभावपरक र आत्मगत भए पनि पछिल्लो समयका उनको समालोचना अनुसन्धानात्मक, प्रवृत्तिपरक र कृतिपरक छन् । धेरै पुस्तकहरूको सम्पादनसमेत गरेकी मोमिलाका समालोचनाहरू उनीद्वारा सम्पादित पुस्तकहरूमा पनि देख्न सकिन्छ । वि.सं. २०५३ सालमा *धूपीमा घनीभूत जीवनदृष्टि,* शीर्षकको समालोचना **रत्नश्री** पत्रिकामा प्रकाशित गराई समालोचनालेखनमा प्रवृत्त भएकी मोमिलाका धेरै फुटकर समालोचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित देखिन्छ । **कालचक्र**, **नोबेल**, **विजय मल्ल अभिनन्दन ग्रन्थ**लगायतका धेरै पत्रिका र पुस्तकमा उनका समालोचनाहरू प्रकाशित छन् । खासगरेर बाह्य रूपमा वस्तुगत समालोचना देखिए पनि उनको समालोचनाको भाषा भने निबन्धात्मक स्वरूपको पनि देखिने गर्छ । उनीद्वारा सम्पादित **सगरमाथाको नृत्यमग्न आत्मा (स्रष्टा र सृष्टि – प्रतिनिधि नेपाली कविता)** (२०६५) कृतिभित्रका १३५ जना कविहरूका बारेमा उनले लेखेका परिचायक अभिव्यक्ति पनि समालोचनाका सामान्य नमुनाका रूपमा देखिन्छन् । करिब आधा दर्जनजति कवितासङ्ग्रह र निबन्ध लेखेर यस क्षेत्रमा स्थापित भइसकेकी मोमिलाको समालोचनालेखन उत्तिकै सशक्त छ र उनका समालोचनाहरू गम्भीर देखिन्छन् ।

### ५.१.२८.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

मोमिलाको समालोचकीय व्यक्तित्व उनको निबन्धकार व्यक्तित्वबाट प्रभावित देखिए पनि विचार पक्षलाई सूक्ष्म रूपमा अभिव्यक्त गर्नु र कृतिमा अन्तर्निहित भावसौन्दर्यको उद्घाटन गर्नु उनको समालोचनामा पाइने विशेषता हो । उनका समालोचनाहरू सामान्य टिप्पणीमूलक, समीक्षात्मक, जीवनीपरक, प्रवृत्तिपरक, अन्तर्विषयक पनि देखिन्छन् । धेरै समालोचना लेखेकी 'मोमिलाको रुचि अस्तित्ववादतर्फ झुकेको छ, समालोचनालाई सिर्जनालाई भन्दा द्वितीय महत्त्व प्रदान गरे पनि समालोचनालाई अति आवश्यक ठान्छिन् .... उनका अनुसार स्वअस्तित्वको खोजीको चेतना उचाइतिर उन्मुख नहुनु नै उपर्युक्त स्थिति जिम्मेवार छ ।'[५१] उनको अस्तित्ववादी दर्शनसम्बन्धी यस किसिमको धारणा भए पनि उनका समालोचना आस्तित्विक चिन्तनका अतिरिक्त अन्य अन्तर्वस्तुमा पनि केन्द्रित देखिन्छन् । उनका अनुसन्धानात्मक र विश्लेषणात्मक गहन समालोचना र उनीद्वारा सम्पादित **सगरमाथाको नृत्यमग्न आत्मा' (स्रष्टा र सृष्टि – प्रतिनिधि आधुनिक नेपाली कविता, २०६५)** भित्र उनले लेखेका कविपरिचायक अभिव्यक्तिहरूका साथै धेरै सङ्ख्यामा प्रकाशित उनका फुटकर समालोचनाहरूका आधारमा उनका समालोचकीय प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) कृतिपरक तथा प्रवृत्तिपरक समालोचनामा विशेष झुकाउ,

(२) अनुसन्धानात्मक, विश्लेषणात्मक शैलीमा समालोचनालेखनुका साथै अन्तर्विषयक समालोचनालेखन,

---

[५१] सुधा त्रिपाठी, **महिला र नेपाली समालोचना**, पृ. ३२० ।

(३) कृतिमा अन्तर्निहित भावसौन्दर्यको उद्घाटन र गम्भीर विषयको खोजी,

(४) समालोचनात्मक लेखनमा निबन्धात्मक शैलीको प्रभाव,

(५) आस्तित्विक चिन्तनमा केन्द्रित समालोचनालेखन आदि ।

**५.१.२८.३ समालोचना कृतिको विश्लेषण**

**सगरमाथाको नृत्यमग्न आत्मा (स्रष्टा र सृष्टि – प्रतिनिधि आधुनिक नेपाली कविता, २०६५)** कृति मोमिलाद्वारा सम्पादित कृति भए पनि प्रस्तुत कृतिभित्र *दृष्टि सन्दर्भ* अन्तर्गत कवि र तिनका रचनाका बारेमा लेखिएका परिचयात्मक अभिव्यक्तिलाई पनि समालोचनालेखनकै रूपमा लिन सकिन्छ । प्रस्तुत कृतिभित्र समाविष्ट भएका १३५ जना कवि र तिनका रचनाका बारेमा सम्पादकको कलम शीर्षकमा परिचायक टिप्पणी प्रस्तुत गरिएको छ । यस्ता टिप्पणीहरू पाँच/सात पङ्क्तिदेखि दसबार पङ्क्तिसम्म छन् । यस कृतिभित्रका कविका परिचायक अभिव्यक्तिलाई कविसन्दर्भ र दृष्टिसन्दर्भ गरी दुई खण्डमा विभाजन गरिएको छ । कविसन्दर्भमा कविको वैयक्तिक विवरण प्रस्तुत गरिएको छ भने दृष्टिसन्दर्भअन्तर्गत *कविताप्रति, नजरमा आफैं* र *सम्पादकको कमल* गरी तीनओटा उपशीर्षक गरी प्रस्तुत गरिएको छ । यीमध्ये सम्पादकको कलम शीर्षकका अभिव्यक्ति मोमिलाका आलेख हुन् । छोटा आलेखमा पनि कविको कृतित्व परिचय सिर्जनधर्मिता, प्रमुख प्रवृत्तिगत विशेषता आदिको अत्यन्त सटिक टिप्पणी प्रस्तुत गरिएको छ । तिनै टिप्पणी नै अत्यन्त छोटा लघुसमालोचनाका रूपमा देखिन्छन् । छोटोमा धेरै अटाउनु र भावगम्भीर एवम् खादिलो अभिव्यक्ति देखिनु मोमिलाका यी लघुसमालोचनाका विशेषता हुन् । यसबाट व्यक्तिप्रतिभा र तिनका प्रवृत्तिलाई सूक्ष्म रूपमा हेर्न सक्ने दृष्टिचेतना उनमा प्रभावी देखिन्छ ।

मोमिलाका फुटकर समालोचना चाहिँ गहन र विश्लेषणात्मक छन् र ती वैचारिक चिन्तनको सूक्ष्म दृष्टि पहिल्याउन सक्षम छन् । उनका *समकालीन नेपाली कवितामा विचार* (**कालचक्र**, १/१, २०६०), विजय मल्लका कवितामा विचारको अनुशीलन लगायतका डेढ दर्जनभन्दा बढी उनका फुटकर समालोचनामा उनको सूक्ष्म विश्लेषण क्षमता, गम्भीर अध्ययन र अनुसन्धानमुखी प्रवृत्ति देखिन्छ । भाषाशैलीमा आत्मपरकता वा निबन्धात्मक गुणको उपस्थिति देखिए पनि त्यसले उनका समालोचनालाई सम्प्रेषणीय र आस्वाद्य बनाएका छन् ।

**५.१.२८.४ निष्कर्ष**

नेपाली नारीसमालोचनाका क्षेत्रमा गम्भीर तथा विचारप्रधान समालोचनालेखनसहित प्रवेश गरेकी मोमिला नेपाली साहित्यमा अत्यन्तै सक्रिय नारी प्रतिभा हुन् । **नावेल**, **कलाश्री**जस्ता उत्कृष्ट साहित्यिक पत्रिका र धेरै पुस्तक सम्पादन गर्ने मोमिला सम्पादन कलामा अत्यन्तै निपुण देखिन्छिन् । नेपाली साहित्यलाई अन्तर्राष्ट्रियकरण गरी विश्वसाहित्यसँग सम्बद्ध गराउने कार्यमा सक्रियतापूर्वक लागेकी मोमिलाले वेभ पत्रिकाको सञ्चालन गर्नका साथै नेपाली साहित्य तथा समालोचनालाई इ-लिटरेचरका रूपमा विकास

गर्ने कार्यमा समेत महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । **सगरमाथाको नृत्यमग्न आत्मा** जस्तो मानक ग्रन्थको सम्पादन गरेकी मोमिला लेखन सम्पादनका साथै फुटकर समालोचनालेखनमा समेत सक्रिय रहेको देखिन्छ । समालोचनामा विचारतत्त्वका साथै आस्तित्विक चिन्तन र अन्य नयाँ दृष्टिकोणको खोजी गर्ने मोमिला नेपाली नारीसमालोचनाको पछिल्लो चरणमा अत्यन्त क्रियाशील नारीसाहित्यकार हुन् । साहित्यको विविध विधामा कलम चलाउने मोमिलाका सम्पादित कृति तथा फुटकर समालोचनाहरू यस क्षेत्रका महत्त्वपूर्ण उपलब्धिका रूपमा देखिन्छन् ।

### ५.१.२९ गीता त्रिपाठी र उनको समालोचना कृति

#### ५.१.२९.१ व्यक्तित्व र कृतित्व

कविता, गीत, निबन्ध, समालोचना आदि साहित्यका विभिन्न विधामा कलम चलाउने गीता त्रिपाठी नारीसमालोचनामा पछिल्लो समयमा देखापरेकी समालोचक हुन् । हालसम्म दुईओटा कवितासङ्ग्रह, दुईओटा गीति एल्बम तथा एउटा गीतसङ्ग्रह (सहलेखन) प्रकाशित भइसकेको गीता त्रिपाठीको कलम सृजना विधामा नै बढी मौलाएको देखिन्छ । विभिन्न पत्रपत्रिकाहरूमा फुटकर समालोचनाहरू प्रकाशित गराएकी गीता त्रिपाठीको **दृष्टिविचरण** (२०६६) समालोचना कृति प्रकाशित भएको देखिन्छ । खासगरी सृजना विधामा बढी सक्रिय देखिने गीता त्रिपाठी पछिल्लो समयमा समालोचना विधातर्फ क्रियाशील देखिन्छिन् । समालोचनालेखनतर्फ प्रवृत्त भएकी त्रिपाठीका समालोचना प्रभाववादी प्रवृत्तिका हुँदाहुँदै पनि तिनले कृतिविश्लेषणको मूल मार्गलाई आधार बनाएको देखिन्छ ।

> 'कुनै साहित्यिक कृतिको अध्ययनपश्चात् त्यसको पाठकीय प्रतिक्रिया स्वरूप समालोचना लेख्ने गीता त्रिपाठीका समालोचनाहरू विविध विधामा केन्द्रित देखिए पनि उनका अधिकांश समालोचना कविता/काव्य विधामा केन्द्रित देखिन्छन् । यसरी **थुँगा : वनफूलका** (२०६१), **एक्लै – एक्लै** (२०६१), **दुई हरफ ओठहरू** (२०६४), **सारांश** (२०६५) जस्ता गीतसङ्ग्रह र नृशंस पर्खालहरू (२०६५) कवितासङ्ग्रहको माध्यमबाट नेपाली काव्य क्षेत्रमा पृथक् आस्तित्विक चेतना कायम गरिसकेकी गीताको गद्यलेखनमा पनि काव्यिक भाषाको विशिष्टता पाइन्छन् । ... कुनै कृतिभित्र प्रवेश गरेर त्यसभित्रका सूक्ष्म मर्मलाई पहिल्याउने क्षमता पनि समालोचक गीता त्रिपाठीमा छ भन्ने कुरा उनको प्रस्तुत 'दृष्टिविचरण' भित्रका समालोचनाहरूले देखाउँछन् ।'[५२]

विद्यार्थी अवस्थादेखि नै साहित्यलेखन आरम्भ गरेकी गीता त्रिपाठी विभिन्न पुरस्कारहरूद्वारा सम्मानित हुनाका साथै विभिन्न साहित्यिक सङ्घसंस्थामा समेत आबद्ध देखिन्छिन् ।

---

[५२] लक्ष्मणप्रसाद गौतम, *'दृष्टि विचरण' भित्र गीता त्रिपाठीको समालोचकीय विचरण*, **दृष्टि विचरण**, गीता त्रिपाठी, (ललितपुर : भावक अभियान नेपाल, २०६६) (भूमिका) ।

### ५.१.२९.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

गीता त्रिपाठी नेपाली नारीसमालोचनामा थपिएको एउटा प्रभावशाली समालोचक हुन् । आफ्नो पृथक् समालोचना शिल्पका साथ नेपाली नारीसमालोचनामा आफ्नो अस्तित्व बनाएकी गीता त्रिपाठीका समालोचकीय प्रवृत्तिलाई उनको समालोचना कृति **दृष्टिविचरण** (२०६६) ले अझ प्रष्ट्याएको देखिन्छ । साहित्यका नवीन कृति तथा प्रवृत्तिहरूमाथि समालोचना गर्न रूचाउने 'गीता स्वयम् गीतकार/कवि र निबन्धकार भएकाले त्यसको प्रभाव पनि उनका समालोचनामा परेको देखिन्छ । उनका समालोचना पढ्दा निबन्धको स्वाद पनि पाइन्छ, त्यसैले उनका समालोचना नैबन्धिक छन् र ती बीचबीचमा आत्मपरक हुन खोज्छन् । समालोचनाको गुणदर्शन प्रवृत्तिलाई आत्मसात् गरी लेखिएका 'त्रिपाठीको समालोचना शिल्प अन्य नारीसमालोचकभन्दा पृथक् छ र कृतिलाई हेर्ने उनको दृटिष्कोण सूक्ष्म र कथ्यकेन्द्रित छ । आयाम वा आकार प्रकारका दृष्टिले लामा वा छोटा जे जस्ता भए पनि कृति/रचनाको चुरो समातेर सम्बद्ध कृति/रचनाको निरूपण र विवेचना गर्नु गीता त्रिपाठीको विशेषता हो ।'[५३] समालोचक गीता त्रिपाठीको प्रस्तुत समालोचना कृतिका आधारमा उनको समालोचनात्मक प्रवृत्तिलाई यसप्रकार देखाइन्छ :

(१) समालोचनालेखनमा कृतिपरक विश्लेषण गरिएको भए पनि आत्मपरक तथा नैबन्धिक शैलीमा समालोचना लेख्ने प्रवृत्ति,

(२) कृति/रचनाहरूमाथि गरिएका समालोचनाहरूलाई सूक्ष्म र कथ्यकेन्द्रित बनाउँदै कृतिपरकता, नारीपरकता र वस्तुपरकतातिर अभिमुख,

(३) सामान्य समीक्षादेखि गम्भीर तथा अनुसन्धानपरक समालोचनामा अभिरुचि,

(४) नेपाली साहित्यका नवीन कृति वा नवीन प्रवृत्तिलाई समालोचना विषयका रूपमा छनोट,

(५) साहित्यका सबै विधालाई विषयक्षेत्र बनाई समालोचना गर्ने गरिए पनि खासगरी काव्य/कविता केन्द्रित समालोचनामा विशेष रुचि आदि ।

### ५.१.२९.३ समालोचना कृतिको विश्लेषण

गीता त्रिपाठीको **दृष्टिविचरण** (२०६६) उनको हालसम्मको एउटै समालोचना कृतिका रूपमा देखिन्छ । विभिन्न समयमा विविध पत्रपत्रिकाहरूमा फुटकर समालोचनाका रूपमा प्रकाशित लेखहरूको सङ्ग्रहका रूपमा प्रकाशन गरिएको प्रस्तुत कृतिमा साहित्यका विविध विधा, विषय, क्षेत्र तथा प्रवृत्तिहरूमा केन्द्रित बारओटा समालोचनात्मक लेखहरू सङ्कलित छन् । जम्मा सय पृष्ठको आयाममा विस्तारित यस कृतिका एकदर्जन समालोचनामध्ये आठओटा समालोचना काव्य/कविता/गीतसँग सम्बद्ध छन् भने अन्य विधामा उपन्यासकेन्द्रित एक, कथाकेन्द्रित एक, निबन्धकेन्द्रित एक र उत्तरआधुनिक

[५३] ऐजन ।

समालोचनाकेन्द्रित एक गरी चारओटा समालोचना छन् । 'यसरी एकदर्जन समालोचनात्मक लेखमध्ये आठओटा समालोचनात्मक लेख कवितामा केन्द्रित भएबाट काव्य/कविताप्रति त्रिपाठीको अनुराग बढी देखिन्छ ।'[५४] प्रायः सबै समालोचनाहरूको आकार उस्ते देखिने यिनका एघारओटा समालोचना सङ्क्षिप्त आकारका देखिन्छन् भने अन्तिम समालोचना *'आँसु' त्यसै–त्यसै छचल्किन्छ भित्रका कथामा वस्तुविधान* अन्य समालोचनाका तुलनामा लामो देखिन्छ ।

*आज रमिता छ* उपन्यासका नारीचरित्रको विश्लेषण शीर्षकको पहिलो समालोचनामा कृतिभित्रका नारीचरित्रहरूको सूक्ष्म चित्रण गरिएको छ भने 'कवितामा *भारतीय–नेपाली नारी : एक दृष्टि* शीर्षकको दोस्रो समालोचना, 'बीसौँ शताब्दीको भारतीय नेपाली नारीलेखन' कउतिभित्रका कवितामा केन्द्रित यस समालोचनामा नारीवादी प्रवृत्ति पाइन्छ । यसै क्रममा *हजारवर्षको निद्रामा कवि भूपिन, पाइलाका निबहरूले कविताको अन्तर्वस्तु, राइमती महाकाव्यको केन्द्रीयतामा कवि बलायरमा अन्तर्निहित चेतना, कवि दिनेश अधिकारीका कविता : मान्छेलाई मान्छेको नजिक पुऱ्याउने प्रयास, मर्मभेदी गीतहरूको सङ्ग्रह : आभासित अलाप, प्रकाश सायमीका सिर्जनामा मन औलाहरूको संयोजन* र *पुत्रीविलापको केन्द्रीयतामा कवि गोविन्द शर्मा 'विमल'* जस्ता शीर्षकमा आबद्ध समालोचनाहरू कविताकेन्द्रित, सङ्क्षिप्त समालोचनाहरू हुन् । त्यसैगरी *सिद्धान्त र व्यवहारको विपर्यासमा शङ्कर लामिछाने* शीर्षकको समालोचनामा शङ्कर लामिछानेको निबन्धहरूमाथि विवेचना गरिएको छ भने *आँसु त्यसै त्यसै छचल्किन्छ भित्रका कथामा वस्तुविधान* शीर्षकको समालोचनामा दौलतविक्रम बिष्टको प्रस्तुत कथासङ्ग्रहका सबै कथालाई वस्तुविधानको कोणबाट विवेचना गरिएको छ । गीता त्रिपाठीको यस पुस्तकमा एउटा मात्र आलेख समालोचनासँग सम्बद्ध छ । *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना : सङ्क्षिप्त अनुशीलन* शीर्षकको लेखमा डा. लक्ष्मणप्रसाद गौतमको **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना** कृतिको विवेचना गरिएको छ । यसप्रकार गीता त्रिपाठीको प्रस्तुत कृति **दृष्टिविचरण**भित्रका समालोचनाहरूमा विविधता तथा नवीनता पाउन सकिन्छ । समालोचक गीता त्रिपाठीको समालोचनालेखनको पूर्वार्द्धमा देखापरेको प्रस्तुत कृतिले उनको समालोचनात्मक प्रवृत्तिको झलक देखाएको छ भने नेपाली नारीसमालोचनामा अर्को आयाम थपेको देखिन्छ ।

### ५.१.२९.४ निष्कर्ष

नेपाली नारीसमालोचनाका क्षेत्रमा आफ्नो समालोचना कृतिका साथ देखिएकी गीता त्रिपाठी यस क्षेत्रकी एक क्रियाशील साहित्यकार हुन् । नारीसमालोचनाको इतिहासमा एउटा आयाम थप्न पुगेको उनले **दृष्टिविचरण** भित्रका उपर्युक्त समालोचनात्मक आलखेहरूले कुनै न कुनै कोणबाट नवसञ्चेतनाका पक्षलाई कोट्याउन खोजेको देखिन्छ ।

---

[५४] ऐजन ।

नारीसमालोचकहरूबाट समालोचनामा नवीन दृष्टिकोण/पद्धति/प्रविधिको प्रयोग त अति नै न्यून भइरहेको स्थितिमा गीता त्रिपाठीको समालोचकीय उपस्थितिले केही राम्रा र बलिया सम्भावनाहरूका डोरटाहरू कोरेको छ र उनको नवीनतम चेतनासहित लेखिएको समालोचना कृति **दृष्टिविचरण** एक महत्त्वपूर्ण प्राप्ति बनेको देखिन्छ ।

### ५.१.३० नयना प्रधान र उनका समालोचना कृति

#### ५.१.३०.१ व्यक्तित्व र कृतित्व

नयना प्रधान नेपाली नारीसमालोचनाका क्षेत्रमा कृतिपरक, प्रवृत्तिपरक र जीवनीपरक समालोचना लेख्ने समालोचक हुन् । यिनका फुटकर समालोचनाहरू **गरिमा, मधुपर्क, प्रज्ञा समकालीन साहित्य**लगायत विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । पारिजातका कवितामाथि विद्यावारिधि गरेकी नयना प्रधानका समालोचनाहरू निश्चित सैद्धान्तिक आडमा भन्दा पनि कृतिले प्रतिपादन गर्न खोजेको विषयमा लेखिएका देखिन्छन् । कविता र आख्यानमा उनका समालोचनाहरू बढी केन्द्रित छन् । **'पारिजात : परिचय र अस्तित्ववाद** (२०६६) शीर्षकको अनुसन्धानात्मक समालोचना नै हालसम्मको उनको समालोचनात्मक ग्रन्थ हो । यसका आधारमा उनी गम्भीर विश्लेषण क्षमता भएकी समालोचकका रूपमा चिनिन्छिन् । उनका समालोचनाहरू प्रभाववादी केन्द्रीय प्रवृत्तिकै सेरोफेरोमा रहेका छन् भने उनको पछिल्लो अनुसन्धानात्मक समालोचना विश्लेषणात्मक प्रवृत्ति भएको कृतिका रूपमा रहेको छ । पचासको दशकदेखि समालोचनालेखनमा लागेकी नयना प्रधानका समालोचनाहरू कृतिको समग्र विवेचनामा केन्द्रित देखिन्छन् ।

#### ५.१.३०.२ प्रमुख समालोचनात्मक प्रवृत्ति

नयना प्रधानका सुरुका चरणमा लेखिएका अधिकांश समालोचनाहरू प्रभावपरक छन् र ती कतिपय कृतिपरक भएर पनि प्रभावपरक मूल प्रवृत्तिका केन्द्रीयतामा घुमेका छन् । कतिपय फुटकर समालोचनामा भने प्रगतिवादी प्रवृत्ति पनि पाइन्छन् । पछिल्लो समयमा अस्तित्ववादी चिन्तनलाई अध्ययनको मूल विषय बनाएर समालोचना लेख्ने नयना प्रधानको समालोचनामा विषयगत र क्षेत्रगत विविधता पाइए पनि कतिपय समालोचनाहरूमा अन्तर्विषयकता पनि पाइन्छ । उनका समालोचनालाई हेर्दा शास्त्रीय पद्धतिलाई अङ्गीकार गर्ने पद्धति केही कम देखिए पनि पाश्चात्य समालोचना चिन्तनको चेतनाबाट भने केही हदसम्म उनका समालोचना प्रभावित देखिन्छन् । अनुसन्धानात्मक समालोचनामा नारीका कृतिमाथि केन्द्रित भएर गरिएको उनको समालोचनालाई विशिष्ट समालोचनात्मक प्राप्तिका रूपमा लिन सकिन्छ । **पारिजात : परिचय र अस्तित्ववाद** उनको यस्तै अनुसन्धानात्मक समालोचना कृति हो । एकातिर नारीस्रष्टा पारिजातका कवितामा केन्द्रित हुनु र अर्कातिर ती कवितालाई पाश्चात्य अस्तित्ववादी दर्शनका कोणबाट विश्लेषण गर्नु उनको समालोचनाको उपलब्धि हो । उनका समालोचनामा पाइने प्रमुख प्रवृत्तिहरूलाई यसप्रकार देखाइन्छ :

(१) प्रभाववादी प्रवृत्ति र कतिपय समालोचनामा प्रभाववादी प्रवृत्तिभित्रै पनि प्रगतिवादी चेतना,

(२) कृतिपरकता र सैद्धान्तिक तत्त्वका आडमा समेत समालोचना गर्ने प्रवृत्ति,

(३) पूर्वीय साहित्य सिद्धान्तभन्दा पाश्चात्य साहित्य सिद्धान्तका केन्द्रीयतामा समालोचना गर्ने प्रवृत्ति,

(४) अनुसन्धानात्मकता, विश्लेषणात्मकता र कथ्यकेन्द्रित समालोचनालेखनतिर बढी झुकाउ,

(५) समालोचनामा अन्तर्वस्तुलाई बढी आधार मानेर सरल शैलीको वरणद्वारा समीक्षालाई सम्प्रेष्य बनाउने प्रयास आदि ।

### ५.१.३०.३ समालोचना कृतिको विश्लेषण

नयना प्रधानद्वारा लिखित **पारिजात : परिचय र अस्तित्ववाद** शीर्षकको अनुसन्धानात्मक समालोचना उनको पहिलो ग्रन्थ हो । ६ ओटा परिच्छेदहरूको आयाममा विस्तारित यस समालोचना कृतिमा मूलतः पारिजातका कविता कृतिहरूलाई अस्तित्ववादी चेतनाका कोणबाट विवेचना गरिएको छ । विभिन्न शीर्षक, उपशीर्षक र सहायक शीर्षकहरूमा विभाजित यस समालोचना कृतिको पहिलो परिच्छेद सैद्धान्तिक परिचयमा केन्द्रित छ । यस परिच्छेदमा अस्तित्ववादको व्युत्पत्ति, अर्थ, परिभाषा, प्रकार, विकास प्रक्रिया आदि विभिन्न उपशीर्षकहरूमा नेपाली समालोचनामा अस्तित्ववादी दर्शन र चिन्तनका प्रयोगसम्मका सन्दर्भहरूको व्यापक सैद्धान्तिक निरूपण गरिएको छ । यस अनुसन्धान ग्रन्थको दोस्रो परिच्छेद पारिजातको जीवनी, व्यक्तित्व, कृतित्व र काव्ययात्रासँग सम्बद्ध देखिन्छ । *पारिजातको जीवनी अस्तित्ववादी वरण र कवितायात्रा* शीर्षकको यस परिच्छेदका सत्रओटा उपशीर्षकहरू अत्यन्त व्यापक रूपमा पारिजातका जीवनवृत्त प्रस्तुत गर्दै उनको साहित्यिक यात्रामा आएको अस्तित्ववादी चिन्तनलाई सप्रमाण प्रस्तुत गरिएको छ ।

प्रधानको प्रस्तुत पुस्तकको तेस्रो परिच्छेदमा *पारिजातका कविताको सर्वेक्षण र अस्तित्ववादी कविताको निर्धारण* मूल शीर्षकभित्रका विभिन्न उपशीर्षकहरूमा पारिजातका कविताहरूको सर्वेक्षण गरिएको छ र यस किसिमका पारिजातका कवितालाई कालक्रमिक रूपमा प्रस्तुत गरी विश्लेषण गरिएको पाइन्छ । पारिजातका कवितामा पाइने प्रवृत्तिगत भिन्नताहरूका सापेक्षतामा उनका कवितायात्रालाई तीनओटा चरणमा विभाजन गर्दै यसै समयावधिका कविताको सर्वेक्षण गरिएको देखिन्छ । अस्तित्ववादी निर्धारणका दृष्टिले पारिजातले २०१३/१४ सालतिर लेखेका कविता, २०१५ देखि २०२७ का बीचमा लेखेका कविता र २०२८ देखि २०५० का बीचमा लेखेका कविता गरी तीनओटा समयावधिमा लेखिएका कविताको अस्तित्ववादी कोणबाट विवेचना गरिएको छ ।

यस पुस्तकको चौथो परिच्छेद सबैभन्दा लामो र विश्लेषणात्मक एवम् प्रायोगिक समालोचनाको खण्ड हो । यस खण्डमा पारिजातका ४६ ओटा कविताहरूको अस्तित्ववादी कोणबाट विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा *व्यर्थ प्रयास, वटवृक्षको अस्तित्व,*

*लाहुरेलाई एक रोगी प्रेमिकाको पत्र, बलात्कृतको बयान, जुठी दमिनीको अभिव्यक्ति* जस्ता कविताहरूमा समालोचक नयना प्रधानको पारिजातका कविताप्रतिको अस्तित्ववादी विश्लेषण बढी प्रभावपूर्ण देखिन्छ । अन्तिम निष्कर्षसहित सतचालीसओटा उपशीर्षकमा विभाजित यस परिच्छेदमा पारिजातका हरेक कवितालाई अस्तित्ववादका सापेक्षतामा मात्र विवेचना गरिएकाले विश्लेषण सूक्ष्म पनि देखिन्छ ।

यस कृतिको पाँचौँ परिच्छेदमा पारिजातका अस्तित्ववादी कवितात्मक प्रवृत्तिलाई प्रस्तुत गर्दै निष्कर्षका रूपमा उनका योगदानको मूल्याङ्कन पनि गरिएको छ । *पारिजातका अस्तित्ववादी कवितात्मक प्रवृत्ति र योगदानको मूल्याङ्कन* मूल शीर्षकअन्तर्गतका *अस्तित्ववादी कवितात्मक प्रेरणा र प्रवृत्ति, अस्तित्ववादी विषयवस्तु र प्रस्तुति, उक्ति ढाँचागत प्रवृत्ति, भाषाशैलीगत प्रवृत्ति र बिम्बप्रतीकको प्रयोगगत प्रवृत्ति* आदि विभिन्न दसओटा उपशीर्षकहरूमा पारिजातका अस्तित्ववादी प्रवृत्तिको विश्लेषण गर्दै अन्तिममा निष्कर्षसमेत प्रस्तुत गरिएको छ । छैटौँ परिच्छेद भने पूरै उपसंहारका रूपमा प्रस्तुत छ ।

यसप्रकार नयना प्रधानको प्रस्तुत कृति पूर्णतया अनुसन्धानमा आधारित समालोचना कृति हो । मूलतः वर्णनात्मक र व्याख्या–विश्लेषण पद्धति अवलम्बन गरिए पनि आवश्यकतानुसार सैद्धान्तिक तुलनात्मक, संरचनात्मक आदि विधिहरूको पनि प्रयोग गरिएको छ । विश्लेषणमा अत्यन्त गहिराइ नभेटिए पनि स्थूल विश्लेषण भने प्रभावपूर्ण देखिन्छ ।

#### ५.१.३०.४ निष्कर्ष

नयना प्रधान लामो समयदेखि फुटकर रूपमा समालोचना लेखेर नेपाली समालोचनामा आफ्नो उपस्थिति देखाएकी नारीसमालोचक हुन् । अधिकांशतः कृतिपरक र प्रभाववादी समालोचनालेखनमा लागेकी नयना प्रधानले नेपाली नारीसमालोचनामा अत्यन्तै नवीनतम प्रवृत्तिलाई नभित्र्याए पनि खोज, अनुसन्धानपरक समालोचना लेखेर नारीसमालोचकहरूको श्रेणीमा आफूलाई उभ्याएकी छिन् । पुस्तकाकार कृतिका रूपमा एउटै पुस्तक भए पनि अनुसन्धानमूलक ग्रन्थ भएकाले यो महत्त्वपूर्ण देखिन्छ । अझ त्यसमा पनि नारीको कृतिमाथि नारीद्वारा गरिएको अनुसन्धानमूलक समालोचनाका दृष्टिले भने समालोचक नयना प्रधान र उनको यो विवेच्य कृतिको योगदान महत्त्वपूर्ण देखिन्छ । यसबाट पारिजातका कविताकृतिक बहुआयामिक विश्लेषणका लागि मार्ग प्रशस्त भएको छ ।

## ५.२ फुटकर रूपमा समालोचना लेख्ने अन्य नारीसमालोचकहरू

नेपाली नारीसमालोचनाको अन्तर्विकासलाई हेर्दा प्रारम्भमा फुटकर समालोचनालेखनबाट नै नारीसमालोचनाको इतिहास प्रारम्भ भएको देखिन्छ । अरु विधामा जस्तै नारीसमालोचनालेखनमा पनि फुटकर समालोचनाले यसको आधारबिन्दु र प्रस्थानबिन्दु निर्माण गरेका छन् । नेपाली नारीसमालोचनाको विकास प्रक्रियालाई हेर्दा पृष्ठभूमि चरणमा फुटकर समालोचना मात्र प्रकाशित भएको देखिन्छ । यस चरणका नारीसमालोचकहरूले

फुटकर समालोचनाकै माध्यमबाट पनि नारीसमालोचनालेखनको आधार निर्माण गरेका छन् भने पहिलो चरणमा आएपछि फुटकर समालोचनाका साथै पुस्तकाकार कृतिहरू पनि प्रकाशित भएको पाइन्छ । दोस्रो चरणसम्म पनि फुटकर समालोचनालेखनमा निकै तीव्रता आएको छ भने यस चरणमा आइपुग्दा फुटकर समालोचना लेख्ने समालोचकहरू पनि पुस्तकाकार कृति प्रकाशन गर्न उद्यत देखिन्छन् ।

नेपाली नारी समालोचनामा फुटकर समालोचना लेखी नेपाली समालोचनाको विकास गर्दै यसको क्षेत्रलाई विस्तृत र व्यापक बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने नारीसमालोचकहरूको भूमिका पनि उल्लेखनीय देखिन्छ । यसरी फुटकर रूपमा समालोचना लेख्ने समालोचकहरूमा नेपाली नारीसमालोचनाकै इतिहासमा सबैभन्दा पहिले समालोचना लेखी नारीसमालोचनाको ऐतिहासिक मार्ग कोर्ने नारीसमालोचक प्रभादेवी उपाध्याय हुन् । वि.सं. २००० मा *नेपाली काव्यसाहित्यमा पीडाको साधना* शीर्षकको समालोचनात्मक लेख **शारदा** पत्रिकामा प्रकाशित गराएर नेपाली नारीसमालोचनाको सूत्रपात गर्ने प्रभादेवी उपाध्यायको प्रस्तुत समालोचना नारीसृजनामा केन्द्रित भई लेखिएको पहिलो समालोचना हो । कवयित्री प्रेमराजेश्वरीको कवित्वको चर्चा गरिएको प्रस्तुत समालोचनामा लक्ष्मीप्रसाद देवकोटाले उक्त कवितामाथि गरेको समीक्षामा भावपक्षको चित्रण नभएको र कवयित्रीको वेदनाशील अनुभूतिको व्याख्या अधुरो नै भएको भन्दै कवितामा रहेको भाव पक्षको चित्रण गरिएको छ ।

यसैगरी जीवनको अत्यन्त छोटो कालखण्डमात्र बिताएकी स्नेहलता पन्त पनि नारीसमालोचनाको पृष्ठभूमि कालका नारीसमालोचक हुन् । उनको हालसम्म प्रकाशित एउटै मात्र समालोचनाका रूपमा रहेको **बगैँचा** पत्रिकामा प्रकाशित *उसैका लागि पर्वमाथि एक दृष्टि* शीर्षकको समालोचना देखिन्छ । कविता र कथा विधामा समेत कलम चलाएकी स्नेहलता पन्तको पहिलो समालोचना २०१८ सालमा प्रकाशित देखिन्छ । कवि म.वी.वि. शाहको **उसैका लागि** कृतिमाथि गरिएको आलोचनात्मक टिप्पणीसहितको प्रस्तुत समालोचनामा उनको तार्किक क्षमता र विचारशील पक्षको निपुणता प्रकट भएको देखिन्छ । निर्भीक ढङ्गमा आफ्नो स्पष्ट दृष्टिकोण दिन सफल स्नेहलताले यस समालोचनामा म.वी.वि. शाहको उक्त कृतिका बारेमा चलेका बहसहरूको टिप्पणी गर्दै त्यता साहित्यमा देखापरेको निरर्थक छिचरोपन र हिन्दीतिरको अनावश्यक झुकाइप्रति व्यङ्ग्य गर्दै म.वी.वि. शाहका काव्य रचनालाई 'कागजका फूल' संज्ञा दिएकी छिन् । यसरी नेपाली समालोचनाको पृष्ठभूमिकालाम नै स्पष्ट धारणाका साथ आलोचनात्मक समालोचना लेख्ने स्नेहलता पन्त नेपाली नारीसमालोचनामा देखापरेकी सशक्त हस्ताक्षर हुन् ।

फुटकर रूपमा समालोचना लेख्ने समालोचकमध्ये मीरा प्रधान पनि देखिन्छिन् । उनका समालोचनाहरू अनुसन्धानमूलक देखिन्छन् । गरिमा, तन्नेरी, दोभान, जनमैत्री आदि पत्रिकामा यिनका समालोचना प्रकाशित छन् भने व्याकरण लेखन र सम्पादनमा पनि यिनी सक्रिय छिन् । यिनका समालोचनामा कृतिपरकता बढी देखिन्छ । त्यस्तैगरी मीरा प्रधान रेमले पनि एक दुई पाश्चात्य सिद्धान्तमा आधारित समालोचना लेखेको पाइन्छ । त्यस्तै

फुटकर समालोचना लेख्नेमा अम्बिकादेवी घिमिरे देखिन्छिन् । यिनका कतिपय समालोचना शैक्षणिक विषयवस्तुमा पनि लेखिएका देखिन्छन् भने कतिपय समालोचनाहरू अनुसन्धानात्मक पनि देखिन्छन् ।

यसैक्रममा नेपाली नारीसमालोचनामा फुटकर समालोचना लेखी यस क्षेत्रमा आफ्नो उपस्थिति देखाउने समालोचक ललिता अधिकारी पनि हुन् । खासगरी कृतिपरक र प्रवृत्तिपरक समालोचना लेख्ने ललिताका प्रशस्त फुटकर समालोचनाहरू प्रकाशित देखिन्छन् र यिनी साहित्यको मनोवैज्ञानिक प्रवृत्तिमाथि पनि समालोचकीय कलम चलाउँछिन् भने ज्योति (पाण्डे) पनि फुटकर समालोचना लेखी नेपाली नारीसमालोचनामा योगदान दिने नारीसमालोचक हुन् । हालसम्म दुईदर्जन भन्दा बढी फुटकर समालोचना प्रकाशित गराएकी ज्योतिका समालोचनाहरू कृतिपरक देखिन्छन् । यसैगरी फुटकर समालोचना लेख्ने अर्की नारीसमालोचक जया पाठक हुन् । विशेषतः पाठकका कृतिपरक तथा प्रवृत्तिपरक समालोचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित देखिन्छन् ।

नेपाली नारीसमालोचनामा फुटकर समालोचना लेखी यस क्षेत्रमा आफ्नो उपस्थिति देखाउने नारीसमालोचकहरूमध्ये शान्ता शाक्य **सुभाषिती** पनि एक हुन् । एक दर्जनभन्दा बढी समालोचना लेखहरू प्रकाशित गराएकी शान्ताका विधामा केन्द्रित कृतिपरक समालोचनाहरू प्रकाशित देखिन्छन् । प्रभा भट्टराई पनि फुटकर समालोचनालेखनमा बाक्लै उपस्थिति देखाउने नारीसमालोचक हुन् । साहित्यको विविध विधामा समालोचना लेख्ने प्रभाका दुई दर्जनजति फुटकर समालोचनाहरू **गरिमा, समकालीन साहित्य, गुञ्जन** आदि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित देखिन्छन् । यस क्षेत्रमा कलम चलाउने गीता कार्कीका कृतिपरक तथा प्रवृत्तिपरक समालोचनाहरू पनि प्रकाशित देखिन्छन् भने वैजयन्ती मिश्र पनि फाट्टफुट्ट रूपमा कृतिपरक समालोचना लेख्ने समालोचक हुन् । प्रेरणा खरेल के.सी.का केही समालोचना पनि अनुसन्धानात्मक छन् ।

यसै क्रममा बेञ्जु शर्माले नाटकसम्बन्धी समालोचनालेखन रुचाउँछिन् र उनले भीमनिधि तिवारीसम्बन्धी पुसतकहरूको सम्पादनसमेत गरेकी छन् । यसैगरी मञ्जु काँचुली पनि फाट्टफुट्ट रूपमा फुटकर समालोचना लेख्ने नारीसमालोचक हुन् । अनुपमा रेग्मी उत्तरआधुनिक समालोचनालेखनमा सक्रिय नारीसमालोचक हुन् । उनका केही समालोचनाहरू सैद्धान्तिक पनि देखिन्छन् भने अनुपा आचार्य सङ्क्षिप्त कृतिपरक समालोचना लेख्ने समालोचक हुन् । यसैगरी रश्मिशेखर व्यक्तिपरक समालोचनामा केन्द्रित रही समालोचना लेख्ने नारीहस्ताक्षरका रूपमा देखिन्छिन् । फुटकर समालोचनालेखनमा देखिएका नारीसमालोचकमध्ये कृष्णा पौडेल पनि देखिन्छिन् । विविध विधामा समालोचना लेख्ने उनका केही समालोचनाहरू अनुसन्धानात्मक देखिन्छन् भने भद्राकुमारी घले नैवन्धिक समालोचना लेख्ने समालोचकका रूपमा देखिन्छिन् । यसैगरी गीत तथा कवितासम्बन्धी समालोचना लेख्ने पूनम अधिकारी र कवितासम्बन्धी केही समालोचना लेख्ने सुलोचना मानन्धर पनि फुटकर समालोचनालेखनमा सक्रिय देखिन्छन् ।

यसैगरी लोकसाहित्यसम्बन्धी खोज र अनुसन्धानमूलक समालोचना लेख्ने कल्पना प्रधान, शोधखोजपरक समालोचना लेख्ने रुक्मिणी प्रधान, सम्पादन तथा लेखनमा सक्रिय देखिएका लक्ष्मी उप्रेती र हिरण्यकुमारी पाठक पनि फुटकर समालोचना लेख्ने समालोचकका रूपमा देखिन्छन् । यसैगरी कृतिपरक तथा प्रवृत्तिपरक फुटकर समालोचनालेखनमा देखिएका सरिता तिवारी, ज्ञानु अधिकारी र सिन्धु गौतम पनि पछिल्लो समयमा देखिएका नारीसमालोचक हुन् । विशेषगरी नाटक विधामा नै केन्द्रित भई समालोचना लेख्ने चन्दा बज्राचार्य, प्रेमशान्ति तुलाधर तथा फुटकर समालोचनाका साथै सम्पादन कलामा सक्रिय देखिने इन्दिरा प्रसाइँ पनि फुटकर समालोचनालेखनमा सक्रिय देखिन्छन् । त्यस्तैगरी कृतिपरक, व्यक्तिपरक समालोचनाका साथै हिन्दीमा पनि समालोचना कृतिहरू प्रकाशित गराएकी मृदुला शर्मा पनि यस क्षेत्रकी सशक्त समालोचक हुन् । सरस्वती खड्का मञ्जुश्रीको **सरस्वती खड्काका लघुसमालोचना** (२०६५) शीर्षकको सानो समालोचना पुस्तिका पनि प्रकाशित छ ।

उपर्युक्त नारीसमालोचकहरूका अतिरिक्त फुटकर रूपमा समालोचना लेख्ने नारीसमालोचकहरू पनि प्रशस्त छन् । फाट्टफुट्ट फुटकर समालोचनालेखनमा देखापर्ने अन्य नारीसमालोचकहरूमा बानिरा गिरी, गीता केशरी, राधिका राया, सीता शर्मा, कमला सुवेदी, निवेदिता मिश्र, लक्ष्मी सुवेदी, प्रियम्वदा आचार्य, बालकुमारी शर्मा, निर्मला शाही, सूर्यकला थापा, सुष्मिता नेपाल, रामेश्वरी पन्त, देवकुमारी थापा, हरिकला अधिकारी, सावित्री सिलवाल आदि देखिन्छन् ।

नेपाली नारीसमालोचनाको विकासमा योगदान दिने नारीसमालोचको इतिहास खोतल्दा, भारतीय नेपाली नारीसमालोचकहरूको योगदानलाई पनि बिर्सनु हुँदैन । सिङ्गै नेपाली नारीसमालोचनाको एउटा पाटो भारतीय नेपाली नारीसमालोचनाको पाटो पनि हो । पुस्तक कृति प्रकाशित गर्ने र भारतीय नेपाली समालोचनामा योगदान पुऱ्याउने समालोचकहरूमा कमला सांकृत्यायन, डा. लख्खीदेवी सुन्दास, डा. विष्णुकमारी शर्मा, गीता उपाध्याय, कविता लामा, डा. शान्ति क्षेत्री, अरुणा राई, सानुमती राई, मैना थापा 'आसा', विन्द्या सुब्बा, दैवकी तिमिल्सिना, दिलमाया खातीलगायतका नारीसमालोचकहरूको सशक्त उपस्थिति देखिन्छ र यीमध्ये कतिपयले त समालोचनामा नै विशिष्ट योगदान पुऱ्याएका छन् । पुस्तकाकार कृति प्रकाशित गर्ने उपर्युक्त भारतीय नेपाली नारीसमालोचकका अतिरिक्त फुटकर रूपमा समालोचना लेख्ने भारतीय नेपाली नारीसमालोचकहरूमा श्रीमती जुनुमाया रायनीको नाम उल्लेखनीय छ । यिनका समालोचना **शारदा** पत्रिकामा नै प्रकाशित भएको पाइन्छ ।

उपर्युक्त नारीसमालोचकहरूको समष्टिगत योगदानबाट नेपाली नारीसमालोचनाको इतिहास निर्माण भएको छ । पुस्तकाकार कृति प्रकाशित गरी समालोचनालेखनमा निरन्तरता भएका नारीसमालोचकहरूमध्ये केहीले आफ्ना प्रवृत्ति बनाइसकेका छन् भने फुटकर रूपमा समालोचना लेख्ने नारीसमालोचकहरूका पनि समष्टिगत प्रवृत्ति बनाइ नसकेको भए पनि तिनको योगदान पनि उल्लेख्य छ ।

## ५.३ निष्कर्ष

नेपाली नारीसमालोचनाका विकासक्रममा वि.सं. २००० को **शारदा** पत्रिकामा प्रकाशित प्रभादेवी उपाध्यायको *काव्यसाधनाको पीडा* शीर्षकको समालोचनादेखि सुरु भएको नेपाली नारीसमालोचनाले त्यसको दुई दशकपछि आएर मात्र पुस्तकाकार कृतिको स्वरूप प्राप्त गरेको देखिन्छ र सरिता ढकालको पुस्तकाकार कृतिबाट नारीसमालोचनाले नयाँ मोड लिएको देखिन्छ । त्यसपछि २०५० को दशकमा आएर नारीसमालोचनाले अनुसन्धानमुखी प्रवृत्ति पनि अवलम्बन गरेको देखिन्छ । यसै आधारमा नेपाली नारीसमालोचनाको विकास प्रक्रियालाई पृष्ठभूमि चरण – २०००–२०२० (पृष्ठभूमिको निर्माण), पहिलो चरण – २०२२ – २०५० (उठानको चरण), दोस्रो चरण – २०५१ – हालसम्म (विस्तारको चरण) गरी चरणविभाजन गरिएको छ :

यसप्रकार चरण विभाजन गरिएको नेपाली नारीसमालोचनाको इतिहासको पृष्ठभूमिकालमा दुई तीनजना भन्दा बढी समालोचक देखिँदैनन् । फुटकर रूपमा मात्र समालोचना लेखिएको यस चरणमा लेखिएका समालोचनाहरू नैबन्धिक देखिन्छन् भने यिनले नारीसमालोचनाका लागि आधारभूमिको निर्माण गरेको देखिन्छ । यसैगरी पहिलो चरणमा कृति प्रकाशनका साथसाथै प्रशस्त फुटकर समालोचना प्रकाशित भएका देखिन्छन् । साहित्यका विविध विधामा समालोचनालेखन, भावपक्षमा मात्र समालोचनालेखन तथा व्यापकरूपमा प्रभाववादी समालोचनालेखन पहिलो चरणमा देखिन्छ भने दोस्रो चरणमा नारीसमालोचनाको क्षेत्र व्यापक हुन गई अनुसन्धानात्मक, वस्तुपरक अन्तर्विषयक, प्रवृत्तिपरक तथा विश्लेषणात्मक देखिन्छन् । यसरी सङ्ख्यात्मक तथा गुणात्मक दुवै रूपमा वृद्धि भएको नारीसमालोचनाको दोस्रो चरण विस्तारकालका रूपमा देखिन्छ ।

# परिच्छेद छ

# उपसंहार र निष्कर्ष

सम्+आ+लोच्+अन्+आ गरी व्युत्पादन भएको समालोचना शब्द अङ्ग्रेजी Criticism को नेपाली रूपान्तर हो । समालोचना शब्दका लागि समीक्षा, टिप्पणी, आलोचना आदि विविध प्रकारको शब्दको प्रयोग हुन्छ । समालोचना शब्दका विविध सन्दर्भगत वा तात्पर्यगत र कोशीय अर्थ छन् । समालोचनाका समानार्थी शब्दले पनि लगभग तिनै अर्थ बोकेका हुन्छन् । ग्रिसेली ल्याटिन अर्थ क्रिटिकेस र क्रिटिकोसबाट बनेको अङ्ग्रेजी शब्द Criticism ले पनि समालोचनाले जस्तै लगभग एउटै अर्थ दिन्छ । सम्यक् रूपमा चारैतिरबाट हेर्नु र नियाल्नु भन्ने कोशीय अर्थबाट माथि उठेर समालोचना शब्दले पारिभाषिक अर्थ प्राप्त गरिसकेको छ र यसका समानार्थी शब्दहरूले पनि पारिभाषिक अर्थ प्राप्त गरिसकेका छन् ।

समालोचना शब्दलाई पूर्वीय साहित्यमा शास्त्र नाम दिएको पाइन्छ र यसले अङ्ग्रेजी शब्द Poetics ले दिने अर्थ बुझाउँछ । नेपालीमा भने समालोचना शब्दले नै सो अर्थ बुझाउँछ । पूर्वीय पाश्चात्य तथा नेपाली विद्वान्हरूले समालोचनालाई आफ्नैआफ्नै किसिमले परिभाषित गरेका छन् तापनि ती सबै परिभाषाहरू प्रायोगिक समालोचनालाई बुझाउने खालका छन् । पूर्वीय पाश्चात्य र नेपालीका समग्र परिभाषाका आधारमा समालोचनालाई यसप्रकार परिभाषित गरिएको छ :

> **कुनै पनि साहित्यको सैद्धान्तिक स्वरूपको निर्धारण गरी साहित्यिक कृति र प्रवृत्तिलाई विभिन्न कोणबाट विश्लेषण तथा मूल्याङ्कन गर्दै त्यसको मापन गर्नु नै समालोचना हो ।**

समालोचनाका यी आधारभूत तत्त्व हुन् भन्ने खासै उल्लेख भएको कहीँ पाइँदैन । पूर्वीय, पाश्चात्य तथा नेपाली विद्वान्हरूले पनि समालोचनाका एकै किसिमका तत्त्वहरूको उल्लेख गरेको पाइँदैन तापनि समालोचनाका भावग्रहण सूक्ष्मअन्तर्दृष्टि, बहुआयामिकता, सापेक्ष चिन्तन, सम्यक् दृष्टि, निष्पक्ष निरपेक्षता आदि तत्त्वहरूलाई आधारभूत तत्त्वका रूपमा मान्न सकिन्छ । समालोचनाका यति नै प्रकारहरू छन् र यति नै विधिहरू छन् भन्ने निर्विवाद प्रकारहरूको उल्लेख कहीँ पाइँदैन । पूर्वीय, संस्कृत साहित्यका अलङ्कार सम्प्रदायदेखि रस सम्प्रदायसम्मका विविध सम्प्रदाय र टीकाविधि भाष्यविधिलाई प्रकार वा विधिका रूपमा चर्चा गरिएको पाइन्छ भने पाश्चात्य साहित्यमा विभिन्न वाद र प्रणालीहरूका आधारमा समालोचनालाई वर्गीकरण गरिएको पाइन्छ । तथापि समालोचनाका सैद्धान्तिक प्रायोगिक, ऐतिहासिक र प्रवृत्तिपरक प्रकारभित्र सम्पूर्ण प्रकारका समालोचनाहरू पर्दछन् भने एउटा प्रकारको समालोचनाभित्र अर्को प्रकारको समालोचना

पनि अन्तगर्भित हुनेहुनाले समालोचनाको स्वरूप वा प्रकृति हेरेर तदनुरूप समालोचनाका प्रकारको निर्धारण हुन्छ ।

नारीवादी समालोचनाको सैद्धान्तिक स्वरूपको चर्चा गर्ने क्रममा यसको ऐतिहासिक पृष्ठभूमिका रूपमा विभिन्न नारीमुक्ति आन्दोलन वा अभियानहरूले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । नारीवादको बीजबिन्दुका रूपमा अमेरिकाली राज्यक्रान्ति र फ्रान्सेली राज्यक्रान्ति मानिए पनि नारीवादी साहित्य समालोचनाको विकास भने बीसौँ शताब्दीको साठीको दशकबाट सुरु भएको मानिन्छ । विभिन्न चिन्तन तथा मान्यताहरूद्वारा स्थापित नारीवादी समालोचनाले सम्पूर्णतः साहित्यमा प्रयुक्त नारीहरूको अध्ययन विश्लेषण गर्नाका साथै नारीसाहित्यकारहरूको इतिहास लेख्ने कार्य गर्दछ । विभिन्न चरण र धाराहरूमा विभाजित भएर अघि बढेको नारीवादी समालोचनाको विकास विश्वव्यापी रूपमा अघि बढ्दै गएको देखिन्छ ।

समग्र नेपाली समालोचनाको इतिहासमा धेरै समयपछिमात्र जोडिन आइपुगेको नेपाली नारीसमालोचनाको इतिहास वि.सं. २००० सालबाट सुरु भएको देखिन्छ । श्रीमती प्रभादेवी उपाध्यायबाट सुरु भएको नेपाली समालोचनाको विकासलाई तीन चरणमा विभाजन गर्दै अध्ययन, विश्लेषण गर्न सकिन्छ । केही फुटकर समालोचना मात्र लेखिएको नारीसमालोचनाको पृष्ठभूमि चरणमा नारीसमालोचनाको बीजारोपण मात्र भएको देखिन्छ भने पहिलो चरणमा नारीसमालोचकहरूको केही बाक्लो उपस्थिति देखिन्छ । कृति प्रकाशन र फुटकर समालोचनालेखनमा केही विस्तार भएको पहिलो चरणको नारीसमालोचनाले दोस्रो चरणमा आइपुग्दा नारीसमालोचनाका र समालोचना कृतिको सङ्ख्यात्मकता र गुणात्मकता दुवै रूपमा विस्तारित भएको देखिन्छ । यसरी समग्र नेपाली साहित्यलाई अग्रगति प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलेको नेपाली नारीसमालोचनाले हालसम्म साढे छ दशक लामो इतिहास बनाएको देखिन्छ । साहित्यका विभिन्न विधामा केन्द्रित रही समालोचना लेख्ने तथा विभिन्न प्रवृत्ति र शैलीको अवलम्बन गरी फुटकर रूपमा तथा पुस्तकाकार कृतिका रूपमा समालोचना लेख्ने नारीसमालोचक र तिनका समालोचना कृतिहरूको अध्ययन तथा मूल्याङ्कनबिना समग्र नेपाली समालोचनाको समेत सही रूपमा अधययन तथा मूल्याङ्कन हुन नसक्ने देखिन्छ ।

नेपाली नारीसमालोचनाको साढे छ दशक लामो इतिहासको निर्माण गर्न विभिन्न नारीसमालोचकहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । फुटकर रूपमा समालोचना लेखेर होस् वा विभिन्न कृतिहरू प्रकाशन गरेर होस् नेपाली समालोचनाका क्षेत्रमा नारीसमालोचकहरूको उपस्थिति उल्लेखनीय देखिन्छ । वि.सं. २००० देखि वर्तमानसम्मको नारीसमालोचनाको इतिहासमा करिब सयजना जति नारीसमालोचकको उपस्थिति रहेको देखिन्छ । यसमध्ये लगभग पचासजनाजति नारीसमालोचकहरूले पुस्तकाकार कृतिका स्वरूपमा समालोचना लेखेका छन् भने त्यति नै सङ्ख्या अन्य समालोचकहरूले फुटकर रूपमा समालोचना लेखेको देखिन्छ । पृष्ठभूमिचरण र पहिलो चरणका नारीसमालोचनाको समग्र प्रवृत्तिमा खासै भिन्नता देखिँदैन भने दोस्रो चरणका नारीसमालोचनाका प्रवृत्तिहरूमा

व्यापक रूपमा भिन्नता आएको देखिन्छ । यसरी हेर्दा नारीसमालोचनाका पृष्ठभूमि चरणमा फुटकर रूपमा समालोचना लेख्ने २/४ जना नारीसमालोचक देखापर्दछन् भने पहिलो चरणमा दसओटा जति समालोचना कृति करिब बीसजनाजति समालोचकहरू देखापरेका देखिन्छन् र दोस्रो चरणमा समालोचकहरूको सङ्ख्या र प्रकाशित कृतिहरूको सङ्ख्यामा व्यापक विस्तार भई नारीसमालोचनाको फराकिलो बनेको देखिन्छ । यसरी समग्रमा भन्दा नेपाली समालोचनाको एउटा पाटोका रूपमा नारीसमालोचनाले पनि महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

नेपाली नारीसमालोचनाको पुगनपुग सात दशकको नेपाली नारीसमालोचनाको इतिहासमा करिब पाँच दर्जनभन्दा बढी समालोचना कृति प्रकाशित हुनु र करिब एक सय जना भन्दा बढी नारीसमालोचकहरूको उपस्थिति देखिनुलाई एक अर्थमा महत्त्वपूर्ण मान्न सकिन्छ । समग्र नेपाली साहित्यमा नै नारीहरूको उपस्थिति अपेक्षाकृत कम भइरहेकै सन्दर्भमा नारीहरूको न्यून उपस्थिति देखिनु अस्वाभाविक होइन । नेपाली समाज र परिवारमा नारीको दोहोरो दायित्वका कारण पनि बौद्धिक अन्तर्क्रियाजस्तो समालोचनालेखनमा नारीहरूको न्यून उपस्थिति देखिनु स्वाभाविक हो । यति हुँदा हुँदै पनि कतिपय नारीहरूलाई अनुकूल वातावरण भए पनि तिनबाट समालोचनामा त्यति सशक्त चिन्तन रहेको पाइँदैन । कतिपय समालोचना प्रभावपरक वृत्तभित्रै घुम्नु र सामान्य समीक्षा तथा शोधपत्र र शोधप्रबन्धलाई मात्र कृतिका रूपमा प्रस्तुत गरी समालोचनामै समर्पित भएर साधना गर्ने नारीहरूको न्यूनता देखिनु नारीसमालोचनाका दुर्बलता हुन् । अनुसन्धानात्मक समालोचना पनि शोधपत्र र शोधप्रबन्धमा मात्र आधारित हुनु र स्वतन्त्र गहन अनुसन्धानात्मक समालोचनाको न्यूनता हुनु पनि नेपाली नारीसमालोचनामा देखिएका सीमा हुन् । यति हुँदाहुँदै पनि नारीसमालोचकबाट नेपाली समालोचनाले जे प्राप्त गरेको छ त्यसलाई प्राप्तिपूर्ण रूपमा लिनु पर्छ । अबको नारीसमालोचना गहनचिन्तन, अध्ययन र अनुसन्धानमुखी बन्दै नवीन प्रवृत्तितिर अभिमुख हुनु आवश्यक छ ।

नेपाली समालोचनामा नारीसमालोचकहरूको उपस्थितिलाई हेर्दा नारीसमालोचकहरूको योगदान महत्त्वपूर्ण देखिन्छ । समग्र समालोचनामा नारीसमालोचकहरूको यस उपस्थिति र योगदानलाई छोपिदिने हो भने नेपाली समालोचनाको इतिहास अपूरो हुने देखिन्छ । नेपाली नारीसमालोचनामा नवीन दृष्टिकोण तथा नवीन धारा नदेखिए पनि प्रवृत्तिगत लेखन तथा उपस्थितिले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । नेपाली नारी समलोचनाको इतिहास हेर्दा पचासको दशकपछि नारीसमालोचनामा पनि कृति प्रकाशन, लेखन तथा अनुसन्धानका दृष्टिले नारीसमालोचकहरूको सशक्त उपस्थिति देखिन्छ । सङ्ख्यात्मक तथा गुणात्मक दुवैका दृष्टिले पछिल्लो चरणको नारीसमालोचना समग्र नेपाली समालोचनाको एउटा पाटो बनेको छ र यस पाटोको अभावमा पछिल्लो समयको नेपाली समालोचना अपूर्ण देखिन्छ ।

नेपाली नारीसमालोचनामा कलम चलाउने नारीसमालोचकहरूको सुरुदेखि वर्तमानसम्मको समालोचना यात्रालाई हेर्दा विभिन्न उद्देश्यका साथ लेखिएका देखिन्छन् ।

विभिन्न चरणहरूमा विभाजित भएर अघि बढेको नारीसमालोचनामा विभिन्न प्रवृत्ति तथा विशेषता भएका नारीसमालोचकहरूको उपस्थिति देखिन्छ । साहित्यका विविध क्षेत्र, विधा, विषय र प्रवृत्तिहरूमा आधारित भएर कृतिका रूपमा र फुटकर समालोचनाका रूपमा समालोचना विधामा अग्रसरता देखाउने समालोचकहरूलाई तीन वर्गमा विभाजन गर्न सकिन्छ :

(१) फुटकर समालोचना मात्र लेख्ने समालोचकहरू

(२) कृतिका रूपमा मात्र समालोचना लेख्ने समालोचकहरू

(३) फुटकर समालोचना र पुस्तक दुवै लेख्ने समालोचकहरू

**१) फुटकर समालोचना मात्र लेख्ने समालोचकहरू**

नेपाली नारीसमालोचनामा फुटकर रूपमा समालोचना लेख्ने समालोचकहरूको सङ्ख्या कृति प्रकाशन गर्ने समालोचकहरूको सङ्ख्या भन्दा अधिक देखिए तापनि फुटकर समालोचना लेख्ने प्रायः समालोचकहरूले लेखनलाई निरन्तरता भने दिन सकेका देखिँदैनन् । नेपाली नारीसमालोचनाको पहिलो र दोस्रो चरणमा देखापरेका अधिकांश नारीसमालोचकहरूको समालोचना फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित देखिन्छन् । फुटकर रूपमा समालोचनालेखनमा लागेका नारीसमालोचकहरूमा पनि दुई प्रकारका नारीसमालोचकहरू देखापर्दछन् ।

कुनै पनि लेखकको पहिलो सार्वजनिकीकरण पत्रपत्रिकामार्फत नै हुने गर्छ । त्यस्तै समालोचनामा पनि धेरै नारीसमालोचकहरू पत्रपत्रिकामा फुटकर समालोचना लेखेर नै आफूलाई स्थापित गराएका छन् । फुटकर समालोचना लेखेर केही पहिचान र प्रवृत्ति बनाइसकेपछि समालोचनाका पुस्तक लेख्ने नारीसमालोचकहरू पनि छन् । यति हुँदाहुँदै पनि फुटकर रूपका समालोचना मात्र लेखेर समालोचनामा योगदान दिने नारीसमालोचकका योगदानलाई पनि बिर्सनु हुँदैन । प्रारम्भिक चरण वा पृष्ठभूमि चरणका नारीसमालोचकहरूले फुटकर रूपमा समालोचना मात्र लेखेको देखिन्छ भने पहिलो चरणमा पनि फुटकर रूपमै लेख्नेहरूको सङ्ख्या बढी छ ।

**२) कृतिका रूपमा मात्र समालोचना लेख्ने समालोचकहरू**

नेपाली नारीसमालोचनामा कतिपय नारीसमालोचकहरूले फुटकर समालोचना नलेखी कृतिका रूपमा मात्र समालोचना लेखेका छन् । यस्ता समालोचना लेख्नेहरूमा खासगरेर स्नातकोत्तर तथा विद्यावारिधि गर्नेहरूले शोधपत्र र शोधप्रबन्धका रूपमा तयार पारेका अनुसन्धानलाई नै पुस्तकको स्वरूप प्रदान गरेको देखिन्छ । यसरी समालोचक बनेका कतिपय नारीसमालोचकहरूको अथ र इति नै त्यही एउटा समालोचना कृति भएको देखिन्छ । यसबाहेक समालोचना कृति लेख्ने नै भनेर अरु लेखेको पाइँदैन । कतिपय अन्य नारीसमालोचकहरू पनि एउटा पुस्तकबाहेक अरु समालोचनालेखनतिर प्रवृत्त भएको पाइँदैन । फुटकर रूपमा समालोचना लेख्ने समालोचकहरू पहिलो चरणमा केही दोस्रो चरणमा बढी देखिएका छन् ।

**३)	फुटकर समालोचना र पुस्तक दुवै लेख्ने समालोचकहरू**

नेपाली नारीसमालोचनामा फुटकर समालोचना र पुस्तक कृतिका रूपमा समालोचना लेख्ने समालोचक पनि प्रशस्त देखिन्छन् । समालोचना क्षेत्रमा प्रतिबद्ध नारीसमालोचकहरूको यस क्षेत्रमा देखिएको निरन्तरताका कारण पनि फुटकर समालोचना र पुस्तक दुवै लेख्ने समालोचकहरूको उपस्थिति देखिन्छ । साथै निरूपाधिक अनुसन्धान गर्ने र समालोचनालेखनमा नै समर्पित हुने नारीसमालोचकहरू, जसजसले पुस्तकाकार कृतिका रूपमा समालोचना लेखेका छन्, तिनैले फुटकर समालोचनामा पनि सक्रिय रूपमा कलम चलाएका देखिन्छन् ।

यसप्रकार नेपाली नारीसमालोचनाको यात्रामा उपस्थिति देखाएका नारीसमालोचकहरूका समालोचना विविध उद्देश्यसहित लेखिएका देखिन्छन् । यस्ता समालोचना लेख्ने नारीसमालोचकहरूलाई उनीहरूको यस क्षेत्रमा देखिएको उपस्थिति तथा योगदानका आधारमा यसप्रकार देखाउन सकिन्छ :

(१)	निश्चित उपाधि प्राप्त गर्ने प्रयोजनका लागि शोधपत्र तथा शोधप्रबन्धका रूपमा अनुसन्धान गरिएका विषयहरूलाई परिमार्जन गरी समालोचना कृतिका रूपमा प्रकाशित गराउने समालोचकहरू,

(२)	नेपाली समालोचनामा देखिएका नारीसमालोचनाको न्यून उपस्थितिलाई कम गरी यस क्षेत्रमा केही गर्ने उद्देश्यसहित समालोचना लेख्ने समालोचकहरू,

(३)	सामान्य रूपमा विभिन्न पत्रपत्रिकाहरूमा फाट्टफुट्ट रूपमा फुटकर समालोचना लेख्ने समालोचकहरू,

(४)	शैक्षणिक प्रयोजनका लागि मात्र लेखिएका प्राध्यापकीय शैलीका समालोचना लेख्ने समालोचकहरू,

(५)	समालोचना पुस्तक र फुटकर समालोचना दुवैका रूपमा समालोचना लेख्ने समालोचकहरू,

(६)	शास्त्रीयतावादी, समालोचकीय प्रवृत्तिहरूलाई आत्मसात् गरी समालोचना लेख्ने समालोचकहरू,

(७)	मार्क्सवादी दर्शनमा आधारित भएर प्रगतिवादी दृष्टिकोणअनुरूप समालोचना लेख्ने समालोचकहरू,

(८)	नारीवादी दृष्टिकोण र मान्यताअनुरूप समालोचना लेख्ने समालोचकहरू,

(९)	नवचेतनावादी दृष्टिकोण र उत्तरआधुनिकतावादी प्रवृत्तिअनुरूपका एवम् अभिघात सिद्धान्तमा समेत आधारित भएर समालोचना लेख्ने समालोचकहरू,

(१०)	अस्तित्ववादी विसङ्गतिवादी दर्शनमा आधारित भएर समालोचना लेख्ने समालोचकहरू,

(११) सङ्कलन सम्पादनको प्रयोजन अनुरूप सम्पादित कृतिमाथि केन्द्रित भएर समालोचना लेख्ने समालोचकहरू,

(१२) अनुसन्धान परियोजनाहरूमा आधारित भएर तयार गरिएका तर प्रकाशित वा अप्रकाशित रूपमा रहेका अनुसन्धान प्रतिवेदनहरूका अनुसन्धाता समालोचकहरू,

(१३) प्रभाववादी प्रवृत्तिका वरपर रहेर धेरै समालोचना लेख्ने अधिकांश समालोचकहरू ।

यसप्रकार नेपाली नारीसमालोचनाले समग्र नेपाली समालोचनाका विकासमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । त्यसकारण समग्र नेपाली समालोचनाबाट नारीसमालोचनाको पाटोलाई झिकिदिने हो भने समग्र नेपाली समालोचना अपूर्ण देखिन्छ । नेपाली समालोचनाका विकासमा समालोचना कृतिहरू प्रकाशित गराएर महत्त्वपूर्ण योगदान दिने नेपाली नारीसमालोचकहरू र तिनका प्रकाशित कृतिहरूलाई कृति प्रकाशनको कालक्रमका आधारमा यसप्रकार देखाइन्छ :

| क्र.सं. | समालोचकको नाम | समालोचना कृति | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | सरिता ढकाल | (१) प्रगतिशील दृष्टिमा केही समालोचनाहरू<br>(२) नेपाली साहित्य : समालोचनाको समस्या | २०२२<br>२०४७ |
| २ | गोमा उपाध्याय | (१) साहित्य फूलबारीका फूलहरू<br>(२) चार नारीहस्ताक्षर<br>(३) कवि म.वी.वि. शाहका काव्यकृतिहरू<br>(४) म.वी.वि. शाहका काव्यप्रवृत्ति<br>(५) बाङ्देलका नारीपात्र<br>(६) केही अनुसन्धानात्मक अभिव्यक्ति | २०३७<br>२०४२<br>२०४२<br>२०४२<br>२०४६<br>२०४६ |
| ३ | गार्गी शर्मा | (१) केही समीक्षा<br>(२) चाँदनी शाहको काव्यभूमि<br>(३) केही अनुसन्धानात्मक अभिव्यक्ति<br>(४) बाङ्देलका नारीपात्र<br>(५) सिद्धिचरणका खण्डकाव्यको अध्ययन<br>(६) गोठालेका बालपात्रहरू<br>(७) केही समीक्षात्मक अभिव्यक्ति<br>(८) सन्तदर्शनभित्र रुद्रराज पाण्डे<br>(९) लक्ष्मीदेवी राजभण्डारीको काव्यसाधना<br>(१०) माधव घिमिरेको नाटकमा मानवतावाद<br>(११) 'शारदा' का कवितामा विद्रोहात्मक स्वर | २०४१<br>२०४४<br>२०४६<br>२०५१<br>२०५१<br>२०५३<br>२०५३<br>२०५५<br>२०५७<br>२०५७<br>२०५७<br>२०५७ |
| ४ | देवी शर्मा | (१) शोध र समीक्षा | २०४५ |
| ५ | गायत्री श्रेष्ठ | (१) कथाकार देवकुमारी थापाको व्यक्तित्व र | २०४६ |

| | | | |
|---|---|---|---|
| | | कृतिविश्लेषण<br>(२) नारायणी अञ्चलका नारीहस्ताक्षरहरू (संयुक्त)<br>(३) केही कृति : आफ्नै दृष्टि | <br>२०६२<br><br>२०६५ |
| ६ | रमा शर्मा | (१) केही चिन्तन<br>(२) मोतीराम परिक्रमा | २०४८<br>२०५० |
| ७ | सावित्री मल्ल 'कक्षपति' | (१) पाल्पाका लोकगीतहरूको अध्ययन | २०५२ |
| ८ | डा. सुषमा आचार्य | (१) मुलकुबाहिर एक सर्वेक्षण<br>(२) माइतघरलाई चियाएर हेर्दा<br>(३) लैनसिंह बाङ्देलको औपन्यासिक कृतिको मूल्याङ्कन<br>(४) नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर | २०५३<br>२०५३<br>२०५८<br>२०५८ |
| ९ | शारदा शर्मा | (१) विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्र | २०५३ |
| १० | सरस्वती नेपाल | (१) बालकृष्ण सम र गोपालप्रसाद रिमालका नाटकका नारीपात्रहरूको मूल्याङ्कन | २०५३ |
| ११ | बिन्दु कोइराला | (१) नेपाली कथा, उपन्यास र कविता | २०५५ |
| १२ | शारदा अधिकारी 'ढकाल' | (१) पारख प्रयत्न | २०५५ |
| १३ | कमला पराजुली | (१) साहित्यकार सञ्जय थापा : विश्लेषण र मूल्याङ्कन<br>(२) नेपालमा नारीवाद | २०५६<br>२०५९ |
| १४ | रञ्जुश्री पराजुली | (१) कृति विवेचना | २०५६ |
| १५ | पद्मा अर्याल | (१) मनबहादुर मुखियाको नाट्यशिल्प | २०५८ |
| १६ | बुनू लामिछाने | (१) सुलोचना महाकाव्यको विश्लेषण | २०५८ |
| १७ | रजनी ढकाल | (२) निबन्धहरूमा मञ्जुल<br>(३) केही नेपाली समालोचक | २०५८<br>२०५८ |
| १८ | सुधा त्रिपाठी | (१) दृष्टि चौतारी<br>(२) भूपिका कवितामा व्यङ्ग्यालङ्कार चेतना<br>(३) महिला समालोचक र नेपाली समालोचना | २०५८<br>२०५८<br><br>२०६२ |
| १९ | उषा ठाकुर | (१) स्रष्टाको सिर्जनावाद र द्रष्टाको समालोचनात्मक दृष्टि<br>(२) नेपाली साहित्यको श्रीवृद्धिमा शाहवंशीय | २०५९ |

| | | | |
|---|---|---|---|
| | | स्रष्टाहरूको योगदान<br>(३) महाकवि देवकोटाको काव्यसाधना | २०५९<br>२०६१ |
| २० | ज्ञानु ढुङ्गेल | (१) भीमसेन थापा र तत्कालीन नेपाली साहित्य | २०५९ |
| २१ | सुशीला भट्ट | (१) गुरूप्रसाद मैनाली व्यक्तित्व र कृतित्व | २०५९ |
| २२ | हिरण्यकुमारी पाठक | (१) गोमा : सङ्घर्षशील जीवनका पाटाहरू | २०६० |
| २३ | ज्ञानु पाण्डे | (१) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद | २०६२ |
| २४ | लीला लुइटेल | (१) नेपाली महिला कथाकार | २०६२ |
| २५ | बिन्दु शर्मा | (१) गीतिनाट्यपरम्परामा राष्ट्रकवि घिमिरे<br>(२) आधारभूत नेपाली समालोचना | २०६२<br>२०६६ |
| २६ | शान्ति चौधरी | (१) साहित्यका केही हास्यव्यङ्ग्य पक्षहरू | २०६२ |
| २७ | सरस्वती रिजाल | (१) साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षरहरू (संयुक्त) | २०६२ |
| २८ | उपमा आचार्य | (१) साहित्यकार दधिराज सुवेदी : साधना र समर्पण | २०६३ |
| २९ | नन्दमाया नकर्मी | (१) नेपाली नाटकमा नारीसमस्या | २०६३ |
| ३० | रमा शिवाकोटी | (१) उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता | २०६३ |
| ३१ | भगवती अर्याल (पाण्डे) | (१) नवलपरासी जिल्लाको साहित्यिक योगदान | २०६३ |
| ३२ | सरस्वती खड्का | (१) सरस्वती खड्काका लघु समालोचना | २०६५ |
| ३३ | गीता त्रिपाठी | (२) दृष्टिविचरण | २०६६ |
| ३४ | नयना प्रधान | (१) पारिजात : परिचय र अस्तित्ववाद | २०६६ |

उपर्युक्त नारीसमालोचकहरूका समालोचना कृति र तिनका उपस्थितिले समग्र नेपाली समालोचनालाई अग्रगति प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । पृष्ठभूमि चरण र पहिलो चरणमा नारीसमालोचनाको गति मन्द भए पनि दोस्रो चरणमा आइपुग्दा विभिन्न दृष्टिले नारीसमालोचकहरूको समालोचनामा गुणात्मकता र सङ्ख्यात्मकताका साथै प्रवृत्तिपरकतामा उल्लेखनीय वृद्धि भएको र यसले आफ्नो छुट्टै समालोचनाको गोरेटो बनाएको देखिन्छ । त्यसकारण समग्र नेपाली समालोचनाको इतिहासमा नारीसमालोचनाको पनि महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

समग्रमा नेपाली नारीसमालोचनाको इतिहास कृतिपरक फुटकर समालोचनाबाट सुरु भएको देखिन्छ । यसको साढे छ दशक लामो इतिहासमा विभिन्न नारीसमालोचकहरूले आफ्नाआफ्ना ठाउँबाट प्रशस्त योगदान दिएको देखिन्छ । तीन चरणमा विभाजित भएको

नारीसमालोचनाको पृष्ठभूमि चरण र पहिलो चरणमा नारीसमालोचकहरूको त्यति उपस्थिति देखिँदैन । आठ नौओटा कृति र फुटकर समालोचना लेखिए पनि खासै प्रवृत्तिगत विविधता देखिँदैन भने दोस्रो चरणपछिका नारीसमालोचनामा व्यापक विस्तार देखिन्छ । प्रवृत्तिगत विविधताका साथै यस चरणमा उत्साहजनक रूपमा समालोचना कृतिहरू प्रकाशन भएको देखिन्छ । यसरी एउटा ऐतिहासिक स्वरूपको निर्माण भएको नारीसमालोचना पछिल्लो समयमा आइपुग्दा समग्र नेपाली नेपाली समालोचनाकै एउटा धारका रूपमा देखिन्छ । त्यसकारण समग्र समालोचनाबाट नारीसमालोचनाको पाटोलाई छोपिदिने हो भने नेपाली समालोचनाको इतिहास नै अधुरो देखिन्छ । निष्कर्षमा के भन्न सकिन्छ भने समग्र नेपाली समालोचनामा नारीसमालोचनाले नवीन मोड ल्याउन नसके पनि समग्र नेपाली समालोचनालाई अग्रगति प्रदान गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

# प्रमुख सन्दर्भसूची


**१.१ पुस्तक : नेपाली तथा हिन्दी**

अधिकारी, इन्द्रविलास, **पश्चिमी साहित्यसिद्धान्त**, ललितपुर : साझा प्रकाशन, २०६१।

अधिकारी, बाबुराम, **समालोचना सिद्धान्त र नेपाली समालोचना**, काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०६१।

अधिकारी, रविलाल, **नेपाली समालोचनाको रूपरेखा**, काठमाडौँ : विवेक सिर्जनशील प्रा.लि., २०५९ ।

अधिकारी, हेमाङ्गराज र भट्टराई बद्रीविशाल, **प्रयोगात्मक नेपाली शब्दकोश**, दोस्रो संस्क., काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि., २०६३ ।

अर्याल (पाण्डे), भगवती, **नवलपरासीको साहित्यिक गतिविधि**, नवलपरासी : लालीगुराँस मासिक, नवलपरासी साहित्य परिषद्, त्रिवेणी साहित्य परिषद, देवचुली साहित्यिक प्रकाशन, २०६३ ।

आचार्य, उपमा, **साहित्यकार दधिराज सुवेदी : साधना र समर्पण**, काठमाडौँ : नारीसाहित्य प्रतिष्ठान, २०६३ ।

आप्टे, शिवराम, **वामन संस्कृत हिन्दीकोश**, दिल्ली : विश्वभारती प्रकाशन, १९९९ ।

आचार्य, सुषमा, **मुलुकबाहिर एक सर्वेक्षण**, काठमाडौँ : आगम प्रकाशन, २०५३ ।

———, **माइतघरलाई चियाएर हेर्दा**, काठमाडौँ : आगम प्रकाशन, २०५३ ।

———, **लैनसिंह बाङ्देलको औपन्यासिक कृतिको मूल्याङ्कन**, काठमाडौँ : पदमकुमार आचार्य, २०५८ ।

———, **नेपाली कविताको विकास वीरकालबाट भक्तिकालतिर**, ललितपुर : महाकाली प्रकाशन, २०५८ ।

———, **केही व्यक्ति र कृतिहरू**, वासिङ्टन डि.सि. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, सन् २००६ ।

एटम, नेत्र, **समालोचनाको स्वरूप**, ललितपुर : साझा प्रकाशन, २०६१।

खनाल, यदुनाथ, **समालोचनाको सिद्धान्त**, ललितपुर : साझा प्रकाशन, २०२३ ।

गुप्ता, **शान्तिस्वरूप, पाश्चात्य काव्यशास्त्र के सिद्धान्त**, वाराणसी : चौखम्बा प्रकाशन, सन् १९७६ ।

गोमा, **साहित्यिक फूलवारीका फूलहरू**, काठमाडौँ : भगीरथ काफ्ले, २०३७ ।

———, **चार नारीहस्ताक्षर**, काठमाडौँ : भगीरथ काफ्ले, २०४१।

———, **कवि म.वी.वि. शाहको काव्यप्रवृत्तिहरू**, काठमाडौँ : भगीरथ काफ्ले, २०४२ ।

———, **नेपाल भारतका केही नारी प्रतिभा**, काठमाडौँ : भगीरथ काफ्ले, २०४४ ।

———, **पौराणिक नारी परिचय**, काठमाडौँ : भगीरथ काफ्ले, २०५५ ।

गौतम, कृष्ण, **आधुनिक आलोचना : अनेक रूप अनेक पठन** (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन, २०५९ ।

———, **उत्तरआधुनिक जिज्ञासा**, काठमाडौँ : भृकुटी पब्लिकेशन, २०६५ ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण**, चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२ ।

———, **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना**, काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि., २०६६ ।

———, **समकालीन कविताका प्रवृत्ति**, काठमाडौँ : पैरवी प्रकाशन, २०६६ ।

चतुर्वेदी, सीताराम, **समीक्षाशास्त्र**, दोस्रो संस्क., वाराणसी : कृष्णदास, वि.सं. २०४० ।

चापागाईं, नरेन्द्र, सम्पा. **पूर्वाञ्चल समालोचनासङ्ग्रह**, विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान (मिति उल्लेख नभएको) ।

जैन, निर्मला र बाानिया कुसुम, **पाश्चात्य साहित्य चिन्तन**, नयाँ दिल्ली : राधाकृष्ण प्रकाशन प्राइभेट लिमिटेड, सन् २००७ ।

ढकाल, रजनी, **निबन्धहरूमा मञ्जुल**, ललितपुर : असीम प्रकाशन, २०५८ ।

———, **केही समालोचकहरू**, ललितपुर : असीम प्रकाशन, २०५८ ।

ढकाल, कुमारी सरिता, **प्रगतिशील दृष्टिमा केही समालोचना**, काठमाडौँ : रत्नपुस्तक भण्डार, २०२७ ।

———, **नेपाली साहित्य : समालोचनाको समस्या**, ललितपुर : डा. श्यामबहादुर कर्माचार्य, २०४७ ।

त्रिपाठी, गीता, **दृष्टिविचरण**, ललितपुर : भावक अभियान नेपाल, २०६६ ।

त्रिपाठी, वासुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, भाग २, तेस्रो संस्क. ललितपुर : साझा प्रकाशन, २०४८ ।

त्रिपाठी, सुधा, **दृष्टिचौतारी**, ललितपुर : साझा प्रकाशन, २०५८ ।

———, **भूपिका कवितामा व्यङ्ग्यालङ्कार**, काठमाडौँ : भुँडीपुराण प्रकाशन, २०५८ ।

———, सम्पा., **महिला समालोचक र नेपाली समालोचना**, ललितपुर : साझा प्रकाशन, २०६२ ।

थापा, हिमांशु, **साहित्य परिचय**, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०४७ ।

दास, श्यामसुन्दर र अन्य, **हिन्दी शब्दसागर**, वाराणसी : नागरी मुद्रण, सन् १९६५ ।

द्विवेदी, राजेन्द्र, **साहित्यशास्त्रका पारिभाषिक शब्दकोश**, दिल्ली : आत्मराम एण्ड सन्स, सन् १९५५ ।

नकर्मी नन्दमाया, **नेपाली नाटकमा नारीसमस्या**, काठमाडौँ : रत्नपुस्तक भण्डार, २०६३ ।

नेपाल, शैलेन्दु र अधिकारी (ढकाल), शारदा, **पारखप्रयत्न**, काठमाडौँ : अनामिका प्रकाशन, २०५५ ।

**नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, ३०४० ।

पराजुली, रञ्जुश्री, **कृतिविवेचना**, काठमाडौँ : सुनकोसी साहित्य प्रतिष्ठान, २०५६ ।

प्रधान, कृष्णचन्द्रसिंह, सम्पा. **साझा समालोचना,** पाँचौँ संस्क., ललितपुर : साझा प्रकाशन, २०५८ ।

प्रधान, नयना, **पारिजात : परिचय र अस्तित्ववाद**, काठमाडौँ : भूमिका प्रकाशन, २०६६ ।

प्रसाईं, नरेन्द्रराज, **नेपाली साहित्यका प्रमुख समालोचक**, काठमाडौँ : एकता प्रकाशन, २०५४ ।

पाठक, हिरण्यकुमारी, सम्पा., **गोमा : सङ्घर्षशील जीवनका पाटाहरू**, काठमाडौँ : नारी स्वावलम्बनी समाज, २०६० ।
पाण्डे, ज्ञानु, **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद**, काठमाडौँ : नेपाली आख्यान समाज, २०६० ।
पोखरेल, भानुभक्त, **सिद्धान्त र साहित्य**, विराटनगर : श्याम पुस्तक भण्डार, २०४० ।
बाहरी, हरदेव, **बृहत् अङ्ग्रेजी–हिन्दी शब्दकोश**, वाराणसी : ज्ञानमण्डल लिमिटेड, सन् १९६० ।
भट्ट, सुशीला, **गुरूप्रसाद मैनाली : व्यक्ति र कृति**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०५९ ।
भट्टराई, घटराज, **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, दोस्रो संस्क., काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि., २०५१ ।
भट्टराई, जयदेव, **साहित्यकार परिचय र अभिव्यक्ति**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५० ।
मञ्जुश्री, सरस्वती खड्का, **सरस्वती खड्काका लघुसमालोचना**, काठमाडौँ : रौतहट टाइम्स, साप्ताहिक, २०६५ ।
मल्ल, (कक्षपति), सावित्री, **पाल्पाका लोकगीत अध्ययन र विश्लेषण**, पाल्पा : कक्षपति प्रकाशन, २०५२ ।
**राष्ट्रिय नेपाली शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४० ।
लामा, कविता, **दिदृक्षा**, दार्जिलिङ : श्याम प्रकाशन, सन् २००५ ।
लामिछाने, बुनु, **सुलोचना महाकाव्यको विश्लेषण,** काठमाडौँ : लेखक स्वयम्, २०५८ ।
लुइटेल, खगेन्द्रप्रसाद, **आधुनिक नेपाली समालोचना**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५७ ।
लुइटेल, लीला, **नेपाली महिला कथाकार**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।
वर्मा, धीरेन्द्र र अन्य, सम्पा., **हिन्दी साहित्यकोश**, भाग १, वाराणसी : ज्ञानमण्डल लिमिटेड, वि.सं. २०२० ।
शर्मा, गार्गी, **केही समीक्षा**, काठमाडौँ : भगीरथ काफ्ले, २०४४ ।
———, **चाँदनी शाहको काव्यभूमि**, काठमाडौँ : भगीरथ काफ्ले, २०४४ ।
———, **केही समीक्षात्मक अभिव्यक्ति**, काठमाडौँ : भगीरथ काफ्ले, २०५३ ।
———, **गोठालेका बालपात्रहरू**, काठमाडौँ : भगीरथ काफ्ले, २०५३ ।
———, **बाङ्देलका नारीपात्रहरू**, काठमाडौँ : भगीरथ काफ्ले, २०५१ ।
———, **माधव घिमिरेका गीतिनाटकमा मानवतावाद**, काठमाडौँ : नेपाली साहित्य मन्दिर, २०५७ ।
———, **लक्ष्मीदेवीराज भण्डारीको काव्यसाधना**, काठमाडौँ : नेपाली साहित्य मन्दिर, २०५७ ।
———, **शारदाका कवितामा विद्रोहात्मक स्वर**, काठमाडौँ : नेपाली साहित्यमन्दिर, २०५८ ।
शर्मा, गोपीकृष्ण, **संस्कृत साहित्यको रूपरेखा**, काठमाडौँ : अभिनव प्रकाशन, २०६३ ।
शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, काठमाडौँ : सहयोगी प्रकाशन, २०२७ ।
शर्मा, बालचन्द्र**, नेपाली शब्दकोश**, तेस्रो संस्क., काठमाडौँ : सृष्टि प्रकाशन, २०५७ ।
शर्मा, बिन्दु, **गीतिनाट्यपरम्परामा राष्ट्रकवि घिमिरे**, काठमाडौँ : इन्टरनेसनल पब्लिकेसन, २०६२ ।

———, **आधारभूत नेपाली समालोचना**, काठमाडौँ : तन्नेरी प्रकाशन, २०६६ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद, **पूर्वीय पाश्चात्य साहित्य सिद्धान्त**, दोस्रो संस्क., काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

शर्मा, रमा, **केही चिन्तन**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४८ ।

———, **मोती परिक्रमा**, काठमाडौँ : दामोदर शर्मा, २०५० ।

शर्मा, वसन्तकमार, सम्पा., **नेपाली शब्दसागर**, काठमाडौँ : भाभा पुस्तक भण्डार, २०५७ ।

शर्मा, शारदा, **विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्र**, काठमाडौँ : रुमु प्रकाशन, २०५३ ।

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता**, वाद र प्रणाली, चौथो संस्क., ललितपुर : साझा प्रकाशन, २०६२ ।

श्रेष्ठ, गायत्री, **देवकुमारी थापाको व्यक्तित्व र कृतिविश्लेषण**, चितवन : केशवकुमार श्रेष्ठ, २०४६ ।

———, **केही कृति : आफ्नै दृष्टि**, काठमाडौँ : नेपाली लेखक सङ्घ, २०६५ ।

——— र रिजाल, सरस्वती, **साहित्यमा नारायणी अञ्चलका नारीहस्ताक्षरहरू**, चितवन : नारायणी कलामन्दिर, २०६२ ।

श्रेष्ठ, दयाराम, **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ**, दोस्रो संस्क. काठमाडौँ : त्रिकोण प्रकाशन २०६१ ।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, छैटौँ संस्क., ललितपुर : साझा प्रकाशन, २०५९ ।

सिवाकोटी, रमा, **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता**, काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन, २०६२ ।

सुवेदी, कामना, **साहित्यकार लोकेन्द्रबहादुर चन्दको जीवनी**, **व्यक्तित्व र कृतित्व**, काठमाडौँ : अनिल लम्साल, २०५५ ।

सुवेदी, राजेन्द्र, **नेपाली समालोचना परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन, २०६१ ।

### १.२ पुस्तक अङ्ग्रेजी

Coyle, Martin and other, ed., **Encyclopedia of literature and criticism**, New York : Hale Research Institute, 1990.

**Oxford Advance Learner's Dictionary**, 6th ed. New York : Oxford University Press. 2000.

**The Lopact edition of the Oxford Dictionary**, At the Clarendon Press : Oxford, 1971.

**The World book encyclopedia**, 7th ed. London : World book international, 1995.

Waugh, Patricia, **Literary, Theory and Criticism**, New York : Oxford University Press, 2006.

## १.३ अनुसन्धान तथा कार्यपत्र र फुटकर लेख

अधिकारी, ज्ञानु, *परम्पराको विनिर्माणिक प्रक्रिया : नारीवाद,* **मिर्मिरे**, (३६/११ (समालोचना विशेषाङ्क), २०६४), पृ. २२५-३३२ ।

घिमिरे, यमनाथ, *समालोचनाको विधागत प्रवृत्ति,* **कुञ्जिनी** १५/१२, २०६५, पृ. १७७-१८० ।

त्रिपाठी, वासुदेव, **पाश्चात्य समालोचना शिक्षणको रूपरेखा**, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागद्वारा आयोजित नेपाली स्नातकोत्तर शिक्षक अभिमुखीकरण गोष्ठी, २०५६ मा प्रस्तुत कार्यपत्र ।

——, पाश्चात्य **साहित्यसिद्धान्त र समालोचना पद्धतिको शिक्षणको रूपरेखा**, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागद्वारा आयोजित नेपाली स्नातकोत्तर शिक्षक अभिमुखीकरण गोष्ठी, २०५७ मा प्रस्तुत कार्यपत्र ।

त्रिपाठी, सुधा, *साहित्यमा महिला लेखनको इतिहास,* **अस्तिता** (१/१, २०६३), पृ. ३-४० ।

नीरव थापा, रोशन, *साहित्यका प्रचलित विधा : सङ्क्षिप्त विवेचना,* **मिर्मिरे** (३६/११, समालोचना विशेषाङ्क), २०६४, पृ. २५३-२७६ ।

पराजुली, ठाकुरप्रसाद, **नेपाली साहित्येतिहास र नेपाली समालोचना शिक्षण**, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागद्वारा आयोजित नेपाली स्नातकोत्तर शिक्षक अभिमुखीकरण गोष्ठी, २०५४ मा प्रस्तुत कार्यपत्र ।

प्रसाइँ, नरेन्द्रराज, *नेपाली साहित्य तारा गोमाले यातना खेपेकी थिइन्,* **अन्नपूर्ण पोष्ट** (२१/१२, २०६६), पृ. ४ ।

लुइटेल, लीला, *सुषमा आचार्य : व्यक्तित्व र कृतित्व,* **अभिव्यक्ति** (४०/१४५, २०६६), पृ. २४-३० ।

शर्मा, गार्गी, *नेपाली साहित्यमा नारीहरूको योगदान,* **मधुपर्क**, (२८/४), २०६२), पृ. १५-१७ ।

शर्मा, गोकुलप्रसाद, *साहित्यमा समालोचना,* **मिर्मिरे**, (३६/११, २०६४), पृ. ३७२-३७६ ।

शर्मा, गोपीकृष्ण, **आधुनिक समालोचना शिक्षण**, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागद्वारा आयोजित नेपाली स्नातकोत्तर शिक्षक अभिमुखीकरण गोष्ठी, २०५६ मा प्रस्तुत कार्यपत्र ।